विश्वभरिका बामपन्थीहरू भेला हुँदैछन्: लण्डन–सम्मेलनको रिपोर्ट

# मूल्याङ्कन

मूल्य रु. १५/-
विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क-२० २०५१ असार-साउन



चिलीको घटनाले के के पाठहरू सिकाएको छ ?

एक साथ गाउन थालेका कलाकारहरू रामेश र रायनसंग अन्तर्वार्ता


के यो साउन भित्रमा प्रलय हुन्छ नै ?

## एकता केन्द्रमा फूट किन भयो ?

नेपालमा पहिलोपटक चारधर्के (4RT) फलामे छड

'तौल ट्याग' सहित

फलामे छड रोज्दा
अब अल्मलिनु पर्दैन




पंचकन्याको चारधर्के फलामे छड रोज्नुहोस् र निश्चिन्त हुनुहोस् ।

*पञ्चकन्याको छड अलग्गै चिनिन्छ । छड किन्दा बण्डलमा झुण्ड्याइएको ट्याग हेरेर मात्र किन्नु होस् । स्मरण रहोस्, बजारमा उपलब्ध अन्य छडहरूमा पनि यस्तै ट्याग देखिन थालेका छन् । हामी गुणस्तरीय उत्पादनप्रति प्रतिवद्ध छौं । हाम्रो प्रत्येक उत्पादनको प्रयोगशालामा परिक्षण गरिएको हुन्छ । पञ्चकन्याको छड किन्दा 'टेष्ट सर्टिफिकेट' पनि माग्न नबिर्सनु होला ।*

हामी चाहन्छौं, तपाईको रोजाई विशुद्ध तपाईकै होस् ।

पंचकन्या ...... सदैव विश्वासिलो

**पंचकन्या** आईरन इण्डष्ट्रिज प्रा.लि.

कोटिहवा, भैरहवा, फोन नं. (०७१) २०३६८, (०७१) २०५१७
मुख्य कार्यालय : कृष्णगल्ली, पुल्चोक, पोष्ट बक्स : २७४३ काठमाडौं
फोन ५२६५५१, ५२५१७२, फ्याक्स : ५२६५२९



Mark of Quality

**Leather Wings**

for real walking pleasure

**जहिले पनि जहाँ पनि सबैलाई हुने**

**अन्तर्राष्ट्रिय स्तरको लेदर विङ्गसका जुत्ताहरू**
**सुपथ मूल्यमा ग्यारेण्टिका साथ धमाधम बिक्री हुँदैछ ।**

**"सित्तैमा"**

आर्थिक बर्ष भित्र लेदरविङ्गसका शोरूम भोटाहिटी कमलाक्षी गल्ली तथा पाटनढोका बसपार्क अगाडिबाट १८ जोर जुत्ता खरीद गरेमा एक जोर सित्तैमा प्रदान गरिने छ ।

अधिराज्यका सम्पूर्ण शहरहरूमा उपलब्ध छ ।

समय मै लेदर विङ्गसका जुत्ता खरीद गरी ढुक्क हुनुहोस् ।

कृपया लेदर विङ्गसको छाप (लोगो) हेर्न नभुल्नु होला ।

**लेदर विङ्गस (प्रा०) लि०**

पो. ब. नं. ७२४० बाँसबारी, रिंगरोड, काठमाण्डौ -३ फोन ४-११७२०

Leather WingsLeather WingsLeather WingsLeather WingsLeather Wings



# नेबिको

## नयाँ आवश्यकता

बिस्कुटहरू

तपाईको स्वास्थ्य, वचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।




**नेबिको प्रा. लि.**


काठमाडौं, नेपाल

## नेकपा
# एकता केन्द्रमा फूट


फूटको कारण के हो ? फुटेपछि बहुमत र भिन्नमत पक्षका आधिकारिक कमरेडहरूसँग लिइएका अन्तर्वार्ताहरू

- ★ क. पद्मरत्न तुलाधर
- ★ प्रा. माणिकलाल श्रेष्ठ
- ★ डा. कृष्णबहादुर थापा

यो फूटबारे के भन्नु हुन्छ ?



३८




# संसारभरिका वामपन्थीहरू भेला हुँदैछन् र छलफल गर्दैछन् !




## लण्डनमा भएको मार्क्सवादी- सम्मेलनको रिपोर्ट

१६

ब्रिटेन, बांग्लादेश, आयरलैण्ड, इरान, टर्की, भारतका वामपन्थीहरूका विचारहरूकासाथ नेपालको तर्फबाट श्याम श्रेष्ठद्वारा प्रस्तुत विचार

## चिली

चुनावबाट संसदमा गएका वामपन्थीहरूले भोगेका अनुभवहरूबाट हामीले सिक्ने पाठ के ?

*प्रतिक्रियावादीहरूका काम- कार्वाहीहरू र जन-प्रतिरोधको विवरण सहित*

२४


७- विश्व कप फूटबल किन चर्चित ?
**- खेलमा पूँजीको खेल**

२२- चीनमा पनि गरीबी ?
**- गरीबीको स्वरुप र कारणबारे खोजपूर्ण लेख**

भट्टराईबाट कार्यकर्ता र जनतालाई धोका
**५ - नेकाको वर्तमान स्थितिबारे विश्लेषण**

-रायन-रामेश एकसाथ गाउन थाले !
**३४- दुवै जनासँगको अन्तर्वार्ता**


# के यो साउनमा साँच्चै महाप्रलय हुन्छ ?

**२ जना विज्ञानविद्हरूका प्रस्तुतिहरू**

१३


**हाम्रो मूल्यांकन**

| | |
|---|---|
| एकता केन्द्रमा फूट | ४ |

**घटना र प्रवृत्ति**

| | |
|---|---|
| रूस पनि नाटोमा सामेल | ९ |
| अरुण तेस्रो शुरु हुने | ९ |
| क्यान्सरको अर्को औषधि पत्ता लाग्यो | ९ |
| के अब कोरिया प्रायद्वीपमा शान्ति होला ? | १० |
| एमालेको पार्टी स्कूल | १० |

**आजको घटना / आजको विचार**

| | |
|---|---|
| क. मोहनविक्रमसँग कुराकानी | ८ |

**अर्थतन्त्र**

| | |
|---|---|
| के हो ग्याट र डंकल प्रस्ताव ? | ११ |
| हाम्रो प्रतिव्यक्ति आय बढ्यो ? | १३ |

**दर्शन / दिग्दर्शन**

| | |
|---|---|
| हाम्रो आन्दोलनमा विद्यमान यान्त्रिक चिन्तन प्रक्रिया - प्रज्ञान रत्न | ३० |

**नीति / संस्कृति**

| | |
|---|---|
| शिक्षित महिलाको पोशाकमा पनि गोजी हुँदैन - चन्द्रदेव नेपाली | ३२ |

**पर्दा / रंगमंच**

| | |
|---|---|
| भारतमा अश्लील फिल्मको विरोध | ३६ |

**साहित्य**

| | |
|---|---|
| कविता - पूर्ण वैद्य | ३६ |
| **पाठकको कुरो** | ४६ |


आवरण फोटो : क. निर्मल लामा र क. बाबुराम भट्टराई / फोटोः- नरेश श्रेष्ठ, ए.बी.सी. फोटोज, बागबजार
आवरण कला : आइडियल डिजाइनर्स / कलर स्क्यानिङ :- प्रिज्म कलर स्क्यानिङ, कुलेश्वर

मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १२, पूर्णाङ्क २०
२०५१, असार-साउन



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**व्यवस्थापक**
श्याम खड्का
**व्यवस्थापन सहयोगी**
बेखबहादुर महर्जन
**लेखा**
केदारमणि पोखरेल



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
**"मूल्यांकन" मासिक**
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, झोछें, ख- २,२३७
काठमाडौं- २३
फोन २१३६९४
पोब नं. ३०२६


# ने.क.पा. एकता केन्द्रको फूट

हालै नेपालको एउटा प्रमुख वामपन्थी दल ने.क.पा (एकता केन्द्र) मा औपचारिक रूपमा फूट भएको छ । चार समूहबीच एकीकरण भई बनेको यो पार्टी चार वर्ष नबित्दै दुई फ्याकमा विभाजित भएको छ ।

एकता केन्द्रको यो फूट नेपाली कम्युनिष्ट आन्दोलनमा एउटा उल्लेखनीय र सोचनीय घटना भएको छ भन्ने हामीलाई लागेको छ । कम्युनिष्टहरूका बीचमा व्यापक एकता कायम हुने क्रम अघि बढोस् भन्ने चाहना राख्ने असंख्य शुभेच्छुकहरू र आम शोषित पीडित जनतालाई यस फूटले निश्चय नै ठूलो चोट पुग्न गएको छ । फूट भएको पार्टीभित्र पनि दुवै पक्षका थुप्रै कार्यकर्ताहरूमा निराशा छाउने संभावना बढेको छ ।

उता देशी र विदेशी प्रतिक्रियावादीहरू भने पक्कै पनि यस फूटबाट खुशी भएका छन् । वैधानिक मोर्चाको रूपमा कार्यरत संयुक्त जनमोर्चा नेपालमा पनि यो फूटको प्रत्यक्ष असर पर्न गई कुन पक्ष वैधानिक हो र कुन वैधानिक होइन भनी अन्यौल खडा भएको छ । सरकारी निर्वाचन आयोगको फैसलाबाट यो कुराको टुंगो लाग्ने भएको छ ।

यो फूटबाट रमाउने र खुच्चिङ गर्नेहरू यहाँ आन्दोलनमा नभएका हैनन् । अर्कोथरी हताश-निराश हुनेहरू पनि छन्, जसको पलायनको लागि यो फूट निहुँ बन्न संभव छ । तर वामपन्थीहरूको असली दायित्व त यो फूटको जरो कारण पत्ता लगाउनु हो र ती कारणहरू निवारण गर्ने उपाय खोज्नु हो । यसो गर्न सकियो भने अहिलेको फूटबाट सिकिएको पाठ भविष्यको दीगो पार्टी एकताको लागि गतिलो जग हुनसक्छ । युद्ध हार्नु आश्चर्यको कुरा होइन, हारबाट पाठ नसिक्नु ताजुबको कुरा हो ।

हामीलाई लागेको छ, भिन्न-भिन्न विचार भएका समूहबीच पर्याप्त अन्तर्क्रिया गरेर विचारधारात्मक एकता नै विकास नगरिकन अपरिपक्व अवस्थामै गरिएको पार्टीको सांगठनिक एकता यो फूटको मुख्य कारण हो ।

अपरिपक्व अवस्थामै पार्टीको सांगठनिक एकता भइसकेपछि पार्टीमा अलग-अलग विचार-केन्द्र स्वाभाविक रूपमा बन्छन् र वैचारिक अराजकता जन्मन्छ । ती विचार-केन्द्रहरूबीच द्वन्दात्मक वस्तुवादका आधारमा जनवादी वातावरणमा व्यापक विचार-द्वन्द गरेर फेरि पनि एउटा विचारधारात्मक केन्द्रियता पैदा गर्न सकिएको खण्डमा पार्टीको सांगठनिक एकता फेरि पनि दह्रो पार्न संभव हुन्थ्यो । यसो गर्न सकिएको भए पहिले एकताको प्रक्रियामा रहेको गल्ती सच्चिन्थ्यो ।

तर त्रुटीपूर्ण पार्टी एकीकरणको प्रक्रियाले जन्माएको बहु-विचार केन्द्रको र वैचारिक अराजकताको समस्यालाई जबर्जस्ती यान्त्रिक केन्द्रियताको उपायद्वारा हल गर्ने प्रयत्न गरियो । नोकरशाही कार्वाहीद्वारा हल गर्न खोजियो । जनवादी वातावरणमा भिन्न विचारहरूबीच अन्तर्क्रिया गरेर वास्तविक केन्द्रियता पैदा गर्ने प्रक्रिया र पद्धति फेरि पनि अपनाइएन । यसैको फलस्वरूप पार्टीमा गुटबन्दी चर्को रूपमा बढ्यो र अन्ततः फूट भयो ।

त्यसैले, यो फूटको लागि कुनै व्यक्ति वा जत्था जिम्मेवार नभएर त्यो यान्त्रिक चिन्तन प्रक्रिया जिम्मेवार छ, जो भिन्न-भिन्न विचार राख्ने पार्टीलाई यान्त्रिक रूपमा एकै ठाउँमा जोडिदिएपछि पार्टी एकता सजिलै भइहाल्छ भन्ने सतही सोच राख्दछ, जो बहुमतको निर्णय यान्त्रिक रूपमा लादेपछि पार्टीमा स्वतः केन्द्रियता र अनुशासन जन्मिहाल्छ भन्ने बहुतै सरलीकृत सोच राख्छ ।

यो फूटले देखाएको र सिकाएको छ- त्यस्तो यान्त्रिक र सतही चिन्तन प्रक्रिया सही हुँदैन र यसबाट हामी मुक्त हुनुपर्छ । भिन्न-भिन्न विचार राख्ने समूहहरूलाई एक ठाउँमा बाँधीदिँदैमा पार्टी एकीकरण हुँदैन । पार्टी एकीकरण भनेको भिन्न-भिन्न टाउको चाहिँ यथावत राखेर फगत शरीरको एकीकरण होइन, टाउको र शरीर दुवैको पूरापूर एकीकरण हो । अर्थात् भिन्न-भिन्न विचारहरूको र संगठनको अन्त गरेर एउटै विचार र संगठन बनाउन संभव भएपछि नै साम्यवादी पार्टीको एकीकरण उचित हुन्छ । क्रान्ति, पार्टी र जीवनका आधारभूत सवालहरूमा पर्याप्त विचार अन्तर्क्रिया नै एउटै विचार र संगठन पैदा गर्ने एक मात्र उपाय हो । पर्याप्त छलफल बिना हतारोमा एकता गर्नु चाँडै फूट निम्त्याउनु हो ।

यो फूटले देखाएको छ- जबर्जस्ती नोकरशाही ढंगबाट निर्णय र अनुशासन लाद्दैमा पार्टीमा अनुशासन र केन्द्रियता पैदा हुँदैन, न त वैचारिक एकता नै पैदा हुन्छ । वास्तविक अनुशासन र केन्द्रियता विवेक र खुशले मात्र पैदा हुन्छ । त्यो विवेक र खुश हमेशा आलोचनात्मक तवरले भिन्न विचार राख्ने जनवाद वा स्वतन्त्रता र भिन्न विचारमा रहेको सत्यको अंशलाई प्रत्येकले समेट्ने वा केन्द्रिकरण गर्ने प्रक्रियाद्वारा मात्र पैदा हुन्छ । पार्टीमा आलोचनात्मक विचार राख्ने जनवाद भएन र आलोचनात्मक विचारलाई नोकरशाही दमनद्वारा हल गर्न खोजियो भने त्यो विचार गुटको रूपमा संगठित हुन्छ र अन्ततः पार्टीमा फूट हुन्छ । त्यसैले नोकरशाही केन्द्रिकरण होइन, जनवादी केन्द्रिकरण नै गुटबन्दी र पार्टी फूटबाट बच्ने र पार्टीमा दरो एकता कायम गर्ने एक मात्रै सही बाटो हो भन्ने सवाल पनि यो फूटले सिकाएको छ ।

फूट एकता केन्द्रमा अहिले घटित भएको छ । तर फूट त्यहीँकै मात्र समस्या होइन । आलोचनात्मक विचारमाथि नोकरशाही दमन, गुटबन्दी, वैचारिक अराजकता हाम्रो वाम आन्दोलनमा छ्याप्छ्याप्ती हावी भइरहेको पाइन्छ । यो भनेको फूटकै बाटो हो । विगतबाट पाठ सिकिएन भने अहिले फुटेको पार्टीमा पनि र अरू पार्टीहरूमा पनि उही समस्या देखा पर्ने अवश्यंभावी छ ।

त्यसैले जुन कारणले अहिले एकता केन्द्रमा फूट भयो, त्यो मूल कारण ठम्याउनु जरूरी छ र त्यो कारण आ-आफ्नो पार्टीमा हटाउन थाल्नु जरूरी छ । अन्यथा, बीऊ उही भएपछि फल मात्र भिन्न कसरी होला ?

❐ ❐

कला सहयोग : संघराम महर्जन, कम्प्युटर : **नेप्युटर**, बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार ।

छाप्दा छाप्दै

# संवैधानिक राजाबाट भएको असंवैधानिक घोषणा



## पुनः गिरिजाकै मंत्रीमण्डल र मध्यावधि चुनाव

अन्ततः राजिनामा दिईसकेका, संसदमा बहुमत गुमाईसकेका आर.एन.सी.को धमिजा काण्डमा संसदमा महाअभियोग लाग्ने कुराबाट भयभीत प्रधानमन्त्रीले गरेको असंवैधानिक र अप्रजातान्त्रिक सिफारिशमा प्रतिनिधि सभा भंग गर्ने र कार्तिक २७ गते नै मंहगो मध्यावधि चुनाव गर्ने घोषणा राजाबाट भएको छ ।

प्रधानमन्त्रीले आषाढ २६ गते संसदमा बहुमतको विश्वास गुमाईसकेपछि उनलाई प्रधानमन्त्रीको कुर्सीमा बस्ने एक मिनेट पनि अधिकार थिएन । त्यसैले सरकारले राखेको "धन्यवाद प्रस्ताव" संसदमा ७४ का विरुद्ध ८६ मतद्वारा फेल भएपछि गिरिजाले राजिनामा दिनु अपरिहार्य थियो । यहाँसम्म कुरा ठीकै थियो । किनभने, धन्यवाद प्रस्ताव फेल हुनुको तात्पर्य थियो-सरकारी नीति र कार्यक्रम नै संसदद्वारा अस्वीकृत हुनु र संसदको बहुमतको प्रधानमंत्रीमाथि विश्वास नहुनु ।

तर संसदमा सत्तारुढ दलको एक जना प्रधानमंत्रीमाथि अविश्वास जाहेर भएपछि राजाको दायित्व थियो-बहुमत प्राप्त सत्तारुढ दललाई उसको स्थितिबारे सोध्नु ,उसले फेरि सरकार गठन गर्न सक्छ कि सक्दैन भन्ने कुरामा त्यस पार्टीबाट प्रष्ट जवाफ प्राप्त गर्नु । त्यो उसले गर्न सक्दैन भने संविधानको धारा ४२ (१) अनुसार दुई वा दुई भन्दा बढी दललाई मिलेर सरकार गठन गर्न सकिन्छ कि सकिन्न भन्ने सवालमा प्रष्टता हासिल गर्नु । त्यो पनि हुन सकेन भने संविधानको धारा ४२ (२) अनुसार प्रतिनिधि सभामा सबैभन्दा बढी सिट भएको ने.क.पा. (एमाले) को संसदीय दलका नेतालाई सरकार बनाउन आव्हान गर्नु । उसले ३० दिनभित्र संसदमा बहुमत भएको देखाउन सकेन भने मात्र प्रतिनिधि सभा भंग गर्नु र उसैको मातहतमा ६ महिनाभित्र चुनाव गर्ने आदेश जारी गर्नु । नेपालको संविधान २०४७ ले स्पष्ट रुपमा किटान गरेको संवैधानिक प्रक्रिया यही थियो ।

तर राजाबाट यी कुनै पनि संवैधानिक प्रक्रिया पुरा भएन । नेपाली कांग्रेसका सभापति स्वयं संसदमा अझै आफ्नो पार्टीको बहुमत भएको दावी गर्दछन् । सभापति भट्टराई भन्दछन् कि-प्रतिनिधि सभा भंग गर्नु र मध्यावधि चुनाव गर्नु गलत छ र सरकार बनाउन अब नेपाली कांग्रेसलाई नै आब्हान हुनुपर्दछ । तर यो संविधानसंमत मागलाई राजाले पूरै लत्याइदिए ।

उता संसदको सबैभन्दा बेसी सिट भएको प्रतिपक्ष ने.क.पा. (एमाले) पनि स्पष्ट शब्दमा माग गरिरहेछ कि ऊ सरकार गठन गर्न तयार छ र मध्यावधि चुनाव गर्नु र प्रतिनिधि सभा भंग गर्नु असंवैधानिक हुन्छ । राजाले यो संवैधानिक मागलाई पनि पूरै लत्याएको देखियो ।

उता ३६ विद्रोही सांसदहरुले पनि मध्यावधि चुनाव अस्वीकार गर्ने विचार राखेपछि संसदको अत्याधिक बहुमतको राय एउटै देखियो । तर संसदको अध्याधिक बहुमतको राय यस्तो हुँदाहुँदै पनि राजाले यी सबैलाई मिचेर फगत रा.प्र.पा. ले मात्र समर्थन गरेको गिरिजाको अप्रजातान्त्रिक र असंवैधानिक मागलाई मान्ने अधिकार के ? किन संवैधानिक राजाले यी सारा संवैधानिक प्रक्रिया मिचेर असंवैधानिक निर्णय गरे ?

यसले के देखाईरहेछ भने-आफ्नो गुमेको शक्ति फेरि पाउन लालयित दरबारले गिरिजा गूटसित सुलह-संझौता कायम गरेको छ । त्यतिखेरै भारतीय राजदूत र अमेरिकी राजदूतहरुको अत्याधिक सक्रियताले देखाइरहेछ -यसमा साम्राज्यवादीहरुको पनि स्पष्ट मिलिभगत छ ।

दरबार, गिरिजा र साम्राज्यवादीहरुको अपवित्र गठबन्धनबाट नै गिरिजाको मातहतमा मध्यावधि चुनाव हुने गरी प्रतिनिधि सभा भंग गरिएको हो । कमजोर संयुक्त सरकार बन्यो वा एमालेको सरकार बन्यो भने चुनाव निष्पक्ष हुने संभावना बढी हुने र त्यसबाट वामपन्थीहरु सत्तामा आउने संभावना हुने टड्कारो भयले नै उनीहरुले यो असंवैधानिक बाटो रोजेको हुन संभव छ ।

अहिलेको यो गठबन्धन अर्न्तगत गिरिजाको मातहतमै मध्यावधि चुनाव हुने हो भने आगामी चुनाव हिंसापूर्ण हुने निश्चित छ । पैसा र राज्य शक्तिको अत्याधिक पेलाइबाट चुनाव धाधलीपूर्ण हुने अवश्यंभावी छ र परिणाममा गिरिजा गुटले दरबारको सहायतामा २/३ बहुमत ल्याएर बाँकी बचेको प्रजातान्त्रिक अधिकार पनि खोस्ने र देश फेरि तानाशाही तन्त्रकै खाडलमा भासिने निश्चित छ । साम्राज्यवादीहरुलाई पोस्ने सिलसिलामा जनताको लागि जीवन अरु महंगो हुने, देशका स्वाधीनता अरु खत्तम हुने र उद्योगधन्दा अरु धाराशायी हुने निश्चित छ ।

यो स्थितिमा देशका जिम्मेवार वामपन्थी र प्रजातान्त्रिक शक्तिहरुको नेतृत्वमा संयुक्त जनआन्दोलन नै अब एक मात्र विकल्प रहेको छ । गिरिजा गुट मजबूत हुने हो भने गणेशमान र ३६ बिद्रोही सांसदहरुको भविष्य पनि अन्धकारमा छ । उनीहरुले चुनाव लड्ने टिकट समेत प्राप्त गर्न सक्षम हुने देखिंदैन । त्यसैले अहिले उनीहरुलाई समेत समेटेर संयुक्त संघर्ष गर्नु जरुरी भएको छ ।

गिरिजा सरकारको राजीनामा, भंग भएको प्रतिनिधि सभाको पुनर्स्थापना, वर्तमान मध्यावधि चुनावको खारेजी, सर्वदलीय संयुक्त सरकारको स्थापना, र त्यसको मातहतमा संविधान संमत चुनाव नै अहिलेको जनआन्दोलनको साझा माग हुन सक्ने देखिन्छ । यो मागले जनमोर्चा र सदभावना पार्टी जस्ता सामाजिक शक्तिलाई समेत एक गठ पार्न सक्ने संभावना राख्दछ ।

अहिले आपसमा स-साना मतभेदहरु उठाएर खिँचलो गर्ने बेला छैन । दरवार र गिरिजा बलियो भए भने सबैको भविष्य अन्धकारमा धकेलिने स्पष्ट छ । त्यसैले यो अहम् घडीमा वाम र प्रजातान्त्रिक शक्तिहरुको संयुक्त जनआन्दोलन नै देशको एक मात्र खाँचो हो । जनताबाट गिरिजा र दरवारलाई एक ल्याउनु नै एक मात्र सही कार्यनीति हो ।

*

### दरवारले प्रयोग गरेको संविधानको धारा ५३ (४) यस्तो छः

*(४) श्री ५ बाट प्रधानमंत्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन गर्न सकिबक्सने छ । त्यसरी प्रतिनिधि सभा विघटन गरिवक्सदा ६ महिनाभित्र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकिबक्सने छ ।*

### दरबारले लत्याएको संविधानको धारा ४२ यस्तो छः

*४२. मंत्रीपरिषद् सम्बन्धी विशेष व्यवस्था: (१) प्रतिनिधि सभामा कुनै दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेको अवस्थामा श्री ५ बाट दुई वा दुई भन्दा बढी दलहरुको समर्थनबाट प्रतिनिधि सभाका सदस्यहरुको बहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमंत्रीको पदमा नियुक्त गरिबक्सने छ ।*

*(२) उपधारा (१) बमोजिम कुनै सदस्यले प्रतिनिधि सभाका सदस्यहरुको बहुमत प्राप्त गर्न नसक्ने अवस्था भएमा श्री ५ बाट प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई प्रधानमंत्रीको पदमा नियुक्त गरिबक्सने छ ।*

*(३) उपधारा (१) वा (२) बमोजिम नियुक्त प्रधानमंत्रीले ३० दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्ने छ ।*

*(४) श्री ५ बाट उपधारा (२) बमोजिम गठन गरिबक्सने मंत्रीपरिषद्ले प्रतिनिधि सभाको समर्थन प्राप्त गर्न नसकेमा श्री ५ बाट प्रतिनिधि सभालाई भंग गरी ६ महिनाभित्र अर्को निर्वाचन गराउन आदेश जारी गरिबक्सने छ ।*

# म्याराडोनामाथि विशेष षड्यन्त्रको आशंका



म्याराडोना किन एडिडासको गंजी र कट्टू लगाउँछन् ?

**फु**टबल खेलमा पेलेपछिका विश्वविख्यात खेलाडी डिएगो म्याराडोनामाथि रूघा लाग्दा नाक खोल्न प्रयोग गरिने "इफेड्राइन" नामक प्रतिवन्धित औषधी मार्फत "लागू औषध" सेवन गरेको आरोप लगाई फिफाले उनलाई चालू विश्वकप फूटबल खेल खेल्न प्रतिवन्ध लगाएपछि यसबारे विश्वभर चर्चाहरू चलेका र प्रतिकृयाहरू व्यक्त भएका छन् । यसैबीच, उनीमाथि षड्यन्त्र भएको चर्को आशंका गरिन थालिएको छ ।

प्रतिवन्धित औषधी संबन्धी कतिपय विशेषज्ञहरूले म्याराडोनाले लागू औषध प्रयोग नगरेको दावी गरेका छन् । यसका साथै, म्याराडोनाकी श्रीमतीले यस सम्बन्धमा एक विशेष आरोप व्यक्त गरेकी छिन् । उनको आरोप निकै सोचनीय देखिन्छ ।

फिफाभित्रको माफियातन्त्रलाई संकेत गर्दै उनले बताएकी छिन्- "मैले कयौं पटक डियागोलाई भनेकी थिएँ- "फिडेल क्यास्त्रोलाई उपहार दिने सिलसिला बन्द गर्नुपर्छ, किनभने यिनीहरूले तिमीलाई माफ गर्ने छैनन् । यिनीहरूलाई र यिनका माफियालाई तिमीहरू चिन्दैनौ ।" डियागो इटालिमा छँदा नै मैले यस कालो संसारलाई अत्यन्त नजीकबाट देखेकी थिएँ । यो सारा षड्यन्त्र निकै पहिले रचिएको थियो ।"

स्मरणीय छ,- क्यूवाका वामपन्थी राष्ट्रपति फिडेल क्यास्त्रोलाई म्याराडोना आफ्ना "प्रिय नायक" मान्दछन् । क्यास्त्रोलाई उनले आफ्नो १० नंवर को जर्सी पनि उपहार दिएका छन् ।

म्याराडोनाकी श्रीमतीको आरोपको आशय छ कि- म्याराडोनाले फिडेल क्यास्त्रोलाई मान्ने र प्रशंसा गर्ने हुनाले नै यसको बदला लिन आज उनका विरूद्ध फिफामार्फत आयोजक देश अमेरिकाद्वारा यो षड्यन्त्र गरिएको हो ।

यदि यो आरोप सत्य ठहरिएमा पुष्टि हुनेछ- अमेरिकी साम्राज्यवाद कसरी आफ्नो कुत्सित राजनैतिक स्वार्थ पूरा गर्न खेललाई समेत हतियारको रूपमा प्रयोग गर्ने गर्दछ ? ❑

**अ**हिले विश्वलाई वर्ल्ड कपको ज्वरले सर्लक्कै गाँजेको छ । अमेरिकाका विभिन्न ९ वटा शहरमा विश्व कप फूटवल शुरू भएपछि इजरायलमा लोग्नेले स्वास्नीलाई पिट्ने घटनाहरू ५० प्रतिशत कम भएका छन् । ब्राजिल र अर्जेण्टिनामा अफीस र कार्खानामा काम नै स्वाट्टै घटेको खबर छ। नेपालको बजारमा टेलिभिजनको बिक्री चौपट्टै बढेको छ। अमेरिकामा विश्व कप फूटवल प्रतियोगिता हेर्न थालेपछि पागल हुनेहरूको संख्या पनि निकै घटेको छ ।

आषाढ ३ गते अमेरिकामा शुरू भएको पन्धौं विश्वकप फूटबल प्रतियोगिता यो पंक्ति लेख्दासम्म क्वार्टर फाइनलको चरणमा प्रवेश गरेको छ । आषाढ २५ र २६ गते क्वार्टर फाइनल हुनेछ, २९ गते सेमी फाइनल र श्रावण २ गते फाइनल हुने कार्यक्रम छ ।

पहिलो चरणको खेल हेरपछि विश्वका अधिकांश फूटबल समीक्षकहरूले १.८ किलो सुनबाट निर्मित विश्व कपको "जुलेस रमेट ट्रफी" यस वर्ष ब्राजिल र अर्जेण्टिना मध्ये एउटाले हात पार्ने भयो भनेर पक्कापक्की गरेका थिए ।

तर विश्व विख्यात फूटबल खेलाडी डियागो म्याराडोनालाई लागुपदार्थ सेवन गरेको आरोपमा FIFA ले अकस्मात निष्काशन गरेपछि अर्जेण्टिना अब पृष्ठभूमिमा धकेलिएको छ । अब उप्रान्त फूटबल खेल कहिल्यै नखेल्ने घोषणा म्याराडोनाले गरेपछि विश्वका फूटबलप्रेमीहरू सन्न र स्तब्ध भएका छन् ।

३६ सेण्टिमेटर लामो यो सुनौलो ट्रफी अब ब्राजील र जर्मनी मध्ये एउटाको हातमा जाला कि भनेर अनुमान गर्न थालिएको छ ।

जर्मनीको एडिडास कंपनीले सबैभन्दा बढी गोल गर्ने खेलाडीलाई दिने सुनको बूट भने यसपालि एकै खेलमा ५ गोल गर्ने रूसी खेलाडी ओलेग सलेन्कोले लाने करीब करीब पक्कापक्की भएको छ । त्यही कंपनीले दिने सुनको फुटबल प्राप्त गर्ने यस वर्षको सर्वश्रेष्ठ खेलाडी चाहिँ को होला ?- अहिलेसम्म केही ठेगान भएको छैन ।

यसपालि त आम संचार माध्यमहरूका प्रतिनिधिहरूले गरेको मूल्यांकनमा सर्वश्रेष्ठ ठहरिएको खेलाडीलाई सुनको घण्टी पनि दिइने भएको छ । अनुशासित खेल खेल्ने टीमलाई "फेयर प्ले ट्रफी" पनि FIFA ले दिने भएको छ । सबभन्दा बेसी दर्शकहरूको आकर्षण फूटबलप्रति बढाएर मनोरंजन दिने टिमलाई "मनोरंजन पुरस्कार" पनि दिइने भएको छ । FIFA ले पहिलो पटक "अलस्टार टीम" पनि यही वर्षदेखि छनौट गर्ने भएको छ । यी सब कसले प्राप्त गर्लान् ? अहिलेसम्म जिज्ञासा मात्र छ, उत्तर ठेगान लागिसकेको छैन ।

तर किन यति धेरै पुरस्कार विश्व कप फूटवल प्रतियोगितामा थुप्रिरहेछ ? किन यसको आकर्षण विश्वव्यापी रूपमा यति चर्को ढंगबाट बढाइँदैछ ? किन व्यापारी र उद्योगपतिहरू विश्व कपको आकर्षण बढाउने प्रचारमा सबभन्दा बेसी मरिहत्ते गर्दैछन् ?- यी सबको असली कारण चाहिँ त्यति प्रचारमा आइरहेको छैन ।

विश्व कपको आयोजक अन्तर्राष्ट्रिय फूटबल महासंघ (Federation International de Football Association) १९०४ मै स्थापना भएको भए पनि विश्व कपको पहिलो आयोजना १९३० मा उरूग्वेमा भएको थियो । विश्व

## किम इल सुङ्प्रति श्रद्धाञ्जली

**ग**त असार २४ गते प्रजातान्त्रिक जन गणतन्त्र कोरियाका ८२ वर्षीय राष्ट्रपति किम इल सुङ्को निधन भएको छ ।

विश्व श्रमिक आन्दोलनमा र कोरियाली जनताको मुक्ति आन्दोलनमा विशिष्ट योगदान गर्नु हुने स्व. किम इल सुङ्प्रति सम्मान व्यक्त गर्दै "मूल्यांकन" परिवार वहाँमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । ❑❑



# किन विश्व कप यति धेरै चर्चित हुँदैछ ?



*रोमारिया पनि पूँजीपतिहरुको विज्ञापनको साधन ?*

**खेल मा पूँजी को खेल**

कप प्रतियोगिताको विचार सुझाउने पहिलो व्यक्ति हेन्री डिलौनी (फ्रान्सेली राष्ट्रिय फूटबल संघका सचिव) थिए । शुरूमा ओलम्पिकमा भाग लिन नपाएका उच्च स्तरका व्यावसायिक फूटबल खेलाडीहरूलाई विश्व स्तरको प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्न डिलौनीले यो बिचार सुझाएका थिए ।

तर अहिले आइपुग्दा विश्व कपको रूपरंग र यसको पछाडिको उद्देश्यमा कायापलट भएको छ । विश्व कपको शुरूको ४.२ के.जी. को शुद्ध सुनको ट्रफीमा अहिले सुनको मात्रा आधाभन्दा कम भएको छ, तर विश्व कपको आकर्षण भने सैकडौं गुना बढाउने काम भएको छ । त्यो पनि सबभन्दा बेसी व्यापारी र उद्योगपतिहरूबाट । अब, विश्वकप खेलकूद "खेलकूद" कम, "व्यापार" बेसी भएको छ ।

अमेरिकाले यस पटक विश्व कप आयोजना गर्न मरिहत्ते गर्नुको मुख्य कारण पनि व्यापारिक थियो । मन्दीले थङ्थिलो भएको अमेरिकाले यो पटकको विश्व कप हेर्न अमेरिकामा ओइरिने दर्शकहरूबाट मात्र ४ अरब डलरभन्दा बेसी व्यापार गर्ने लक्ष्य राखेको छ । विश्व कपमा को जित्ला केही ठेगाना छैन । तर अमेरिकाको पर्यटन उद्योगले भने विश्व कपको आयोजनाबाट करोडौं डलरको फाइदा जित्ने पक्कापक्की गरिसकेको छ ।

FIFA ले मात्र यो आयोजनाबाट २०० अरब डलरको व्यवसाय गर्ने लक्ष्य राखेको छ । जब कि खर्च भने ३० देखि ४० करोड डलर मात्र लाग्छ । कोकाकोला, स्निकर्स, जिलेट, फिलिप्स, जेभिसी, मास्टरकार्ड, क्यानोन, फुजी, जनरल मोटर्स र म्याक्डोनाल्ड जस्ता बहुराष्ट्रिय कम्पनीहरूबाट FIFA ले प्रत्येकबाट डेढदेखि दुई करोड डलर असुल गर्दैछ, प्रायोजक शुल्कका रूपमा । यी प्रायोजकहरू अरबौंको फाइदाबिना बेफ्वाँकमा करोडौं रूपैयाँ फाल्न मूर्ख छैनन् । अडिडास, शेराटन होटेल, अमेरिकन एयरलाइन्स, प्रिण्ट र अप्पर डेक जस्ता कंपनीहरूले पनि World cup USA लाई प्रत्येकको ७० लाखका दरले प्रायोजक शूल्क चढाउँदैछन् ।




FIFA का अध्यक्ष जोए हाभेलाङले त प्रष्टै भनेका छन्- "FIFA संसारको सबैभन्दा ठूलो बहुराष्ट्रिय कंपनी हो ।"

अमेरिकाकै Newsweek साप्ताहिकले विश्व कपलाई "करोडौं डलरको प्रायोजन र बस्तु बिक्री सहितको व्यापारिक उत्सव" भनेर यसको सटिक मूल्यांकन गरेको छ ।

हाभेलाङगेको दाबी छ- "संसारमा फूटबलमा मात्र आफ्नो व्यवसाय टिकाएका १ अरब जति मानिस छन् ।"

FIFA अन्तर्गत मात्र विश्वमा ३ लाख ८० हजार रजिष्टर्ट फूटबल क्लबहरू छन् । ५ करोड २० लाख फूटबल खेलाडी छन् । १९९० मा मात्र १ अरब २० करोड दर्शकहरूले टि.भि.बाट विश्वकप हेरेका थिए । यो संख्या भनेको उद्योगपति र व्यापारीहरूको लागि आफ्नो सामान खपत गर्ने निकै ठूलो र खेलकूदहरू मध्ये सबैभन्दा ठूलो बजार हो । त्यसैले त विभिन्न उद्योग व्यवसायका कम्पनीहरूले विश्व कपमा करोडौं डलरको प्रायोजन गर्नु यति नाफादायक संझेका छन् । Adidas ले सुनको जुत्ता र सुनको फूटबल वित्थामा विश्वकपमा प्रदान गरेको छैन । यो उसको खेलकूदको सामान बिकाउन उसले गरेको लगानी हो ।

यही कारण हो- विश्व कपमा यति धेरै पुरस्कारको थुप्रो लागेको छ । उद्योगपति र व्यापारीले विश्व कपलाई यति धेरै लोकप्रिय बनाउन मरिमेट्नुको रहस्य पनि यही हो । म्याराडोना किन अडिडाजको गंजी र कट्टू लगाउँछन् ? त्यसको रहस्य पनि यसैमा छ । व्यापारीहरूका लागि पेले, रोमारियो, म्याराडोना सबै विज्ञापनका सबभन्दा प्रभावकारी साधन हुन । फूटबल रमाइलो खेल हो, तर यो जति रमाइलो छ, त्योभन्दा धेरै चर्चित बनाउने काम व्यापारीहरूले गरिरहेका छन् ।

जापान, अहिले मन्दीको संकट भोग्दैछ । यस संकटबाट केही त्राण पाउन ऊ २००२ को विश्व कप जापानमा आयोजना गर्न मरिहत्ते गर्दैछ । उसले यो प्रस्ताव FIFA मा राखिनै सक्यो । यी सब घटनाले देखाएको छ- विश्वकप फूटबल पूँजीपति र व्यापारीहरूको नाफा कुम्ल्याउने र संकट टार्ने साधन बनेको छ । हामी दर्शकहरू त्यसको लागि प्रयोग गरिदैछौं ।

खेलकूद स्वास्थ्य र मनोरंजनका लागि नभई नहुने कुरा हो । यसमा कुनै सन्देह छैन । त्यसैले यसको उपयोगितालाई कदापि नकार्न मिल्दैन । तर, खेलकूदलाई भरेङ बनाएर संसारभरिका पूँजीपतिहरू हामीलाई कसरी लुटिरहेछन्, त्यो हामीले भुल्नु हुँदैन । खेलकूदबाट भरपूर मनोरंजन लिनु खराब कुरा होइन । तर खेलकूदका नाममा हामी लूटाहाहरूको साधन हुने कि नहुने , त्यो विचार गर्नु जरुरी छ ।

नेपालका शहर बजारमा हाल विश्व कप फूटबलको नशाले धेरैलाई लठ्याएको छ । हामी कतिलाई त यसमा बाजी थाप्नु र गफ चुट्नु नै "अत्याधुनिक" हुनु हो भन्ने पनि लागेको छ । तर फूटबलको बारेमा भयानक प्रचार युद्ध छेड्नुको पछाडि चुसाहाहरूको स्वार्थ कति बलियोसित जोडिएको छ, त्यो हामीले बुझ्नु जरुरी छ । हामीले गौड गरेर हेर्न जरुरी छ, फूटबलबारे यति धेरै प्रचार गर्नसक्ने सञ्चार साधनहरूले हामीहरूको ज्ञान, चेतना, विवेक बढ्ने, संस्कृति उँभो लाग्ने कार्यक्रमहरू चाहिँ किन त्यति प्रचारमा ल्याउँदैनन् ? किन सामाजिक जागरण आउने कार्यक्रम त्यति विधि प्रचारमा ल्याईदैन ?

त्यसैले, हामीले माग गर्नु परेको छ- फूटबललाई यति धेरै चर्चित बनाउन संभव पार्न सक्नेहरूले जनताको ज्ञान, चेतना र संस्कृति उँभो लाग्ने कार्यक्रमहरूलाई पनि व्यापक प्रचारमा ल्याऊ ! ❑❑

रूसको निम्ति
न त NATO को सदस्यता जरूरी छ, न शान्तिको लागि साझेदारी जस्तो कुनै देशलाई घुमाउरो रूपमा NATO को सुरक्षा वृतमा ल्याउने कार्यक्रम । तर पनि रूस किन यसमा सामेल भयो त ?

# रूस पनि NATO मा सामेल !



धेरै लामो आनाकानीपछि गएको जून २२ मा रूस उत्तर एटलाण्टिक सन्धि संगठन (NATO) ले राखेको "शान्तिका लागि साझेदारी" कार्यक्रममा हस्ताक्षर गरेर अप्रत्यक्ष रूपमा अमेरिकी नेतृत्वमा रहेको पश्चिमेली सैनिक गठबन्धनमा सामेल भएको छ ।

यो कार्यक्रममा हस्ताक्षर गरेपछि अब पश्चिमले जुन सैनिक योजना बनाउनेछ, त्यसमा रूसको पनि सहभागिता हुनेछ । साथसाथै, पश्चिमले रूससित मिलेर संयुक्त सैनिक अभ्यास गर्न पाउने छन् । यसबाट रूसी सेनाको सारा रणनैतिक रहस्यहरू पश्चिमलाई थाहा हुने अपूर्व अवसर मिल्नेछ । साझेदारीको कार्यक्रममा NATO को पूर्ण सदस्य भएको जस्तो- "एउटालाई गरिएको आक्रमण अर्कोलाई गरिएको आक्रमण ठानिने" - प्रावधान छैन । र, यसमा सामेल राष्ट्रलाई NATO का सदस्यहरूले सुरक्षाको पूर्ण प्रत्याभूति दिने व्यवस्था पनि छैन । तर पनि यो नाटोको अर्द्ध सदस्यता जस्तै हो ।

यसमा सामेल भएपछि पहिलेजस्तो आफ्नो सेनाबारे स्वतन्त्र रूपमा निर्णय गर्ने अधिकार रूससित बाँकी रहने छैन । र, रूस पनि पश्चिमको सैनिक षडयन्त्र र योजनाको एउटा अभिन्न अंग हुन पुग्नेछ ।

रूस अझै पनि विश्वको दुई मध्ये एक सबैभन्दा ठूलो महाशक्ति राष्ट्र हो । उसको सुरक्षाको लागि ऊ आफैं पूर्ण सक्षम छ । यसको लागि उसको निम्ति न त NATO को सदस्यता जरूरी छ, न शान्तिको लागि साझेदारी जस्तो कुनै देशलाई घुमाउरो रूपमा NATO को सुरक्षा वृतमा ल्याउने कार्यक्रम । तर पनि रूस किन यसमा सामेल भयो त ?

वास्तवमा यो रूसको निम्ति सुरक्षाको जरूरत भएर ल्याइएको कार्यक्रम होइन । सारा पश्चिमी राष्ट्र र स्वयम अमेरिकाको लागि रूस अझै शक्तिशाली, खतरनाक र निर्णायक सैनिक शक्ति भएकाले उनीहरुको आफ्नो सुरक्षा स्वार्थका लागि यो कार्यक्रम ल्याइएको हो ।

स्मरणीय छ, विश्वमा रूसको घट्दो प्रभावबाट रूष्ट रूसी सेनाले NATO मा रूस सामेल हुने कुराको ठाडो विरोध गरेको हुनाले रूसलाई आफ्नो खेमामा ल्याउने चलाखीपूर्ण बीच- बाटोको रूपमा अमेरिकाले "शान्तिको लागि साझेदारी" कार्यक्रम अघि सारेको थियो । तसर्थ, यो कार्यक्रमबाट रूसको निम्ति कुनै खास फाइदा छैन । यसबाट उसको सैनिक हिसावले प्रभुसत्ता खत्तम हुनेछ र हात खुट्टा मात्र बाधिनेछ । नाफाको निम्ति विश्वभरी एकलौटी प्रभुत्व जमाउन जम्जमाइरहेका पश्चिमेली साम्राज्यवादीहरूलाई भने रूसको हात खुट्टा बाँधेर विश्वभरि निर्धक्कसित आफ्नो प्रभुत्व जमाउनका लागि यो कार्यक्रम निकै फाइदादायक हुनेछ ।

यो कार्यक्रममा रूसी विदेशमन्त्री ऐन्ड्रिइ कोजिरेवले ब्रसेल्समा हस्ताक्षर गरेपछि अमेरिकी विदेशमन्त्री वारेन्ट क्रिष्टोफरले त प्रष्टै भने- "रूस अब त्यस्ता संस्थाहरूतिर वेसी तानिन थालेको छ जसले पश्चिमलाई अद्वितीय सुरक्षा र समृद्धि हासिल गर्ने अबसर प्रदान गर्छ ।"

रूसको हस्ताक्षरपछि पश्चिम खुशीले गदगद भएको छ ।

त्यसैले, यो सन्धिमा हस्ताक्षर गर्नासाथ पुरस्कारका रूपमा रूसलाई आगामी महीनामा नेपाल्समा हुने जी-७ को वैठकमा प्रवेश दिइने भएको छ । तुरून्तै जून २३ मै युरोपेली संघमा रूसी व्यापार बढाउनका निम्ति एउटा संझौतामा हस्ताक्षर गर्ने कार्य गरिएको छ । यसबाट रूसी बस्तुलाई यूरोपेली बजारमा छिर्ने अवसर हुनेछ ।

विश्वको निम्ति यो हस्ताक्षर निकै नोक्सानदायी हुनेछ । यो हस्ताक्षरबाट अमेरिकी साम्राज्यवादको विश्वव्यापी एक छत्र दवादवा अरू बढ्ने छ । उता कोरिया र क्यूबाको निम्ति त यो टड्कारो रूपमा खतराजनक स्थितिको संकेत हुनेछ । उत्तर कोरियामा अमेरिकी आक्रमणको निम्ति यो हस्ताक्षरबाट अमेरिकालाई बढ्ता हौसला र निर्धक्कपन प्राप्त हुनेछ ।


स्मरणीय छ, उत्तर कोरियामा हमला गर्ने योजना अमेरिकाले बनाईसकेको छ । चीन र रूसको विरोधको कारणले यो रोकिईराखिएको थियो । ❐

# अरूण तेश्रो कार्त्तिकभित्र शुरू हुने

३८ अरब रूपैयाँको लागतमा बन्ने, नेपालको अहिलेसम्मको सबैभन्दा महँगो र खर्चिलो विवादास्पद अरूण तेस्रो आयोजना अब आउँदो कार्तिक महीनादेखि प्रारम्भ हुने घोषणा सरकारले गरेको छ ।

नेपालको अर्थतन्त्रमा व्यापक र दीर्घकालीन असर पार्ने यो आयोजनाको देशमा सर्वत्र व्यापक विरोध भइरहेछ । देशको डेढ वर्षको सिंगै विकास बजेट खर्च हुने यो आयोजनालाई कुनै पनि जिम्मेवार प्रतिपक्षले स्वीकार गरेको छैन । प्रति किलोबाट ४००० अमेरिकी डलर खर्च हुने यो आयोजना भारतको प्रति किलोवाट २००० डलर लागतभन्दा दोब्बर महँगो छ, र चीनको प्रति किलोवाट १५०० डलर लागतभन्दा झण्डै तीन गुना महँगो छ । यति गंभीर आयोजनाबारे जनतालाई वास्तविक कुराको सूचनासम्म नदिई यो आयोजना शुरू गर्न लागेकोमा सर्वोच्च अदालतले सरकारको यो कुनियतलाई गलत ठहऱ्याएर मुद्दा हराईसकेको छ । जनतालाई यसबारे सुसूचित गर्न आदेश दिईसकेको छ ।

तर पनि कँग्रेसी सरकारद कसैलाई टेरपुच्छर लगाइरहेको देखिन्न । सरकारले भर्खरै एउटा आधिकारिक टोली अमेरिका पठाएर विश्व बैंक र दाता राष्ट्रसित ९ दिन लामो वार्ता गरेको छ । उसैको आश्वासन र आदेशका भरमा सर्वत्र विरोध भएको यो विवादग्रस्त आयोजना आउँदो कार्तिक महीनादेखि जबर्जस्ती शुरू गर्ने घोषणा त्यहाँबाट फर्केर आएपछि गरिएको छ ।



आखिर किन देशलाई पर्ता नपर्ने, सिंगै राष्ट्रलाई ऋणको खाडलमा सधैंभरिको लागि डुबाउने यस्तो आत्महत्यामुखी आयोजना शुरू गर्न सरकार ज्यू ज्यान छोडेर लागेको छ ? किन ऊ विश्व बैंकको आदेश र आश्वासन मान्छ, तर जनता, देशभक्त विद्युतविज्ञहरू, देशको प्रतिपक्ष, अदालत, संचारमाध्यम कसैको भनाइ मान्दैन ?

विज्ञहरू भन्छन्- यो ३७४ करोड रूपैयाँको कमिशन थैलीको करामत हो, जुन अरूण तेस्रो आयोजना शुरू गर्न सकियो भने यसमा सरकारी निर्णय कर्ताहरूलाई लगानी कर्ताबाट प्राप्त हुन्छ । आखिर प्रतिव्यक्ति १ करोड रूपैयाँ हात पऱ्यो भने काँग्रेस सरकारको ३७४ जना नीजि निर्णय कर्तालाई किन्न के बेर लाग्छ ? नत्र देशको ढाडै भाच्ने आयोजना शुरू गर्न यति मरिहत्ते किन ? ❐

*(अरूण तेश्रो सम्बन्धी विस्तृत अध्ययनको लागि "मूल्यांकन" को अंक १७ हेर्नुहोला)*

# क्यान्सरको अर्को प्रभावकारी ओखती पत्ता लाग्यो

चीनले क्यान्सरको निम्ति अर्को प्रभावकारी ओखती पनि पत्ता लगाएको छ । श्वासनली, पेट, फोक्सो र छातीको क्यान्सरको निम्ति निकै प्रभावकारी ठहरिएको यो ओखतीको नाम हो "Buddha Brand Sea Buckthorn Oil"

चीनको सरकारले यो ओखतीलाई आधिकारिक मान्यता दिई सकेको छ । र, यसलाई बजारमा सार्वजनिक विक्रीको निम्ति समेत ल्याईसकिएको छ ।

परंपरागत चीनियाँ ओखती सम्बन्धी विशेषज्ञ छियान् झेनहुवाइ र भु मिंग्यूका अनुसार यो ओखती लिभरको क्यान्सरको निम्ति समेत प्रभावकारी छ ।

यो ओखती एउटा बनस्पतिबाट बनेको छ, जसको नाम वनस्पति शास्त्रमा हिप्पोफे ऱ्यामनोइडेस् (Hippophae Rhamnoides) छ । चलन चल्तीमा यो विरूवालाई Sea Buckthorn भनिन्छ । यो वनस्पतिको पातमा बी-क्यारोटिन र

### कार्टरले किम इल सुङ्गलाई गलत सूचना दिए ?

# के अब कोरियाली प्रायदीपमा शान्ति होला ?



**अ**मेरिकाले उत्तर कोरिया बिरुद्ध आर्थिक नाकाबन्दीको घाषणा गरी नै सकेको थियो । नाकाबन्दी गरिएमा उत्तर कोरियाले यसलाई युद्धको चुनौतिको रुपमा ग्रहण गर्ने र युद्धद्वारा नै त्यसको प्रत्युत्तर दिने घोषणा गरिसकेको थियो ।

तर यसरी युद्धको मुखैमा पुगिसकेको घटना-क्रम अचानक फेरि मोडिएर बार्ताको टेबुलमा आएको छ । अमेरिका र उत्तर कोरियावीच जुलाइ ८ मा जेनेभामा वार्ता हुने भएको छ । कोरियाली युद्धपछि पहिलो पटक उत्तर कोरियाका राष्ट्रपति क. किम इल सुङ र दक्षिण कोरियाका राष्ट्रपति किम योङ सामबीच जुलाई २५ मा प्योङयाङमा शीर्षस्थ वार्ता हुने भएको छ ।

यो नाटकीय मोड त्यतिखेर आएको छ, जतिखेर उत्तर कोरिया आर्थिक नाकाबन्दीको अमेरिकी धम्की सामुन्ने झुकेन, चीनले नाकाबन्दीको निर्णय स्वीकार गरेन, र भू.पू. अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले "हिउँको ढीका तोड्न" ह्वाइट हाउसको हरियो बत्तीको संकेतमा अकस्मात् उत्तर कोरियाको यात्रा गरे ।

गजबको विरोधाभाष त के देखियो भने कार्टरले क. किम इल सुङलाई अब अमेरिकाले आर्थिक नाकाबन्दी गर्ने बाटो छोडेको सूचना दिए । प्रत्युत्तरमा राष्ट्रपति किमले पनि उत्तर कोरियाले आणविक कार्यक्रम नै रद्द गर्न चाहेको बताए । तर शिकागोमा त्यतिखेरै बील क्लिण्टनले ऐलान गरे- "अमेरिकाले आफ्नो अडानमा कुनै परिवर्तन गरेको छैन ।"

यसलाई अमेरिकी प्रशासनको धूर्त कूटनैतिक चालवाजी नभनेर के भन्ने ?

अहिले वाशिंगटन दुइटा कुरा एकसाथ गरिरहेछ । एकातिर ऊ भन्दैछ कार्टरले किमलाई गलत सूचना दिए । अर्कोतिर, ऊ माग गर्दैछ - किमले कार्टरलाई आफ्नो आणविक कार्यक्रम रद्द गर्ने जुन वचन दिएका हुन्, त्यो नै पहिले प्योङयाङले पूरा गर्नु पर्छ । ऊ कार्टरको सूचना र वार्ताले त्याएको फललाई चाहिं भरपूर उपभोग गर्न चाहन्छ । तर कार्टरमार्फत दिइएको सूचनालाई चाहिं, कार्टरलाई नै उल्लू सावित गर्ने मूल्यमा पनि, निहित स्वार्थका लागि रद्द गर्न चाहन्छ ।

अनैतिकताको यो भन्दा राम्रो नमूना अरु के हुन सक्छ ?

अमेरिकालाई IAEA (अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी) को थुप्रै पटकको निरीक्षणबाट के पूरापूर थाहा छ भने- उत्तर कोरियासित कुनै अणु बम छैन । उत्तर कोरिया आफैले बारम्बार के प्रस्ट पार्दै आइरहेको छ भने- उसको आणविक योजना शान्तिपूर्ण उद्देश्यका लागि मात्र हो । त्यो फगत विद्युत उत्पादनका लागि हो ।

एक छिन् मानौं, ढाँटेर, छलेर प्योङयाङले एउटा अणुबम बनाई नै हाल्यो रे । तर अमेरिकाको सयकडौं अणुबम र हाइड्रोजन बमको सामुन्ने त्यसको सार्थकता नै के रहन्छ ? के गर्ने एउटा दुइटा बमले ?

त्यसैले वाशिंगटनको प्रमुख चिन्ता- प्योङयाङको आणविक क्षमता र एकाध अणुबम होइन ।

सोभियत संघ र पूर्वी यूरोपमा श्रमिक वर्गको राज्य खतम गर्न सफल भएबाट अति उत्साहित अमेरिकी शासक वर्ग अब उत्तर कोरियामा र क्यूबामा श्रमिक वर्गको राज्य स्वाहा पार्न हर तरहले प्रयत्नशील छ ।

तर स्वाहा पार्न निहुँ त चाहियो, निहुँ के त ? अरु क्यै बाहाना नपाएर वाशिंगटन अहिले आणविक मुद्दा उठाउँदै छ, जब कि अमेरिका खुदैसँग पूरै संसारलाई धेरै पटक ध्वस्त गर्न पुग्ने आणविक हतियारको बिशाल भण्डार छ ।

अन्ततः उत्तर कोरियालाई फौजी आक्रमण गरेर सिध्याउने अमेरिकी योजना रहेको कुरा पेण्टागनले प्रष्टै ओकलिसकेको छ । त्यसको लागि ह्वाइट हाउसलाई अहिले दुइटा कुरा चाहिएको छ - एउटा, आक्रमणको लागि अनुकूल विश्व जनमत र अर्को, प्योङयाङको गोप्यतम फौजी रहस्यको जानकारी ।

अहिले अमेरिका त्यसै कारणले उत्तर कोरियाको मुख्य फौजी अड्डा योङब्योनमा IAEA को नाममा अमेरिकाको स्थायी खुफिया निरीक्षक राख्ने र उनीहरुलाई असीमित निरीक्षणको अधिकार हुनु पर्ने माग जोडतोडका साथ उठाउँदै छ । उत्तर कोरियाले यसैमा मुख्य आपत्ति जनाएको हो ।

त्यसैले, कार्टरको पहलमा वाशिंगटन र प्योङयाङबीच र प्योङयाङ र सिओलबीच जुन वार्ता हुँदैछ - आणविक मुद्दालाई लिएर, त्यसले कुनै शान्तिको समाधान ल्याउन नसक्ने कुरा प्रष्ट छ । आणविक मुद्दामा उत्तर कोरिया जति झुके पनि अमेरिका सन्तुष्ट हुने देखिन्न । किनकि अमेरिकाको मुख्य चासो आणविक मुद्दा हुँदै होइन । उत्तर कोरियामा हरतरहले श्रमिक राज्यको अन्त नै उसको मुख्य ध्येय हो । यो नभएसम्म उसले आक्रमणको लागि अनेकौं बाहाना बनाई रहने छ । विश्वका न्यायप्रेमी जनताको दवाव र अडान नै त्यो बाहानालाई पर्दाफास र अन्त गर्ने एक मात्र उपाय हो । ***

---

भिटामीन इ को अपूर्व संयोजन हुन्छ र यो संयोजन क्यान्सरको उपचारको निमित अत्यन्त प्रभावकारी हुन्छ भन्ने बैज्ञानिकहरुको भनाई रहेको छ ।

क्यान्सरको अलावा यो ओखती मुटुको रोग र अल्सरको निम्ति पनि प्रभावकारी ठहऱ्याइएको छ । थकान मेटेन र शरीरका अंग प्रत्यंगमा स्फुर्ति संचार गर्न पनि यो निकै प्रभावकारी ठहरिएकोले चीनमा यो ओखतीलाई चीनको सातौं राष्ट्रिय खेलकूदमा खेलाडीहरूको निमित्त विशेष ओखतीको रूपमा सिफारीस गरिएको थियो ।

अहिले जिलित सि वक्थोर्न कं लिमिटेडले यो ओखतीको उत्पादन र बजार विक्री थालेको छ ।

नेपालमा पनि क्यान्सर रोगीहरू असंख्य संख्यामा भएकाले उनीहरूले यो आविष्कारबाट प्रत्यक्ष फाइदा लिन सकून भन्ने धेयले हामीले यो ओखती झिकाउने ठेगाना पनि प्रकाशित गर्न जरूरी ठान्यौं । यसको ठेगाना हो-

The Xilin Sea Buckthron Co Ltd of Xianyang Greatwall Group of China
Junzhuan Building, Weiyang West Road
Xianyang City
Shaanxi Province 712000
China
Tel (0910) 217328 अथवा 217329
Fax (0910) 217329
General Manager-Zhu Chunping

स्रोत :- Beijing Review May 9-15. 1994

---

# एमालेले शुरु गरेको पार्टी स्कूल

**ने**.क.पा. एमालेले गत महिना काठमाण्डौमा नवनिर्मित पार्टी भवनमा पार्टी स्कूलको विधिवत शुरुवात गरेको छ । असार पहिलो हप्तामा ४ दिने कार्यशाला गोष्ठी गरी विविध विषयमा ९ वटा कार्यपत्रहरुको प्रस्तुति र तिनमाथि छलफल गर्ने कार्य पनि सम्पन्न गरियो । दर्शन, राजनैतिक अर्थशास्त्र, नेपाल र विश्वको कम्युनिष्ट आन्दोलन, सर्वहारा पार्टी निर्माणको सवाल र इतिहास विषयमा प्रस्तुत यी कार्यपत्रहरु विषय-वस्तुका हिसावले हाम्रो आन्दोलनसँग सरोकार राख्ने सबैलाई उपयोगी र महत्वपूर्ण रहेकाले यिनीहरूको सार वा पूर्ण पाठ छलफल र अन्तर्क्रियाका लागि प्रकाशित नै गरेमा अरु प्रभावकारी हुन्थ्यो भन्ने हामीलाई लाग्छ ।

हाल नेपाली कम्युनिष्ट आन्दोलनको प्रमुख समस्या हो-वैचारिक क्षेत्रमा रहेको अस्पस्टता र हचुवापन । यो अस्पस्टता र हचुवापन हटाउन समाजका हरेक क्षेत्रसंग संबन्धित विषयमा अध्ययन, खोज र अन्तर्क्रिया एवं निश्कर्षहरुको संश्लेषण हुनु अति जरुरी छ । यस दिशामा कार्य गर्न ने.क.पा. एमालेले संस्थागत रुपमा गरेको यो शुरुवात प्रशंसनीय छ ।

विचार- अस्पष्टता नेतृत्व तहमा मात्र हैन, जतातते छ । त्यसैले वैचारिक जागरण र संचेतना बढाउन मद्दत पुग्ने यस्ता पार्टी स्कूलहरु तल्ला निकायहरुसम्म पनि फैलाउनु जरुरी छ र यो काम हरेक जनपक्षीय पार्टीहरुले महत्वका साथ गर्नु जरुरी छ । किनभने, कामचलाऊ र टापटिपे ज्ञान र धारणाका भरमा आन्दोलनले सही दिशा लिन सक्दैन । यसका लागि सचेत, व्यवस्थित र निरन्तर प्रयत्न हुनु जरुरी छ ।

पार्टी स्कूलहरु वा पार्टीभित्रका अध्ययन प्रणालीहरुलाई पार्टीका तात्कालीन नीति र कार्यक्रमहरु पढाउने, बुझाउने थलोको रूपमा मात्र विकास गरेर पुग्दैन, नेता-कार्यकर्तामा मार्क्सवादी दृष्टिकोण निर्माण गर्न र निर्मित दृष्टिकोणलाई झन्-झन् खार्न पनि यसको वृहत्तर उपयोग हुनु पर्दछ । वैज्ञानिक दृष्टिकोणको निर्माणको मामलालाई कुनै पनि हालतमा उपेक्षा गरिनु हुन्न । कारण, दृष्टिकोणमै गोलमाल छ भने बाँकी सबै कुराहरु गोलमाल हुन जान्छन् । **




# मसालको छैठौं महाधिवेशन पछि

# क. मोहनविक्रमसँगको कुराकानी

## मसालले के के नीति र कार्यक्रम तय गऱ्यो ?

*भर्खरै ने.क.पा (मसाल) को छैठौं महाधिवेशन सम्पन्न भएको छ। नेपालको तेस्रो ठूलो वाम शक्तिको रूपमा रहेको यो पार्टीको महाधिवेशनले के के नयाँ निर्णयहरू लियो ?, के के नीति र कार्यक्रम तय गऱ्यो ?- यो अहिले सार्वजनिक चासोको विषय भएको छ। यस सवालमा हामीले महाधिवेशनको लगत्तैपछि यस पार्टीका भूमिगत पुनर्निर्वाचित महामन्त्री क. मोहनविक्रम सिंहसँग भेटेर केही मूलभूत प्रश्नहरू राखेका थियौं। क. मोहनविक्रमले अत्यन्त व्यस्तताकोबीच पनि महत्वका साथ समय निकालेर हाम्रा प्रश्नहरूको जवाफ दिनुभयो।' प्रस्तुत छ- उहाँले अन्तर्वार्ताको दौरानमा राख्नुभएका विचारहरूका मूलभूत अंशहरू प्रधान सम्पादक)*

*o यो महाधिवेशनले पहिलेको भन्दा भिन्न र नयाँ कुनै नीति निर्णयहरू गरेको छ ?*

- त्यस्तो त छैन। यसले पहिलेकै नीति निर्णयहरूलाई मूलत: ठीक ठहऱ्याएको छ। नयाँ सन्दर्भ र परिस्थितिमा तिनीहरूलाई लागु गर्ने निर्णय गरेको छ।

यो महाधिवेशनले सबैभन्दा गंभीरतापूर्वक छलफल गरेको र आत्मालोचना समेत गरेको विषय के हो भने- हाम्रो सैद्धान्तिक पक्ष र राजनीतिक लाइनको तुलनामा हाम्रो संगठनात्मक पक्ष निकै कमजोर छ। त्यसैले हाम्रो संगठनात्मक पक्षलाई हाम्रो सैद्धान्तिक र राजनैतिक लाइनको उँचाइमा उठाउने कुरामा हामीले सबैभन्दा बेसी ध्यान दिनु जरूरी भएको छ।

*o यसो भन्नुको तात्पर्य के ?*

- एकातिर बदलिएको अन्तर्राष्ट्रिय परिस्थिति छ, अर्कोतिर राष्ट्रिय परिस्थिति। एकातिर नेपाली काँग्रेस सीमित प्रजातान्त्रिक अधिकार पनि खोस्दै लादैछ। अर्कातिर, राजा आफ्नो गुमेको तानाशाही अधिकार फर्काउन खोज्दैछ। यी सब परिप्रेक्ष्यमा हाम्रो दायित्व कैयन गुना बढेर गएको छ। तर अहिलेको हाम्रो सांगठनिक स्थिति के छ भने- हाम्रो दायित्वको तुलनामा हाम्रो सांगठनिक स्तर धेरै तल छ। यसले गर्दा हामीले जति सशक्त भूमिका खेल्नु पर्ने हो, त्यो खेल्न सकेका छैनौं। त्यसैले यो सांगठनिक स्तरलाई उठाउनको निम्ति यो महाधिवेशनले गंभीरतापूर्वक विचार गरेको छ।

संगठनात्मक पक्षलाई माथि उठाउने सवालमा हामीले विश्व दृष्टिकोणको सवाललाई सबैभन्दा जोड दिएका छौं। एकातिर हामीले मार्क्सवादी दर्शन अनुसार काम गर्ने भनिराखेका छौं, हाम्रो पार्टी सर्वहारा वर्गको अगुवा दस्ता भनिराखेको छौं, तर हाम्रो संगठनात्मक पक्षलाई नियालेर हेर्ने हो भने त्यसको स्वरूप निम्न पूँजीवादी छ। एउटा निम्न पूँजीवादी पार्टीले निश्चित रूपमा सर्वहारा वर्गको जिम्मेवारी पूरा गर्न सक्दैन। हाम्रो वर्ग चरित्र निम्न पूँजीवादी छ, विश्व दृष्टिकोण निम्न पूँजीवादी छ। हाम्रो यो वर्ग चरित्र र विश्व दृष्टिकोणलाई सर्वहारा वर्गको चरित्र र दृष्टिकोणमा फेर्न हामी सक्दैनौं भने हामीले एउटा क्रान्तिकारी पार्टीको जिम्मेवारी पूरा गर्न सक्दैनौं। त्यो स्थितिमा या पार्टीको क्रान्तिकारी चरित्र खत्तम भएर जाने कुरा निश्चित छ या जनताको ठूलो पंक्तिबाट पार्टी कट्ने कुरा निश्चित छ।

त्यसैले पार्टी र कार्यकर्ताहरूको विश्व दृष्टिकोण, चेतनास्तर र सांस्कृतिक धरातललाई सर्वहारा वर्गको अगुवा दस्तामा हुनु पर्ने स्तरमा उठाउने कुरालाई महाधिवेशनले गंभीर महत्व दिएको छ। यसको लागि हामीले दुइटा कुरामा जोड दिएका छौं- एउटा हो, मार्क्सवादी दर्शनलाई बुझ्ने, ग्रहण गर्ने र त्यसलाई विकास गर्ने सवाल। अर्को हो, खालि ठूला-ठूला आम सैद्धान्तिक कुरा गर्नुको सट्टा जनताको दिनानुदिनको समस्यालाई लिएर जन-संघर्ष उठाउने सवाल। यही दुइटा सवाललाई मिलाएर नै हामीले हाम्रो विश्व दृष्टिकोण र संगठनात्मक स्तरलाई हामीले भनेको सिद्धान्त र राजनीतिक लाइनको स्तरमा उठाउन सक्नेछौं।

यो कुरा यसकारणले हाम्रो लागि सारै महत्वपूर्ण र निर्णायक बनेको छ कि, यसमा प्राप्त हुने सफलताले मात्र हामी हाम्रो संगठनात्मक स्तरलाई आजको स्तरबाट सर्वहारा वर्गको अगुवा दस्ताको स्तरमा उठाउन सक्नेछौं। हामीले हाम्रो संगठनात्मक स्तर जति माथि उठाउन सक्नेछौं, उति हामीले हाम्रो क्रान्तिकारी जिम्मेवारीलाई पूरा गर्न सक्नेछौं। मैले हाम्रो संगठनात्मक स्तरलाई उठाउने भन्नुको तात्पर्य यो हो।

*o तपाईंले जन-संघर्ष उठानको कुरा गर्नु भो। महाधिवेशनले जन संघर्ष उठानको निम्ति संयुक्त-मोर्चा संबन्धमा केही ठोस निर्णय गरेको छ ?*

- महाधिवेशनले एकातिर, यसनिम्ति आफैं पहल गर्ने कुरा गरेको छ। तर अर्कोतिर, के पनि महशूस गरेको छ भने हाम्रो पार्टी एक्लैले जन-संघर्ष उठान गर्ने दायित्व पूरा गर्न सक्दैन। हामीभन्दा बाहिर रहेका देशभक्त र जनतान्त्रिक शक्तिहरू, जनसमुदायहरूसँग एकताबद्ध भएर मात्र शक्तिशाली जनसंघर्ष उठान गर्न सकिन्छ। जनतन्त्र र राष्ट्रियताको सवालमा आन्दोलन उठाउन सकिन्छ। त्यसैले, यस्तो संयुक्त जन-संघर्ष उठाउन पनि हामीले सक्दो पहल गर्ने निर्णय महाधिवेशनले गरेको छ। अरूले पहल गरेमा त्यसको स्वागत गर्ने पनि हाम्रो नीति छ।

*o महाधिवेशनले अहिले जन संघर्ष नै प्रधान हो भन्ने पहिलेको नीतिलाई फेरि अनुमोदन गऱ्यो कि के गऱ्यो ? र, अनुमोदन गरेको भए यसो भन्नुको मतलब के हो ?*

- यसलाई हामीले अनुमोदन गरेका छौं। र, यसको मतलब के हो भने दीर्घकालीन र रणनैतिक हिसाबले आमूल परिवर्तनका लागि सशस्त्र संघर्ष नै प्रमुख र निर्णायक रूप हो। तथापि आजको जुन अन्तर्राष्ट्रिय र राष्ट्रिय परिस्थिति छ, हाम्रो आफ्नै सांगठनिक परिस्थिति छ, त्यसको सापेक्षतामा हामी तुरून्तै सशस्त्र संघर्ष शुरू गर्न सक्ने स्थितिमा छैनौं। अहिलेको प्रधान रूप, त्यसैले, जनसंघर्ष हो।

जन संघर्ष प्रधान हो भन्नुको तात्पर्य यो होइन कि हामी जन संघर्षमै अडी राख्ने छौं। जन-संघर्ष आज उठाउनुको तात्पर्य सशस्त्र संघर्षको लागि नै आधार तयार गर्नु हो। यस प्रकार हाम्रो पार्टी निराधार रूपमा सशस्त्र संघर्षका कुरा उठाउने वामपन्थी लफ्फाजी र अवसरवादबाट पनि मुक्त छ। अर्कोतिर, जन संघर्षमै सीमित हुने, संसदीय संघर्षमै रूमल्लिने दक्षिणपन्थी अवसरवादबाट पनि मुक्त छ।

*o पार्टी एकता संबन्धमा नि, के निर्णय गर्नु भो ?*

- पार्टीकै रूपमा एकीकरण गर्न सकिने कुनै कम्युनिष्ट पार्टी विद्यमान रहेको हामीले पाइरहेका छैनौं। तर विभिन्न पार्टीहरूभित्र इमान्दार कम्युनिष्टहरू छन् भन्ने चाहिं हामीले स्वीकारेका छौं। र, उनीहरूसित पार्टी एकता गर्न सकिन्छ।

पार्टी एकता हचुवा तवरले गर्नु हुन्न भन्ने हाम्रो ठम्याइछ। सिद्धान्त, राजनीति, संगठन सम्बन्धी सोचहरू, सबै बारेमा विस्तृत छलफलपछि समानता भेटिएमा मात्र पार्टी एकता गर्नु पर्छ भन्ने हाम्रो मान्यता छ। ⌟⌟




कार्टुन साभारः CPI (M) को
ग्याट संवधी प्रकाशन

# के हो ग्याट र डंकल प्रस्ताव ?

**किन देश विदेशमा यसको विरूद्ध यति बिघ्न जनताहरू सडकमा उत्रिएका ? के फरक पार्छ यसले जनताको दैनिक जीवनमा ? के यसले नेपाल र नेपालीहरूलाई पनि बर्वाद पार्छ ?**

**अ**चेल GATT र डंकल प्रस्ताव विश्वव्यापी चर्चाको विषय बनेको छ। भारतमा १० वटा प्रमुख वामपन्थी पार्टीहरूले यसको विरूद्ध सशक्त देशव्यापी आन्दोलन छेड्दैछन्। भारतीय जनता पार्टी जस्तो दक्षिणपन्थी पार्टीले समेत मैदानमा उत्रेर यसको बिरोध गरिहेछ। गएको अप्रिल १५ मा मोरक्कोको राजधानी मोराकेशमा १२० वटा देशले यसमा हस्ताक्षर गरेपछि हस्ताक्षर गर्ने सरकार विरूद्ध जापानका किसानहरू सडकमै उत्रे। दक्षिण कोरियामा किसानहरू र सरकारबीच खुलेआम भीडन्त भयो।

नेपाल भने मौन र शान्त छ, मानौं GATT र डंकल प्रस्तावको कार्यान्वयनले यसलाई केही फरक पार्दैन। यहाँका सबैजसो प्रतिपक्षी पार्टीहरू र त्यसमध्ये जिम्मेवार वामपन्थी पार्टीहरू समेत चुप छन्। मानौं, यहाँ कुनै घटना घटेकै छैन !

आखिर के हो ग्याट र डंकल प्रस्ताव ? किन देश विदेशमा यसको विरूद्ध यति बिघ्न जनताहरू सडकमा उत्रिएका ? के फरक पार्छ यसले जनताको दैनिक जीवनमा ? के यसले नेपाल र नेपालीहरूलाई पनि बर्वाद पार्छ ?

आउनोस् यसबारे एकक्षण चर्चा गरौं।

GATT र डंकल प्रस्ताबबारे वौद्धिकहरू बीच गोष्ठी र सेमीनारहरू भए पनि आम जनतामा सामान्य जानकारी र मेलोमेसो समेत नभएको हाम्रो मुलुकमा यसको बारे थाहा दिने अभियान र गंभीर बहस चलाउनु नितान्त जरूरी भएको छ।

## के हो ग्याट ?

GATT वास्तवमा अन्तर्राष्ट्रिय व्यापार र कर महशूल सम्बन्धी विश्वब्यापी सम्झौता हो। अंग्रेजीमा यसको पूरा रूप General Agreementon Tariffs and Trade हो। यसको नेपाली अर्थ "कर महशूल र व्यापार सम्बन्धी सामान्य सम्झौता" हुन्छ। यही अंग्रेजीको छोटकरी रुप GATT हो।

GATT को अवधारणा दोश्रो विश्वयुद्ध (१९३९-१९४५) पछि अति उत्पादन तर बजारको अभावले संकटग्रस्त केही प्रमुख पूँजीवादी देशहरूले ल्याएका थिए। त्यतिखेर समाजवादी सोभियत संघमा विश्वलाई नै चकित पार्ने अनुपातमा तीब्र आर्थिक विकास भइरहेको थियो। र, त्यसले विश्वव्यापी रूपमा प्रभाब पारिरहेको थियो। अर्कातिर, पूँजीवादी खेमा भने १९३० को दशकमा महामन्दी (उत्पादन र खपतमा ठूलो ह्रास) भोगिरहेको थियो।

यही परिप्रेक्षमा समाजवादी खेमाको विकास र प्रभावबाट भयभीत पूँजीवादी देशहरूले १९४५ मा ब्रेटन ऊड्समा सम्मेलन गरे। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र GATT को अवधारणा त्यहीं जन्म्यो।

१९४७ मा GATT को सम्झौताका वूँदाहरू विकसित भए। २३ वटा पूँजीवादी देशहरूले त्यसमा सहमति जनाएपछि १९४८ देखि GATT खुलेआम अस्तित्वमा आयो। GATT यसरी समाजवादी अर्थतन्त्रको प्रभावलाई सामना गर्न र पूँजीवादी देशहरू आपसमा मिलेर आफ्नो मन्दी र उत्पादित वस्तुको वजारको समस्या केही हदसम्म हल गर्न विकसित गरिएको वहुपक्षीय व्यापारको सामान्य अबधारणा थियो।

यो शुरूमा वस्तुहरूको व्यापारमा मात्र सीमित थियो। अहिलेको जस्तो कृषि, सेवा, पूँजीनिवेश र वौद्धिक संपत्ति सम्बन्धी व्यापार त्यतिखेर यसमा समावेश थिएन। यो त्यतिखेर अहिलेको जस्तो अन्तर्राष्ट्रिय पूँजीवादी व्यापारको जिम्मेवारपूर्ण संस्था बनेको थिएन। यो बहुपक्षीय व्यापारको निम्ति केही सामान्य नियमहरूको खुकुलो ढाँचा मात्र थियो। व्यवहारमा यी खुकुला नियमहरू जतातते तोडिंदै थिए, राम्ररी पालना नै भइरहेका थिएनन्।

तर अहिले आएर GATT मा कायापलट भएको छ। अहिले भयभीत हुनु पर्ने प्रभावशाली र समाजवादी बाटोबाट आर्थिक रूपले तीब्र गतिमा विकास गरिरहेको कुनै समाजवादी खेमा विश्वमा छैन। तर मन्दीको समस्या भने सवै विकसित पूँजीवादी देशहरू भोग्दैछन्। प्राविधिक विकासले गर्दा कृषि र उद्योग दुवै क्षेत्रमा अति उत्पादन भएको छ। तर उत्पादित वस्तुहरू खपत हुने बजार छैन। बजारकै अभावले गर्दा उत्पादनमा ह्रास भोग्नु परेको छ।

जापान त्यही समस्या भोग्दैछ, अमेरिका पनि र यूरोपेली समुदाय पनि। एकाधिकार पूँजीवादको उदय र विकासशील देशहरूमाथि र उपनिवेशहरूमाथि चर्को शोषणले गर्दा पूँजी जति जम्मै विकसित पूँजीवादी देशहरूमा थुप्रिएको छ। तर त्यो लगानी गर्ने ठाउँ छैन। लगानी नभै पूँजी बढ्दैन। नयाँ नयाँ प्रविधि र प्रक्रियाहरू आबिष्कार हुँदैछन्। तर ती प्रविधि र प्रक्रियाहरू चर्को मोलमा बेचेर प्रशस्त पैसा कमाउन सकिएको छैन।

बिकसित पूँजीवादी देशहरूले व्यहोरिरहेको मन्दी, बजार, पूँजीनिवेश र प्रबिधि विक्री सम्बन्धी यिनै समस्याको साझा हलको रूपमा अहिले GATT लाई लिइएको छ। त्यसैले GATT अब पहिलेको जस्तो वस्तु व्यापारमा मात्र सीमित छैन। कृषि र उद्योग क्षेत्रको उत्पादित बस्तुको बजारको अलावा पूँजी निवेश र नयाँ वैज्ञानिक प्रक्रिया र प्रविधिलाई बौद्धिक संपत्तिका रूपमा विक्री गर्ने सवाल पनि अब GATT अन्तर्गत परेका छन्।

अब GATT खालिं वहुपक्षीय व्यापारका खुकुला सामान्य नियमहरूको सँगालो मात्र रहन गएको छैन। यो अब अधिकार प्राप्त विश्व व्यापार संस्थामा बदलिन लागेको छ। GATT को सचिवालयलाई अब विश्व व्यापार संगठन World Trade Organisation को नाम दिइनु त्यसैको अभिव्यक्ति हो। यो अव विश्वव्यापी हुन लागेको छ। यसमा अब २३ होइन, विश्वका १२० प्रमुख देशहरू संलग्न हुन लागेका छन्। यो अब जसले जसरी तोडे पनि हुने खुकुलो आम नियम होइन, यो अनुसार प्रत्येक देशले उद्योग, व्यापार, कर प्रणाली, कृषि, पेटेण्ट, बैंक र विमा सम्बन्धी कानून नै बदल्नु पर्ने हदको अन्तर्राष्ट्रिय महाकानूनमा बदलिएको छ। यसमा सही गरेपछि प्रत्येक सार्वभौम देशले आफूखुशी आफ्नो देशको हित अनुसारको आर्थिक क्षेत्रको कानून बनाउन पाउने छैनन। बरू कानून नै यसको मर्म अनुसार बनाइनु पर्नेछ। यस अर्थमा हस्ताक्षरकारी कमजोर देशहरूले आर्थिक क्षेत्रमा प्रभुसत्ता नै गुमाउनु पर्नेछ।

GATT मार्फत अहिले संकटग्रस्त विकसित पूँजीवादी देशहरूले पाँच वटा प्रमुख उद्देश्य सिद्ध गर्न खोजेको देखिन्छ।

पहिलो, अरू देशको, विशेष गरी, विकासशील र अविकसित देशहरूको, बजार आफ्नो उद्योग र कृषिको उत्पादित बस्तुको लागि त्यही देशको बस्तु सरह प्रतिस्पर्धात्मक हुने गरी खुला गर्नु।

दोश्रो, त्यही देशको नागरिक सरह छूट सहुलियत पाउने गरी अरू देशमा वेरोकटोक पूँजी लगानी गर्ने ढोका खुल्ला गर्नु।

तेश्रो, बैज्ञानिक उपलब्धि र




अमेरिकाले चाहेको नयाँ विश्व व्यवस्था/साभार: उही

आविष्कारहरूलाई पनि प्रविधि र प्रक्रियाको रूपमा वस्तु सरह विक्रीयोग्य बनाउनु र यसबाट लगातार बग्रेल्ति पूँजी आर्जन गर्नु ।

चौथो, अविकसित र विकासशील देशहरूको सस्तो कच्चा पदार्थ र श्रमशक्ति हत्याउनु र त्यसबाट सस्तोमा सामान उत्पादन गरी महँगोमा बेचेर अति नाफा आर्जन गर्ने बाटो खुला गर्नु ।

पाँचौ, बचेखुचेका समाजवादी आर्थिक ढाँचाहरू र त्यसका अवशेषहरू पनि ढाल्नु र विश्वव्यापी रूपमा पूँजीवादी आर्थिक ढाँचा सुदृढ पार्नु ।

GATT अहिले यिनै उद्देश्य सिद्धि गर्ने भरेङ बनेको छ । छोटोमा भन्ने हो भने- GATT विश्वका एकाधिकार पूँजीपति वर्गहरूको मन्दीको संकटलाई झेल्ने र आफ्नो प्रभुत्व फेरि विश्वमा एकछत्र कायम गर्ने संयन्त्र हो ।

नेपालले GATT मा सहीछाप गरिसकेको छैन । यसको हस्ताक्षर समारोहमा उपस्थित भएर आफ्नो समर्थनको अभिव्यक्ति मात्र यसले अप्रत्यक्ष रूपमा दिएको छ । तर GATT को सदस्यता पाउन यसले प्रारंभिक पाइलाहरू भने प्रष्टै चालिसकेको देखिन्छ । सरकारी संस्थानहरू र कार्खानाहरूलाई निजीकरण गर्नु, बिदेशी मलमा राज्यले दिईआएको क्षतिपूर्ति बन्द गर्नु, चिनीको भाउ बजारमा छोडी दिनु, नेपालमै निर्मित हुने बस्तुलाई पनि बाहिरबाट आयात गर्ने छूट दिनु र त्यसको भन्सार महशूल भसक्कै घटाईदिनु, विदेशी बहुराष्ट्रिय लगानीकर्तालाई पनि फुच्चे नेपाली लगानीकर्ता सरह सुविधा सहुलियत दिनु, नेपाली मुद्रालाई पूर्ण परिवर्त्य गर्नु र डलरलाई खुला बजारमा छोडिदिनु आदि । यी सबै कदमहरू ग्याटकै सर्तहरूको अक्षरशः कार्यान्वयन हुन् । डंकल प्रस्तावलाई नेपालले अहिले नै अघोषित रूपमा कार्यान्वयन गर्न थालिसकेको अभिव्यक्ति यी कदमहरूले दिएका छन् ।

### के हो डंकल प्रस्ताव ?

अहिले कर महशूल र व्यापार सम्बन्धी सम्झौता GATT को जुन अन्तिम मस्यौदा हस्ताक्षरित भएकोछ, त्यसको मूल मस्यौदाकार आर्थर डंकल हुन् । उनै डंकलको प्रस्ताव भएकाले बर्तमान सम्झौता मस्यौदालाई "डंकल प्रस्ताव" भन्ने गरिएको छ ।

अमेरिकाका भू.पू. अर्थमन्त्री आर्थर डंकल GATT का त्यतिखेरका महानिर्देशक थिए, जतिखेर उनले यो मस्यौदा तयार गरे । उनी अमेरिकी पूँजपति वर्गका निकै विश्वासपात्र बौद्धिक नोकरशाह हुन् । यो सम्झौता मस्यौदा गर्ने अधिकार उनलाई १९९१ मा ब्रसेल्समा भएको GATT को मन्त्री स्तरीय वैठकले दिएको हो । उनले जनादेश पाए अनुसार यो मस्यौदा मन्त्रीस्तरीय बैठकमा प्राप्त सुझावको आधारमा तयार पार्नुपर्ने थियो । तर उनले भने निकै चलाखीपूर्वक बेसी भन्दा बेसी अमेरिकी एकाधिकार पूँजीपति वर्गलाई फाइदा पुग्ने गरी मस्यौदा तयार पारे । त्यसैले, उनको मस्यौदाले हस्ताक्षरित सन्धिको रूप लिईसके पनि र १९९५ देखि यो लागु हुने भैसकेपछि पनि, यसलाई "डंकल प्रस्ताव" भन्न छोडिएको छैन ।

त्यसो त GATT को वर्तमान सम्झौता आठ वर्ष लामो तानातान, लेनदेन र वार्तापछि बल्ल संभव भएको हो । यो वार्ता १९८६ मा उरूग्वेबाट शुरू भएको थियो । यही शुरू वार्ताको दौरानमा GATTमा अबदेखि बस्तु व्यापार मात्र होइन, पूँजीनिवेश, सेवा र बौद्धिक सम्पत्तिलाई पनि समावेश गर्ने ठेगान भएको थियो ।

यसो गर्दा विकासशील देशहरू स्वाहा हुन्छन् भनेर विकासशील देशहरूले प्रारम्भमा यसको डटेर विरोध गरे । तर विकासशील देशको हितलाई ध्यान दिइने खालका प्राबधान ल्याइनेछ भन्ने सवालमा आश्वासन दिइएपछि उनीहरूले यसमा आफ्नो अडान छोडे ।

१९८७ मा अमेरिकाले यही उरूग्वे चक्रको वार्ताको दौरानमा GATT अन्तर्गत कृषिमा राज्यले दिईआएको सबै अनुदान क्षतिपूर्ति १० वर्षभित्र बन्द गरिसक्नु पर्छ भनेर प्रस्तव गऱ्यो । अमेरिकाका तेलहन, खाद्यान्न र फलफूलका एकाधिकारहरूको उत्पादन यसो गरेपछि यूरोप र अन्यत्र प्रतिस्पर्धात्मक मोलमा बिक्न सक्छ भन्ने ध्येयले अमेरिकाले यो प्रस्ताव राखेको थियो ।

तर यसो गर्दा यूरोपेली कृषकहरूका तेलहन, फलफूल र खाद्यान्न विक्री नभएर उनीहरू सखाप हुने भएकाले कृषक समुदायको तीब्र दवावमा यूरोपेली समुदायले अमेरिकाको यो प्रस्तावलाई चर्को विरोध गऱ्यो । अमेरिका र यूरोपेली समुदायकोबीच केही वर्षसम्म व्यापार-युद्ध नै चल्यो । १९९० सम्मका वार्ताहरू त मुख्य रूपले यही विषयमा केन्द्रित भईरह्यो ।

पछि १९९२ मा "ब्लेरहाउस सम्झौता" अन्तर्गत यूरोपेली समुदायको निम्ति अप्रत्यक्ष रूपमा आफ्ना कृषकहरूलाई राज्यले अनुदान क्षतिपूर्ति दिने चोर-बाटो खुला गरेपछि बल्ल यूरोपेली समुदाय बाँकी विश्वको लागि राज्यले कृषिमा दिईआएको अनुदान क्षतिर्पूर्ति दिन नपाउने बुँदामा सहमत भयो । त्यसपछि मात्र छिट्टै GATT विश्व-सम्झौताको विषय बन्यो ।

डंकल प्रस्ताव यिनै सब स्वार्थहरूको द्वन्दको बीचबाट, बेसीभन्दा बेसी अमेरिका, त्यसपछि जापान र यूरोपेली समुदाय्को व्यापारिक स्वार्थ र हितलाई ध्यानमा राखेर तयार पारिएको व्यापार- सम्झौताको मस्यौदा हो । विश्वको व्यापारको ११ प्रतिशत अंश ओगट्ने अमेरिका, ३६ प्रतिशत अंश ओगट्ने यूरोपेली समुदाय र ९ प्रतिशत अंश ओगट्ने जापान GATT का प्रमुख बुद्धिचाल खेलाडी हुन् ।

आर्थर डंकलले यिनीहरूकै वैज्ञानिक-बौद्धिक उपलब्धिको एवं माल र पूँजीको बजारको समस्या हल गर्न यो मस्यौदामा निकै बुद्धि खियाएका छन् । ❑

# नेपालीको प्रतिव्यक्ति आय २०२ डलर

**के नेपाली पैसाको क्रय शक्तिको तुलनाको आधारमा नेपालको प्रतिव्यक्ति आय साँच्चै नै बढेको छ त ?**

*राष्ट्रिय योजना आयोगले २०५०/५१ मा नेपालीहरूको प्रतिव्यक्ति आय २०२ अमेरिकी डलर पुगेको सार्वजनिक घोषणा गरेको छ (यो भनेको नेपाली रुपैयाँ १०,०१०/- हो) । यसअघि प्रतिव्यक्ति आय १७३ अमेरिकी डलर (ने.रु. ८६६०) भएको दाबी गरिएको थियो । यस प्रकार प्रतिव्यक्ति आयमा १६ प्रतिहात बृद्धि भएको सरकारी दाबी छ ।*

*देशको कुल गार्हस्थ उत्पादन अब २०५०/५१ मा १ खरब ९६ अरब ९६ करोड पुगेको दावी सरकारले गरेको छ । यसलाई नेपालको बर्तमान जनसंख्याले भाग दिंदा प्रतिव्यक्ति आय निक्लने गर्छ ।*

*साथसाथै, सरकारले एउटा अर्को चाखलाग्दो र महत्वपूर्ण तथ्यांक पनि प्रकाशमा ल्याएको छ । त्यो के हो भने- अब कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान ४२ प्रतिशत मात्र छ र गैर-कृषि क्षेत्रको योगदान ५८ प्रतिशत पुगेको छ । यसअघि २०४९/५० मा यो अनुपात क्रमशः ४९ र ५१ प्रतिशत रहेको घोषणा गरिएको थियो ।*


*जहाँसम्म प्रतिव्यक्ति आयको बृद्धिको सवाल छ, यसले आर्थिक विकासको सही र भरोसिलो चित्र दिने गर्दैन । प्रतिव्यक्ति आय दोव्बर नै भयो भने पनि त्यसैको आधारमा जनताको आम्दानी दोव्वर बढ्यो भनेर भन्न मिल्दैन । उदाहरणको लागि, प्रतिव्यक्ति आय, एक छिन मानीलिउँ, १०१ थियो अघिल्लो बर्ष, अहिले २०२ भयो । यस हिसावले यो शत प्रतिशत बढेको देखियो । तर पोहोरको १०१ डलरले जति सामान किन्ने क्षमता राख्थ्यो, यस वर्षको २०२ डलरले उति नै मात्र सामान आउँछ भने प्रतिव्यक्ति आय दोव्वर बढ्यो भन्ने कि त्यो ज्यूँ का त्यूँ छ भन्ने ? वैज्ञानिक गणना मुताविक त अंक दोव्वर बढे पनि, दुबैको क्रय शक्ति र मूल्य एउटै भएकाले प्रतिव्यक्ति आय रत्तिभर बढेको ठहरिन्न । यो यथावत भएको ठहर्छ ।*

*यस हिसावले पैसाको क्रय शक्तिलाई बिर्सेर निरपेक्ष प्रतिव्यक्ति आय वृद्धिको तथ्यांकको आधारमा देशको आर्थिक विकासको चित्र उतार्नु सतही, गलत र अवैज्ञानिक हुन्छ । सही र वैज्ञानिक विधि त पैसाको क्रय शक्तिको तुलनाको आधारमा गरिने प्रतिव्यक्ति आयको हिसाव हो । विश्व बैंक जस्ता पूँजीवादी संस्थाहरुले समेत अहिले यो विधिलाई वैज्ञानिक, भरपर्दो र सर्वस्वीकार्य मानेका छन् । उनीहरुले यसलाई क्रय शक्ति तुलना विधि [Purchasing Power Parity (PPP) भनेका छन् ।*


*के नेपाली पैसाको क्रय शक्तिको तुलनाको आधारमा नेपालको प्रतिव्यक्ति आय साँच्चै नै बढेको छ त ?*

*यो यसरी बढेको देखिन्न । सरकारकै तथ्यांक अनुसार नेपालको पैसाको किन्ने शक्ति बर्षेनी ८/९ प्रतिशतका दरले घटिरहेको छ (अर्थशास्त्रमा यसैलाई मुद्रास्फीति भन्छन्) । यस हिसावले नेपाली पैसाको किन्ने क्षमता दुई वर्षमा १६ देखि १८ प्रतिशतले घटिसकेको देखिन्छ । अनि प्रतिव्यक्ति आय चाहि १६ प्रतिशतले बढेको मान्ने हो भने पनि - पैसाको क्रय शक्तिको आधारमा त्यो कसरी बढेको ठहरिन्छ त ? त्यो त ज्यूँ का त्यूँ रहेको वा घटेको मात्र प्रमाणित हुन्छ ।*

*कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान ४२ प्रतिशत मात्र हुनु भने निकै गंभीर आर्थिक फड्को हो । यो तथ्यांक आफै कति भरोसिला छ ? त्यसको गंभीर छानवीन हुनु जसरी छ । यदि भरोसिलो सावित हुन्छ भने- यसले देशको कार्यक्रम, नीति र धारणाको निर्माण निकै धेरै फरक ल्याउने छ ।* ❑


निनु चापागाईंद्वारा लिखित
**मार्क्सवादी सौन्दर्यशास्त्र र समीक्षा** विषयका लेख रचनाहरूको संगालो
बजारमा उपलब्ध छ ।



# के साँच्चै नै पृथ्वी ध्वस्त हुन्छ त ?

**रामरिझन यादव**

*हाल चलिरहेको "महाप्रलय" बारेको व्यापक चर्चित विषयमा विज्ञानविद्हरू रामरिझन् यादव र डा. केदार खनालका दुई लेखहरू यहाँ प्रस्तुत गरिएका छन् । -मूल्यांकन*

यता केही महिनादेखि प्रलयसम्बन्धमा विभिन्न प्रकारका हल्ला तथा वादविवादहरू भइरहेका पाइन्छन् ।

भारत सिक्किमका भू.पू. मन्त्री तथा ज्योतिष आर.सी. पौडेलले केही दिनका लागि नेपालीहरूलाई आतंकित नै पारेका थिए । उनी अब झूठो साबित भइसकेका छन् । ज्योतिष पौडेलले जेष्ठ २ गते ११ बजेर ३ मिनेट ४८ सेकेन्ड जाँदा महाप्रलय हुने घोषणा गरेका थिए । उनको घोषणा निराधार र झूठो साबित भएको ठीक ३ दिनपछि अर्थात् जेष्ठ ५ गते बी.बी.सी. टेलिभिजनले एउटा अर्को विस्मयकारी घटना घट्नसक्ने प्रसारण गरेपछि अहिले सम्पूर्ण विश्व यस कुरामा अत्यन्तै गम्भीरताका साथ चासो लिइरहेको देखिन्छ ।

रामचन्द्र पौडेलको भविष्यवाणीले भारतको पूर्वी भाग एवं नेपाललाई आतंकित पारेको थियो भने बी.बी.सी. को यो प्रसारणले विश्वलाई चिन्तित तुल्याएको छ । बी.बी.सी. ले कुनै अड्कलवाजी तथा ज्योतिषहरूको पात्रोको आधारमा यो कुराको घोषणा गरेको होइन । यस क्षेत्रमा वर्षौदेखि काम गरिरहेका संसारका प्रशिद्ध खगोलविद् (Astronomists) हरूले आ-आफ्नो गणनाको आधारमा तथ्यमूलक ढंगले तयार पारेको कुरालाई नै बी.बी.सी. ले प्रसारण गरेको छ । त्यसैले संसार चिन्तित छ ।

तर यस प्रकारको घोषणा आज मात्र होइन, योभन्दा पनि पहिले कैयौं पटक गरिसकिएको र त्यस्तो कुनै विस्मयकारी महाप्रलय जस्तो घटना नघटेको इतिहास साक्षी छ । तसर्थ अहिले नै यही वर्ष यो घटना घट्न सक्ने के निश्चितता छ (?) सबैको लागि यो चासोको विषय भएको छ ।

यही जेष्ठ ५ गते बी.बी.सी. टेलिभिजनले आफ्नो प्रसारणमा के भन्यो भने एउटा लामो पुच्छ्रेतारा करीब ६० कि.मि. प्रति सेकेन्डको दरले वृहस्पति ग्रहतिर हान्निदैछ । ४ कि.मि ठूलो यो पुच्छ्रेताराले ९ पटकसम्म वृहस्पतिलाई धक्का दिनेछ, जसको फलस्वरुप जति ऊर्जा निश्रृत हुन्छ, त्यसबाट पृथ्वी पनि अछुतो रहन सक्दैन । यही भविष्णवाणीले सबैलाई, खास गरी अन्धविश्वासी तथा ब्रम्हाण्डको बारेमा प्रारम्भिक ज्ञान पनि नभएका व्यक्तिहरूलाई सबैभन्दा पहिले चिन्तित तुल्यायो । वास्तवमा घोषणामा एकातिर तथ्यमूलक र विज्ञानसम्मत कुराहरू रहेका छन् अर्कोतर्फ, यो घोषणा अनुमान मात्र हो र यसबाट पृथ्वी प्रभावित नै हुन्छ भन्ने के ग्यारण्टी छ भन्ने अर्को विचार पनि यस बीचमा देखा परेको छ । तसर्थ अहिले विश्व स्पष्ट रुपले दुई भागमा विभाजित भएको छ । एक पक्षले यसबाट अवश्य केही प्रभाव पर्ने भविष्यवाणी गरिरहेको छ भने अर्को पक्षले यसबाट केही पनि नहुने दावा गरेको छ ।

## पुच्छ्रेताराको अविष्कार

सन् १९९३ मार्च २३ का दिन अमेरिकाका प्रशिद्ध खगोलशास्त्रीहरू युगीन, क्यारोलिन सुमेकर र डेभिड लेभिले शक्तिशाली दूरवीनबाट एउटा पुच्छ्रेताराको आविष्कार गर्नुभयो, जसलाई सुमेकर लेभी-९ नाम राखियो । दुई जना वैज्ञानिकको नाममा राखिएको सो पुच्छ्रेताराको नामको पछाडि ९ अंक राखिएको छ । किनभने, यसले वृहस्पतिलाई ९ पटक धक्का दिनेछ । यो पुच्छ्रे तारा साउन महिनाको पहिलो सातामा नै वृहस्पतिसँग ठक्कर खाने कुरा वैज्ञानिकद्वयले बताएका छन् । तर ठक्कर खानुभन्दा पहिले नै यो तारा २१ टुक्रामा विभाजित हुनेछ । यस प्रकार विभाजित टुक्राले वृहस्पतिलाई त्यस्तो कुनै हानी पुऱ्याउन नसक्ने देखिन्छ । किनभने, विशाल वृहस्पतिको अगाडि यो पुच्छ्रेताराको कुनै गणना छैन भन्ने एक थरी वैज्ञानिकहरूको मत रहेको छ ।

## वृहस्पति कस्तो छ ?

यो विशाल ब्रम्हाण्ड (Universe) को विशालता यसै कुराबाट अनुमान गर्न सकिन्छ कि रातमा टिम्टिमाइरहेका खर्बौ ताराहरूमध्ये एउटा मात्र तारा यो पृथ्वीभन्दा करोडौं गुना ठूलो छ । केही ताराको प्रकाश पृथ्वीसम्म आइपुग्न सयकडौं हजारौं वर्ष लाग्छ ।

यस्तो अवस्थामा एउटा मात्र सौर्यमण्डल (Solar System) रहनुभन्दा कैयौं वटा यस्ता सौर्यमण्डलहरू ब्रम्हाण्डमा हुनसक्ने अनुमान वैज्ञानिकहरूको रहेको छ । र, यस प्रकारका पुच्छ्रेतारा, उल्का, पीण्ड लगायत अन्य कुराहरू निरन्तर एक आपसमा टकराएर केही न केही परिवर्तन भइरहेको हुन्छ । यहाँसम्म कि- अस्तित्वमा देखिएको वर्तमान सौर्यमण्डल पनि यति विशाल छ कि यहाँ पनि यस्ता ठक्करहरू निरन्तर रूपमा भइरहेका हुन्छन् ।

जहाँसम्म वृहस्पति ग्रहको प्रश्न छ, यो सौर्यमण्डलको सबभन्दा ठूलो ग्रह हो, जुन सूर्यभन्दा साढे सतहत्तर करोड कि.मि. दूरीमा अवस्थित छ । अर्थात् पृथ्वीभन्दा साढे बासठ्ठी करोड कि.मि. टाढा छ । यो पृथ्वीभन्दा १३१२ गुना ठूलो छ भने यसको ब्यास मात्र १ लाख ३९ हजार कि.मि. रहेको छ । सूर्यको परिक्रमा गर्न यसलाई १२ वर्ष लाग्छ । वृहस्पतिका १६ वटा उपग्रहहरू छन्, जसमा सबैभन्दा ठूलो ग्यानीमीड हो । ग्यानीमीडको ब्यास मात्र ५७०० कि.मि. छ ।

यसरी वृहस्पति स्वयं आफैंमा एउटा सौर्यमण्डल जस्तो देखिन्छ । यसलाई हान्ने पुच्छ्रेताराको गणना एउटा भैंसीमाथि बसेको सानो झिंगासँग गर्न सकिन्छ । सुमेकर लेभी-९ यति सानो छ कि यसले वृहस्पतिको एउटा सानो भागलाई पनि क्षति पुऱ्याउन नसक्ने केही वैज्ञानिककरूको अनुमान छ ।

## भविष्यवाणी, जो इहिास बन्दैछ

*कैयौं भविष्यवाणीहरूले अतीतमा पनि धेरैलाई पिरोलेका छन् । तर ती भविष्यवाणीहरू अक्षरशः सही सावित नभएको इतिहास छ । सन् १९८२ मा वृहस्पतिको प्रभावले ठूलो भूकम्प आउने हल्ला भए पनि त्यस्तो कुनै खास घटना घटेन । त्यस्तै सन् १९०८ मा पनि प्रलयको हल्ला थियो । तर त्यतिबेला पनि धुम्रकेतुको १०० मि. ब्यास भएको टुक्रा साइवेरियाको जंगलमा खसेको थियो । यसले १० हजार वर्ग कि.मि. सम्म प्रभाव पारेको थियो । सन् १९८९ को मार्च २२ का दिन पनि केही आकस्मिक घटना घट्न सक्ने अनुमान गरिए पनि आधा कि.मि. ब्यास भएको एउटा तारा पृथ्वीको ७ लाख कि.मि. नजीक भएर उडेको थियो, तर केही भएन ।*

*यस्तै हालसालै केही भविष्यवाणीहरू भएका छन् । अस्ट्रेलियामा भएको खगोलशास्त्रीहरूको बैठकले स्वीफ्ट टटल नाम गरेको धुम्रकेतु १३४ कि.मि. प्रति सेकेन्डको दरले पृथ्वीतिर बढिरहेको अनुमान गरेका र यो धुम्रकेतुलाई पृथ्वीसँग ठक्कर खान १३४ वर्ष लाग्ने गणना गरेका छन् । अर्थात् सन् २१२७ मा मात्र स्वीफ्ट टटल पृथ्वीमा ठक्कर खान आईपुग्छ । (यो अनुमान बेठीक छ भनी पुनः वैज्ञानिकहरूले निधो गरेका छन्- सं.)*

*एक जना पोलिस सन्तले सन् १९७० मा गरेको भविष्यवाणीअनुसार १९९७ मा विश्वमा आउने भयकंर भूकम्पले इटली, पोर्चुगाल, स्पेन पानीमा डुब्ने छ । भविष्यवक्ता नास्ट्रडोमसका अनुसार सन् २००० सम्ममा न्यूयोर्क शहर ध्वस्त हुनेछ ।*

*चीनका एक जना भविष्यवक्ताले त यहाँसम्म भविष्यवाणी गरेका छन् कि सन् १९९८ मा तृतीय विश्वयुद्ध हुनेछ ।*

# के यही साउनमा महाप्रलय हुनेछ ?

**डा. केदार खनाल**

*कुरा मार्च २३, १९९३ को हो ।*

*अमेरिकाको क्यालेफोर्नियास्थित पालोमर पर्वतमा राखिएको ठूलो टेलिस्कोपबाट ज्योतिषशास्त्रीहरू, सुमेकर दम्पति र उनीहरूका सहयोगी लेभि सँधैझैं फोटोग्राफिक फिल्मको सहायताबाट आकाशको चित्र लिन थाले । जब फोटो हेर्न थाले, उनीहरूले आफ्नो फिल्ममा नयाँ चिन्ह पाए । त्यो चिन्ह कुनै बस्तुको परावर्तित आकृति हो कि भन्ने अनुमान शुरूमा लिइयो । तर, पछि यो कुनै धुम्रकेतु नै भएको थाहा भयो ।*

*स्मरणीय छ, धुम्रकेतु एक पिण्ड हो, जुन कडा चट्टान एवं हिउँले बनेको हुन्छ । हिउँ पग्लिँदा जुन वाफ वा साना कण निक्लिन्छन्, ती सूर्यतर्फ टाढासम्म फैलिन्छन् । यो बाहिरबाट देखिदा पुच्छर जस्तै देखिन्छ । त्यसैले, यसलाई पुच्छर भन्ने गरिन्छ । यसको आकार हेरेर यसलाई धुम्रकेतु वा लामपुच्छ्रे तारा भन्ने चलन पनि छ ।*

*ज्योतिष शास्त्री लेभिले यो अन्वेषण निश्चय गर्न अरू संस्थासँग सम्पर्क गरे । अन्तरिक्ष पिण्डको आविष्कार भएको प्रमाणित गर्ने संस्था अन्तराष्ट्रिय अन्वेषण केन्द्रले पनि यसलाई नयाँ धुम्रकेतु भएको ठहर गरेपछि उनीहरूको आविष्कारको संख्यामा अर्को एक संख्या जोडिन पुग्यो । यो धुम्रकेतु एउटा सिंगो पिण्ड नभई साना-साना टुक्रा जोडिएर बनेको पनि पत्ता लगाइयो । यी सबै पिण्डहरूका गति र दिशा पत्ता लगाइयो । आविष्कारकै नाउँमा यसको नाम सुमेकर-लेभि ९ राखियो ।*

*यसको बाटोको जाँच गर्दा के पाइयो भने यसले अरू धुम्रकेतुहरूभन्दा फरक रूपमा सूर्यको बदला बृहस्पति ग्रहलाई परिक्रमा गर्दोरहेछ । बृहस्पति ग्रह सौर्य मण्डलमा रहेको सूर्य पछिको ठूलो पिण्ड हो । सुमेकर-लेभि ९ ले बिगत ४.५ अरब वर्ष (जुन पृथ्वीको आयु भएको ठानिन्छ) देखि सौर्य मण्डलमा घुम्दा बाटामा भेटिएका साना बस्तुलाई जम्मा गर्दै आफ्नो आकार बढाईरहेको कुरा पनि जानकारीमा आयो । करीब एक दशक पहिले यसरी घुम्ने क्रममा यो ७ जुलाई १९९२ मा बृहस्पतिको नजीक (२५ हजार ७ सय पचास किलोमिटर टाढा) पुग्यो । र, बृहस्पतिको गुरूत्वाकर्षण बलले गर्दा यो त्यतिखेरै टुक्रा टुक्रा भएको अन्दाज गरिएको छ । यस प्रक्रियाबाट शतहको क्षेत्रफल, बढेकोले त्यहाँ सूर्यको प्रकाश पर्दा पृथ्वीबाट यसरी देखिएको कुरा ज्योतिषशास्त्रीले बताएका छन् । धुम्रकेतु अरू पिण्डको तुलनामा कमजोर हुने हुँदा टुक्रा टुक्रामा बिभाजन भएको ठानिए तापनि सम्बन्धित बैज्ञानिकले सौर्य मण्डलमा यति कमलो पिण्ड यति लामो समयसम्म रहेकोमा आश्चर्य पनि प्रकट गरेका छन् । पिण्डमा देखिएका पखेटा जस्ता आकार बालुवादेखि लिएर घर जत्रो चट्टानसम्मबाट बनेको हुन सक्ने अन्दाज गरिएको छ ।*

*धुम्रकेतु देखिएको एक महीनापछि ज्योतिषशास्त्रीहरू यस सम्बन्धमा छलफल गर्न एवं अन्य बस्तु (एस्टेराइड-हिंउ पग्लिएर चट्टान मात्र रहेको धुम्रकेतुको भाग) ले पृथ्वीमा ठक्कर खान पुग्यो भने कति क्षति हुन सक्छ भन्ने सम्बन्धमा ध्यान दिन इटालीको सिसिलिमा भेला भए । यस्तो अन्तरीक्ष बस्तुले पृथ्वीमा ठक्कर लाग्ने गरी आएको खण्डमा हाइड्रोजन बमको प्रयोग गरेर पृथ्वीमा आईनपुग्दै ध्वस्त गर्न सकिने सम्भावना पनि हेरियो ।*

*ज्योतिषशास्त्रीहरूद्वारा गत साल स्विफ्ट टटल सन् २१२६ मा पृथ्वीमा ठक्कर खान्छ भनेर गरिएको भविष्यवाणी गल्ती हुन पुगेकाले अलिक बढी सतर्क थिए । त्यसैले जापानका ज्योतिषशास्त्रीले भने यो धुम्रकेतुको बाटो सम्बन्धमा दिएको जानकारी स्वीकार गरेनन् र अरू ६ महीनाको तथ्यांकको प्रतीक्षामा रहे । पछि ६ महिनाको डाटाबाट पनि सोही बाटो भएको प्रष्ट भयो । अब के टुंगो लाग्यो भने- धुम्रकेतुका बिभिन्न टुक्राले जुलाई १६ देखि २२ (साउन १ देखि ७) सम्म बृहस्पति ग्रहलाई ठक्कर दिने रहेछन् ।*

### धक्का र त्यसको असर

*ज्योतिष शास्त्रीहरूले यो धक्का कत्रो हुनेछ भन्ने सम्बन्धमा पनि ध्यान दिए । धुम्रकेतुको सबैभन्दा ठूलो भाग ९.२*



पुच्छ्रेताराका अविष्कारकहरू डेभिड लेभि, क्यारोलिन र युगीन सुमेकर आफ्नो टेलिस्कोप साथ

### सम्भावनाहरू के छन् त ?

विभिन्न देशका विभिन्न खगोलशास्त्रीहरूले विभिन्न प्रकारका सम्भावनाहरू व्यक्त गरिरहेका छन् । केहीले त के पनि सम्भावना व्यक्त गरेका छन् भने पुच्छ्रेतारा ठोकिएर वृहस्पतिसँग पनि शनि ग्रहको जस्तै एउटा बलय (ring) बन्ने छ । र, कैयौं वर्षपछि त्यो बलय एउटा मोटो बादलको रुपमा परिवर्तित हुनेछ । यसलाई पृथ्वीबाट नै दूरवीनले हेर्न सकिनेछ । अर्को सम्भावना के छ भने- हाल वृहस्पतिसँग रहेको एउटा मात्र रातो धब्बा ठक्कर खाएपछि दुइटा हुनेछ ।

अमेरिकाको एरिजोना विश्वविद्यालयले गणना गरेअनुसार, पुच्छ्रेताराको ब्यास ८०० मि. को हुनेछ भने अर्को पक्षले मुख्य पुच्छ्रेतारा साढे नौं कि.मि. को हुनेछ, जसको सबैभन्दा ठूलो टुक्रा साढे तीन कि.मि. को हुने अनुमान गरेको छ ।

यसरी २१ टुक्रामा विभाजित भएपछि प्रत्येक टुक्रा एउटा सुई समान हुन्छ, जो जुन ठाउँमा खस्यो त्यहाँ मात्र त्यसले हानी पुऱ्याउँ छ । यसले सम्पूर्ण वृहस्पतिलाई त्यस्तो कुनै खासै असर पार्दैन ।

एक जना खगोलशास्त्री यियोमन्का अनुसार, वृहस्पतिको २४० कि.मि. माथि वादलमा आउनासाथ सुमेकर लेभि-९ विभिन्न टुक्रामा विभिाजित हुनेछ, यो बन्दुकको आवाज जस्तो गरी तल झर्नेछ । यसरी विभिन्न टुक्रामा विभाजित भएपछि प्रत्येक टुक्रा ६५ कि.मि. प्रति सेकेन्डको दरले झर्दा एउटा तरंग उत्पन्न हुनेछ ।

अर्को पक्षको के पनि अनुमान रहेको छ भने सुमेकर लेभि-९ ले वृस्पतिको ग्यासयुक्त र तरल भागको ३०० कि.मि. सम्म प्वाल पार्नेछ, जसले गर्दा ग्रहको २४०० कि.मि. माथिसम्म चम्किलो बनाउनेछ जुन अहिलेको भन्दा दुई गुणा हुन्छ र यो २०० वर्षसम्म रहनेछ ।

यसरी यो प्रक्रिया २० मिनेटभित्रै सम्पन्न हुने अनुमान पनि वैज्ञानिकहरूको रहेको छ ।

### ऊर्जा कसरी निःश्रृत हुनेछ ?

सुमेकर लेभि-९ पुच्छ्रेतारा साना-साना चट्टान, धातु, बरफका कण तथा ग्यास जमेर बनेको हो । यसको पुच्छर त्यतिबेला लामो देखिनेछ, जति बेला यो सूर्यको परिक्रमा गर्ने क्रममा नजीकबाट गुज्रिनेछ । यसको पूरा भाग टाउको जस्तो डल्लो र लामो पुच्छरमा विभिाजित हुन्छ । यसरी डल्लो टाउको र लामो पुच्छर भएको सुमेकर लेभि-९ ले आफू २१ टुक्रामा विभाजित भए पश्चात् वृहस्पतिसँग ठोकिंदा १० (टी.एन.टी.) (TNT) शक्ति प्रवाहित हुन्छ ।

विज्ञानको सिद्धान्तअनुसार, ७२० कि.मि. प्रति घण्टाको दरले उडिरहेको एउटा विमानले उडिरहेको कुनै चरालाई ठक्कर दिएपछि ४०० के.जी. बराबरको बल त्यो विमानले खप्नुपर्ने हुन्छ । त्यस्तै एउटा सारससँग ठोकिएमा ३२ टन बराबरको बल त्यो विमानमा पर्न जान्छ ।

यसरी सानो भए पनि त्यसको गतिको दरले ऊर्जा उत्पन्न गर्दछ । सुमकेर लेभि-९ प्रति सेकेन्ड ६० कि.मि. को दरले वृहस्पतिमा हानिदैछ । तसर्थ यसले १० खर्व TNT शक्ति प्रभावित गर्न सक्ने अनुमान छ । यसले वृहस्पतिलाई मात्र होइन पृथ्वीलाई समेत प्रभावित पार्ने अनुमान केही वैज्ञानिकहरूको रहेको छ ।

### निष्कर्ष

यस प्रकार, विशाल ब्रम्हाण्डमा सुमेकर लेभि-९ जस्ता कैयौं धुम्रकेतुहरू एकसाथ टकराइरहेका हुन्छन्, तर त्यस्तो कुनै प्रलय नआएको देखिन्छ । वृहस्पति जस्तो विशाल ग्रहसँग एउटा सानो पुच्छ्रेतारा टकराएमा त्यसले ठोकिएको ठाउँमा पक्कै केही प्रभाव पर्छ नै । तर सम्पूर्ण वृहस्पतिलाई नै त्यसले प्रभावित पार्छ भन्न सकिन्न । त्यसमा पनि ६२ करोड कि.मि. टाढा रहेको पृथ्वीमा त्यसले झन् केही प्रभाव पार्न नसक्ने वैज्ञानिकहरूको राय छ ।

किलोमिटर र अन्य टुक्रा मध्ये ठूलो भाग ३.२ किलोमिटर भएको उनीहरूले पाए। यिनीहरू ६० किलोमिटर प्रति सेकेण्डको दरले उडेका हुनाले एक्कासी बृहस्पति ग्रहको बायुमण्डलभित्र पस्दा एकातर्फ फुटेर तितरबितर हुने छन्। अर्कातिर पिण्डका केही भाग अझ भित्रसम्म घुस्न पुग्दा यति ठूलो शक्ति उत्पादन हुन सक्छ कि पृथ्वीमा भएका सबै बिष्फोटक पदार्थलाई एकै चोटि बिष्फोट गराउँदा पनि त्यति शक्ति उत्पादन हुन नसक्ने ठहऱ्याइएको छ।

यति ठूलो विष्फोट हुँदा के प्रभाव पर्छ भन्ने सम्बन्धमा एक ज्योतिषशास्त्री बताउँछन्- "यो त एउटा स्याउमा २१ सियाका टुप्पाले घोचेजस्तो मात्र हुनेछ। स्थानीय रूपमा यसको केही असर न हुन सक्छ। तर पूरा स्याउलाई हेर्ने हो भने खास केही फरक पर्दैन।"

तर पनि यो धक्काले बृहस्पति घण्टी जस्तो हल्लिनेछ (बज्नेछ)- भन्ने कुरालाई भने बैज्ञानिकहरूले नकार्न सकेको देखिदैन। स्मरणीय छ, पृवीमा महाभूकम्प हुँदा पृथ्वी हल्लन्छ (बज्छ) केही दिनसम्म। यो पनि त्यस्तै हो। यसले के प्रष्ट पार्छ भने- बृहस्पतिमा हुने यो ठक्करले बृहस्पतिमा र पृथ्वीमा केही असर हुने देखिदैन।

यो ठक्कराहटको परिणाम के हुने छ भन्ने सम्बन्धमा धेरै अड्कलबाजी भएका छन्। यो ठक्करबाट पछि बृहस्पतिको बायुमण्डलमा पुग्ने धूलो आज भन्दा ६ करोड वर्ष पहिले पृथ्वीमा एस्टेराइडले ठक्कर दिंदा निस्किएको धूलोभन्दा धेरै बढी हुन सक्ने अन्दाज गरिएको छ। स्मरणीय छ, त्यसबेला यो ठक्करकै प्रभावका कारणले पृथ्वीमा भएका ठूला जीब डाइनासोरको अस्तित्व नै सखाप भएको ठाँनिन्छ।


यस ठकराहटबाट पृथ्वीमा केही असर पर्ने छैन, तापनि एउटा नयाँ सम्भाबनालाई भने नकार्न नमिल्ने देखिएको छ। त्यो के हो भने- यस्तै कुनै पिण्डले पृथ्वीमा पनि ठक्कर दिन सक्ने रहेछ। वैज्ञानिकहरूको विचारमा मानब अस्तित्व यो पृथ्वीमा कायम भएपछि सौर्य मण्डलको सबैभन्दा ठूलो घटना यसैलाई ठानिएको छ।

## संभावना र अवसरहरू

पृथ्वीमा पहिले कुनै समयमा यस्तै कुनै पिण्डले ठक्कर दिंदा हिउँ पग्लिएर पानी भयो र त्यसले समुद्रको रूप लियो, त्यसै क्रमबाट पृथ्वीमा जीवनको शुरूवात भएको हुन सक्छ। यो धारणालाई लिने हो भने के त्यस किसिमबाट बृहस्पतिमा पनि भबिष्यमा केही परिबर्तन देखिने छ भन्ने तर्क उठाउन सकिन्छ। तर दुई पिण्डको आकारको भिन्नताबाट त्यस्तो सम्भावना नभएको ठान्ने आधार पनि धेरै छन्।

ज्योतिष शास्त्रीहरू के कुरामा चाहि खुशी देखिन्छन् भने- यस्तो घटना मानव इतिहासमा सर्बप्रथम हुन पुगेको छ। र, उनीहरूले नजिकै पृथ्वीबाट यसलाई देख्न सक्ने छन्। त्यस घटनाको दृश्य पृथ्वीमा रहेका प्रायः सबै टेलिस्कोपबाट हेरिने छ। र तिनबाट बृहस्पति सम्बन्धमा नवीनतम जानकारी पनि पाउँन सक्ने अन्दाज गरिएको छ।

यसै प्रसंगमा, अगामी तीस हजार बर्षभित्र सौर्य परिवारलाई अर्को तारामण्डल अल्फा सेन्टारसले प्रभाब पार्न सक्ने सम्भाबना पनि प्रचारमा आएको छ। यो भन्दा ३० हजार वर्ष पछि यी दुई तारामण्डल यति नजीक हुने छन् कि सूर्यबाट टाढा रहेका ग्रहहरूमा सेन्टारसको प्रभाव पर्न सक्ने छ। यसको असर के होला भन्न अहिले नसकिए तापनि टाढाका ग्रहरूमा यस्को प्रभाब निकै हुन सक्ने अन्दाज गरिन्छ।




वृहस्पतिका १६ उपग्रह मध्ये ४ ठूला उपग्रहहरू

बृहस्पति ग्रहको वरिपरि पनि शनिग्रह कै जस्तो धूलोको चक्का भएको तर त्यो चक्का शनि ग्रहमा भएको चक्काभन्दा लाखौं गुणा पातलो रहेको केही वर्ष अघि नै थाहा भइसकेको थियो। अझ गजबको कुरो, यो पृथ्वीमा पनि करीब साढे तीन करोड वर्ष पहिले यस्तै चक्का थियो भन्ने कुरा पनि ज्योतिष शास्त्रीहरूले बताएका छन्। जसरी कालान्तरमा त्यो चक्का हराएर गयो, के त्यस्तै बृहस्पतिको चक्का त्यसरी नै हराउला ? यो प्रश्नको प्रष्ट जवाफ आज उपलब्ध छैन। तर यस विष्फोटबाट यति ठूलो धूलोको तह बृहस्पतिको बायुमण्डलमा जम्मा हुनेछ कि त्यो थेग्रिन सैयौं बर्ष लाग्न सक्ने भने अन्दाज गरिएको छ।

यो घटना ज्योतिष शास्त्रीहरूको लागि यस कारणले पनि महत्वपूर्ण ठाँनिएको छ कि यसबेला उपलब्ध हुने तथ्यांकहरूको बिश्लेषण गर्न नै दशौं वर्ष लाग्न सक्ने अन्दाज गरिएको छ। तिनबाट अनुसन्धानकर्ताले बृहस्पति सम्बन्धमा नयाँ जानकारी पाउने मात्र हैन, वृहस्पतिमा रहेको र हालसम्म अन्योलको रूपमा रहेको पृथ्वीको आकार जत्रो देखिने रातो दाग *(Red spots)* सम्बन्धमा पनि महत्वपूर्ण जानकारी प्राप्त हुनसक्ने ठानिएको छ। यसको अतिरिक्त सौर्य मण्डलकै सम्बन्धमा पनि महत्वपूर्ण जानकारी प्राप्त हुने छन् भन्ने अन्दाज गरिएको छ।

## के साउन पहिलो हप्तामा महाप्रलय हुनेछ ?

ब्रम्हाण्डभित्र रहेका पिण्डहरू बीचको आपसी ठक्कराहटलाई आज पनि नियमित घटना नठानेर संयोगको रूपमा हेरिने गरेको पाइन्छ। यो ठक्कराहट पनि एक संयोग मात्र हो भन्ने भनाई छ। संयोग भन्नु कुनै पनि नियम बाहिरको कुरा ठाँनिन्छ। त्यो नियम त्यस बेलासम्म जानकारीमा आएको हुँदैन, जबसम्म यो ब्रम्हाण्डमा यस्ता अनगिन्ती संयोगहरू दोहोरिदैनन्, तर ती मानिसका पहुँचभन्दा धेरै पर हुन सक्छन्। यदि भोलि बिज्ञानले यस्ता घटनाहरूका सम्बन्धमा क्रमबद्ध र व्यवस्थित नवीनतम जानकारी दिन सक्यो भने आजको संयोग भोलि नयाँ नियममा बाँधिएको हुन सक्ने प्रबल सम्भाबनालाई भने नकार्न मिल्दैन।

अझसम्म पनि हाम्रो देशमा ज्योतिष शास्त्रीहरूले मानिसमा ग्रहहरूको प्रभाब भनेर अलौकिक शक्तिको बयान गर्ने गरिरहेको प्रचुर मात्रामा पाइन्छ। ग्रहहरूको स्थान समयसँगै परिवर्तन हुने हुँदा ग्रहको स्थान अनुसार भाग्यसँग सम्बन्ध राख्ने गरिन्छ। जब कि भाग्य पनि एउटा निराकार कुरा मात्र हो, जसलाई सोझै भौतिक नियममा बाँध्न सकिएको देखिदैन। जबसम्म कुनै पनि कुरालाई बैज्ञानिक नियममा भित्र बाँध्न सकिदैन, त्यो वास्तबितामा भन्दा कल्पनामा बेसी आधारित हुन्छ। आजको विज्ञानले यिनै जटील प्रश्नंका जवाफको खोजिगर्दैछ।

कुनै पनि कारण नभई असर हुन सक्तैन भन्ने बैज्ञानिक अबधारणालाई लिने हो भने, यो भन्न सकिन्छ- पृथ्वीमा महाप्रलय हुने बिभिन्न कारण हुन सक्छन्। तापनि हाम्रो समाजमा व्याप्त रूढीबादी सोचाईले गर्दा कहिलेकाहिँ सानो घटनाले पनि जनमानंसमा ठूलो नकारात्मक प्रभाब पारेको देखिन्छ।

महाभूकम्पले पृथ्वीमा महाप्रलय ल्याउन सक्छ। वर्षा र बाढी पनि यसका कारक तत्व हुन सक्छन्। बाहिरी पिण्डले पृथ्वीलाई धक्का दियो भने पनि त्यस्तो हुन सक्छ। ठूलो आँधी वा खडेरीले पनि त्यस्तो प्रलय ल्याउन सक्छ। यिनै कुराहरू महाप्रलय ल्याउने कारक तत्वका रूपमा देखिन्छन्, जुन करोडौं बर्ष पहिलेदेखि नै पृथ्वीमा हुने गरेका छन्, ठूलो वा सानो रूपमा। तर साउन १ देखि हुने बृहस्पति र धुम्रकेतुको ठक्करले भने पृथ्वीमा महाप्रलय हुने छैन, यो कुरामा बैज्ञानिकहरू एक मत छन्।

(यो लेख *Time* को मे २३,१९९४ अंकको बिज्ञान लेखमा आधारित छ) ❑

प्रतीक्षाको फल मीठो हुन्छ !

नयाँ मनोरंजक र विचारोत्तेजक सूचना-सामग्रीहरूको अत्याधुनिक स्रोतको रूपमा प्रकाशित हुँदैछ



ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी

मूल्यांकनको सहकर्मी

युवा

मासिक पत्रिका

युवाहरूको लागि
तपाई कस्तो खालको युवा पत्रिका चाहनु हुन्छ ?
आफ्ना चाहना र चाहना अनुरूपव सरल रचनाहरू लेख्ने जमर्को गर्नुर हाम्रो ढोका सधैँ खुला रहनेछ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.
फोन : २१३६९४
पो.ब.नं.: ३०२६, काठमाडौं

**तीन महिनाको बीचमा वामपन्थीहरुको ४ वटा अन्तर्राष्ट्रिय भेलाहरु**

# श्रमिक वर्ग बहुसंख्यक भएर पनि

# विश्वभरि का वामपन्थीहरु भेला हुँदैछन् र छलफल गर्दैछन्

International Marxist Convention (IMC) को आयोजनामा यही बैशाख १७ गते लण्डनमा बिश्वका विभिन्न वामपन्थी पार्टी र समूहहरूको मइ दिवस जमघट-१९९४ IMC कै संस्थापक सदस्य अमर चक्रवर्तीको सभापतित्वमा सफलतापूर्वक संपन्न भएको छ । यो जमघटको सबैभन्दा ठूलो उपलब्धि- साम्राज्यवादको बिरूद्धमा एउटा ब्यापकतम संयुक्त मोर्चाको निर्माणको निम्ति पहल गर्ने सवालमा सबैबीच साझा सहमति हुनु भएको छ ।

मइ दिवसको अघिल्लो दिन भएको यस जमघटमा बिचार प्रस्तुतिको मुख्य बिषय- बिश्वमा श्रमिक वर्ग बहुसंख्यक भएर पनि यो सत्तारूढ हुन र भइरहन किन समर्थ भइरहेको छैन र के दोष र कमजोरीका कारणले यस्तो भइरहेको छ भन्ने थियो ।

लण्डनको फरेष्टगेट नेरको डर्निङ हलमा संपन्न यस समारोहमा भारतबाट Socialist Unity Centre of India (SUCI) का नेता क. मणिक मुखर्जी, बंगलादेशबाट बंगलादेशेर समाजतान्त्रिक दल (BSD) का नेता क. खलेकुजमान, इरानबाट Organisation of Rovolutionary Workers (ORWI) का नेता क. अरेमान अरानी, टर्कीबाट Communist Party of Turkey की नेतृ मेरल गिनेको उपस्थिति थियो । साथसाथै, आयरलैण्ड कम्युनिष्ट पार्टीबाट क. डायड, ग्रेट ब्रिटेनबाट Open Polemic का तर्फबाट क. जोन, ग्रेट बिटेनबाटै ग्रेट ब्रिटेनकै कम्युनिष्ट पार्टीका क. टोनीले समारोहमा भाग लिनु भएको थियो । कार्यक्रममा बेलायतका थुप्रै वाम बौद्धिकहरूको उपस्थिति र सहभागिता रहेको थियो ।

IMC ले आफ्नो स्थापनाको तीन वर्षे अवधिमा यस वर्ष पहिलो पटक नेपालबाट यस मासिकका प्रधान सम्पादक श्याम श्रेष्ठलाई त्यस मंचमा आफ्नो विचार प्रस्तुत गर्न निमन्त्रित गरेको थियो र यो निमन्त्रणा स्वीकार गरी मूल्यांकनले आफ्ना प्रधान संपादक मार्फत त्यस समारोहमा आफ्नो सहभागिता जनाएको थियो ।

त्यस समारोहमा गत वर्ष झैं रूसकी नीना एन्द्रिभाले नेतृत्व गरेको बोल्सेभिक फोरम र बेल्जियमको श्रमिक पार्टीले पनि भाग लिने कुरा थियो । तर त्यही समयमा बेल्जियममा त्यस्तै प्रकारको जमघट परेकाले यस समारोहमा उहाँहरूको उपस्थिति हुन सकेन । ग्रीस लगायत अरू केही यूरोपेली वाम पार्टीहरू पनि उताको कार्यक्रममा सरीक भएका थिए ।

समारोहको शुरूवात "हामी जित्नेछौं, हामी जित्नेछौं" भने प्रशिद्ध अन्तर्राष्ट्रिय गीतबाट भएको थियो ।

## श्रमिक वर्गलाई एकताबद्ध गराउनु पर्नेमा आपसमा फुटाए

**क. भाष्कर बनर्जी**



आई.एम.सी. का संयोजक

कार्यक्रमको पहिलो वक्ता हुनुहुन्थ्यो- ब्रिटेनबासी भाष्कर बनर्जी, जो IMC का संयोजक हुनुहुन्थ्यो । क. बनर्जीले आफ्नो संबोधनको क्रममा भन्नु भयो- "श्रमिक वर्ग भनेको विश्वको ८० प्रतिशत जनसंख्या हो । तर जसले श्रमिक वर्गको आन्दोलनको नेतृत्व गरे, उनीहरूले वास्तवमा बहुसंख्यक श्रमिक वर्गको प्रतिनिधित्व नगरी आफ्नो निहित स्वार्थको प्रतिनिधित्व गरे । श्रमिक वर्गलाई विश्वव्यापी रूपमा एकताबद्ध गराउनु पर्नेमा आपसमा फुटाए । यो कारणले गर्दा श्रमिक वर्ग झन् झन् बलवान र सत्तारूढ हुनु पर्नेमा त्यस्तो हुन सकेको छैन । यो समस्या अब हामीले हल गर्न जरूरी छ । आजको समारोहले कसरी यो कुरा हल हुन सक्छ, गंभीरतापूर्वक सोचोस् । के हो श्रमिक वर्गको आन्दोलनको दोष र कमजोरी त्यो पत्ता लगाओस् ।

## श्रमिक वर्गको हार पूँजीवादको श्रेष्ठताले गर्दा भएको होइन

**क. मणिक मुखर्जी**

**एस.यू.सी.आई. का प्रतिनिधि**

करीव ५ घण्टा लामो त्यस विचार प्रस्तुतिकरण समारोहमा पार्टीहरूको तर्फबाट विचार राख्ने पहिलो वक्ता क. मणिक मुखर्जी हुनुहुन्थ्यो । भारतको SUCI को प्रतिनिधिको रूपमा उहाँले आफ्ना पार्टीका महासचिव क. निहार मुखर्जीको

*शत्रु वर्गले अब मार्क्सवादीहरूको दिन गुज्र्यो भनी कु-प्रचार गरिरहेको वर्तमान समयमा के मार्क्सवादीहरू चुपचाप यो आरोप खपेर बसिरहेका छन् ?*

*वास्तविकताले भन्छ- हैन, मार्क्सवादीहरू चुपचाप बसिरहेका विल्कूलै छैनन् ।*

*उनीहरू इतिहासबाट पाठ सिक्दै पुनः अघि बढ्दैछन् । यो क्रम नेपाल वा संसारका एक दुई स्थानमा मात्र हैन, विश्वभरि नै जारी छ ।*

*आज मार्क्सवादीहरू व्यापक रुपमा चिन्तन-मनन गरिरहेछन्, ऐक्यवद्धताको बाटो खोजिरहेछन् । यसको ज्वलन्त प्रमाण हो- गत करीब तीन महिनाभित्रमा भएका अन्तर्राष्ट्रिय स्तरका ४ वटा सम्मेलनहरू !*

*मेक्सिको, हलैण्ड, बेल्जियम र लण्डनमा भएका यी सम्मेलनहरूले विश्वका विभिन्न देशका मार्क्सवादीहरू आज कसरी सोचिरहेछन् भन्ने कुराको एउटा ज्वलन्त झलक पेश गरेका छन् ।*

*यी मध्ये प्रस्तुत छ- लण्डन सम्मेलनको विस्तृत रिपोर्ट ।*

*हलैण्डको सम्मेलनमा नेपालकातर्फबाट नेकपा (एमाले) का युवा नेता क. ईश्वर पोखरेलले भाग लिनु भएको थियो । क. पोखरेलका अनुभवहरूसहित सो सम्मेलनको विवरण लगायत मेक्सिको र बेल्जियम सम्मेलनको रिपोर्ट आगामी अंकमा । -सं.*

लण्डनमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनको रिपोर्ट

# सत्तारुढ भइरहन किन समर्थ भैरहेको छैन ?

लिखित बिचार समारोहसमक्ष पेश गर्नु भयो, किन श्रमिक वर्गीय आन्दोलनको पराजय भयो भन्ने सम्बन्धमा प्रकाश पार्दै उहाँले भन्नुभयो- "श्रमिक वर्गीय आन्दोलनले त्यतिखेर जित्यो, जब यसले आफूभित्रको देब्रे र दाहिने सामाजिक जनवादी भड्काव बिरूद्ध सफलतापूर्वक लडेर, आफूभित्र सही नेतृत्व विकास गरेर, मार्क्सवादको विकास र यसलाई समृद्ध पार्ने दौरानमा सही आधारभूत राजनीतिक कार्यदिशा समातेर आफ्नो वर्ग संगठनलाई मजबूत पाऱ्यो। त्यसैले, पूँजीवाद र साम्राज्यवादको श्रेष्ठताले हार भएको होइन। हार श्रमिक वर्गको आन्दोलनभित्र सामाजिक क्रान्तिको शक्तिभन्दा सामाजिक जनवादी प्रतिक्रान्तिको शक्ति मजवूत हुनजानाले भएको हो।

समाजवाद सोभियत संघ र पूर्वी यूरोपका केही मुलुकमा किन ढल्यो भन्ने सम्बन्धमा उहाँको भनाई थियो- "किनकि यी देशका श्रमिक वर्गीय पार्टीहरूले र आम रूपमा श्रमिक वर्गीय आन्दोलनले सही सर्वहारा बिश्व दृष्टिकोणको विकसित, समृद्ध र पर्याप्त समझदारीको स्तर हासिल गर्न सकेन, जसको कारणले त्यहाँ संशोधनवादी भडकाव हाबी भयो। त्यसले राजनीतिक, आर्थिक र साँस्कृतिक क्षेत्रका संघर्षहरूलाई एकसाथ संयोजन गर्न सकेन, आर्थिक जग र सामाजिक उपरी ढाँचा वीचको द्वन्दात्मक संबन्धलाई त्यसले बुझ्न सकेन। यसको कारणले समाजवादी अर्थतन्त्रमा संकट उत्पन्न भयो। त्यसले विकृत व्यक्तिवादलाई निर्मूल पार्न सही सर्वहारा वर्गीय चेतनालाई विकसित गर्न सकेन।"





क. मुक्ति

यस परिप्रेक्ष्यमा आजको श्रमिक वर्गीय आन्दोलनको मुख्य कमजोरी अर्थवाद, सुधारवाद, संशोधनवाद र विकृत व्यक्तिवादको बलियो पकड हो। साम्यवादी विचारधाराको चूरो पक्रन र हासिल गर्नका लागि र प्रत्येक देशमा सही आधारभूत राजनीतिक लाइन (Base Political line) का आधारमा जन संघर्ष र वर्ग संघर्ष चलाउनका लागि अथक संघर्ष गर्नु नै आजको पहिलो र महान आवश्यकता हो।" उहाँको निचोड यस्तो थियो।

## त्यहाँ श्रमिक वर्गको नैतृत्व सही थिएन

### क. खलेकुजमान

**बंगला देशेर समाजतान्त्रिक दलका नेता**

बंगलादेशका "बंगलादेशेर समाजतान्त्रिक दल" का नेता क. खलेकुजमानले जमघटलाई संबोधन गर्दै भन्नु भयो- सोभियत संघ र पूर्वी यूरोपेली देशहरूमा श्रमिक वर्गको राज्य व्यवस्था खत्तम हुनुको मुख्य कारण के थियो भने- त्यहाँ श्रमिक वर्गको नेतृत्व सही थिएन। त्यसले दार्शनिक मामलामा थुप्रै तोडमरोडहरू गऱ्यो र मार्क्सवादबाट त्यसको क्रान्तिकारी सार अलग्यायो। अर्थात, त्यसले त्यहाँ संशोधनबाद अभ्यास गऱ्यो। बिश्वका सम्पूर्ण श्रमिकहरूले यसबाट पाठ सिक्नु पर्छ। मार्क्सवाद लेनिनवादको झण्डालाई उँचा उठाएर र संशोधनबाद बिरूद्ध वैचारिक संघर्ष चलाएर मात्र श्रमिक वर्गले बर्तमान विश्व परिस्थितिमा छिटो भन्दा छिटो बिजयी हुन र सत्तारूढ भइरहन सक्छ।"

वर्तमान विश्व परिस्थितिमा साम्राज्यवादले बाहिर हालीमुहाली जमाइरहेको देखिएपनि यो भित्रभित्र मन्दीको चपेटामा छ र संकटग्रस्त छ भनेर विश्लेषण गर्दै उहाँले श्रमिक वर्ग विरूद्ध यसले नब उपनिवेशिक आक्रमण गरिरहेको आजको समयमा विश्वका संपूर्ण श्रमिकहरू यसको विरूद्ध एकजूट हुनु पर्छ भनेर आह्वान गर्नुभयो।

## साम्राज्यवाद विरुद्ध संयुक्त मोर्चा आजको आवश्यकता भएको छ

### क. डाउड

***आयरलैण्डको कम्युनिष्ट पार्टीका प्रतिनिधि***



आयरलैण्डको कम्युनिष्ट पार्टीको तर्फबाट यसका युवा नेता क. डाउडले भेलासमक्ष आयरलैण्डमा श्रमिक वर्गलाई पथ भ्रष्ट पार्न र दमन गर्न त्यहाँका धार्मिक संस्था-क्रिश्चीयन चर्चहरूले खेलिरहेको अहं भूमिकाबारे सविस्तार बर्णन गर्नुभयो।

उहाँले भन्नुभयो- "पूँजीपति वर्ग विरूद्ध संसारभरीका श्रमिकहरू एक नभई एउटा देशमा मात्र हुने श्रमिक आन्दोलन सफल र दीगो हुन सक्दैन। त्यसैले, साम्राज्यवादका विरूद्धमा एउटा व्यापकतम संयुक्त मोर्चा आजको आवश्यकता भएको छ।"




## श्रमिक वर्ग सबैभन्दा वैज्ञानिक विचारधाराले लैस भैरहनु पर्छ

### क.अरेमान अरानी

☞

क. डाउड, क. खलेकुजमान, क. वनर्जी तथा क. मुखर्जी



कार्यक्रमको मामलामा श्रेष्ठता हासिल गरे, उनीहरू क्रान्तिमा विजयी भए र सत्तारूढ पनि भए। रूस, चीन, भियतनाम, उत्तर कोरिया, क्यूबा, कम्बोडिया, निकारागुआ, सबै यसका ज्वलन्त उदाहरण हुन् । तर. हामीले इतिहासमा के पनि देख्यो भने- यो श्रेष्ठता एक चोटी हासिल गरेर मात्र पर्याप्त हुँदोरहनेछ । लगातार उनीहरू सत्तामा टिकीरहेछन् ?

पूँजीपति वर्गसित श्रमिक वर्गभन्दा क्रान्तिकारी र प्रगतिशील विचारधारा र संस्कृति छ, यो कुरा हेइन । उनीहरूको विचारधारा र संस्कृति प्रतिक्रियावादी र प्रतिगामी छ। तथापि उनीरूले यस मामलामा एउटा पक्षमा श्रमिक वर्गलाई उछिन्न सकेका छन्। त्यो के भने- उनरूले ज्ञान विज्ञानका अत्याधुनिक उपलब्धिहरूलाई आफ्नो स्वार्थको रक्षाको लागि आफ्नो विचारधारा र संस्कृतिमा समेट्न र संश्लेषण गर्न सकेका छन् । प्रतिक्रियावादी स्वार्थको लागि उनीहरू विज्ञानका अत्याधुनिक उपलब्धिहरूबाट लैस छन् । यस मामलामा उनीरूले श्रेष्ठता हासिल गरेका छन् । तर यता हामी श्रमिक वर्गले भने मार्क्स, एंगेल्स र लेनिनसम्म विज्ञानका अत्याधुनिक उपलब्धिहरूलाई आफ्नो विधारधारा र संस्कृतिमा सँगेट्ने वा संश्लेषण गर्ने काम व्यवस्थित रूपमा गर्‍यौ । लेनिनयता त्यो कार्य फाट्फुट् रूपमा कतै-कतै मात्र भएको छ । व्यवस्थित रूपमा र सबैतिर त्यो कार्य हामीले गर्न सकेका छैनौं । अहिले हामी जम्माजम्मीमा र आम रूपमा, ज्ञान विज्ञानका अत्याधुनिक उपलब्धिहरूबाट बेखबर छौं । यस पक्षमा हामी पूँजीपति वर्गभन्दा धेरै नै पछौटे भएका छौं ।

**लण्डनमा आयोजित मई दिवस जमघट १९९४ मा "मूल्यांकन" मासिकका प्रधान सम्पादक श्याम श्रेष्ठको संवोधन**

# श्रमजीवि वर्गको हारको कारण के हो ?

*आदरणीय सभापति, कमरेडहरु र साथीहरु,*

*आजको यस मई दिवस जमघटमा आफ्ना विचारहरु प्रस्तुत गर्न निम्त्याउनु भएकोमा म यसका आयोजकहरुलाई धन्यबाद दिन चाहन्छु ।*

*श्रमिक वर्ग बहुसंख्यामा हुनु नै क्रान्ति हुनको लागि पर्याप्त हुँदैन । मुख्य प्रश्न के हो भने- त्यो बहुसंख्यक श्रमिक वर्ग क्रान्तिकारी तथा वैज्ञानिक विचारधारा र संस्कृतिले लैश छ कि छैन ? त्यो शत्रुको तुलनामा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा बढी संगठित र एकताबद्ध छ कि छैन ? त्यो आफ्नो शत्रुको तुलनामा आफ्ना क्रान्तिकारी नीति र कार्यक्रममा बेसी गतिशील र यथार्थवादी छ कि छैन ? क्रान्तिकारी आन्दोलनमा श्रमिक वर्ग विजयी हुन्छ कि हुँदैन र ऊ सत्तारूढ हुन्छ कि हुँदैन भन्ने कुरा यिनै सवालहरूमा भर पर्छ ।*

**पूँजीवाद भन्दा श्रेष्ठ**


*हामीले विश्व इहिासमा देखेका छौं, जहाँ-जहाँ र जुन-जुन समयमा श्रमिक वर्गले त्यहाँका प्रतिक्रियावादी शासक वर्गका तुलनामा क्रान्तिकारी विचारधारा र संस्कृतिमा, संगठन र एकतामा नीति र श्रेष्ठता हासिल गर्न निरन्तर संघर्ष र आलोचनात्मक सजगता जरूरी हुन्छ । त्यो प्रक्रिया जब कमजोर हुन्छ, एक चोटी सत्तारूढ भएको श्रमिक वर्ग फेरि चाँडै सत्ताच्यूत पनि हुँदोरहेछ । संसारमा केही कुरा पनि स्थायी छैन । त्यस्तै, श्रेष्ठता पनि स्थायी हुँदोरहेनछ । रूस र पूर्वी यूरोपमा श्रमिक वर्गको राज्य धाराशायी भएको घटनाले यो तथ्य छर्लंग देखाएको छ ।*

*किन श्रमिक वर्ग बहुसंख्यक भएर पनि सत्तारूढ हुन सकिरहेको छैन ? यसको उत्तर हामीले विपरीत कोणबाट खोज्नु जरुरी छ । हामीले प्रश्न गर्न जरूरी छ- आखिर पूँजीपति वर्ग बिल्कूलै मुठ्ठीभर भएर पनि किन सत्तारूढ हुन सकिरहेको छ ? के छ श्रेष्ठता उनीहरूमा, जसले गर्दा*

**मार्क्सवाद विज्ञानको पनि विज्ञान**

---

इरानको क्रान्तिकारी श्रमिकहरूको संगठनका नेता



इरानको क्रान्तिकारी श्रमिकहरूको संगठन (ORWI) का नेता क. अरेमान


अरानीले गएको १५ वर्षमा इरानको धार्मिक तानाशाहीले एक लाख कम्युनिष्टहरू र श्रमिकहरू मारेको खवर सुनाएर पूरै हललाई स्तव्ध पार्नुभयो । उहाँ स्वयं १० वर्ष जेलमा थुनिएको र पछि जेलबाट भागेको आफ्नै आँखा अगाडि शैयौं कम्युनिष्टहरूलाई गोली ठोकेर मारिएको र कैयन कमरेडहरूलाई आफ्नै कमरेडहरूलाई गोली हान्न बाध्य पारिएको र त्यसपछि उनीहरू बहुलाएको दर्दनाक अनुभूति उहाँले जमघट समक्ष प्रस्तुत गर्नुभयो ।

"श्रमिक वर्गको आन्दोलन बिजयी हुनको निमित पहिलो आवश्यकता हो- यो माथिमाथि हाँगिएर हुँदैन, यसले श्रमिक जनसमुदायमा गहीरो जरा लिन सक्नुपर्छ । दोश्रो, यसले बिगत ७० वर्षको सोभियत संघको समाजवादको अभ्यासको अनुभबबाट सार निकाल्नु पर्छ । यो किन विफल भयो- त्यसको जारो कारण पत्ता लाउनु पर्छ । तेश्रो, यो सबैभन्दा बैज्ञानिक बिचाधाराले लैश भइरहनु पर्छ ।" उहाँको निस्कर्ष यस्तो थियो ।

## समाजवादको गलत प्रयोग मात्रै असफल भएको हो

### क. श्रीमती मेरल गिने टर्की कम्युनिष्ट पार्टीसित सम्बद्ध

टर्कीको कम्युनिष्ट पार्टीसित सम्बद्ध बेलायतस्थित टर्कीका प्रगतिशीलहरूको संघको तर्फबाट श्रीमती मेरल गिनेले जमघटलाई संबोधन गर्नुभयो । टर्कीका श्रमिकहरूको आन्दोलनको स्थितिबारे प्रकाश पार्दै उहाँले श्रमिक वर्ग विजयी हुनको निम्ति उनीहरू संगठित हुनु पर्छ, विश्वव्यापी रूपमा एकताबद्ध हुनुपर्छ र



उनीहरूसित मार्क्सवादको उन्नत बैज्ञानिक विचारधारा हुनुपर्छ । यो बिना कुनै पनि मुलुकमा श्रमिक वर्ग बिजयी हुन सक्दैन ।

अब प्रश्न के उठ्छ भने- साम्यवादी विचारधारा र संस्कृति आफ्नो युगको सबैभन्दा वैज्ञानिक विचारधारा र संस्कृति हो । त्यतिखेरको ज्ञान विज्ञानकै संश्लेषणबाट यसको विकास भएको थियो । त्यसैले यसलाई विज्ञानको पनि विज्ञान भन्न सकिन्छ । आफ्नो समयमा यसले विश्वमा एकछत्र प्रभुत्व जमाउन सक्नुको कारण पनि यही थियो । तर अहिले ज्ञान विज्ञानका अत्याधुनिक उपलब्धिहरूबाट पूँजीपति वर्ग मात्र लैस हुने, हामी श्रमिक वर्ग चाहिँ त्यसबाट बेखबर रहने हो भने हामी पूँजीपति वर्गलाई कसरी जित्न सक्छौं ? हाम्रो विचारधारा र सँस्कृति अहिलेको युगलाई पनि मार्गदर्शन गर्न सक्ने सर्वश्रेष्ठ वैज्ञानिक विचारधारा र सँस्कृति कसरी भइरहन सक्छ ? कसरी यो अहिले पनि विज्ञानको पनि विज्ञान हुन सक्छ ? कसरी अहिले पनि मार्क्सवादको युगानुकूल विकास संभव हुनसक्छ ?

यो सवालमा विश्वभरिका श्रमिक आन्दोलनको नेतृत्वले र सचेत श्रमिकहरूले गम्भीरतापूर्वक घोत्लिनु जरूरी भएको छ । र, यो दोष हटाउनु जरूरी भएको छ । अन्यथा आफ्नो युगको सापेक्षतामा पछौटे विचारधारा र सांस्कृतिबाट श्रमिक वर्गले कदापि पूँजीपति वर्गमाथि विजय हासिल गर्न सक्ने छैन । अहिले विश्वभरिको श्रमिक आन्दोलनको मुख्य संकट नै विचारधाराको र सांस्कृतिक संकट भएको छ । विचारधारात्मक र सांस्कृतिक पछौटेपन र अन्योल नै श्रमिक वर्गीय आन्दोलनको मुख्य समस्या भएको छ ।

## वैचारिक र सांस्कृतिक आक्रमण

अन्तर्राष्ट्रिय स्तरमा पूँजीपति वर्ग श्रमिक वर्गलाई विचारधारात्मक र सांस्कृतिक रुपले नै भ्रष्ट पार्ने अभियानमा जुटेको छ । श्रमिक वर्ग विचारधारात्मक र संस्कृतिक रुपले पथभ्रष्ट भए पछि यसले आफूमाथि भएको शोषण, अन्याय र उत्पीडन नै बोध गर्न सक्दैन । आलोचनात्मक चेतना र विवेक श्रमिक वर्गमा मरेपछि त्यो बीऊ नै मर्दछ, जहाँबाट सामाजिक विद्रोह र संगठित आन्दोलन टुसाउँछ । यही कुरा महशूस गरेर श्रमिक वर्गलाई पथभ्रष्ट पार्नका लागि अन्तर्राष्ट्रिय पूँजीपति वर्गले अहिले अत्याधुनिक र भीमकाय संचार यन्त्र विकास गरेको छ । त्यस मार्फत ऊ श्रमिक वर्गलाई विचारधारात्मक र साँस्कृतिक रूपले भ्रष्ट पार्ने विषय वस्तुहरू व्यापक पैमानम्मा प्रत्येक क्षण प्रचार प्रसार गर्दैछ । यसको लागि अत्याधुनिक इलेक्ट्रोनिक श्रेव्य/दृश्य प्रविधि उसले प्रयोगमा ल्याएको छ । यसले प्रत्येक मिनेट करोडौं निम्न चेतना भएका श्रमिकहरूलाई भ्रष्ट पार्दैछ र पूँजीवादी विचारधारा र संस्कृतिले लैश बनाउँदैछ । यो आक्रमण हो- विचाराधात्मक र सांस्कृतिक आक्रमण, जुन अरू सबै आक्रमणभन्दा भयानक र बढी प्रभावशाली देखिएको छ । यो विचारधारात्मक र सांस्कृतिक आक्रमणलाई विचारधारात्मक र सांस्कृतिक तरवले नै सामाना गर्नु जरूरी छ । यस निम्ति अत्याधुनिक प्रविधि हामीले पनि प्रयोगमा ल्याउनु जरूरी भएको छ । श्रमिक आन्दोलनले पनि अत्याधुनिक सञ्चारयन्त्र तयार पार्नु जरूरी भएको छ ।

तर यस मामलामा पनि हामी धेरै पछौटे भएका छौं । पूँजीपति वर्ग हामीमाथि तम्त्यारीपूर्ण आक्रमण गर्दैछ । हामी प्रत्याक्रमण त टाढाको कुरा रह्यो, व्यवस्थित प्रतिरक्षा पनि गरिरहेका छैनौं । यो स्थिति यथावत रहने हो भने पूँजीपति वर्गमाथि हामी कसरी विजय प्राप्त गर्न सक्छौं ? हामी मिहनेतसाथ वर्ष दिन लगाएर शय जना मान्छे तयार गर्ने, उसले भने एक घण्टामै एक करोड मान्छेलाई पथभ्रष्ट र भ्रमपूर्ण बनाइरहने हो भने श्रमिक वर्गको आन्दोलन कसरी विजयी हुन सक्छ ? यो सवालमा पनि हामीले गम्भीरतापूर्वक छलफल गर्नु जरूरी भएको छ ।

## पूँजीवादी अन्तर्राष्ट्रवाद

पूँजीपति वर्गले श्रेष्ठता हासिल गरेको अर्को पक्ष के हो भने, आफ्ना सारा मतभिन्नता र अन्तरविरोधको बाबजूद श्रमिक वर्ग विरूद्ध पूँजीपति वर्ग विश्वव्यापी रूपमा एकताबद्ध र संगठित छ । एउटा बाटो विराइसकेको श्रमिक वर्गको नेतृत्व र श्रमिक वर्गको राज्यलाई समेत ध्वस्त नष्ट गरीछाड्न पूँजीपति वर्ग अन्तर्राष्ट्रिय रूपमा एकताबद्ध भएर लागिपरेको देखिन्छ । अन्तर्राष्ट्रवाद अहिले उनीहरूले अभ्यास गरिरेको देखिन्छ । तर हामी श्रमिक वर्ग भने दार्शनिक असहिष्णुता तथा अवैज्ञानिक र संकीर्ण दृष्टिकोणका कारणले सर्वहारा अन्तर्राष्ट्रवादको झण्डा विश्वमै सर्वप्रथम उचाल्दाउचाल्दै पनि अहिले आएर व्यवहारतः राष्ट्रवादी भएका छौं । विश्व श्रमिक आन्दोलन अहिले साम्राज्यवादको विरुद्ध एक गठ होइन, आपसमै भिड्दाभिड्दै छयान्नब्यान्न भएको छ । हामी मतभिन्नता राख्न माहिर भएका छौं, तर मतभिन्नताका बाबजूद मुख्य शत्रु विरुद्ध एकताबद्ध हुन सिपालु भएका छैनौं ।

श्रमिक वर्गको कुनै पनि आन्दोलन र कुनै पनि श्रमिक राज्य विरुद्ध पूँजीपति वर्ग चाहिँ आफ्ना सारा अन्तरविरोध हुँदा हुँदै पनि एकगठ हुन सक्ने, हामी श्रमिक वर्ग भने आपसमा वैचारिक अन्तरविरोध हुनासाथ शत्रुवत व्यवहार गरिहाल्ने, एकतावद्ध हुन नसक्ने ।

आखिर यस्तो किन भइरहेछ ? हामी किन वैचारिक अन्तरविरोध हुँदाहुँदै पनि आफ्नो-आफ्नो ठाउँमा वैचारिक संघर्ष चलाउँदै पूँजीपति वर्ग विरूद्ध चाहिं विश्वव्यापी रूपमा एकगठ हुन सक्दैनौं ? पूँजीपति वर्ग विश्वव्यापी रूपमा एक हुने, हामी भने एक्लैदुक्लै लड्ने हो भने कसरी श्रमिक वर्गको आन्दोलन विजयी हुन सक्छ ? विजयी नै हुने हो भने पनि यो कसरी दीगो हुन सक्छ ?

## अद्वन्दवादी चिन्तन प्रणाली

दोष हाम्रो अद्वन्दवादी र अवैज्ञानिक चिन्तन प्रणालीमा छ, जसले विश्वव्यापी रूपमा श्रमिक वर्गीय आन्दोलनलाई प्रभावित गरेको प्रतीत हुन्छ । विचारद्वन्द र अन्तरविरोध हुनासाथ मुख्य शत्रु विरूद्ध पनि एकताबद्ध हुन नसक्ने, एकताबद्ध भयो भने विचारद्वन्द र अन्तरविरोध नै छोडी दिने- यो कुनै वैज्ञानिक चिन्तन प्रणाली होइन । दार्शनिक रुपले यो अधिभूतवादी र यान्त्रिक चिन्तन प्रणाली हो । यो प्रणाली हामीले परित्याग गर्नु जरुरी छ । द्वन्दवादले त हामीलाई विचारद्वन्द र अन्तरविरोधहरूकै बाटोबाट मात्र दरिलो एकता पैदा हुने र एकताबद्ध हुँदा पनि कुनै पनि क्षण विचारद्वन्द र अन्तरविरोधलाई छोड्न नहुने, नत्र एकता नै क्षीण हुने कुरा सिकाउँछ । वैज्ञानिक चिन्तन प्रणाली यही हो, तर हामीले यसलाई अभ्यास गरेनौं ।

कुनै मित्रले


---

समाजवाद असफल भएको होइन, बरू यसको गलत प्रयोग असफल भएको हो ।" उहाँले भन्नुभयो ।

## श्रमिक वर्गको नेतृत्व क्रान्तिकारी अगुवाको भूमिका खेल्न समर्थ छैन

**क. टोनी**

**ग्रेट ब्रिटेनको कम्युनिष्ट पार्टीसित सम्बद्ध**




ग्रेट ब्रिटेनको कम्युनिष्ट पार्टीसित सम्बद्ध मजदूर नेता क. टोनीले जमघटलाई सम्बोधन गर्दै भन्नुभयो- "संसारमा र ग्रेटब्रिटेनमा मजदूरहरू बिभाजित भएका छन् । उनीहरूको विभाजनले पूँजीपति वर्गलाई निकै फाइदा भएको छ । आजको मइ दिवस समारोहमा उनीहरूको एकतालाई जोड दिनु जरूरी ठान्छु, किनकि उनीहरूको एकतामा नै उनीहरूको बिजय भर पर्दछ ।"

श्रमिक वर्ग किन सत्तारूढ हुन सकेन भन्ने सवालमा उहाँको जवाफ थियो- "पहिलो कुरो त, साम्राज्यवादको अस्तित्वको परिप्रेक्ष्यमा। सत्तारूढ हुनका निम्ति अनुकूल सामाजिक राजनीतिक परिस्थिति नै विद्यमान छैन । दोश्रो, आत्मगत रूपले पनि श्रमिक वर्गको नेतृत्व क्रान्तिकारी अगुवाको भूमिका खेल्न समर्थ छैन । यही कारणले उनीहरू सत्तारूढ हुन नसकेका हुन । दायाँ र वायाँ भडकाव नै श्रमिक वर्गको मुख्य कमजोरी हो ।"

## आधारभूत काम विचार राधात्मक स्पष्टता हासिल गर्नु हो

**क. जोन**

**ब्रिटेनको ओपन पोलिमिकसित सम्बद्ध**



ब्रिटेनको कम्युनिष्ट एकताका लागि खुल्ला विवाद (Open Polemic) का तर्फबाट क. जोनले बोल्नु भयो । उहाँको भनाइ थियो- "क्रान्तिमा बिजयी हुनको निमित्त श्रमिकहरूको पहिलो आधारभूत काम बिचारधारात्मक स्पष्टता हासिल गर्नु हो, आफू र पूँजीपतिहरूको बिचारधारात्मक भिन्नताको रेखा खिच्नु हो । विचारधारात्मक स्पष्टता खुला बैचारिक बादविवादद्वारा मात्र आउँछ । श्रमिक वर्ग र यसका अगुवा दस्ता यस्तो बाद बिवादमा उत्रनु पर्छ र बैचारिक स्पष्टता र एकताको आधारमा संगठित हुनुपर्छ । अनि मात्र उनीहरू विजयी हुन सक्छन् । श्रमिक वर्गसित अगुवा दस्ता हुन योग्य पार्टी नभएसम्म उनीहरूको विजय संभव छैन ।"

## समाजवादी मान्छे पैदा गर्नु कष्ट साध्य काम हो

**डा. मजुमदार**

**वाम बुद्धिजीवि**

लण्डन निवासी बाम बुद्धिजीवी डा. मजुमदारले- "समाजवादी व्यवस्थामा

☞

बाटो बिराउनासाथ, खास खास मुद्दामा संशोधनवादको अभ्यास गर्नासाथ, उसलाई मित्रवत विचार द्वन्दद्वारा सकेसम्म सच्याउनतिर होइन, उसलाई साम्राज्यवाद सरहकै शत्रु घोषित गरिहाल्ने र शत्रुकै खेमामा जबर्दस्ती धकेलीहाल्ने हाम्रो पद्धति रहेको छ । यो गलत भएको छ । यो अधिभूतवादी पद्धति भएको छ । बाटो बिराउनेहरूप्रतिको हाम्रो यो व्यवहारले साम्राज्यवादी खेमालाई निकै फाइदा भएको छ । हिजो सोभियत संघको पार्टीले बाटो बिराउँदा उसलाई हामीले शत्रुको व्यवहार गर्‍यौं । तर अहिले हामी देख्दैछौं, एउटा पथ विचलित सोभियत संघ धाराशायी हुँदा पनि विश्वमा कति फरक पर्दोरहेछ । यो घटनाबाट हामीले पाठ सिक्नु पर्छ । बाटो बिराउने वा संशोधनवादी बाटो लिनेहरूसित हाम्रो व्यवहार त्यतिखेरसम्म मित्रतापूर्ण भइरहनु पर्छ, जबसम्म उनीहरू आधारभूत रुपमा, प्रतिक्रियावादमा रुपान्तरित हुँदैनन् । हामीले त्यस्ता मित्रहरूसँग यथासंभव सच्याउने नियत राखेर मित्रतापूर्ण ढंगले अविराम वैचारिक द्वन्द जारी राख्नु पर्छ । साथ साथै जुन हद्‌सम्म समाजको मुख्य शत्रु विरुद्ध संघर्ष गर्न तयार भइरहन्छन्, त्यस हदसम्म उनीहरूसित एकताबद्ध हुने प्रयत्न पनि गरिरहनु पर्छ । कि द्वन्दै द्वन्द, कि एक एकता- यो यान्त्रिक पद्धति अप्नाउने होइन । द्वन्दको साथ साथ एकता र द्वन्दको माध्यमबाट एकता नै श्रमिक बर्गीय आन्दोलनको पद्धति हुनुपर्छ ।

अहिले पनि विश्वका विभिन्न श्रमिक वर्गीय आन्दोलन र पार्टीहरूबीच वैचारिक विभेदहरू र अन्तरविरोधहरू छन् । साम्राज्यवाद- यही विभेदबाट फाइदा उठाएर प्रत्येक श्रमिक वर्गीय आन्दो-लनलाई र राज्यलाई सत्तम गर्न उद्यत छ । हिजो चिली र इण्डोनेशिया र आज उत्तर कोरिया र क्यूबा अहिले उसको प्रहारको तारो भएका छन् । विश्वका सारा पूँजीपति वर्ग श्रमिक वर्गलाई एक गठ, बलियो र सत्तारुढ हुन नदिन एक जूट छन् ।




यो स्थितिमा विश्वव्यापी रुपमा श्रमिक वर्गीय आन्दोलनको अनेकता र तितरवितर भएको स्थिति उसको लागि बरदान सावित भएको छ । यो स्थितिलाई अन्त गर्नु नितान्त जरुरी भएको छ ।

आपसमा लगातर विचारद्वन्दलाई कायमै राख्दै अहिले विश्वमा साम्राज्यवाद र पूँजीपति वर्ग विरुद्ध श्रमिक वर्गीय आन्दोलनको एउटा विश्वव्यापी व्यापकतम संयुक्त मोर्चाको आवश्यकता निकै टड्‌कारो भएको छ । यो प्रत्येक देशमा पनि जरुरी भएको छ र क्षेत्रीय स्तरमा पनि । यस्तो संयुक्त मोर्चा निर्माण नगरी विश्वव्यापी रुपमा एकताबद्ध पूँजीपति वर्गको आक्रमणलाई सामना गर्नु र परास्त गर्नु असंभव छ । विश्वका श्रमिकहरू हो- एक होऊ ! भन्ने सर्वहारा अन्तर्राष्ट्रवादी नारालाई फगत नारा होइन, प्रति क्षण व्यवहारमा उतार्नु जरुरी भएको छ । श्रमिक वर्ग सत्तारुढ हुनको निम्ति यो एउटा प्राथमिक शर्त हो ।

### साम्राज्यवाद विरोधी संयुक्त मोर्चा

पूँजीपति वर्ग आफ्नो स्वार्थको रक्षाको निम्ति आफ्नो कार्यक्रम र नीतिमा समयानुसार बेसी गतिशील (*Dynamic*) देखिएको छ । स्थितिको परिवर्तनसँगै उनीहरूले आफ्नो कार्यक्रम र नीतिमा काफी हेरफेर गरेका छन् । गएको चार दशकमा उनीहरूले समाजवादबाटै थुप्रै कुरा लिएर आफ्नो चरम संकट टारेको घटना यसको साक्षी छ ।

तर हाम्रो श्रमिक वर्गीय आन्दोलन भने धार्मिक संप्रदाय जस्तै कट्टरताबाद (*Fundamentalism*) ले ग्रस्त भएको छ । अन्ध-अनुशरण हाम्रो आन्दोलनको एउटा मुख्य रोग भएको छ । हामीले हाम्रो कार्यक्रम र नीतिलाई स्थितिको परिवर्तन मुताविक फेर्न सकिरहेका छैनौं । समय र परिवेश कहाँबाट कहाँ पुगिसक्दा पनि हामी भने जहाँको तहीं भड्‌किरहेका छौं । यस मामलामा पनि पूँजीपति वर्गले हामीभन्दा श्रेष्ठता हासिल गरेको छ ।

### कट्टरतावाद र संशोधनवाद

कट्टरताबाद एउटा "अति" हो- श्रमिक वर्गीय आन्दोलनको । यसको प्रतिक्रियामा अर्को "अति" पनि आन्दोलनमा देखा परेको छ । त्यो हो- साम्यवादको प्राण अर्थात् द्वन्दात्मक वस्तुवादी दृष्टिकोण र साम्यवादी संस्कृतिलाई नै छोडीदिने अति । खालि विशेष परिस्थितिलाई मात्र जोड दिएर- साम्यवादको आम सिद्धान्तलाई नै छोडीदिने अति । संशोधनवाद भनेकै यही हो ।

यी दुबै अतिको मुहान भने एउटै हो- अद्वन्दवादी र अवस्तुवादी दृष्टिकोण ।

श्रमिक वर्गीय आन्दोलनको घोषित दृष्टिकोण द्वन्दात्मक वस्तुवाद हो । तथापि व्यवहारमा र जीवनमा यो दृष्टिकोणलाई लागू गर्ने काम भएको छैन । व्यवहारमा हामी यान्त्रिक अथवा अधिभूतवादी दृष्टिकोण प्रयोग गरिरहेछौं । यो स्थितिको हामीले अन्त गर्नु जरुरी भएको छ ।

पूँजीपति वर्ग युगानुकूल आफ्नो नीति र कार्यक्रममा गतिशील हुने, श्रमिक वर्ग भने स्थिर वा जड हुने हो भने हामी उनीहरूमाथि कसरी विजय प्राप्त गर्न सक्छौं ? अथवा, हामीले गतिशीलताको नाममा सत्य र न्यायको व्यवस्था **साम्यवाद**को प्राण नै छोडिदिन्छौं भने हामीले पूँजीपतिवर्गलाई जित्नुको तात्पर्य नै के बाँकी रहन्छ ? त्यसैले श्रमिक वर्गले पूँजीपति वर्गमाथि विजय प्राप्त गर्न हामी आफ्नो चिन्तन, नीति र कार्यक्रममा निरन्तर गतिशील पनि हुन जरुरी भएको छ, साम्यवादी सिद्धान्तको चूरोलाई भने नछोडिकन नै ।

यसरी पूँजीपति वर्ग बेसी बर्ग-सचेत, बेसी संगठित र एकताबद्ध र बेसी गतिशील हुनाको कारणले नै समाजको अल्पमत भएर पनि सत्तारुढ हुन सकेको छ । श्रमिक वर्गको उद्देश्य पूँजीपति वर्गको जस्तो शोषण र उत्पीडन चिरस्थायी पार्नु हैन । समता र सामाजिक न्याय नै यसको उद्देश्य हो, तथापी न्यून विचारधारात्मक र साँस्कृतिक स्तर, अनेकता र छयान्नब्यानपन तथा चिन्तनमा जडता र अवैज्ञानिकता नै श्रमिक वर्गको मुख्य कमजोरी भएको छ, जसले गर्दा यसको लक्ष्य न्यायपूर्ण र महान भएर पनि ऊ विजयी र सत्तारुढ हुन सकेको छैन ।

निरन्तर संघर्ष र प्रयत्नद्वारा श्रमिक वर्गले आफ्नो कमजोरी हटाउन नसक्ने कुनै सवाल छैन । ठाउँ ठाउँमा अहिले पनि यो कमजोरी हटाउने काम सफलतापूर्वक भइरहेछ । श्रमिक वर्गले आम रुपमा आफ्ना कमजोरीहरू हटाएर बैज्ञानिक दृष्टिकोण चिन्तन र आलोचनात्मक सजगताले लैस हुने हो भने दुनियाँको कुनै पनि तागतले उसलाई पराजित गर्न सक्ने छैन । श्रमिक वर्गको आन्दोलन उन्नत संस्कृति र वैज्ञानिक दृष्टिकोणले लैस भयो भने र त्यो वर्ग- सचेत र विश्वव्यापी रुपमा एकताबद्ध भयो भने त्यो अपराजय-


---

समाजवादी मान्छे तयार गर्न ध्यान नजानु नै श्रमिक वर्गको राज्य ढल्नुको मुख्य कारण हो भन्नुभयो । उहाँले भन्नुभयो- "क्रान्ति गर्नुभन्दा क्रान्ति टिकाउनु गाह्रो काम हो । समाजवाद ल्याउनुभन्दा समाजवादी मान्छे पैदा गर्नु कष्टसाध्य काम हो । यसैमा श्रमिक वर्गको विजय हुने कि नहुने, विजय दीगो हुने कि नहुने भन्ने कुरा निर्भर गर्छ ।"

## अगुवाहरूले नै मार्क्सवाद ग्रहण गरेनन्

### प्रोफेसर फज्दूल आलम

बर्मिङ्घमका प्रोफेसर फज्दूल आलमले भेलालाई संबोधन गर्दै भन्नुभयो- "जो मार्क्सवादी हैनन्, तिनले मार्क्सवाद बुझे र श्रमिक वर्गलाई ध्वस्त र पथभ्रष्ट पार्न तिनले आफ्नो ज्ञान प्रयोग गरे । तर जो श्रमिक वर्गका अगुवा हुन्, तिनले मार्क्सवाद ग्रहण गरेनन् र श्रमिक वर्गलाई मार्क्सवादबाट दीक्षित गरेनन् । श्रमिक वर्गको आन्दोलनको सारा दुःखान्त यसैमा निहित छ । फलतः ट्रेड यूनियनहरूले श्रमिक वर्गको हितको प्रतिनिधित्व गरेनन्,




उनीहरू प्रशासक र नोकरशाहमा बदलिए ।

उहाँले भन्नुभयो- "बुर्जुवाहरू चाहन्छन् कि श्रमिकहरू साँघुरो निहित स्वार्थमा तल्लीन होउन्, बिभाजित होउन् र टुक्रे मागहरूमा संघर्ष गर्दै रहुन् । यसो भयो भने उनीहरू कहिल्यै क्रान्तिको आयोजना गर्न सक्दैनन् । श्रमिकहरू विजयी हुने हो भने उनीहरू यस्तो साँघुरो निहित स्वार्थबाट माथि उठ्न संघर्षरत हुनुपर्छ । उनीहरू क्रान्तिकारी चेतनाले लैश भइरहन प्रयत्नरत हुनुपर्छ ।" ❑❑

**श्रमिक सत्ता ढल्नुको मुख्य कारण**

तागत हुनेछ । अहिले त्यही नभएर यो विजयी हुन नसकेको हो ।

अब प्रश्न उठ्छ- जहाँ श्रमिक वर्ग क्रान्तिकारी आन्दोलनमा विजयी भएको थियो र सत्तारुढ भएको थियो, त्यहाँ श्रमिक वर्गीय सत्ता किन ढल्यो ? किन त्यहाँ त्यो दीगो हुन सकेन ?

यो स्पष्ट छ, साम्राज्यवादीहरूको कुनै भीषण आक्रमणले पनि श्रमिक वर्गीय सत्ता ढाल्न सकेको थिएन, ढलेको थिएन । यो आफ्नै भित्री कारणले ढलेको थियो । आफ्नै कमजोरीका कारणले यो ढलेको थियो ।

श्रमिक वर्गको नेतृत्वले प्रथमतः आफूलाई, त्यसपछि श्रमिक वर्ग र आम जनतालाई विचारधारात्मक र सांस्कृतिक रुपले साम्यवादी दिशामा रुपान्तरण गर्न अविराम संघर्ष चलाउने यो र प्रक्रियाबाट जनतालाई नै आफ्नो भाग्य र सत्ताको वास्तविक मालिक बनाउने मूल साम्यवादी दिशा छोड्नु नै श्रमिक वर्गको सत्ता ढल्नुको मुख्य कारण थियो । छोटोमा भन्ने हो भने, विचारधारा र संस्कृतिको क्षेत्रमा क्रान्तिलाई विस्तार गर्ने सवाललाई र यस बाटोबाट जनतालाई नै शर्वसक्तिसंपन्न बनाउने सवाललाई श्रमिक वर्गको नेतृत्वले ध्यांन नदिनु नै श्रमिक वर्गको सत्ता ढल्नुको मुख्य कारण थियो ।




पहिलो कुरा त, श्रमिक वर्गको नेतृत्व-कम्युनिष्ट पार्टी-भित्रै विचारधारात्मक र सांस्कृतिक संघर्ष निरन्तर जारी राख्ने प्रक्रिया जारी रहेन । पार्टीभित्रै यान्त्रिक चिन्तन प्रक्रियाले लैस नेतृत्वबाट सबै तहबीच द्वन्दात्मक संबन्ध र सहज विचार-अन्तर्क्रियाको जनवादी वातावरण कायम राखिएन । औपचारिक र नोकरशाही चरित्रको संबन्ध र अन्ध अनुशरणलाई प्रोत्साहित गरियो । यसबाट पार्टीभित्रै नोकरशाही केन्द्रियता विकास भयो र यही कुरा समाजमा पनि विस्तारित भयो । निरन्तर विचारधारात्मक संघर्ष र सांस्कृतिक संघर्षको प्रक्या पार्टीमा नहुनाले पार्टी नृतृत्वको आफ्नै विचारधारा र संस्कृतिको स्तर गिर्‍यो । र, गिर्दै गयो, त्यो यति तल्लो तहसम्म पनि गिर्‍यो कि- पूँजीवादी विचारधारा र संस्कृतिले पार्टी नेतृत्व स्वयंलाई प्रभावित गर्न सक्ने स्थिति बन्यो । ख्रुश्चोभ, गोर्वाचोभ र येल्तसीन जस्ता पूँजीपन्थी मानिसहरू श्रमिक वर्गको पार्टीको अग्रगामी नेतृत्व हुन सक्ने गरी बाँकी बच्न सक्नुको मुख्य कारण यही थियो । निरन्तर विचारधारात्मक र सांस्कृतिक संघर्षको प्रक्रिया पार्टीमा हुने हो भने या त यिनीहरू पहिले नै चिनिन्थे, या पहिले नै रुपान्तरित हुन्थे ।

दोश्रो, साम्यवादी क्रान्तिलाई फगत समाजको आर्थिक र राजनीतिक ढाँचामा परिवर्तनसम्म मात्र सीमित गरियो । विचारधारात्मक र सांस्कृतिक क्रान्तिद्वारा समाजको मानसिक ढाँचामा परिवर्तनसम्म क्रान्तिलाई विस्तार गरिएन, यद्यपि लेनिन र माओले यसको आवश्यकताबारे औंल्याउनु भएको थियो । राजनीतिक र आर्थिक ढाँचामा श्रमिक वर्गीय पार्टीको कब्जा भएपछि र त्यसले जनकल्याणकारी काम गर्न थालेपछि सबै ठीकठाक हुने छ र समाज स्वतः साम्यवादी दिशामा जानेछ भन्ने यान्त्रिक धारणा व्यवहारमा अभ्यास भयो । फलस्वरुप, राजनीतिक र आर्थिक ढाँचामा क्रान्ति त भयो, तर विधारधारा र संस्कृतिको क्षेत्रमा क्रान्ति विस्तार नगरिनाले त्यो नयाँ ढाँचा अनुकूलको साम्यवादी मान्छे चाहिं पैदा भएन । व्यवस्था नयाँ तर मान्छे चाहिं पुरानै मानसिक ढाँचाको रहिरहयो । चीनमा नयाँ मानसिक ढाँचाको मानिस तयार पार्न माओले प्रक्रिया त शुरु गर्नु भयो, तर सांस्कृतिक क्रान्तिको त्यो प्रक्रिया उहाँको मृत्युपछि जारी राखिएन । अन्ततः समाजको नयाँ आर्थिक र राजनीतिक ढाँचा र पुरानै मानसिकताको मानिसबीच नै अन्तरविरोध विकास भयो र श्रमिक वर्गको नेतृत्वबाटै पूँजीवादको पुनर्स्थापनाद्वारा यो अन्तरविरोधलाई हल गरियो ।

तेश्रो, सर्वहारा अधिनायकत्व अन्तर्गत आम स्तरमा लगातार विचारधारात्मक र सांस्कृतिक संघर्ष र साम्यवादी शिक्षा अभियानद्वारा आम श्रमिकहरूको आलोचनात्मक सजगता जागृत गर्ने र सर्वहारा जनवादको अभ्यासद्वारा संपूर्ण नीति निर्णयमा उनीहरूको सहभागिता सुनिश्चित गर्दै उनीहरुको भाग्यको र सत्ताको मालिक उनीहरूलाई नै बनाउने ! यही नै थियो- दमनकारी राज्यको आवश्यकता नै खत्तम गर्दै साम्यवादतर्फ अघि बढ्ने साम्यवादी कार्यदिशा ।

तर व्यवहारमा यस्तो गर्ने प्रक्रिया कतै कतै शुरु मात्र गरियो तर जारी राखिएन, कतै शुरु नै गरिएन । सत्ता संबन्धी यान्त्रिक र नोकरशाही चिन्तनले गर्दा यसको लागि अगुवाई गर्ने पार्टी आफैले आफूलाई नोकरशाही सत्ताको रुपमा विकास गर्‍यो । नेतृत्वलाई नियन्त्रित गर्ने र नेतृत्वसित खुलेआम विचार द्वन्द गर्ने र विचारधारात्मक र सांस्कृतिक संघर्ष गर्ने संयन्त्र र जनवादी प्रक्रियाको विकास गरिएन । न्यून चेतनास्तर हुनुको कारणले नोकरशाही सत्तालाई आलोचना गर्ने र नियन्त्रित गर्ने आलोचक जनसमुदाय तल भइदिएन । फलस्वरुप, श्रमिक वर्गको अगुवा- पार्टी आफै एउटा आम श्रमिक जनसमुदायबाट कटेको, श्रमिक वर्गकै लागि तानाशाही र नोकरशाही सत्ताका रुपमा परिणत भयो । नीति निर्णयको सारा अधिकार श्रमिक जनताको नाममा नोकरशाशी नेतृत्वले आफैंमा थुपार्‍यो । श्रमिक जनताले राज्यबाट सुविधा र सहुलियत त निकै प्राप्त गरे, कुनै पूँजीवादी राज्यभन्दा धेरै बेसी, तर श्रमिक जनताले आफ्नो भाग्यको निर्णयमा र सत्तामा आफ्नो कुनै सहभागिता नै महसूस गरेनन् । उनीहरूले आफूलाई शक्ति संपन्न नै महशूस गरेनन् । नोकरशाही सत्ताबाट वाक्कदिक्क भएका यिनै जनताले यसको प्रतिक्रियास्वरुप अति जनवादको पूँजीवादी बाटो रोजे । यसरी पूँजीवादले लाख आक्रमणबाट ढाल्न नसकेको श्रमिक वर्गको राज्य आफै, सजिलै, शान्तिपूर्वक ढल्यो ।

चौथो, लगातार विचारधारात्मक संघर्षको अभावमा समाजवादले सामना गरेका नयाँ समस्याहरु, नयाँ विश्व परिस्थिति र ज्ञान विज्ञानको विकासको परिप्रेक्ष्यमा साम्यवादी विचारधारालाई युगानुकूल विकास गर्ने कार्य पनि हुन सकेन । फलस्वरुप, नयाँ समस्या र चुनौतिहरूलाई दिग्दर्शन गर्ने उँचाइमा साम्यवादी विचारधारालाई उठाउने काम उत्तिकै रहयो । उल्टो, गोर्वाचोभ र देङ शियाओ पिङहरूले साम्यवादी बाटोबाट पैदा भएका समस्या र चुनौतिहरूलाई पूँजीवादी बाटोबाट हल गर्ने प्रयत्न गरे ।

यसरी, हामीले देख्यौं- श्रमिक वर्गीय आन्दोलनको नेतृत्वका दोष र कमजोरीका कारणले नै समाजादी सत्ता ढलेको थियो । श्रमिक वर्गको नेतृत्व आफैंमा निरन्तर द्वन्दात्मक विचारधारात्मक संघर्षप्रति र सर्वहारा जनवादको अभ्यासप्रति उपेक्षा र उदासिनता, अद्वन्दवादी अवस्तुवादी यान्त्रिक चिन्तन प्रक्रिया, क्रान्तिलाई निरन्तर विचारधारा र संस्कृतिको क्षेत्रमा विस्तार गर्ने सवालमा उपेक्षा, र श्रमिक जनसमुदायलाई शक्तिकरण र सर्वाधिकार संपन्न गर्ने मामलामा अप्रतिबद्धता- यिनै दोष र कमजोरीको कुल योगले श्रमिक वर्गको राज्य ढलेको थियो । छोटोमा सरलीकृत गर्ने हो भने- श्रमिक वर्गको प्रभुसत्ताप्रति, श्रमिकवर्गले विश्व दृष्टिकोण, विचारधारा र संस्कृतिप्रति र त्यसको विकासप्रति श्रमिक वर्गकै नेतृत्वको अप्रतिबद्धता नै सारा समस्याको जरो थियो । आफ्नै कमजोरीको कारणले भएको असफलता ती कमजोरीमाथि विजय प्राप्त गरेपछि सफलतामा बदल्न सकिन्छ । हारेको सेनाले आफ्नो कमजोरी हटाएपछि फेरि जित्ने पूरापूर संभावना हुन्छ । हामीले केही मोर्चाहरूमा गौरवसाथ जितेका थियौं । हाम्रै कमजोरीले अहिले फेरि हार्‍यौं । यो कुनै निराश हताश हुनु पर्ने विषय होइन । हामी आफ्ना दोष र कमजोरीहरू सही तवरले ठेगान गरेर तिनलाई हटाउन सक्छौं कि सक्दैनौं ? मूख्य सवाल यो हो । यो सक्छौं भने यो हार क्षणिक मात्र हुनेछ । फेरि अर्को जितले हामीलाई स्वागत गर्न प्रतिक्षा गरिरहेको हुनेछ । हामीले उल्लिखित कमजोरीलाई हटाउनु पर्छ, दुनियाँमा कुनै तागत हुने छैन, जसले हाम्रो विजयलाई छेक्न सकोस् ।

जहाँसम्म ट्रेड युनियन आन्दोलनको सवाल छ, यसमा दुई अतिले ग्रस्त गरिरहेको देखिन्छ । सोभियत संघ र पूर्वी यूरापको पराजयबाट हामीले केही महँगा पाठहरू सिक्नु

## ट्रेड यूनियन आन्दोलन दुई "अति" ले ग्रस्त छ

*परेको छ ।*

*पहिलो कुरा त, हामीले क्रान्तिलाई खालि आर्थिक र राजनीतिक ढाँचा कब्जा गर्नेसम्म मात्र सीमित गर्ने यान्त्रिक सोचलाई बिदा दिनु जरुरी छ । क्रान्तिलाई लगातार मानसिक ढाँचाको आमूल परिवर्तनसम्म विस्तार गरिनु पर्छ । किनकि, विचारधारा र संस्कृतिको क्षेत्रमा अविराम क्रान्ति नभई कुनै पनि आर्थिक र राजनीतिक क्रान्ति दीगो हुन सक्दैन । र, समाजमा क्रान्ति घटित गर्न अगुवाइ गर्ने श्रमिक वर्गका अगुवाहरूले पहिले आफ्नो जीवनमा र मानसिकतामा नै क्रान्ति घटित गर्नु पर्छ नत्र नेतृत्व नै प्रतिक्रान्तिको स्रोत हुनेछ ।*

*दोश्रो, नेतृत्व र कार्यकर्ता तथा नेतृत्व र आम जनताबीचको अद्वन्दात्मक अन्धतापूर्ण सम्बन्ध र यान्त्रिक केन्द्रियतालाई बिदा दिनु जरुरी छ । लगातार बेरोकटोक र खुलेआम विचारधारात्मक संघर्ष, नेतृत्व गर्ने र गरिइनेबीच द्वन्दात्मक र जनवादी सम्बन्ध, आलोचनात्मक सहभागिता या सर्वहारा जनवादका जगमा उनिएको केन्द्रियता नै सबै प्रकारको नोकरशाही केन्द्रियताको हल हो । दरो एकता र अनुशासनको, विचारधारा र संस्कृतिको विकासको मूल उपाय पनि यही हो ।*

*तेश्रो, श्रमिक वर्ग जति वर्ग- सचेत र विवेकशील बन्छन् र नीति निर्णयमा सहभागी हुन्छन् उति उनीहरू शक्ति संपन्न बन्छन् । जति उनीहरू चेतना र विवेकको उँचाइको आधारमा शक्ति सम्पन्न बन्छन्, उति साम्यवाद मजबूत बन्छ । त्यसैले, हाम्रो संपूर्ण शिक्षा र कामको दिशा यो हुनु पर्छ । श्रमिक वर्गको नाममा कुनै कृपालु नेता, जत्था वा पार्टी मात्र शक्ति संपन्न र नियन्त्रणविहीन हुने प्रक्रियालाई बिदा गर्नु पर्छ । आलोचनात्मक कार्यकर्ता र जनताबिनाको नियन्त्रणहीन नेतृत्व नै नोकरशाहीतन्त्रको मुख्य मुहान हो ।*

*एउटा अति हो- खालि सानातिना आर्थिक लाभका लागि संघर्ष गर्ने कुरामा मात्र प्राथमिकता दिने चिन्तन ।*

*अर्को अति हो, खाली सुदूर भविष्यको क्रान्तिकारी कार्यक्रमलाई मात्र जोड दिने दृष्टिकोण, जसको श्रमिक वर्गको तात्कालीन समस्या र चेतना स्तरसित कुनै तादाम्यता हुँदैन ।*

*पहिलो अति अहिले संसारमा बेसी हावी छ । यस अतिले श्रमिक आन्दोलनमा अर्थवाद जन्माईरहेछ र अन्ततः पूँजीपति वर्गलाई मात्र फाइदा पुर्‍याईरहेछ । दोश्रो अतिले श्रमिक आन्दोलनको नेतृत्वलाई आम श्रमिक जनसमुदायबाट अलग्याईरहेछ, किनभने उनीहरू यसबाट आफ्नो वर्तमान जटील समस्याको कुनै समाधान हुने देख्दैनन् ।*

*सही बाटो यी दुईबीचको द्वन्दात्मक संश्लेषण हो । अर्थात, श्रमिक आन्दोलनको शुरुवात हमेशा आम श्रमिकहरूको वर्तमान चेतनास्तर र उनीहरूले बोध गरेको वर्तमान समस्याबाटै गरिनु पर्छ । तर श्रमिक आन्दोलनको नेतृत्वले हमेशा शिक्षा र संघर्षको समीक्षाद्वारा श्रमिक जनसमुदायको वर्तमान विचारधारात्मक र सांस्कृतिक स्तरलाई माथिल्लो स्तरमा उठाउनका लागि प्रयत्न र मद्दत जारीराख्नु पर्छ, अरु बढी प्रगतिशील र उन्नत माग राख्ने स्तरमा उठाउन संघर्ष गरिरहनु पर्छ । द्वन्दात्मक संश्लेषण भन्नुको तात्पर्य यही हो ।*

*यी दुबै अतिबाट श्रमिक आन्दोलन मुक्त हुने दिशामा सजग भइरहनु पर्छ र यी दुबैबीच द्वन्दात्मक संश्लेषण गरी नै रहनु पर्छ ।*

*अन्तमा, यस महत्वपूर्ण अन्तर्राष्ट्रिय जमघट समक्ष म केही प्रस्तावहरू राख्न चाहन्छु । आशा छ यस जमघटले यसमाथि ध्यान दिनेछ ।*

*एक, विश्वका प्रत्येक देशका श्रमिक वर्गीय आन्दोलनहरू विश्वव्यापी रुपमा एकताबद्ध भएका मात्र साम्राज्यवादको सामना गर्न सक्छन् । त्यसैले साम्राज्यवाद उनीहरूको व्यापकतम अन्तर्राष्ट्रिय संयुक्त मोर्चा निर्माण निम्ति एउटा अन्तर्राष्ट्रिय जमघटको आयोजना गरिनु पर्छ ।*

*अत्यन्त बैज्ञानिक विचारधाराबाट लैश नभईकन, विश्वमा भएको ज्ञान विज्ञानको विकासबाट बेखबर रहेर पूँजीपति वर्गलाई विचारधारात्मक रुपले परास्त गर्न सकिन्न । त्यसैले आफ्नो विचारधारालाई अत्याधुनिक पार्न र पारिएन ज्ञान विज्ञानका पछिल्ला उपलब्धिहरूको संश्लेषण गर्ने प्रक्रिया विश्वका श्रमिक वर्गीय पार्टीहरूले संयुक्त रुपमा थाल्नु पर्छ ।*

*श्रमिक वर्गलाई जरैदेखि ध्वस्त र भ्रष्ट पार्न साम्राज्यवादीहरूले विकास गरिरहेको विश्वव्यापकी संचारयन्त्रको जालोको श्रमिक वर्गका पार्टीहरूले डटेर सामना गर्न सक्नु पर्छ । यसको सामना गर्न श्रमिक वर्गका पार्टीहरूले पनि आ-आफ्नो मुलुकमा र विश्व स्तरमा प्रभावकारी संचार यन्त्रको विकासमा ध्यान दिन थाल्नु पर्छ ।*

*श्रमिक वर्गको राज्यलाई पृथ्वीमा कतै रहनै नदिने साम्राज्यवादी अठोट अनुसार अहिले अनेकौं बहानामा उत्तर कोरिया र क्यूबालाई साम्राज्यवादीहरूले अमेरिकी साम्राज्यवादको नेतृत्वमा चारैतिरबाट घेर्न, एक्ल्याउन र अन्ततः आक्रमण गरेरै खत्तम पार्न षडयन्त्र थालिरहेछन् । यो साम्राज्यवादी षडयन्त्रको डटेर विरोध गरिनु पर्छ । संपूर्ण मतभिन्नताका बाबजूद हर संभव तरीकाले उत्तर कोरिया र क्यूवाको साम्राज्यवाद विरोधी संघर्षमा हामीले ऐक्यवद्धता जाहेर गर्नु पर्छ, सघाउनु पर्छ ।*

*धन्यवाद !*

*लण्डन, डर्निल हल*
*अप्रिल ३०,१९९४*

# के चीनमा पनि गरीबहरू छन् ?

**— दीपक बैद्य**

**चीनका मौलाइरहेका शहरहरू भन्दा धेरै पर र भित्र उपेक्षित भएर छट्पटि्रहेका असंख्य गाउँहरू, जहाँ गरीब किसान परिवारहरू दुर्दशाग्रस्त भएर बाँचिरहेछन् ।**

### तेश्रो ठूलो आर्थिक शक्ति

चीन अहिले विश्वको तेश्रो ठूलो आर्थिक शक्ति भएको छ । अमेरिका र जापान मात्र आर्थिक रूपले चीन भन्दा अघि छन् । अझ कुल घरेलु उत्पादनको हिसाबले त यो अमेरिका पछिको माहिलो ठूलो आर्थिक शक्ति भएको छ । ताजा तथ्यांक अनुसार क्रय शक्तिको तुलनाको आधारमा अमेरिकाको कुल घरेलु उत्पादन ५,७९६ अरब अमेरिकी डलर छ । चीनको २,८५५ अरब अमेरिकी डलर छ, जापानको २,४५३ अरब अमेरिकी डलर (हेर्नुहोस् Asiaweek, May 11,1994) यस हिसावले त चीनले जापानलाई पनि कुल घरेलु उत्पादनमा उछिनीसकेको देखिन्छ ।

यसको घरेलु उत्पादन बृद्धि दर गएको वर्ष १३.४ प्रतिशत रह्यो । यो संसारमा नै सबैभन्दा बेसी उत्पादन बृद्धि दर मध्ये एक हो । बृद्धि दर अति उच्च भएकाले समस्या पैदा भएर उल्टो यसलाई यसवर्ष ९ प्रतिशतमा झार्ने निर्णय चीनले गर्नु परेको छ । यो एउटा अचम्मलाग्दो परिघटना हो ।

### चीनमा गरीबहरू

तथापि यो आर्थिक प्रगति चीनको तस्वीरको एउटा पाटो मात्र हो । सिक्काको अर्को पाटो पनि भए जस्तै चीनको वर्तमानको अर्को पाटो पनि छ । त्यो त्यति रैगीन छैन, जति वाहिरबाट आर्थिक प्रगति रैगीन देखिन्छ । त्यो पाटो हो- चीनका मौलाइरहेका शहरहरू भन्दा धेरै पर र भित्र उपेक्षित भएर छट्पटि्रहेका असंख्य गाउँहरू, जहाँ गरीब किसान परिवारहरू दुर्दशाग्रस्त भएर बाँचिरहेछन् । चीनको सरकारी आंकडा अनुसार त्यस्ता गरीबहरू अहिले चीनमा आठ करोड नाघेका छन् ।

चीनमा शहरहरू हल्हल्ती फस्टाईरहेछन् । तर ९० करोड जनसंख्याले बसोवास गर्ने चीनका गाउँहरू शहरको तुलनामा निकै उपेक्षित भएका छन् । शहरको प्रतिव्यक्ति आम्दानी (१९९३मा) २३३७ युआन् छ । तर गाउँले क्षेत्रमा बस्नेहरूको आम्दानी त्यसको आधी पनि छैन । त्यो फगत ९२१ युआन छ । प्रतिव्यक्ति आम्दानीको बृद्धिदर पनि गाउँलेको भन्दा शहरवासीको तीन गुना भन्दा पनि बेसी छ । गाउँलेको आम्दानी बृद्धि दर फगत ३.२ प्रतिशत छ । तर शहरवासीहरूको १०.२ प्रतिशत रहेको छ ।

हामी अहिले जो गरीबको कुरा गर्दैछौं, तिनीहरू यिनै उपेक्षित ग्रामीण इलाकाहरूमा बस्ने किसानहरू हुन् । यो थाहा पाउँदा अझ आश्चर्य लाग्ला-गरीबहरू बिशेषतः त्यहाँ छन्, जहाँ पहिले क्रान्तिअघि क्रान्तिकारी आधार क्षेत्र रहेका थिए । खास गरी लोइस पठार क्षेत्र, मरूभूमि क्षेत्र, चट्टानी क्षेत्र र पर्वतीय क्षेत्रमा यी गरीबहरू गुच्मुच्च भएर घना वस्तीहरूमा अभावको जिन्दगी बाँचिर हेछन् । यिनीहरूको आम्दानी प्रतिव्यक्ति ३०० युआन् भन्दा पनि कम छ । त्यतिले अहिलेको महँगीमा चीनमा दुई छाक राम्ररी खान पनि पुग्दैन, लुगाफाटो र अरू कुरा त टाढैको कुरा रह्यो ।

अझ आठ करोडको यो संख्या त खानै लाउनै नपुग्ने गरीवहरूको मात्र हो । खान लाउन मुश्किलले पुग्ने, तर अरू थोक केही गर्न नभ्याउने गरीवहरू त यो भन्दा धेरै बढी संख्यामा त्यहाँ रहेका छन् । चीनका गाउँहरूमा ठ्याम्मै केही रोजगारी नभएका जगेडा श्रमिकहरू नै १० करोड छन् । र, प्रत्येक वर्ष १ करोड ३० लाखका दरले ग्रामीण बेरोजगारहरू वेरोजगारहरूको हूलमा थपिने गर्छन् । यी सबै चीनका गरीवहरू हुन्, जो संख्यामा लगातार बढिरहेछन् । घट्ने कुनै छाँटकाँट नै देखिन्न ।

### कारणहरू

चीनको ८० प्रतिशत जनसंख्या अझै पनि किसान नै छ । कुल १ अरब १९ करोड जनसंख्या मध्ये ५० करोड चीनियाँहरू अझै पनि प्रत्यक्ष रूपमा खेतीपातीकै आधारमा जिउँछन् । १९५० को दशकमा खेतीमा समाजवादीकरण गरिएपछि चीनका गाउँहरूमा वेरोजगारी खत्तम गरिएको थियो । कम्युन व्यवस्थाले गाउँबाट बेरोजगारी र चरम गरीविलाई बिरालोले मूसा लखेटे झैं लखेटेको थियो । खाने, लाउने, बस्ने, शिक्षाप्राप्त गर्ने, स्वास्थ्य उपचार गर्ने र रोजगारी प्राप्त गर्ने जस्ता



चीनको गाउँ- चेन्जियासानका स्कूलमा भर्ना हुन नसकेका चीनियाँ बच्चाहरू

मानिसका आधारभूत आवश्यकताहरू हल गरिएका थिए । १९७० को दशकमा पुग्दा चीन खान लाउनै नपुग्नेहरूको चरम गरीबिबाट मुक्त देश भएको थियो, यो वेरोजगारीबाट मुक्त देश भएको थियो । शहर र गाउँको भेद पनि त्यतिखेर कम गर्दै लगिएको थियो ।

वर्तमान चरम गरीबिको शुरूआत ८० को दशकमा भएको थियो । चीनिया नेता देङ शियाओ पिङको "पहिले केहीलाई धनी बन्न देऊ" भन्ने नाराले नै यसको शुरूआत गरेको थियो । गाउँहरूमा योजनाबद्ध समाजवादी कम्युन उत्पादन प्रणाली खतम गर्दै लगेर व्यक्तिगत उत्तर -दायित्वमा आधारित पूँजीवादी उत्पादन प्रणाली लागु गरेपछि नै गाउँहरूमा एकथरी मानिसहरू साह्रै धनी हुने र अर्काथरी साह्रै गरीब हुने प्रक्रिया शुरू भएको थियो । यसैबाट ग्रामीण बेरोजगारीको समस्या पनि पैदा भएको थियो ।

मुख्य कुरा के भने- चिनियाँ नेतृत्वले १९८० को दशकदेखि उत्पादन बढाउने कुरामा खूबै ध्यान दियो । तर सामाजिक न्याय र समता बढाउँदै लैजाने साम्यवादी बाटो चाहिं छोड्यो । नतीजा के भयो भने, उत्पादन त चीनमा निकै बढ्यो, तर गाउँ र शहरबीच जुन भेद क्रमशः कम गर्दै लगिएको थियो, त्यो साम्यवादी प्रक्रिया छोडियो । मजदूर, बुद्धिजीवी र किसानबीच जुन भेद खत्तम गर्दै लगिएको थियो, त्यो साम्यवादी कार्य दिशा पनि छोडियो । अर्थतन्त्रमा प्राथमिकता शहरले र उद्योगले पाउन थाल्यो । गाउँले क्षेत्र र कृषि क्षेत्र त्यसको तुलनामा निकै उपेक्षित हुन पुगे ।

अहिलेको गाउँको चरम गरीवि र वेरोजगारी त्यसकै परिणाम मात्र हो ।

यसरी बढेको गरीबिलाई चीनको बजार अर्थतन्त्रले ल्याएको चर्को महंगीले अरू तीव्र गतिमा बढाउने काम गऱ्यो । पोहोर साल त्यहाँ महँगी बृद्धि दर १२ प्रतिशत थियो । यस वर्षको त्रैमासिकमा त्यो २०.१ प्रतिशत पुगेको छ । जुन कुरा १९८८ मा १०० युआनले किन्न सकिन्थ्यो, त्यसलाई अहिले १४७.४ युआन तिरेर पनि किन्न नपाइने भएको छ । यो महँगीले गरीबहरूलाई अरू चाडै थप गरीब बनाउने काम गऱ्यो ।

यसरी चीनको वर्तमान चरम गरीबि चीनको वर्तमान बजा र अर्थतन्त्रको बाटोले जन्माएको समस्या हो । यो पहिले केहीलाई धनी बन्न दिने प्रक्रियामा पैदा भएको आम गरीवि हो । पूँजीवादी विश्वले खूबै मन पराएको देङको यो नाराको मर्म मुताविक चीनमा केही शहर र शहर वासीहरू धनी त भए, तर असंख्य गाउँहरू र गाउँलेहरू भने गरीबिको दुष्चक्रमा फसे ।

## गरीबि बिरोधी अभियान

किसानहरूको आम गरीवि पोहोरदेखि ठाउँ ठाउँमा संगठित किसान विद्रोहको रूपमा विष्फोट हुन थालेपछि चीनियाँ सरकारले गरीवि हटाउने एउटा सात वर्षे कार्यक्रमको घोषणा गरेको छ ।

यो कार्यक्रम अन्तर्गत सन् २००० सम्ममा गरीव किसानहरूको प्रतिव्यक्ति आय ३०० युआनबाट ५०० युआन पुऱ्याइने लक्ष्य छ । त्यतिञ्जेलमा गरीवहरूको कमभन्दा कम खाना र लुगाफाटोको समस्या हल गर्ने निधो गरिएको छ । गरीबहरूको वस्तिमा खानेपानी, सडक, विजुली, अनिवार्य प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्य राखिएको छ । प्रत्येकलाई एउटा न एउटा व्यावहारिक र व्यावसायिक विषयको शिक्षा दिने योजना गरिएको छ ।

राज्यले प्रत्येक वर्ष साँढे चार अरब युआनको धनराशी गरीबि उन्मूलन र गरीवहरूको निम्ति ऋण सापटीका लागि छुट्याएको छ । अहिले भर्खरै सरकारले अर्को १ अरब युआन यसमा थप्ने र थप १ अरब युआन सस्तो ब्याज दरमा ऋण सापटीका लागि प्रदान गर्ने पनि घोषणा गरेको छ । गरीब र बेरोजगार जनताले श्रमदान गर्ने र राज्यले त्यसको बदलामा दैनिक आवश्यकताका बस्तुहरू, खेतीको र निर्माणको लागि जरूरी बस्तुहरू दिने आधारमा श्रममा आधारित राहत कार्यक्रमको पनि थालनी गरिएको छ । यस आधारमा त्यहाँ हालसम्मा ६८ हजार कि.मि. सडक र ७,८५५ पुलहरू बनाई पनि सकिएका छन् । यसबाट १८ वटा गरीविग्रस्त क्षेत्रमा बाटो पुगेको छ ।

यी कदमहरू कुनै पनि पूर्ण पूँजीवादी पश्चिमेली मुलुकहरुको कार्यक्रमको तुलनामा निक्कै राम्रा छन् । यी कार्यक्रमले चीनका गरीबहरूलाई केही राहत अवश्य दिनेछन् । स्थितिमा केही सुधार अवश्यै हुनेछ ।

तर यसबाट लक्ष्य मुताविक के गरीबिको उन्मूलन हुनेछ ? के धनी-गरीबी बीचको बढ्दो खाडल यसबाट पुर्ने प्रक्रिया शुरू हुनेछ ?

कार्यक्रमको लक्ष्य सात वर्ष भित्रमा प्रतिव्यक्ति आय रू. ३०० बाट ५०० युआन पुऱ्याउने रहेको छ । एक छिन मानौं, यो लक्ष्य पूरापूर हासिल भयो । तर खुला बजार अर्थतन्त्रका कारणले जुन दरमा वर्षको १३ देखि २० प्रतिशतका दरले महँगी बढ्दैछ, त्यो कायमै रहने हो भने, आय ५०० युआन त हुनेछ, तर त्यतिखेरको ५०० युआनले अहिलेको ३०० युआनले किन्ने सामानको आधी सामान पनि किन्न सक्ने छैन । अनि त्यो ५०० युआनको आय हुँदैमा चीनमा गरीबि झन वेसी बढेको हुनेछ कि घटेको ?

अहिले चीनमा श्रम बजारमा वर्षेनी जति बेरोजगार मानिस थपिंदै छन्, त्यति संख्यामा रोजगारी सिर्जना गर्ने कार्यक्रम छैन । त्यसमाथि थप, उद्योगहरुबाट मजदूरहरू निस्काशन गर्ने छुट पूँजीपतिहरूलाई दिइनाले बेरोजगार को संख्या झन् बढ्दैछ । पुराना १० करोड ग्रामीण बेरोजगार त अझै छुट्टै छँदैछन् । यो प्रक्रिया यसरी बढ्दै जाने हो भने बेरोजगारहरूको समस्या चीनमा निकै विकराल हुने निश्चित छ । यो स्थितिमा चीनमा गरीबिको समस्या कसरी उन्मूलन होला ?

केहीलाई पहिले धनी बन्न दिने नीति चीनमा अहिले पनि कायम छ । धनी र गरीबको वीच, शहर र गाउँको बीच तथा किसान, बुद्धिजीबि र मजदूर बीचको जुन खाडल चीनमा विद्यमान छ, त्यो झन् झन गहिऱ्याउँदै लगिएको छ । त्यसलाई कम गर्ने दरिलो र योजनाबद्ध क्रान्तिकारी प्रक्रिया वर्तमान नेतृत्वले अघि सारेको छैन । यो स्थितिमा आफ् से आफ्, केही सुधारका कार्यक्रमले त्यो खाडल पुरिनेवाला छैन । त्यो झन् बढ्नेवाला छ । यो बृद्धि हुँदै जाने प्रक्रिया जारी भयो भने गरीवि कसरी उन्मूलन हुनेछ ?

त्यसैले, भन्न सकिन्छ- अहिलेका सुधारका कार्यक्रमले चीनमा गरीबिको स्थितिमा केही सुधार हुनेछ । तर गरीबि उन्मूलन हुनेछैन । यो अरू बढ्नेछ । ३ वटा प्वालबाट पानी आउने, ६ वटा प्वालबाट पानी जाने भयो भने के खेतमा पानी बढ्ने आशा गर्न सकिन्छ ? खेतमा पानी भरिन त ६ वटा प्वाल नै पहिले थुन्नु पऱ्यो । चीनमा गरीबि उन्मूलन हुन पनि गरीबिको मूल मुहान नै पहिले थुन्न जरूरी छ, जसको चर्चा हामीले माथि गरिसकेका छौं ।

चीन अहिले पनि मूलतः साम्राज्यवाद विरोधी खेमाको देश हो । चीनले बाटो विराउनु र चीन संकटग्रस्त हुनु साम्राज्यवादीहरूको हितको कुरा हो । विश्वका श्रमिक वर्गलाई यसबाट अहित मात्रै छ, कुनै फाइदा छैन । त्यसैले वर्तमान गरीबिको समस्याको हकमा पनि हामीले "खुच्चिङ" गर्ने हैन, चिनियाँ नेतृत्वलाई आलोचनात्मक रूपले सजग पार्ने भूमिका खेल्नु जरूरी छ । साम्यवादी बाटो छोड्नाले नै वर्तमान गरीबिको आम समस्या पैदा भएको हो । त्यसैले गरीबि निवारण गर्न वर्तमान सुधारका कदमहरू मात्र पर्याप्त छैनन्, मूल बाटोमै आमूल हेरफेर गर्नु जरूरी छ भन्ने कुरा चिनियाँ नेतृत्वलाई हर तरहले संचार गर्नु जरूरी छ । त्यो स्वीकार्नु वा नस्वीकार्नु चाहिं उसको दायित्वको कुरा हो । ❒❒

**वर्तमान चरम गरीबिको शुरूआत ८० को दशकमा भएको थियो । चीनिया नेता देङ शियाओ पिङको "पहिलो केहीलाई धनी बन्न देऊ" भन्ने नाराले नै यसको शुरूआत गरेको थियो ।**



# बामपन्थी सरकार विरोधी प
# नाजी कन्सेन्ट्रेसन




राजेन्द्र महर्जन

**वि**श्व कम्युनिष्ट आन्दोलनमा ल्याटिन अमेरिकी देश चिलीको बामपन्थी आन्दोलनको उत्थान र पतनको कथा निकै चर्चित हुँदै आइरहेको छ ।

चिलीमा पनि इण्डोनेशियामा जस्तै बामपन्थी शक्तिहरूले समाजवादी नेता डा. साल्भाडोर एलेण्डेको नेतृत्वमा समाजवादी एवं कम्युनिष्टहरूको संयुक्त मोर्चा- पपुलर यूनिटी- निर्माण गरी संसदीय चुनाव जितेर उनीहरू पूँजीवादी सत्तामा आसीन भएका थिए । सत्तासीन बापमन्थी शक्तिहरूले बनीबनाउ पूँजीवादी सत्तामार्फत् नै जनपक्षीय कामहरू गरेर समाजवाद स्थापना गर्ने उद्देश्य सिद्धि गर्न खोजेका थिएँ । उनीहरूले पूँजीवादी संविधान, सेना, प्रहरी, प्रशासन, अड्डा अदालतले युक्त पूँजीवादी सत्तालाई पूँजीवादी शक्तिहरूकै शोषण, शासनको विरुद्ध प्रयोग गर्ने दावी गरेका थिए । उनीहरूले बहुदलीय चुनावद्वारा त्यही सत्तामा कब्जा जमाएर श्रमिक, किसान र सम्पूर्ण शोषित-उत्पीडित जनताको पक्षमा क्रान्तिकारी र सुधारवादी कामकारवाहीहरू थालेका थिए ।

पूँजीवादी संसदीय चुनाव जितेर शान्तिपूर्ण ढंगले, बिना सशस्त्र क्रान्ति नै समाजवादतिर जाने चिलीका बामपन्थी शक्तिहरूको यस नौलो कार्यदिशा मूलतः सोभियत नेता खुश्चोभको प्रस्थापनाअनुसार नै कृयान्वित भएको देखिन्छ । सोभियत नेता खुश्चोभले सोभियत संघको कम्युनिष्ट पार्टी (CPSU) को बीसौं कांग्रेसमा समाजवादी क्रान्ति कसरी गर्न संभव छ भन्ने सवालमा एउटा नयाँ विचारोत्तेजक प्रस्थापना प्रस्तुत गरेका थिए । त्यस प्रस्थापनाअनुसार बदलिएको "अन्तर्राष्ट्रिय परिस्थितिमा पूँजीवादी देशहरूमा शान्तिपूर्ण तरीकाले समाजवादी क्रान्ति गर्न सकिने संभावना सामान्य रुपमा विद्यमान छ ।"

यस प्रस्थापनालाई इण्डोनेशियामा जस्तै चिलीमा पनि व्यवहारमा अनुवाद गर्न खोज्दा कति सफलता प्राप्त भयो त ?

चिलीको व्यवहारिक अनुभव के छ भने वामपन्थी शक्तिहरूले सशस्त्र जनसंघर्षबाट मात्रै होइन, पूँजीवादी संसदीय चुनावमार्फत शान्तिपूर्ण ढंगले पनि सत्तामा आसीन हुन संभव थियो, विभिन्न पार्टीमा विभाजित बामपन्थी समूहहरूको वृहद् संयुक्त बाममोर्चा निर्माण गरी चुनावद्वारा पूँजीवादी सत्तामा आसीन भई केही जनपक्षीय कामहरू गरेर देखाएको पनि थियो ।

तर ती जनपक्षीय, सुधारवादी र क्रान्तिकारी कामहरू पनि साम्राज्यवादी शक्तिहरूको नाइके-अमेरिकी साम्राज्यवादलाई पचेन । त्यसैले अमेरिकी साम्राज्यवादले चिली र चिलीवासीलाई शोषण गरिरहेका आफ्ना बैंकहरू, बहुराष्ट्रिय कम्पनीहरू, एकाधिकार पूँजीपतिहरूको सकृय सहयोग लिई सी.आई.ए., ह्वाइट हाउस,

*वामपन्थीहरु चुनावमा बहुमत ल्याई विजयी भएर सत्तामा गए । साल्भाडोर एलेण्डे देशका राष्ट्रपति भए । यस वाम-सरकारले थुप्रै जनपक्षीय कामहरु गर्न थाल्यो । यो कामबाट देशभित्रको र देशवाहिरको लुटाहा वर्गलाई छटपटी हुन थाल्यो । आखिर उनीहरुले सैनिक विद्रोहको षडयन्त्र गरी त्यस वाम-सरकारलाई अपदस्त गरे । वाम-राष्ट्रपति एलेण्डेलाई मारे । हज्जारौं कार्यकर्ता र हज्जारौं जनता मारिए, थुनिए । "प्रजातन्त्र" को दुहाइ दिने पूँजीवादीहरुको यसरी आफनो घिनलाग्दो पाखण्डी अनुहार देखाए । चिलीको यो विश्व चर्चित घटनाका बारेमा हामीले गत दुई अंकहरुमा विस्तृत प्रकाश पारिसकेका छौं । वाम-सरकारलाई यसरी हटाएर चिलीको प्रतिकृयावादी वर्ग र अमेरिकी साम्राज्यवादले त्यस वाम सरकारले गरेका जनपक्षीय कामहरुलाई पनि कसरी पुनः शोषक वर्गकै पक्षमा लगे भन्ने कुरा र सैनिक षडयन्त्रको यो घटना पछि चिलीको वाम-आन्दोलनको स्थिति कस्तो हुन पुग्यो भन्ने कुराको साथै चिलीबाट हामीले सिक्नु पर्ने पाठ वारे पनि हामी यस अंकमा सामग्री प्रस्तुत गरेका छौं !*

*चिलीको यस घटनाबाट सिक्नु पर्ने पाठहरुलाई नेपाली वाम-आन्दोलनले पनि गंभीर रुपले लिनुपर्छ भन्ने हामीलाई लाग्छ । किनभने, नेपालमा पनि वामपन्थीहरु चुनाव जिती सत्तामा पुग्ने संभावना प्रवल वनेको छ । यस पाठका वारे व्यापक अन्तर्क्रिया र खोज हुनु जरुरी छ ।*



अमेरिकी साम्राज्यवादको नीति निर्देशनमा सफल सैनिक विद्रोह गर्ने तानाशाह जनरल अगस्टो पिनोचेट

**यसरी अमेरिकी साम्राज्यवादको स्वार्थ पूरा भयो !**

# चिलीको वामपन्थी आन्दोलनको उत्थान

# फाशिष्ट सैनिक विद्रोहपछि क्याम्पमा परिणत !



पेण्टागन र विदेश विभाग मार्फत् एलेण्डेको पपुलर यूनिटीको बामपन्थी सरकार विरुद्ध फाशिष्ट सैनिक विद्रोहे गरेको थियो । त्यसले जननिर्वाचित वापमन्थी राष्ट्रपति डा. साल्भाडोर एलेण्डेलगायत २५ हजारभन्दा बढी चिलीका जनताको ज्यान लिएको थियो । हजारौ. हजारलाई जेल, नेल, यातना न कठोर निर्वासनको सजाय दिएको थियो ।

अमेरिकी सामाज्यवादद्वारा जननिर्वाचित बामपन्थी सरकारलाई सैनिक बुटले कुल्चेर त्यहाँ स्थापित गरिएको फाशिष्ट तानाशाह जनरल अगस्टो पिनोचेटको सरकारले गरेको दमन, यातना र हत्याको विवरण अहिले सुन्दा मात्र पनि मुटुको ढुकढुकी नै बन्द होला जस्तो हुन्छ ।

सान्टियागोका वस्तीहरूमा राति कसैले ढोका ढकढक्यायो कि लौ "यमराज आयो" भन्ने निश्चित थियो । यस नरसंहारमा परी मारिएकाहरूमा बामपन्थी सरकारका विदेशमन्त्री क्लोडोमिरो अल्मेइदा, अन्य एक मन्त्री तथा योंग कम्युनिष्ट लिगका केन्द्रीय सदस्य जोसे तोहा, सान मिक्वेल शहरका मेयर, चिलीका राष्ट्रिय टेलिभिजन सेवाका डाइरेक्टर, जनप्रिय लोक गायक भिकटोर जारा उल्लेखनीय छन् । तिनीहरूलाई मनपरी सजाय सुनाइनासाथ गोली हानी हत्या गरिएको थियो । यो नरसंहार हेर्न नसकेर विश्व प्रख्यात कवि एवं चिलीको कम्युनिष्ट पार्टीका केन्द्रीय नेता पाब्लो नेरुदाको दर्दनाक मृत्यु भयो ।

## नव नाजीहरूको कन्सेन्ट्रेशन क्याम्प

*"चिलीको इतिहासमा यो जत्ति क्रुर शासन पहिले कहिल्यै भएको रेकर्ड छैन, यसले त हाम्रा जनतालाई घोर उत्पीडनको खाडलमा धकेलेको छ ।"*

चिलीको कम्युनिष्ट पार्टीका महासचिव लुइस कोर्भालानको यो भनाइ कति सही थियो भन्ने कुरा अमेरिकी साम्राज्यावादद्वारा स्थापित जनरल पिनोचेटको तानाशाही शासनले चिलीको भूमिमा खडा गरेको लाशको पहाड र प्रशान्त महासागरमा बगाएको रगतको खोलो र लाशहरू तैरिहेको दृष्य देखेर राम्ररी नै अनुमान गर्न सकिन्थ्यो ।

सैनिक विद्रोहका प्रत्यक्षदर्शी- Daily World का पत्रकार प्याट्रिसिया बेल आफ्नो रिहाई पश्चात्को पत्रकार सम्मेलनमा आतंकको राज्यलाई यसरी परिभाषित गर्छन्- *"१ करोड जनसंख्या भएको देशमा २० हजार मानिसलाई अमेरिकाद्वारा उपलब्ध गराइएका हतियारहरूले मृत्युको घाटमा पुऱ्याइसकेका छन् । मृत्युको मुखमा पुऱ्याइने क्रम अझै जारी छ... नयाँ-नयाँ बन्दीहरू, विशेषतः युवाहरूलाई एन्टार्टिका जस्ता सुदूर, चीसो र दक्षिणमा पर्ने कन्सन्ट्रेशन कयाम्पहरूमा पठाइँदैछ ।"*

Observer को रिपोर्टअनुसार, दैनिक रूपमा कम्तीमा ४० देखि ५० जना चिलीवासीको निर्मम हत्या भइरहेको थियो । लाशको संख्या गन्नै सकिन्नथ्यो । सैनिक बुटले कुल्चिएको राजधानी

## बिचारमाथि पनि दमन

वामपन्थी विचारलाई अँगाल्ने शक्तिहरूको हत्याबाट मात्र चैन नपाएको फाशिष्ट तानाशाहहरूले विचारमाथि पनि दमन गर्ने क्रममा नेरुदाको किताब मात्रै होइन, सबैजसो किताबहरू, घर घरबाट, पुस्तकालय, क्याम्पसबाट जफत गरेर सान्टियागोका सडकहरूमा हिटलरी तरीकाले जलाईए । स्कूल, क्याम्पस र विश्वविद्यालय बन्द गरी, विद्यार्थी, कर्मचारी, शिक्षक-प्राध्यापकहरू सबैलाई मार्क्सवादी शिक्षा दिएको निहुँमा मृत्यु, दमन र यातनाको शिकार बनाइयो । वापमन्थी सरकार समर्थक ५०० भन्दा बढी पत्रकारहरू गिरफ्तार गरिए । कैयौंलाई गोलीको निशाना बनाइयो । बामपन्थी पत्रिकाहरु र रेडियो- टेलिभिजन स्टेशनहरूमाथि प्रतिबन्ध लगाइयो ।

वामपन्थीको विरुद्ध अमेरिकी साम्राज्यवादद्वारा चिलीका फाशिष्ट सैनिकहरूमार्फत् चलाइएको यस घृणित दमन- अभियानमा बामपन्थी सरकारसँग सम्बन्धित देखिइने कुनै पनि बस्तु, कुनै पनि व्यक्ति र विचारमाथि निर्मम दमन गरियो । यसै सिलसिलामा आफ्नो बाहेक अन्य सबै पार्टीको राजनीतिक क्रियाकलापमाथि १९७३ को २१ सेप्टेम्बरबाटै बन्देज लगाइयो । बापमन्थी पार्टीहरूमाथि त पार्टी- प्रतिबन्ध नै लगाइयो । यत्तिले नपुगेर, ती फाशिष्टहरूले सान्टियागोस्थित चिलीको कम्युनिष्ट पार्टीको मुख्यालयमाथि गोली र बमवर्षा गरी त्यसलाई ध्वस्त नै पारे !

शान्तिपूर्ण क्रान्तिको परीक्षणले सिकाएका पाठहरू ८

यसैगरी डा. एलेण्डेको निवासस्थानलाई ध्वस्त पारी त्यस ठाउँमा मन्दिर बनाइयो । राजधानीमा स्थापित क्यूवाली क्रान्ति-नायक चे ग्वे भाराको राजधानीस्थित शालिकलाई पनि नष्ट गरियो । त्यसैगरी अन्य बामपन्थी नेता, कार्यकर्ताहरूको घर ध्वस्त गर्ने कार्य गरेर मात्रै ५ हजारभन्दा बढी मानिसको हत्या गरियो ।

रक्तपिपाशु फाशिष्ट-हरूको कालो सूचीमा सबैभन्दा अगाडिको नम्बरमा परेका चिली कम्युनिष्ट पार्टीका महासचिव लुइस कोर्भालानलाई भूमिगत अवस्थामै गिरफ्तार गर्न उनीहरू सफल भए । लुइसलाई पनि पपुलर यूनिटीको सरकारका अन्य १५ जना सदस्यलाई जस्तै टाउकोको मोल राखेर गिरफ्तारी-क्रम चलाइएको थियो । उनलाई पनि गिरफ्तारीपछि अत्यन्त विषम हावापानी भएको निर्जन डाउसन टापुको कन्सेन्ट्रेशन क्याम्पमा कडा कारावासको सजायँ दिइयो । अन्य सहकर्मी र लुइस कोर्भालानको गिरफ्तारीको विरोधमा कडा वक्तव्य जारी गरी चिलीको कम्युनिष्ट पार्टीले उनीहरूको जीउज्यानको र स्वतन्त्रताको रक्षार्थ बुलन्द आवाज उठाउने र सक्दो संघर्ष गर्ने दृढता प्रकट गऱ्यो ।

## जन-प्रतिरोधको श्रृंखला

जसरी अमेरिकी साम्राज्यवादद्वारा निर्देशित जनरल पिनोचेटको फाशिष्ट शासनको दमन, उत्पीडन र नरसंहार बीसौं वर्षसम्म जारी रह्यो, त्यसरी नै फाशिष्ट दमन, उत्पीडन र नरसंहार विरोधी जनप्रतिरोधकों श्रृंखला पनि चिलीमा वर्षौसम्म जारी रह्यो ।

सैनिक विद्रोह गर्नेहरू र त्यसको निर्देशक अमेरिकी साम्राज्यवाद चिलकिो वामपन्थी सरकारको शुरु कालदेखि नै यस विरुद्ध विद्रोह, दमन र नरसंहारको निम्ति जति स्पष्ट तम्तयार र संगठित थियो, त्यति वामपन्थी शक्तिहरू तम्तयार थिएनन् । त्यसैले तुरून्तै फाशिष्टहरूको दमनलाई कडा प्रतिरोध गरी छिचोल्न नै सक्ने अवस्थामा वामपन्थी शक्तिहरू थिएनन् । तर असंगठित नै भए पनि चिलीका जनताले फाशिष्ट दमनको प्रतिरोध भने केही मात्रामा गरे ।

फाशिष्ट दमनका कारणले पनि क्षत-विक्षत नभएको वामपन्थी विचार र वाम-सरकारप्रतिको अपार आस्थाका कारणले जनताले दमनको सशस्त्र र निहत्था दुवै तरीकाले प्रतिरोध गरे । सैनिक विद्रोहको शुरु दिन ११ सेप्टेम्बरदेखि नै जनताले आ-आफ्नो ठाउँबाट, भेट्टिएको

पतनको कथाको तेस्रो र अन्तिम भाग !



१९७३ को त्रासदीको एक दृष्य

हतियारले प्रतिरोध गर्ने क्रममा स्कूल, क्याम्पस, विश्वविद्यालय, कलकारखाना र टोल-टोलबाट फाशिष्ट सैनिकहरूको मुकाबिला गरेका थिए । सान्टियागो टेक्निकल यूनिभर्सिटी एउटैमा मात्रै करीब ९ सय विद्यार्थीहरू सैनिकहरूको प्रतिशोध गर्दागर्दै मारिएको घटनाले चिलीका जनताको प्रतिरोधी भावनालाई राम्ररी उजागर गरेको थियो । त्यसैगरी सुमार, यारुर, क्रिस्टियारिस जस्ता कलकारखानाका मजदूरहरूले पनि लडाकू सैनिकहरूले जस्तो फाशिष्ट सैनिक दमनको प्रतिरोध गर्दागर्दै आफ्नो ज्यान देश र जनताको लागि अर्पण गरेका थिए ।

सैनिकहरूको दमनमुनि पिल्सिएका चिलीका किसान, मजदूर, विद्यार्थी र बौद्धिकहरूले आफ्नो र आफ्ना देशवासीहरूको जीउज्यानको रक्षार्थ डटेर प्रतिरोध गरेकै कारणले जनरल पिनोचेट र अमेरिकी साम्राज्यावादलाई जन-दमन त्यति सजिलो भएन । अतः जनप्रतिरोधको कारण रिसाएर पागल जस्तै भएको पिनोचेटको सरकारले प्रतिरोधी जनतामाथि तोप, बख्तरबन्द सैनिक गाडी, र हवाई आक्रमणसमेत गरेको थियो । विशेषतः पपुलर यूनिटी सरकार र त्यसका घटकहरू समाजवादी र वामपन्थी शक्तिहरूको गढको रूपमा परिचित सण्टियागो शहरका श्रमिक वस्तीहरूमा, औद्योगिक क्षेत्र र शैक्षिक प्रतिष्ठानहरूमा यस्तो आक्रमण गरिएको थियो ।

यस जन-प्रतिरोधकै क्रममा कतै स्वतः स्फूर्त रूपमा त, कतै वामपमन्थी शक्तिहरूको सचेत संगठित प्रयासका रूपमा जनताले, विशेषतः श्रमिक जनताले, छापामार युद्धको शुरुवात गरे । श्रमिक जनताले चलाएको छापामार युद्धको क्रममा सान्टियागो शहरका वस्ती-वस्तीमा, टोल-टोलमा, प्रत्येक राति पिस्तोल, मेशिन गन, तोपको गर्जन र हलुका प्लेनहरूको उडान, छाना-छाना- झ्याल-झ्यालबाट हाते बमको वर्षाको घटना सामान्य हुन थालेको थियो ।

यसैबीच, यस जन-प्रतिरोधलाई अझ संगठित र संयोजित रुप दिन चिलीको कम्युनिष्ट पार्टीले १९७३ को अक्टोबर ५ मै संयुक्त प्रतिरोधी मोर्चा निर्माण गरेको घोषणा गरेको थियो । कम्युनिष्ट पार्टीले चिलीका श्रमिक जनताले देशमा फाशिष्ट शक्तिलाई कदापि स्थापित गर्न नदिने कुरामा जोड दिंदै तिनीहरूको प्रतिरोधी संघर्षलाई संयोजित गर्न कम्युनिष्ट पार्टीको नेतृत्वमा यस्तो संयुक्त प्रतिरोधी मोर्चा निर्माण गरेको थियो ।

यस घोषणापछि नै सान्टियागोका पर्खालहरूमा फाशिष्ट दमनलाई चिर्दै यस्ता नाराहरू लेखिएका पोष्टरहरू र भित्ते लेखनहरू देखिए-

*"सैनिकहरू, हाकिमहरूको आज्ञा पालन नगरौं, जताको पक्ष लिएर लडौं !"*

*"हत्यारा सैनिकहरू मूर्दावाद !"*

त्यस्तै अर्जेन्टिनाको राजधानीबाट प्राप्त खबरअनुसार क्यूबाका लागि चिलीका राजदूत हुँवा इनरिक भेगा र पुराना खानी मन्त्री जोर्गे अराटेको नेतृत्वमा "चिलीको मुक्तिको लागि देशभक्तहरूको मोर्चा" गठन भएको थियो । यसले पनि छिमेकी देशको सीमानाबाट सशस्त्र संघर्षको थालनी गरेको थियो ।

यसरी प्रतिरोधी जनताले सशस्त्र छापामार संघर्ष छेड्न थालेपछि सान्टियागोमा भएका संघर्षहरूको क्रममा १९७३ को अन्तसम्ममा २ हजारभन्दा बढी सैनिकहरूलाई मृत्युको मुखमा पुऱ्याउने सफलता जनताले हासिल गरेको थियो । एउटा रिपोर्टअनुसार, जनप्रतिरोधको कारणले मारिएका अर्द्ध सैनिक-प्रहरीहरूको क्षत विक्षत लाशहरूले भरिएका कैयौं बसहरू लाश फ्याँक्न शहर बाहिर लगिएको देखिएको थियो । Observer पत्रिकाको रिपोर्टअनुसार, १९७३ को अक्टोबरसम्म यो सशस्त्र छापामार गतिविधिबाट सैनिक शक्ति निकै चिन्तित भइसकेको थियो । चिलीका शहर-शहरमा उनीहरूले कर्फ्यूकालमा घर-घरमा छापा मार्ने, कलकारखनाहरूमा खोजबीन गर्ने र धरपकड गरी हराएका हातहतियारहरूको खोजी गर्ने काम निकै जोडतोडका साथ बढाएका थिए । किनकि सैनिक विद्रोह हुनासाथै जनताले शस्त्रागार कब्जा गर्ने र वामपन्थी सरकारले पनि हतियार बाँड्ने काम गरेको र त्यसबीचमा सैनिक अड्डाहरूबाट पनि काफी हतियारहरू चोरी भएका थिए । ती हराएका हतियारहरू जन-छापामारहरूको हातमा पुगेको र तिनीहरूले लुकाएर राखेका शस्त्रागारहरूको खोजी गर्न नसकेको तथ्य स्वीकार्दै फाशिष्ट सरकारको गृहमन्त्री-जनरल बोनिल्लाको भनाइ थियो- *"छापामार समूहहरू चिलीका विभिन्न भागहरूमा सक्रियतापूर्वक संघर्ष गरिरहेका छन् ।"*

दमनको क्रममा शहादत प्राप्त गरेका राष्ट्रपति डा. एलेण्डेकी छोरी इसाबेल एलेण्डेले पनि १९७४ को अप्रिलमा छापामार संघर्ष चलिरहेको जानकारी दिंदै अब कम्तीमा ६ महिनासम्म गृहयुद्ध जारी रहने र विश्वभरिका प्रजातान्त्रिक शक्तिहरूको सहयोग प्राप्त भएमा विजय हासिल गरीछाड्ने दृढता प्रकट गरेकी थिइन् । तर चिलीको गृहयुद्ध त्यति सजिलै टुंगिएन । विभिन्न रूपमा यो बीसौं वर्षसम्म जारीरह्यो ।

**Observer को रिपोर्टअनुसार, दैनिक रूपमा कम्तीमा ४० देखि ५० जना चिलीवासीको निर्मम हत्या भइर हेको थियो । लाशको संख्या गन्नै सकिन्नथ्यो ।**

## फाशिष्ट सैनिक शासनको प्रथम चार महिनाको दमन

- *२० हजार चिलीवासीहरूको हत्या*
- *३० हजारलाई राजनीतिक कैदीलाई सजाय, कठोर यातना*
- *२५ हजार विद्यार्थीहरूलाई विश्वविद्यालयबाट निश्कासन*
- *२ लाख प्रगतिशील औद्योगिक मजदूर हरूलाई नोकरीबाट खोसियो ।*

स्रोत : Chile : CIA Big Business

## अन्तर्राष्ट्रिय ऐक्यबद्धताको नमूना

डा. एलेण्डे लगायत २५ औं हजारको निर्मम हत्या, कम्युनिष्ट पार्टीका महासचिव लुइस कोर्भालान लगायत हजारौं जनताको गिरफ्तारी, यातना र निर्वासनको विरुद्ध र वामपन्थी शक्तिको प्रतिरोधी संघर्षको समर्थनमा त्यसबेला उर्लेको अन्तर्राष्ट्रिय ऐक्यबद्धताको लहर निकै उल्लेखनीय थियो । सैनिक विद्रोहको लगत्तै यूरोपीय देशहरूमा वामपन्थी र समाजवादी प्रजातन्त्रवादी शक्तिहरूद्वारा सैनिक शासनको विरोधमा गरिएको विरोध प्रदर्शनको सिलसिलामा अमेरिका, ल्याटिन अमेरिका, एशिया, र अफ्रिकामा पनि यति वृहद् रूप उर्ल्यो कि- त्यसलाई संख्यामा बताउन नै कठीन छ ।

सोभियत संघ लगायत सोभियत खेमाका पूर्वी यूरोपेली र अन्य "समाजवादी" राष्ट्रहरूले चिलीसँगको कूटनीतिक सम्बन्धलाई तोडे । प्रतिरोधी चिली जनताको समर्थनमा ऐक्यबद्धता जनाउने क्रममा हेलसिन्कीमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता-सम्मेलन भयो । मस्कोमा विश्व शान्ति परिषदको कंग्रेस भयो, अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थादेखि संयुक्त राष्ट्रसंघीय संघ-संस्थाहरूले समेत फाशिष्ट शासनको विरोधमा उत्रो प्रतिरोधी जनताको हौसला बढाए ।

यसै अन्तर्राष्ट्रिय ऐक्यवद्धताको लहर र जनताको प्रतिरोधी संघर्षको परिणामस्वरूप कम्युनिष्ट पार्टीका महासचिव लुइस कोर्भालानलगायत सैयौं बामपन्थी नेता र कार्यकर्ताहरूको ज्यान बचेको र रिहाई प्राप्त भएको तथ्य यहाँ स्मरणीय छ ।

## कस्को कति स्वार्थ पूर्ति भयो ?

हजारौं हजार चिलीवासीको र वामपन्थी सरकारको लाशमाथि स्थापित फाशिष्ट शासनले पार्टीको राजनीतिक क्रियाकलापमाथि बन्देज लगाउने, वामपन्थी पार्टीहरूमाथि प्रतिबन्ध लगाउने र वाम समर्थक जनताको संहारकै क्रममा १९ सेप्टेम्बर, १९७३ मै संसदलाई भंग गरेको थियो ।



*पिनोचेट मुर्दावाद !* चिलीको चर्चित भित्ते -नारा

मौखिक आदेशको भरमा जंगी शासन चलाउने जनरल पिनोचेटको सैनिक सरकारले पितृभूमि र स्वतन्त्रता समूह जस्ता अति दक्षिणपन्थी आतंककारी संगठनहरूको सहयोग र पूँजीपति वर्गीय- नेशनल पार्टीको आड लिई नयाँ फाशिष्ट संविधान निर्माण गर्न थाल्यो, पिनोचेटको शासनको लागि आदर्श व्यक्ति मुसोलिनी, फ्रान्को, हिटलर र सालाजार जस्ता खुंखार तानाशाहहरू थिए। त्यस फाशिष्ट शासनले सम्पूर्ण राज्य अधिकार आफ्नो हातमा लिई जुन, १९७४ मा जनरल पिनोचेटलाई "सुप्रिम सर्वोच्च राज्याध्यक्ष" को पदभार दिएको थियो। र, पिलोचेटले डिसेम्बरदेखि आफैले आफूलाई "गणतन्त्रका राष्ट्रपति" पनि घोषित गरे।


चिलीमा स्थापित यस्तो फाशिष्ट व्यवस्थाले बीसौं वर्षको शासनकालमा कस्को हित र स्वार्थलाई पूर्ति गऱ्यो त? किन पूँजीवादी प्रजातान्त्रिक संविधान, बामपन्थी सरकार, राष्ट्रपति एलेण्डे लगायत २५ औं हजार चिलीवासीको हत्याको शर्तमा पनि तानाशाही शासन स्थापित गरियो र वर्षौं वर्षसम्म निरंकुशतालाई कायम गरियो?

घटनाक्रमले देखाएको छ- यी सबै वास्तवमा अमेरिकी एकाधिकारी पूँजीपति वर्ग र त्यसका चिलीयन दलाल एकाधिकारीहरूको हित र स्वार्थ रक्षार्थ भएको थियो।

फाशिष्ट सैनिक शासनले सैनिक विद्रोहका सूत्रधारहरू अमेरिकी एकाधिकारी पूँजीपति वर्ग र कम्पनीहरू जस्तो आइ.टी.टी., पेप्सीकोला, आनाकोण्डा कपर, केन्नकोट्ट कपर कर्पोरेशन, इक्सन, बैंक अफ अमेरिका, डाउन लगायत अमेरिकी सैनिक सरसामान निर्माताहरूको स्वार्थ पूर्ति गर्ने काम गऱ्यो। ती राक्षसी स्वार्थसँग स्वार्थ गाँसिएका चिलीका Javier viat Banco Hipotecario, Bauco-de-chile, The clan of Augustive Edwards, Eleonoro Matte को नेतृत्वयुक्त Matte-Allssanri र Cruzat-Larrain समूह जस्ता फाशिष्ट सैनिक शासनसँग सम्बद्ध राष्ट्रिय एकाधिकारी पूँजीपति वर्गको स्वार्थ रक्षार्थ त्यहाँ यी सारा कार्यवाहीहरू लादिएका थिए।

स्मरणीय छ, पपुलर यूनिटीको सरकारको कालमा राष्ट्रियकरण गरिएका उद्योग, कल-कारखानाहरू र कम्पनीहरू पुरानै अमेरिकी र चिलीका मालिकहरूलाई फिर्ता गरेर सैनिक सरकारले आफ्नो वफादारिता प्रदर्शन गरेको थियो। आफ्नो वफादारितालाई अझ पक्का गर्न पिनोचेट सरकारले आनाकोण्डा र केन्नकोट्ट कम्पनीहरूलाई ३ अरब २१ करोड डलर, Overseas Private Investment Corporation लाई १० लाख ६० हजार डलर रकम हर्जाना स्वरूप तिरेको थियो। यसका साथै आफ्नो शासनकालमा देशको आर्थिक विकास साकार पार्ने नारा दिई लागू गरिएको उदार, खुला बजार अर्थतन्त्र अन्तर्गत पुनः चिलीमा उनीहरूलाई लुट मच्चाउन अवसर प्रदान गरिएको थियो।

पिनोचेटको सरकारले अमेरिकी साम्राज्यवादको नीति निर्देशनमा आर्थिक क्षेत्रमा लागू गरेको यस उदार, खुला बजार अर्थतन्त्र मूलतः नोबेल पुरस्कार विजेता अर्थशास्त्री मिल्टन फ्रीडम्यान र उनका सहायक प्राध्यापक आर्नोल्ड हर्बर्गरको प्रस्थापनाअनुसार थालेको थियो। यो उनीहरूको नीति अनुसार चलिरहेको सिकागो यूनिभर्सिटीद्वारा उत्पादित अर्थशास्त्रीहरू "सिकागोका केटाहरू" द्वारा सञ्चालित अर्थतन्त्र थियो।




फाशिष्ट व्यवस्थाको विरोधमा युवाहरु सडकमा

## १९७५ को शुरुसम्मको हिटलरी शैलीको दमन

- ४१, ७५९ जना चिलीवासी जेलमा, कन्सेन्ट्रेशन क्याम्प र यातना गृहहरूमा बन्द
- ११५७ लाई विभिन्न अवधि तोकेर जेल सजाय
- १७८० लाई कडा छानबीनमा राखिएको
- ११९६ लाई बिना अभियोगमा कष्टडीमा बन्द गरिएको
- सेप्टेम्बर ११, १९७३ देखि जुन ३०, १९७५ सम्म ९५ हजार सैनिक शासन विरोधी चिलीवासीलाई राजनीतिक रिसमा गिरफ्तार गरिएको र हराइरहेको छ।

– Financial Times/Britain

यस अर्थतन्त्रले पपुलर युनिटीको सरकारद्वारा सञ्चालित जनमुखी आर्थिक कार्यक्रमको ठीक विपरीत अर्थतन्त्रमाथि राज्यको हस्तक्षेपलाई अत्यन्त न्यून पार्ने, बजारिया शक्तिहरूको नियन्त्रणमा अर्थतन्त्र हुने, जनताको हित होइन- अमेरिकी र चिलीका एकाधिकारी पूँजीपति वर्गको हित रक्षा गर्ने काम गऱ्यो। त्यसले मजदूरहरूको ज्याला निर्धारण गर्ने, अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरूको उत्पादन गर्ने उद्योगलाई बढावा दिने, प्रगतिशील आयकर व्यवस्था, बैंकिंग व्याजदरमा नियन्त्रण आदि क्षेत्रमा राज्यको हस्तक्षेपलाई निमिट्यान्न पारेर त्यो पूँजीपति वर्गको हातमा छाडिदियो। बामपन्थी सरकारले जफत गरेका जग्गा-जमिनहरू पुनः सामन्तहरूलाई नै फिर्ता दिइयो। फेरि भूमिहीन किसानहरूलाई नांगै-भुतुंगै पारियो। बैदेशिक व्यापारलाई उदारीकरण गर्ने नाममा त्यो पनि पूँजीपति वर्गकै हातमा सुम्पियो। राज्यले लगानी गर्दै आएको क्षेत्र स्वास्थ्य, शिक्षा आदि सेवामा कटौति गर्दै त्यसलाई पनि व्यापारीकरण गरियो। अर्थात्, चिलीको कम्युनिष्ट पार्टीको राजनीतिक कमिशन र केन्द्रीय सदस्य भोलोदिया टीतेल्बोइमले भने जस्तै- देशको अर्थतन्त्रको राजकीय क्षेत्रलाई अराष्ट्रियकरण गरियो र पुराना राज्य-संस्थाहरूलाई अमेरिकी कम्पनीहरू र ठूला चिलियन पूँजीपतिहरूलाई उपहार दिइयो।

यी सबैको अनिवार्य परिणाम निस्क्यो- पूँजीपति वर्ग झन्-झन् मोटाउने र गरीब, श्रमिक, किसान जनता झन्-झन् गरीबी, बेरोजगारी र अकाल मृत्युको मुखमा पुग्दै जाने प्रक्रियाको थालनी। १९७६ सम्म पुग्दा ७ लाख मानिस बेरोजगार र ८ लाख पेन्सनवालाहरू भोकै भए। भूमिहीन किसानहरूको संख्यामा अत्याधिक वृद्धि भयो।

बाल मृत्युदर विश्वको सबैभन्दा बढी भयो। प्रत्येक हजार बच्चामा २६.५ जना जन्मदै मर्ने, ३४ जना चार हप्ता पनि नबाँच्ने, ६६ जना प्रथम वर्षमै मर्ने र ३० जना ४ वर्ष नपुग्दै मर्ने भयो।

भोका बालकहरूको संख्यामा वृद्धि यति चर्को भयो- आन्तोफागास्ता, आताकामा र कोक्वीम्बो प्रान्तमा मात्रै ६ वर्ष मुनिका २२% र गाउँले इलाकाका ३१% बच्चाहरू भोकै जीउनुपर्ने भयो। अझ डा. एलेण्डेको सरकार विरोधी, नेशनल न्यूट्रीशन काउन्सिलका डाइरेक्ट प्रो. फर्नाण्डो मान्कबर्गका अनुसार त ९६% बच्चाहरू कुपोषण र भोकको शिकार बनेका थिए।

सीआईए र पिनोचेटको गुप्तचर विभाग DINA को षड्यन्त्रमा मारिनुभन्दा एक महिना अघि मात्रै, १९७६ को अगस्टमा, पपुलर युनिटी सरकारका विदेश, गृह र रक्षामन्त्री एवं अमेरिकाको लागि राजदूत समेत भएका राजनेता ओर्लाण्डो लेटलेयरले यसै सन्दर्भमा लेखेका थिए-

*"१९७२ तिर, पपुलर यूनिटी सरकारका कर्मचारी र मजदूरहरू सम्पूर्ण राष्ट्रिय आम्दानीको ६२.४% रकम पाउथे, ३७.१% रकम मात्र सम्पतिवालहरूको हातमा जान्थ्यो। १९७४ देखि मजदूरहरूको ज्यालाको भाग घटेर ३८.२% मा झऱ्यो, जबकि पूँजीको सहभागितामा भने ६१.८ मा वृद्धि भयो। विगतका तीन वर्षहरूमा कैयौं अरब डलर रकम मजदूरहरूको तलबबाट पाकेट मारेर पूँजीपतिहरू र सामन्तहरूको सेफमा राखीदिने काम भएको छ। यही हो- फ्रीडम्यान र उनको समूहद्वारा प्रस्तुत उदार अर्थतन्त्र चिलीमा लागू गरिंदा निस्केको आर्थिक परिणाम।"*

यही आर्थिक स्वार्थपूर्तिको लागि नै, अमेरिकी एकाधिकारी पूँजीपति वर्गको स्वार्थ रक्षक-अमेरिकी साम्राज्यवादले चिलीमा जनरल पिनेचेटको निर्वाचित वामपन्थी सरकारलाई सैनिक विद्रोहद्वारा अपदस्थ गरेको थियो। त्यसको ठाउँमा फाशिष्ट पिनोचेट सरकारसँग २५ सेपटेम्बर, १९७३ देखि नै हालसम्म राजनीतिक र आर्थिक सम्बन्ध मजबूत ढंगले गाँस्दै आएको थियो। सैनिक विद्रोहको सफलताको लगत्तै पछि अमेरिकी साम्राज्यवादले सबैभन्दा पहिले एलेण्डेको सरकारलाई भन्दा ८ गुना बढी रकम- २ करोड ४० लाख डलर रकमको आर्थिक "सहयोग" चिलीलाई दिएको थियो।

यी सबै सहयोगको प्रथम र अन्तिम लक्ष्य थियो- चिलीको अपार प्राकृतिक स्रोत र साधन एवं सस्तो श्रम गर्ने चिलीका जनताको निर्मम शोषण र दासता!

## वामपन्थीहरूको सशस्त्र र शान्तिपूर्ण संघर्ष

एक समय ल्याटिन अमेरिकाकै सबैभन्दा ठूलो कम्युनिष्ट पार्टीको रूपमा गनिएको चिलीको कम्युनिष्ट पार्टी सैनिक शासनको दमनमा परेपछि शत्रुलाई पराजित नै गर्ने खालको संघर्ष गर्न भने सक्षम भएन। फाशिष्ट दमनको कारणले नराम्ररी भत्केको चिलीको कम्युनिष्ट-पार्टीले सैनिक विद्रोहपछि प्रथम पटक १९७७ को अगस्तमा गएर, करीब ४ वर्षपछि मात्रै आफ्नै केन्द्रीय समितिको बैठक राख्न सफल भयो। यस बैठकले आफ्नो संगठनलाई

# चिलीको शान्तिपूर्ण क्रान्तिको परीक्षणले

# सिकाएका पाठहरू

**चिलीको अनुभवले बताएको छ– सोभियत संघको संशोधनवादी नेता खुश्चोभले प्रस्तुत गरेको "पूँजीवादबाट समाजवादतिर शान्तिपूर्ण तरीकाले" संसदीय बाटोबाट संक्रमण गर्ने, प्रस्थापना गलत छ ।**

*चिलीको वामपन्थी आन्दोलनले खाएको ठक्करलाई विश्व कम्युनिष्ट आन्दोलनमा व्याख्या गर्ने क्रममा दुई "अति" भएको पाइन्छ ।*

*पहिलो, पूँजीवादबाट समाजवादतिर संक्रमण गर्नको लागि चिलीमा गरिएको संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले क्रान्ति गर्ने "नयाँ क्रान्तिकारी सिद्धान्त र व्यवहार" पूर्णतः ठीक छ भन्ने दृष्टिकोण !*

*दोस्रो, चिलीको बाटोका सकारात्मक र नकारात्मक पक्षलाई पूरै बेवास्ता गरी फगत बन्दूकको मात्रै गुणगान गर्ने दृष्टिकोण !*

*यी दुवै दृष्टिकोणलाई एक छिन पन्छाएर, चिलीको वामपन्थी आन्दोलनले सिकाएका पाठहरूको मूल्यांकन गर्ने हो भने प्रथमतः याद गर्नु पर्ने कुरो के हो भने- चिलीको वाम-आन्दोलन विश्व कम्युनिष्ट आन्दोलनको लागि शिक्षाको भण्डार हो, चाहे त्यो सकारात्मक होस्, या नकारात्मक ।*

*यस दृष्टिकोणबाट हेर्दा देखिन्छ- जनतालाई केही हदसम्म सचेत, संगठित र संघर्षशील गर्ने, उनीहरूलाई उनीहरूकै जीवनका अत्यावश्यक सवालहरू देखि लिएर राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र मुक्तिको सवालमा सडकमा उतार्ने, शोषणकारी शक्तिहरू पूँजीपति, सामन्त र अमेरिकी साम्राज्यवाद विरोधी संघर्षमा सकृयतापूर्वक सहभागी गराउने काममा चिलीका वामपन्थी शक्तिहरूले खेलेको भूमिका सह्रानीय र सिक्नयोग्य देखिन्छ ।*

*यही साम्राज्यवाद-पूँजीवाद विरोधी संघर्ष कै पृष्ठभूमिमा जनताको आस्था र विश्वास जित्न सफल वामपन्थी शक्तिहरूले विभिन्न गूट-उपगूटमा विभाजित वामपन्थी शक्तिहरूलाई संयुक्त मोर्चामा आवद्ध गरेकै कारणले संसदीय चुनावी मोर्चाहरूमा पनि सफलता पाउन सकेको थियो र, सकिन्छ पनि - यो एउटा ठोस, सकारात्मक शिक्षा हो । चिलीका वामपन्थीहरूले देखाएका छन्- संयुक्त वाम मोर्चाको निर्माण र त्यस मार्फत् साम्राज्यवाद-पूँजीवाद विरोधी संघर्ष र यसै संघर्षको निरन्तरतामा संसदीय चुनावी मैदानमा उत्री पूँजीवादी शक्तिहरूलाई पनि हराउन सकिन्छ, संसदमा बहुमत ल्याएर वाम सरकार चलाउन सकिन्छ, वाम-सरकारले उद्योग-वाणिज्य बैंकको राष्ट्रियकरण, क्रान्तिकारी भूमि सुधार कार्यक्रम, बजारमाथि राज्यको नियन्त्रण गर्ने देखि लिएर साम्राज्यवादी शक्तिहरूको हातबाट केही हदसम्म देशलाई स्वाधीन र स्वतन्त्र पार्न सकिन्छ । साम्राज्यवाद र पूँजीवादबाट शोषित-पीडित जनतालाई आर्थिक र राजनीतिक रूपमा काफी राहत दिन सकिन्छ ।*

*तर, त्यसरी जनतालाई शोषण-उत्पीडनबाट पूर्णतः मुक्ति दिलाउन सभव छ त ? साम्राज्यवादी चंगुलबाट देशको स्वाधीनता र स्वतन्त्रता संभव छ त ? पूँजीवादी आर्थिक-राजनीतिक व्यवस्थाबाट समाजवादी व्यवस्थातिर संसदको बाटो भएर शान्तिपूर्ण रूपले संक्रमण गर्न संभव छ त ?*

*छैन , चिलीको अनुभवले यी प्रश्नहरूको नकारात्मक जवाफ दिइरहेको छ ।*

*चिलीको अनुभवले बताएको छ- सोभियत संघको संशोधनवादी नेता खुश्चोभले प्रस्तुत गरेको "पूँजीवादबाट समाजवादतिर शान्तिपूर्ण तरीकाले" संसदीय बाटोबाट संक्रमण गर्ने, प्रस्थापना गलत छ । चिलीको व्यवहारबाटै सिद्ध भएको छ- संशोधनवादीहरूको "बदलिएको विश्व परिस्थिति" सम्बन्धी व्याख्या ठीक छैन । उनीहरूले भने जस्तै विश्वको परिस्थिति साम्राज्यवाद विपरित भएकोले युद्ध छेड्ने शक्ति सापेक्ष रूपले कमजोर भएको छैन । बरू उल्टो, अमेरिकाको नेतृत्वमा चलिरहेको विश्व साम्राज्यवाद झन-झन् शक्तिशाली, युद्धपिपाशु एवं अन्तर्राष्ट्रिय रूपमै एकताबद्ध हुन थालेको छ । यो तथ्य सोभियत संघको विखण्डनपछि त खाडी युद्धमा इराकमाथि घृणास्पद आक्रमण, सोमालिया र युगोश्लाभियामा सैनिक हस्तक्षेप एवं वर्तमानमा उत्तरकोरियामाथि थोपर्न खनिरहेको युद्धले नै पुष्टि गरिरहेको छ । त्यसले चिलीमा जस्तो सैनिक विद्रोह, आर्थिक नाकाबन्दी र आन्तरिक राजनीतिक-आर्थिक कलह त जुनसुकै देशमा पनि, जति बेला पनि गर्न-गराउन सक्ने स्थिति छ ।*

*संशोधनवादी खुश्चोभदेखि चिलीका सोशलिष्ट र वामपन्थी नेतृत्वमासमेत रहेको अर्को अत्यन्त गलत दृष्टिकोण थियो- राज्यसत्ताको स्वरूप र दमनकारी चरित्र सम्बन्धी दृष्टिकोण ।*

*आफ्नो शोषण र शासनलाई अक्षुण्ण राखीराख्न र जनताको प्रतिरोधी आन्दोलनलाई दबाउन सेना, प्रहरी, प्रशासन यन्त्र, जेल, अड्डा अदालत र संसद, स्थानीय निकायहरू आदिको आधारमा निर्मित पूँजीवादी राज्यसत्तालाई ज्यूँका त्यूँ राखेर उनीहरू फगत संसदमा वहुमत ल्याएर, सरकार गठन गरेर समाजवादतिर संक्रमण गर्न चाहन्थे । अर्थात् संसदीय बाटोबाट, शान्तिपूर्ण ढंगले, समाजवादतर्फ क्रान्ति गर्न चाहन्थे । उनीहरूको चाहना कति बालसुलभ थियो !*

*यो सत्य हो कि भिन्न-भिन्न देशहरूको क्रान्तिको रूप त्यहाँको बिशेष परिस्थिति र विशेषता अनुसार भिन्न हुन्छ । यी भिन्नताहरूका अलावा सबै क्रान्तिहरूको आधारभूत चारित्रिक लक्षण त अनिवार्य रूपमा समान हुन्छ ।*

*ती समानताहरू हुन्- पुरानो राज्ययन्त्र एवं माथिल्लो ढाँचा दुवैलाई ध्वस्त गरेर मात्र एउटा नयाँ व्यवस्थाको जन्म हुन सक्छ । व्यवस्थामा गुणात्मक परिवर्तन हुन सक्छ । पुराना सबै नराम्रा पक्षहरूसँगको सम्बन्ध विच्छेद हुन सक्छ ।*

*यस मार्क्सवादी-लेनिनवादी दृष्टिकोणले हेर्ने हो भने चिलीको अनुभवले देखाएको छ- पूँजीवादी राज्यसत्तालाई पुनः मजबुत र संघर्षशील पार्ने दृढता* प्रकट गर्दै सम्पूर्ण देशभक्त तथा प्रजातन्त्रवादी शक्तिहरू एकताबद्ध भएर सैनिक शासकहरू एवं त्यसका प्रभूहरूलाई चुनौति दिनुपर्ने आवश्यकता माथि जोड दिएको थियो । त्यस अवसरमा प्रकाशित घोषणापत्रमा, संघर्षमा दिन-प्रतिदिन सक्रियतापूर्वक सहभागी भइरहेका चिलीका जनताहरूको एकीकृत संघर्षले मात्रै तानाशाही फशिष्ट शासनलाई जरैदेखि उलेखेर फ्याँक्न सकिने विचार प्रकट गर्दै देशव्यापी रूपमा प्रजातान्त्रिक संघर्ष चलाउन आह्वान गरिएको थियो ।

यस आह्वानलाई व्यवहारमा उतार्ने क्रममा त्यसले स्वदेशमा छिटफुट रूपमा एकीकृत प्रतिरोधी संघर्ष शान्तिपूर्ण देखि सशस्त्र ढंगले चलाउँदै गयो । विदेशमा, विशेषतः सोभियत खेमाका समाजवादी देशहरूमा र प्रजातान्त्रिक समाजवादी भनिने यूरोपेली राष्ट्रहरूमा सोलिडेरिटी संघर्षहरू चलायो । अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघ-संस्थाहरू र संयुक्त राष्ट्रसंघीय नियोगहरूलाई परिचालन गरेर पिनोचेटका नरसंहारहरूको पर्दाफास गर्ने र त्यसलाई एकल्याउने काम भने निकै राम्ररीगर्न त्यो सफल भयो ।

यस संघर्षमा चिलीको कम्युनिष्ट पार्टीसँग संबन्धित यौंग कम्युनिष्ट लीग र संयुक्त श्रमिक केन्द्रका युवा र मजदूरहरूले भूमिगत, अर्ध भूमिगत र खुला सडक संघर्षहरूमा महत्वपूर्ण भूमिका खेलेको तथ्य यहाँ स्मरणीय छ । यस संयुक्त श्रमिक केन्द्र राष्ट्रिय युनियनहरूको को-अर्डिनेशन र राष्ट्रिय श्रमिक कमाण्डको नेतृत्वमा मजदूरहरूको ज्याला, सुविधाको वृद्धि, कामको ग्यारेन्टी, काम गर्ने ठाउँको सुव्यवस्थाको माग देखि लिएर मजदूर नेताहरूको हत्या, गिरफ्तारी, यातनाको विरोधमा समेत ठूला-ठूला संघर्षहरू सन्चालन गरियो ।

**चिलीको अनुभवले देखाएको छ- पूँजीवादी राज्यसत्तालाई चोखै बचाएर संसद र सरकारको कब्जाद्वारा मात्रै समाजवादी क्रान्ति हुन संभव छैन ।**

१९८० को नोभेम्बरमा भएको विशाल मजदूर संघर्षको विरासत बाकेका यस्ता मजदूर संगठनहरूले मजदूर संघर्षलाई निरन्तर जारी राखी पिनोचेटको तानाशाही शासनको टाउको दुखाउने र तानाशाही शासनविरोधी संघर्षलाई निकै सहयोग पुर्‍याउने काम गरेका थिए ।

पिनोचेटको तानाशाही शासनको दबदबा निकै बढेको स्थितिमा चिलीको कम्युनिष्ट पार्टीले आफ्नो तत्कालीन लक्ष्य फाशिष्ट शासन सत्तालाई फ्याँक्ने र नयाँ प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने तय गर्‍यो । त्यसले आफ्नो शक्तिले भ्याएसम्म जुनसुकै कार्य गरेर भए पनि तानाशाही शासनलाई फ्याँक्ने आफ्नो घोषित नीति अनुरूप प्रतिबन्धित तीन वटा पार्टीहरू क्रिश्चियन डेमोक्रेटिक पार्टी, सोसल डेमोक्रेटिक पार्टी र रेडिकल डमोक्रेटिक पार्टीको संयुक्त गठबन्धनलाई समर्थन गर्दै प्रजातान्त्रिक संघर्ष तीब्र पार्न थाल्यो ।

जनरल अगस्तो पिनोचेटले १९९० को मार्चसम्ममा "प्रजातान्त्रिक ढंग" ले चुनिएको पार्टीलाई सत्ता सुम्पिदिने घोषणा गरेको स्थितिमा देशमा केही सीमित राजनीतिक स्वतन्त्रताको संभावना देखिएको थियो । यसै मौकामा १९८९ को मईमा चिलीको कम्युनिष्ट पार्टीको १५ औं महाधिवेशनको तयारी शुरु भयो । यसै सिलसिलामा १९८८ को डिसेम्बरमा पत्रकार सम्मेलन गरी महाधिवेशनको खबर दिएको आरोपमा वामपन्थी राष्ट्रपति डा. एलेण्डका पपुलर यूनिटीको सरकारका मन्त्रीद्वय एवं कम्युनिष्ट पार्टीका नेताहरू मिरेया बाल्ट्रा, अमेरिको जोरिलाका साथै जोसे सान्फुयन्तेज र ग्वयल्मो- स्कोर्पिंगलाई पिनाचेट सरकारले गिरफ्तार गर्‍यो । यस धरपकडका बाबजूद पनि, त्यस पार्टीको महाधिवेशन भूमिगत रूपमा देशभित्रै सम्पन्न भयो ।

१९८९ को मई १० देखि १४ सम्म भएको सो महाधिवेशनमा २०० जना प्रतिनिधिहरूको सहभागिता थियो । त्यसले १९५७ देखि महासचिव पदभार सम्हालिरहेका प्रख्यात नेता लुइस कोर्भालानलाई हटाई ७३ वर्षीय भोलादियो टीतेल्बीयोमलाई महासचिव बनायो । त्यस महाधिवेशनले नीतिगत कारणले महाचिव परिवर्तन भएको तथ्य स्पष्ट देखिने पार्न आफ्नो पुरानो सशस्त्र र शान्तिपूर्ण संघर्ष जारी राख्ने मान्यतालाई पन्छाई सशस्त्र

चोखै बचाएर संसद र सरकारको कब्जाद्वारा मात्रै समाजवादी क्रान्ति हुन संभव छैन। यसले प्रश्न उठाएको छ- पूँजीवादी संसदमा वहुमत ल्याएर सरकार बनाउँदैमा, संसदलाई जनताको इच्छापूर्ति गर्ने औजार बनाउने घोषणा गर्दैमा के सेना प्रहरी र प्रशासनको चरित्र स्वतः बदलिन्छ ? के सारमा पूँजीवादी राज्यसत्ता ध्वस्त हुन्छ र समाजवादी राजयसत्ता स्थापित हुन्छ ? कसरी पूँजीवादी संसदलाई आफ्नो बहुमतमा पारी त्यसलाई समाजवादी जनप्रतिनिधित्व मुलक स.स्थामा परिवर्तन गर्न सकिन्छ ?

त्यसो गर्न खोज्दा के- पूँजीवादी राज्ययन्त्रहरू- सेना, प्रहरी, प्रशासन, जेल, अड्डा अदालतहरू प्रतिरोध नगरी हात बाँधी चुपचाप हेरिरहलान् र ? इण्डोनेशिया जस्तै चिलीले देखाएको छ- सुधारबाट, शान्तिपूर्ण ढंगबाट, बहुमत ल्याएर न संसदलाई नै जनताको इच्छा पूर्ति गर्ने हतियारको रूपमा स्थापित गर्न सकिन्छ, न त संसद कब्जा गरेर सरकार बनाई पूँजीवादी राज्यसत्तालाई नै समाजवादी राज्यसत्ताको रूप दिन सकिन्छ। यी सबै विचार र व्यवहार सैद्धान्तिक र व्यवहारिक रूपले कति पनि संगतिपूर्ण, सत्यतापूर्ण र संभावनाले युक्त देखिदैनन्, न चिलीबाट, न इण्डोनेशियाबाट, न त विश्वका अन्य कुनै देशबाटै देखिन्छ।

खुश्चोभको बिचार अनुशरण गर्दै चिलीका वामपन्थीहरूले सुधारबाट, संसदीय बाटोबाट, शान्तिपूर्ण ढंगले पूँजीवादी राज्यसत्तालाई वालशुलभ ढंगले समाजवादतिर उन्मुख गर्न खोजे तर फाशिष्ट हुँदै गएका पूँजीवादीहरूले र अमेरिकी साम्राज्यवादले आफ्नो स्वार्थ वाझेपछि सेना मार्फत सफल विद्रोह आयोजना गरी सजिलै निर्वाचित बामपन्थी सरकारलाई ध्वंश गरे, जुन साम्राज्यवादीहरूको लागि स्वाभाविक काम थियो।

अस्वाभाविक काम त हाम्रा चिलीका वामपन्थी मित्रहरूले गरे- सशस्त्र, अन्तर्राष्ट्रिय रूपमा एकतावद्ध र अमेरिकी साम्राज्यवादको नीति-निर्देशनमा चल्ने जनरल पिनोचेटको उपस्थिति सेनामा छ भन्ने कुरा ज्ञात हुँदाहुँदै, फाशिष्ट पूँजीवादीहरूले आफ्नो राजनीतिक-आर्थिक स्वार्थमाथि अलिकति पनि धक्का लाग्नासाथ विद्रोह गर्ने छन् भनेर जान्दा-जान्दै, सैनिक विद्रोहहरूको संकेतबाट बारम्बार परिचित हुँदा हुँदै पनि आफू र आफ्ना जनता, आफ्ना सहकर्मी आन्दोलनकारी मजदूरहरूलाई सचेत, संगठित र सशस्त्र नपारेर। चिलीको अनुभवले सिकाएको छ- पूँजीवादबाट समाजवादमा संक्रमण गर्न संघर्षरत प्रत्येक कम्युनिष्ट पार्टीले पूँजीवादी राज्य मेशीनरीलाई पूरै ध्वंश गरेर आफ्नै नयाँ राज्ययन्त्र विकास गर्नु पर्छ। उनीहरूले आम श्रमिकहरूलाई सर्वशक्तिमान बनाउने नियतले उनीहरूलाई वैचारिक र साँस्कृतिक रूपले रूपान्तरित गर्ने र साथसाथै हतियारले पनि लैश गर्ने बाटो अपनाउनु पर्छ। बिश्वमा पूँजीवाद र साम्राज्यवादको अस्तित्व हुन्जेल उसले गर्न सक्ने घूसपैठ, विद्रोह, नाकावन्दी र आक्रमणको संभावनाबारे हमेशा सजगता अप्नाइनु पर्छ। र एउटा देशमा समाजवादी सत्ता दीगो पार्न विश्व स्तरको साम्यवादी ऐक्यबद्धता जरूरी हुन्छ भन्ने कुरा उनीहरूले हमेशा बुझ्नु पर्छ। उनीहरूले लेनिनको यो उक्तिको मर्म बुझ्नु पर्छ-

"जबसम्म पूँजीवाद हतियारले लैश हुन्छ- तबसम्म क्रान्ति पनि सशस्त्र हुनु अनिवार्य हुन्छ।" ❒ ❒

---

संघर्षभन्दा चुनावी-संसदीय संघर्षलाई विशेष ग्राह्यता दिने घोषणा गर्‍यो।

यस मान्यता परिवर्तनको बाबजूद तत्कालीन राजनीतिक संघर्षको मामिलामा त्यसले तानाशाही शासनका प्रतिनिधित्व गर्ने राष्ट्रपतीय उम्मेदवार हार्नान बुचीलाई चुनावी संघर्षमा हराउने नीति लिने घोषणा गर्‍यो। यस नीतिको फलस्वरूप चुनावमा प्रतिपक्षीय शक्तिहरूको बलियो एकता र जनताको तानाशाही विरोधी भावनाको गठजोडमा तानाशाही शासनका प्रतिनिधि हार्नान बुची राष्ट्रपतीय चुनाव पराजित भयो। १७ बटा पूँजीवादी पार्टीहरूका प्रतिनिधि प्याट्रिसियो एल्वीन राष्ट्रपति पदमा निर्वाचित भए। पहिले एलेण्ड सरकारका विरोधी सैनिक विद्रोहका समर्थक एल्वीनको सरकारले केही राजनीतिक अधिकार त दिनसक्यो, तर सेना, प्रहरी र अमेरिकी साम्राज्यवादको दबदबा भने पहिले झैं कायम रहेकोले नयाँ राष्ट्रपति पनि फगत देखौवा मात्र सावित हुन थाल्यो। अहिले भर्खरै राष्ट्रपति पदमा सोही पार्टीका एड्वार्डो फ्रेई निर्वाचित भए पनि सेना भने पिनोचेटको फाशिष्ट मण्डलीकै हातमा रहेको छ।

तर यसैबीच, विश्वभर वगेको पूँजीवादी प्रजातन्त्रको लहरले चिलीको कम्युनिष्ट पार्टीलाई पनि बगाएर लग्यो। ५ औं महाधिवेशनमा संसदीय संघर्षलाई प्रमुखता दिने १९७० तिरको पुरानो लाइनलाई नै फेरि बोक्ने घोषणा गर्नु र कम्युनिष्ट पार्टीले जनवरी, १९९० मा आफ्नो पार्टीको ६८ औं वार्षिक उत्सव मनाउने क्रममा स्पष्ट र नग्न ढंगले "सशस्त्र जनविद्रोह" को नीतिलाई परित्याग गरेको घोषणा गर्नु यसैको टडकारो उदाहरण हो।

आफू प्रतिवन्धित स्थितिमा रहँदारहँदै गरेको यस घोषणाले न त चिलीको कम्युनिष्ट पार्टीलाई कुनै फाइदा पुर्‍यायो, न त्यहाँको बामपन्थी आन्दोलनलाई नै! यसै घोषणामाथि सही थापेर पूर्व महासचिव लुइस कोर्भालानले पनि १९७० को भड्काऊबाट पाठ सिक्ने प्रयत्न नगरेको देखियो।

यस स्थितिमा १९९०,१० अप्रिलमै २००० समर्थकहरूका साथ सोभियतपक्षीय बामहरू भनेर चिनिने समूह पार्टीबाट छुटेर गयो। अर्कोतिर, केही केन्द्रीय स्तरका नेताहरू आन्तरिक प्रजातन्त्रको अभाव र तानाशाही लादिएको आरोपमा पार्टीबाट बाहिरिए! यी सबका बाबजूद चिलीको कम्युनिष्ट पार्टी देश र संसदको प्रमुख पार्टीको हैसियत राखेर अहिले पनि बसिरहेको छ। हाल चिली कम्युनिष्ट पार्टी Democratic Movement of Allende नामक वृहत् वाम-प्रजातान्त्रिक संयुक्त मोर्चा गठन गरी स्वतन्त्रता, समानताको लागि काम गरिरहेको छ।

## छापामार संगठनहरूको संघर्ष कता ?

चिलीको कम्युनिष्ट पार्टी र सोशलिस्ट पार्टीको बैचारिक बिचलन, फाशिष्ट दमनविरोधी सशस्त्र संघर्षबाट विमुख हुने व्यवहार र सोभियतसंघप्रतिको निर्भरताबाट दिक्क भएर चिलीमा विभिन्न पामपन्थी छापामार संगठनहरूको निर्माण हुन थाल्यो।

आफ्नो वार्षिक उत्सवको उपलक्ष्यमा फाशिष्ट सरकारका सैयौं अड्डाहरुमा एकैचोटी बम प्रहार गर्नसक्ने छापामार समूह- म्यानुयल रोड्रिग्वेज प्याट्रियोटिक फ्रन्ट (FPMR) को स्थापना १९८३ को डिसम्बर १४-१५ मा भएको थियो। कमाण्डर डेनियल हुयेताको नेतृत्वमा सञ्चालित यस छापमार संगठनले फाशिष्ट सैनिक शासनलाई सशस्त्र संघर्षको माध्यमद्वारा फ्याँक्न देशव्यापी छापामार संघर्ष चलाएको थियो। यसै संघर्षको क्रममा सेप्टेम्बर, १७, १९८६ मा पिनोचेटको हत्या गर्ने प्रयास, १९८८ अक्टोबरको जनमत संग्रहताकाको युद्ध विराम, डिसेम्बरको सान्टियागो लगायतका थुप्रै शहरमा एकैचोटी गरिएको बम प्रहार, विद्युत र रेल बन्द गर्ने १९८९ मार्चको कार्य, जनवरीमा सैनिक विमानमाथि गोली प्रहार गरी तीनजना उच्च सेना अधिकृतहरूको हत्या र सान्टियागोमा जुन महिनामा गरिएको हवाई सेनाध्यक्ष रोबर्टो मोरिसनको हत्या उल्लेखनीय छन्।

१९८९ कै सेप्टेम्बरमा सैनिक विद्रोह भएको ११ औं वर्ष पुगेको सन्दर्भमा त्यसले अमेरिकी दूतावास र अमेरिकी- चिली सांस्कृतिक इन्स्टिच्यूट अगाडि गरेको भीषण बम विस्फोट, पिनोचेटको ७४ औं जन्मोत्सवको उपलक्ष्यमा नोभेम्बर २६ मा गरिएको लामो आक्रमणको श्रृंखला, सरकारी रेडियो स्टेशनमाथिको सफल बम प्रहार, उनीहरूको छापामार कार्वाहीका नमूनाहरू थिए। त्यस्तै १९९० मा सान्टियोगा जेलबाट सुरुंग खनी ४९ जना बामपन्थी कार्यकर्ताहरू, विशेषतः पिनोचेटको हत्या गर्न खोज्ने र FPMR कै सदस्यहरू सफलतापूर्वक भाग्न सक्नु, मईमा रक्षा मन्त्रालय र अमेरिकी कान्सुलेटमाथि गरिएका आक्रमणहरूले पनि फाशिष्ट शासन र त्यसका प्रमुखहरूलाई नाकैमा हानेको महसूस हुन्थ्यो।

तर यी सफल संघर्षका बाबजूद यो संगठन जनतासित नंग र मासु झैं गाँसिएको थिएन। उनीहरूको छापामार संघर्ष र छापामार संगठन एल्वीनको पूँजीवादी प्रजातान्त्रिक सरकारको स्थापना र केही सीमित राजनीतिक सुधारको भ्रम र क्रान्तिकारी सिद्धान्त र व्यवहारसम्बन्धी अस्पष्टताका कारणले विस्तारै पतनको खाडलतिर आफैं लक्षित हुन पुग्यो। अन्ततः त्यसले १९९२ को मई-जून महिनामा शसस्त्र संघर्षलाई नै परित्याग गरी, आफ्ना हातहतियारहरू समर्पण गरी म्यानुयल रोड्रीग्वेज प्याट्रियोटिक मुभमेन्ट भन्ने संगठन मार्फत काम गर्न थाल्यो।

अर्को अलि सानो वामपन्थी छापामार समूह लौतारो युथ मुभमेन्ट वा लौतारो पपुलर रिबेल फोर्सले पनि पिनोचेटको प्रत्यक्ष फाशिष्ट शासनकालदेखि हालसम्म नै छापामार संघर्ष सञ्चालन गर्दै आएको देखिन्छ। त्यसले हत्यारा र कुख्यात सैनिक- प्रहरी र गुप्तचरहरूको हत्यादेखि बैंक लुट्ने कार्यसम्म गर्दै आएको छ। यसै सिलसिलामा सान्टियागोमै केही वर्ष अगाडि तीन जना प्रहरीहरूलाई दनादन गोली ठोकेर मार्ने यस संगठनका छापामारहरूले १९९३ को अक्टोबरमा मात्रै पनि सान्टियागोमा बैंक लुट्न खोज्दा प्रहरीसँग भएको भिडन्तमा परी "मेशिन गन महिला" को उपनामले चर्चित छापामार नेतृ रोजा इस्टर भर्गासको मृत्यु भएको छ। यस संगठनले १९९२ मा मात्रै ९९ वटा बैंक लुट र यस वर्ष ३२ वटा काण्ड मच्चाइसकेको छ।

यी सबै राम्रा-नराम्रा पक्षहरूबीच मार्क्सवाद-लेनिनवाद र माओ विचारलाई अंगीकार गरी संघर्ष चलाइरहेको एउटा नयाँ कम्युनिष्ट पार्टी- चिलीको क्रान्तिकारी कम्युनिष्ट पार्टी (पार्टी दु कम्युनिष्टा रिभोल्यूसिनारियो दे चिले) वाम-आन्दोलनमा देखा परेको छ। यो पार्टी विगत र वर्तमानमा भएका गल्ती-कमजोरीहरूलाई चिर्दै चिलीको समाजवादी क्रान्तिलाई कत्तिको सफलीभूत पार्न सक्षम होला, त्यो त भविष्यकै गर्भमा लुकेको छ। ❒ ❒

---

### जलरल पिनोचेटको शासनका "उपलब्धिहरू" !

- बेरोजगारी ३०%
- कुपोषणबाट शिकार ६०%
- प्रोटिन उपभोगमा कमी ३०%
- ज्यालामा घटी (१९८२-८३) २२%
- गरीबीको रेखामुनि खसेका परिवार हरू ५५%
- १०% धनीहरूको हातमा परेको राष्ट्रिय आम्दानी ४६%
- सैनिक खर्चको बृद्धि २ अरब ८० करोड डलर
- सैनिक संख्यामा बृद्धि ७५ हजारबाट १ लाख २० हजारमा
- रक्षा खर्चको राष्ट्रिय बजेटबाट छुट्याइएको रकम २५%
- सैनिकहरूको मासिक तलब २२० डलर
- मजदूरहरूको मासिक साला खाला ज्याला २५ डलर

स्रोत : Third World Guide

# हाम्रो आन्दोलनमा विद्यमान यान्त्रिक चिन्तन प्रक्रिया

## पार्टीमा गूटबन्दी, बहु-विचार केन्द्रको अस्तित्व र पार्टी फूटको चूरो कारण के हो ?

**प्रज्ञान रत्न**

पूँजीवादी पार्टीमा अनुशासनको सवाल बहुमत/अल्पमतको सिद्धान्त अपनाएर हल गर्न खोजिन्छ। त्यहाँ अल्पमतलाई आफ्नो विचार राख्ने छुट त हुन्छ, तर स्वार्थवश त्यो अक्सरतया स्वीकारिदैन र समेटिँदैन । पूँजीवादी पार्टीमा अन्ततः बहुमतको विचार जवर्जस्ती अत्पमतमाथि लादिन्छ र बहुमतको बिचारलाई अल्पमतले जे भए पनि स्वीकार्नै पर्छ । त्यसैले पूँजीवादी पार्टीमा केन्द्रीयता र अनुशासन भनेको औपचारिक र यान्त्रिक मात्र हुन्छ । अल्पमतको विचार जवर्जस्ती दवाइने हुनाले विचार दवाइएकाहरु आफ्नो विचारको अस्तित्वको लागि त्यहाँ छुट्टै विचार केन्द्र बनाउन बाध्य हुन्छन् । यसैबाट पूँजीवादी पार्टीमा गुट र बहुकेन्द्रहरु पैदा हुन्छन् । जबसम्म यी विचार केन्द्रहरुबीच लेनदेन र सम्झौता संभव हुन्छ । पूँजीवादी पार्टीमा एकता भइरहेझैं देखिन्छ । जव त्यो संभव हुन्न, पार्टी फुट्छ । यसको उदाहरणको निम्ति टाढा जानु पर्दैन, नेपाली कांग्रेस हेरे पुग्छ ।

पूँजीवादी पार्टीमा यान्त्रिक केन्द्रियता हुनुको मुख्य कारण के हो भने- उनीहरुको चिन्तत प्रक्रिया यान्त्रिक हुन्छ । तसर्थ, अनुशासन र केन्द्रीयता सम्वन्धी उनीहरुको दृष्टिकोण पनि यान्त्रिक हुन्छ ।

यान्त्रिक चिन्तन प्रक्रियाको एउटा मुख्य दोष के हुन्छ भने- त्यसले हरेक बस्तु गतिशील हुनका लागि वस्तुभित्रकै द्वन्दलाई कारणका रुपमा हेर्दैन । वस्तुमा गतिका लागि त्यसले एउटा शुरु चालकको आबश्यकता देख्छ, जसरी एउटा यन्त्र चल्नका लागि शुरुमा एउटा चालकको ज़रुरी हुन्छ । हरेक वस्तुलाई यन्त्रकै रुपमा हेर्नु नै यान्त्रिक चिन्तन प्रक्रियाको मुख्य विशेषता र दोष हो ।

पूँजीवादी पार्टीमा यान्त्रिक चिन्तन प्रक्रिया हुने हुनाले बहुमतले आफूलाई पार्टीको चालकका रुपमा हेर्छ । पार्टीको सारा सत्य, गतिशीलता र विकासको स्रोत उसले आफूलाई मात्र ठान्दछ । त्यो बहुमलले हरेक कुरा निर्णय गरेपछि, त्यो थोपरेपछि र अल्पमतले त्यसको सामु आफूलाई आत्म समर्पण गरेपछि उसले अनुशासनको समस्या हल भएको ठान्दछ । वास्तवमा भने त्यो हल भएको हुन्न । जसको विचार दवाइन्छ वा सुनिन्न, उसलाई त्यो अझै सत्य र सही लागिरहेकै छ भने सत्य र सही विचारको स्थापनाका लागि त्यो विचारकै वरपर एउटा केन्द्र बनाउने प्रयत्न हुन्छ ।

मनोबैज्ञानिक रुपले पनि विचार यान्त्रिक रुपले दवाइँदैमा दविहाल्दैन । उल्टो, त्यो अस्तित्वको भयले आत्मरक्षाको लागि झन वलवान रुपमा संगठित हुन्छ । यही कारणले बहुमत अल्पमतको पूँजीवादी यान्त्रिक सिद्धान्तबाट उपरी तहमा मात्र अनुशासन र केन्द्रीयता कायम भए झैं देखिन्छ । भित्र वास्तविकतामा त्यसले समानान्तर विचार राख्ने गूट र बहुकेन्द्र पैदा गरिरहेको हुन्छ । सबै पूँजीवादी पार्टीमा समानान्तर विचारहरुका गूट र बहुकेन्द्र हुनुको चूरो कारण नै यही हो । जव गूटहरु हुन्छन्, समानान्तर विचारका बहुकेन्द्र हुन्छन्, पार्टीमा बैचारिक केन्द्रियता भन्ने कुरा खालि औपचारिक कुरा मात्र हुन्छ । वास्तवमा बैचारिक केन्द्रियता पैदा भएकै हुदैन ।

इतिहासमा जव समाजमा एकजना मानिसको विचार सवैमाथि लाद्ने सामन्ती निर्णय प्रणालीको दबदबा थियो, त्यतिखेर त्यसको तुलनामा यही बहुमत- अल्पमतको पूँजीवादी निर्णय प्रणाली पनि क्रान्तिकारी र बढी प्रजातान्त्रिक कुरा थियो । यो प्रणालीले समाजमा ठूलो फड्को ल्याएको थियो । साम्यवादका प्रवर्त्तकहरुले पूँजीवादीहरूबाटै यो बहुमत/अल्पमतको सिद्धान्त आफ्नो संगठनको सिद्धान्तमा समेटेका हुन् । र, यो त्यतिखेर प्रगतिशील कुरा थियो ।

तर अहिले एक शताब्दी भन्दा लामो अभ्यासले देखाएको छ। बहुमत/अल्पमतको सिद्धान्तमा पनि गंभीर सीमा र दोषहरु विद्यमान रहेछ। पहिलो त यसबाट नोकरशाही र औपचारिक केन्द्रियता मात्र पैदा हु=दोरहेछ, वास्तविक बैचारिक केन्द्रियता पैदा नै हुँदोरहेनछ । दोश्रो, यसबाट पार्टीमा समानान्तर विचार-केन्द्रहरु विकास हुने रहेछन् ।

नेपाली साम्यवादी आन्दोलनले यो सिद्धान्त विश्व साम्यवादी आन्दोलनबाट सिक्यो। तर ४५ वर्षको अभ्यासले देखाएको छ- यसको अध्यासबाट कुनै पनि साम्यवादी पार्टीमा वास्तविक बैचारिक केन्द्रियता पैदा हुन संभव भएको छैन। पूँजीवादी पार्टीमा यसको अभ्यासबाट जे हबिगत भएको छ, त्यही हविगत साम्यवादी पार्टीमा पनि देखिएको छ ।

सवै साम्यवादी पार्टीमा यसबाट औपचारिक केन्द्रियता मात्र विकास भएको छ, जुन यान्त्रिक र नोकरशाही चरित्रको छ । बहुमतले आफूलाई पार्टीको एक मात्र चालक ठान्ने, जवर्जस्ती आफ्ना विचारहरू नोकरशाही तरीकाले लाद्ने। पार्टीमा "माथि" एउटा नोकरशाहीयन्त्र विकास गर्ने र "तल" त्यसको अन्ध अनुशरणको माग गर्ने । पार्टी अल्पमतले आफ्ना विचारहरू सही भएर पनि त्यसको ठ्याप्पै सुनवाई नभएको र त्यो दबाइएको महशूस गर्ने स्थिति कायम गर्ने। फलस्वरूप, समानान्तर विचार-केन्द्रहरू वा गूटहरू बनाउने ।

गूटहरु बीचको लेनदेन र संझौताद्वारा मात्र पार्टी चल्ने, त्यो संभव नभएपछि पार्टीमा फूट हुने । आखिर पूँजीवादी पार्टीको अनुशासन र केन्द्रियतासम्बन्धी यान्त्रिक धारणा र साम्यवादी भनिएको पार्टीको धारणामा तात्विक अन्तर र प्रगतिशील भिन्नता के रहेको छ? आखिर, साम्यवादी भनिएको पार्टीको चिन्तन-प्रकृया र पूँजीवादी पार्टीको चिन्तन-प्रकृयामा भिन्नता नै के देखिन्छ ?

यसरी पार्टीमा गूटवन्दी, बहुविचारकेन्द्रको अस्तित्व र पार्टी फूट त खाली परिणाम मात्र हुन् । यसको चूरो कारण त पार्टीमा समेत विद्यमान यान्त्रिक चिन्तन प्रक्रिया हो, पार्टीमा अनुशासन र केन्द्रियताको समस्यालाई हेर्ने यान्त्रिक दृष्टिकोण हो । त्यसैले, हामीले बहुमत/अल्पमतको पूँजीवादी सांगठनिक सिद्धान्तबारे गम्भीरतापूर्वक पुनर्विचार गर्नु जरूरी भएको छ । के यसबाट पार्टीमा वास्तविक बैचारिक केन्द्रियता र अनुशासनको समस्या हल गर्न सकिन्छ ? के यसबाट समानान्तर विचार केन्द्र र गूटको अस्तित्वको समस्या हल गर्न सकिन्छ ? सकिन्न भने योभन्दा उन्नत विकल्प के छ ?

द्वन्दात्मक चिन्तन प्रक्रियामा र साम्यवादी संस्कृतिमा मात्र यसको हल देखिन्छ ।

पार्टीमा विचार द्वन्द गर्नुको मुख्य तात्पर्य हो। सत्यको गहिराइसम्म जानु ।

प्रत्येक साम्यवादीको विचार द्वन्दको मुख्य उद्देश्य हो- विचारलाई अरू परिपूर्ण बनाउनु र सत्य पत्ता लगाउनु । विचारलाई सकेसम्म परिपूर्ण बनाउने र सत्यको गहिराइमा जाने हो भने शुरू-चालकको यान्त्रिक धारणा फाल्नु जरुरी छ। सर्वप्रथम, यो यान्त्रिक धारणा पूरापूर मिल्काउनु जरूरी छ कि सत्यको ठेकेदार बहुमत मात्र हो र सत्य जहिले पनि बहुमतको दिमागबाट मात्र पैदा हुन सक्छ । यो धारणा विकास गर्नु जरूरी छ कि सत्यको उद्घाटन जुनसुकै कुनाबाट पनि हुन सक्छ । सत्यमुखी भएर यथासंभव बढी मानिस वीच बिचार द्वन्द गर्नु सिवाय सत्यको गहिराइसम्म पुग्ने र विचार अरू परिपूर्ण पार्ने कुनै सुनौला राजपथ छैन । चाहे जसबाट आओस्, "राम्रो जति हाम्रो" भनेर स्वीकार्ने अर्थात सत्य कुरा जुन सुकै व्यक्तिबाट आए पनि त्यसलाई द्वन्दात्मक रूपमा अंगीकार गर्ने उन्नत द्वन्दात्मक चिन्तन-प्रक्रिया र संस्कृति हामीसित भयो भने मात्र विचार द्वन्दमा सत्यको गहीराइसम्म जाने संभावना हुन्छ ।

बेरोकटोक विचार द्वन्द, विचार



*यी उठेका हातहरू जुट्नु सट्टा जब फुट्छन्, तब प्रश्न उठ्नु जरूरी छ : फूट किन हुन्छ ?*

द्वन्द गर्ने सबैको एउटै उद्देश्य बस्तुवादी हुनु अर्थात् सत्य पत्ता लाउनु र विचार द्वन्द गर्ने सबैको संस्कृति आफू जित्नु होइन, सत्य कुरा जहाँबाट आए पनि त्यसलाई समेटनु (अर्थात् सश्लेषण गर्नु)। सत्यको गहिराइमा पुग्ने र वास्तविक केन्द्रीयता पैदा गर्ने यो नै साम्यावादी पद्धति हो। छोटकरीमा, सत्यमुखी र संश्लेषणमुखी विचारद्वन्द नै वास्तविक केन्द्रियता पैदा गर्ने बैज्ञानिक बाटो हो।

अरूको विचार सही भएर पनि त्यसलाई स्वीकार्न अन्कनाहट हुनुको जरो कारण हामीमा रहेको व्यक्तिवाद हो, पूँजीवादी स्वार्थान्धता हो। आफ्नो जित वा स्वार्थप्रति अन्धो हुने पूँजीवादी संस्कृतिले नै हामीलाई सत्य कुरा स्वीकार्नबाट छेक्छ। आफ्नो जति राम्रो वा हाम्रो जति राम्रो भन्ने भाव स्वार्थान्धताबाटै पैदा हुन्छ। पूँजीवादी स्वार्थान्धता आफूभित्र पालेर हुने विचारद्वन्दमा, त्यसैले, सत्यको उद्घाटन हुन संभव हुँदैन। अरूबाट उद्घाटित सत्यलाई स्वीकार्न पूँजीवादी अहंकार र स्वार्थान्धता मिल्काउनु पर्छ। पूँजीवादी जित-हारको मानसिकता फाल्नु पर्छ। सत्य कुरा जति हाम्रो अर्थात राम्रो जति हाम्रो भन्ने साम्यवादी संश्लेषणमुखी संकृतिले मात्र हामीलाई सबै कुनाबाट आएका सत्यलाई खुसीसाथ स्वीकार्ने र संगेट्ने उत्प्रेरणा दिन्छ।

बहुमत/अल्पमतको सिद्धान्तको संस्कृति- हाम्रो जति राम्रो मान्ने पूँजीवादी संस्कृति हो। त्यसको ठीक विपरीत, सत्यमुखी संश्लेषणमुखी विचारद्वन्दको सिद्धान्त राम्रो जति हाम्रो मान्ने साम्यवादी संस्कृति हो। बहुमत/अल्पमतको चिन्तन प्रक्रिया यान्त्रिक रुपमा जर्बर्जस्ती बहुमतको केन्द्रियता लादेपछि स्वत : अनुशासन पैदा हुन्छ भन्ने सोचमा आधारित यान्त्रिक चिन्तन प्रक्रिया हो। सत्यमुखी र संश्लेषणमुखी बिचारद्वन्दको सिद्धान्त यान्त्रिक रूपमा कुनै पनि विचार जबर्जस्ती नलाद्ने, सत्यमुखी भएर जनवादी वातावरणमा विचार द्वन्द गर्ने, आएका बेठीक कुरासित लगातार द्वन्द गर्दै सबैबाट आएका ठीक कुरा जति संश्लेषण गरेर खुशपूर्ण केन्द्रियता पैदा गर्ने सोचमा आधारित द्वन्दात्मक चिन्तन प्रक्रिया हो।

जब बिचार द्वन्द गर्ने वेरोकटोक स्वतन्त्रता हुन्छ, गूट वा बहुविचार-केन्द्र गठन गर्ने आवश्यकताकै अन्त हुन्छ। जब सबैका सही विचार सगेट्ने वा संश्लेषण गर्ने प्रक्रिया विचार द्वन्दमा हमेशा रहन्छ, पैदा भएको निर्णय वा केन्द्रियता सबैको निम्ति स्वीकार्य हुने र वास्तविक हुने संभावना वेसी हुन्छ त समानान्तर विचार-केन्द्रको आवश्यकता नै रहँदैन। त्यसैले, गूटवन्दीको र बहुविचार-केन्द्रको समस्याको हल उन्नत द्वन्दात्मक चिन्तन प्रक्रियामा छ, संश्लेषणमुखी र सत्यमुखी विचार द्वन्दमा छ।

बहुमतद्वारा निर्णय गर्नु जति सजिलो हुन्छ, यस्तो गर्नु त्यति नै कठोर र कष्टप्रद हुन्छ। बहुमत/अल्पमतको सिद्धान्तमा बहुमतको कुरा जति "हाम्रो" बनाइन्छ। यसमा सर्वसम्मत भएका कुरा जति हाम्रो, भिन्नता र विचारद्वन्द बाँकी भएका कुरा जति आफ्नो आफ्नो हुने हुन्छ। कुनै निर्णय तत्काल नगर्दा समाजको लागि ठूलो हानी नोकसानी हुने कुरामा मात्र बहुमत/अल्पमतद्वारा टुंग्याइन्छ, टुंग्याइनु पर्छ। तर स्पष्ट छ, अधिकांश मुद्दाहरू यसरी तुरून्तै निर्णय गर्नु पर्ने खालका हुँदैनन्।

**टाउको र शरीर अलग अलग, तर फगत टुप्पीहरू एक ठाउँमा गाँठो पारेर, त्यसलाई साम्यवादी पार्टी एकीकरण भनिदैछ।**

यान्त्रिक चिन्तन प्रक्रिया हाम्रो आन्दोलनमा खालि बहुमत/अल्पमतको सिद्धान्तमा मात्र अभिव्यक्त भएको छैन। अरू थुप्रै कुरामा पनि अभिव्यक्त भएको छ।

## पार्टी एकीकरणबारे यान्त्रिक सोच

पार्टी एकीकरण सम्बन्धी हाम्रो सोचमा पनि हाम्रो यो यान्त्रिक चिन्तन प्रक्रिया अभिव्यक्त भएको देखिन्छ। साम्यवादी पार्टीको एकीकरण भनेको विभिन्न पार्टीहरूको गणितीय जोड होइन। बैचारिक र साँस्कृतिक एकीकरणमा मात्र साम्यवादी पार्टीको एकीकरण हुन्छ। बैचारिक र साँस्कृतिक रूपले पूर्व र पश्चिम फर्केका पार्टीहरूको यान्त्रिक एकता साम्यवादी पार्टी एकीकरण होइन। तर हाम्रो आन्दोलनमा के देखिन्छ भने- पार्टीहरू क्रान्ति सम्बन्धी सोचमा पूर्व पश्चिम फर्केका छन्, पार्टी निर्माण सम्बन्धी सोचमा पनि कही कतै समान चिन्तन छैन, न त जीवन सम्बन्धी सोचमै समरुपता छ। यो स्थितिमा पनि पार्टीको एकीकरण भैरहेछ र त्यसलाई "साम्यवादी पार्टी एकीकरण" भनिदैछ। टाउको र शरीर अलग अलग, तर फगत टुप्पीहरू एक ठाउँमा गाँठो पारेर, त्यसलाई साम्यवादी पार्टी एकीकरण भनिदैछ।

यो पनि यान्त्रिक चिन्तन प्रक्रियाको एउटा विशिष्ट उदाहरण हो। यान्त्रिक चिन्तन प्रक्रियाको एउटा अर्को मुख्य दोष के हुन्छ भने- त्यसले बस्तुहरूको गणितीय विकास अर्थात संख्यात्मक विकासलाई मात्र बस्तुहरूको विकासका रूपमा देख्छ। त्योभन्दा उन्नत वस्तुको विकासलाई त्यसले व्याख्या नै गर्न सक्दैन। वस्तु दुईबाट चार पाँच वा छ भयो भने त्यो विकास भयो। चारवटा वस्तु एकै ठाउँमा घुलमिल भएर विल्कुलै त्यो एउटा वस्तु निक्ल्यो भने त्यसलाई यसले विकासका रूपमा व्याख्या गर्न सक्दैन।

साम्यवादी पार्टीको एकीकरण भनेको जैविक एकीकरण जस्तै हुन्छ। अलग अलग शरीर र टाउको सम्मिलित भएर एउटै टाउको र एउटै शरीर पैदा हुने प्रक्रिया साम्यवादी पार्टीको एकीकरणमा हुन्छ र हुनुपर्छ। त्यो भनेको विचार द्वन्दद्वारा वैचारिक-साँस्कृतिक रूपले पनि एकीकृत र सांगठनिक रूपमा पनि एकीकृत हुने स्थिति भएपछि मात्र साम्यवादी पार्टीको एकीकरण हुन्छ र हुनुपर्छ। हाम्रो आन्दोलनमा यान्त्रिक चिन्तन प्रक्रिया हावी हुनाले यहाँ पार्टी एकीकरणलाई त्यसरी हेरिएन। पार्टीहरूको यान्त्रिक जोडलाई नै पार्टी एकीकरणको रूपमा हेरियो।

यसको नतीजा के भयो भने- पार्टी एकीकृत भएपछि पनि समानान्तर विचार केन्द्रहरू अलग अलग रहिरहे। अलग अलग विचार-केन्द्रको संझौता र लेनदेनद्वारा मात्र पार्टी संचालित भयो। पार्टीमा गूट रहिरह्यो र पार्टीको वैठक भनेको सत्य पत्ता लाउन विचारद्वन्द गर्ने ठाउँ नभएर आ-आफ्नो गूटको केन्द्रियता चलाखीपूर्वक अरूलाई लाद्ने ठाउँ मात्र भईरह्यो। जब गूटहरू वीच सम्झौता सम्भव भएन, पार्टीमा फुट भयो।

हालैको एकता केन्द्रको फुट त्यसको ताजा उदाहरण हो। पार्टी वास्तवमा वैचारिक, साँस्कृतिक र सांगठनिक रूपले एक जूट नै नभएको हुनाले एकीकरण यान्त्रिक रूपमा मात्र भएर एकीकृत पार्टीमा अलग अलग टाउका र शरीर यथावत बाँकी वसेको हुनाले एकीकरणको बेलादेखि नै त्यहाँभित्र विद्यमान फुटको वीज यति छिटो र यति सजिलै बाहिर सार्वजनिक रूपमा अंकुरण भयो। यो अंकुरण पार्टीभित्र केन्द्रियता र अनुशासन पैदा गर्ने मामलामा द्वन्दात्मक सोच भएको भए यति छिटो र यति सजिलोसित नहुन पनि सक्थ्यो, वा ढीलो हुन सक्थ्यो। तर त्यस मामलामा पनि चिन्तन प्रक्रिया यान्त्रिक नै हुनाले अंकुरण अरू तीव्र गतिमा भयो।

वास्तवमा यो फुट त परिणाम मात्र हो। पार्टी एकीकरणलाई यान्त्रिक चिन्तन प्रक्रिया अप्नाएर हल गर्नुको परिणाम। यो परिणामबाट हामीले गंभीर पाठ सिक्नु जरूरी छ। यसको जरो कारण हाम्रो आन्दोलनमा विद्यमान यान्त्रिक चिन्तन प्रक्रिया हो। त्यो हटाएर द्वन्दात्मक चिन्तन प्रक्रिया अप्नाउनु नै यो घटनाबाट पाठ सिक्नु हो।

## गुरुहरूको अनुशरणमा यान्त्रिकता

यान्त्रिक चिन्तन प्रक्रिया हाम्रो आन्दोलनमा महान गुरूहरूका शिक्षा र अनुभवहरूको अनुशरणमा पनि अभिव्यक्त भइरहेछ।

महान गुरूहरूका शिक्षाबाट हामीले वैज्ञानिक दृष्टिकोण र पद्धति मात्र ग्रहण गर्नु पर्दछ। आम सिद्धान्त मात्र ग्रहण गर्नु पर्छ। र, मूर्त स्थितिमा त्यसलाई हामीले होशपूर्वक लागु गर्नु पर्छ। लेनिनले मार्क्सवाद जडसूत्र होइन, यो हाम्रो मार्गदर्शक मात्र हो भन्नुको तात्पर्य पनि यही थियो।

तर हामी हाम्रो आन्दोलनमा के गरिरहेछौं ?

हामी मार्क्स एगेल्स, लेनिन, माओका हरेक भनाइलाई जडसूत्रका रूपमा धर्म गुरूका मन्त्रझैं अन्धतापूर्वक लिदैछौं र बेहोशीपूर्वक लागु गर्दै छौं। ती भनाइको सन्दर्भ र हाम्रो अगाडिको वस्तुस्थितिका बीचमा कति भिन्नता र द्वन्द छ, त्यो आलोचनात्मक तवरले हेर्ने जरूरत नै हामीलाई महशूस हुँदैन। चाहे माओको दीर्घकालीन जनयुद्धको सवाल होस्, वा लेनिनको पार्टी संगठनको सिद्धान्त, हामी त्यसमा आलोचनात्मक तवरले घोत्लिनुको आवश्यकता नै देख्दैनौं।

अन्ध अनुशरणको यो तरीका पनि यान्त्रिक चिन्तन प्रक्रियाकै टडकारो उदाहरण हो।

यान्त्रिक चिन्तन प्रक्रियाको एउटा अर्को मुख्य दोष के हुन्छ भने- त्यसले बस्तुलाई द्वन्दमा हेर्दैन। रामेलाई मालदह आँप खाएर फाइदा भए पछि श्यामेलाई किन फाइदा नहुने ? -त्यसको चिन्तन प्रक्रिया यस्तो यान्त्रिक हुन्छ। तर वास्तविकता के हुन्छ भने- मालदह आँप खाएर रामेलाई फाइदा भएको छ भन्दैमा श्यामेलाई पनि फाइदा हुन्छ भन्ने कुनै जरूरत हुदैन। त्यो उसको

—बाँकी ४५ पेजमा—

*पूँजीवादी पार्टीमा पनि फूट र अन्तर्घातहरू हुन्छन्, कारण के हो ?*



हेर्नुस् त
ती युवतीको स्थिति कति
असजिलो खालको थियो ?
लुगाहरु असजिला छन्, जुत्ता
चुच्चे कुर्कुच्चावाला छ, दौडन पनि
असजिलो छ । नदौडिंदा बाटैमा रात
पर्ने डर ! दौंडँदा झन बाटा
वरपरका बदमाश गुण्डाहरुको ध्यान
आफूतिर स्वतः तानिने डर !
डरै डर !

# शिक्षित महिलाहरूको पोशाकमा पनि गोजी छैन

**चन्द्रदेव नेपाली**



**ग**त वर्षको वर्षायामको एक साँझ काठमाण्डौको लगनखेल जाने स्थानीय बसको पछाडिको ढोकानेर एउटी युवतीले आफ्नो पैसा हराएको वा चोरिएको कुरा गरिन् । उनी उभिइरहेको ठाउँ वरपरका सिटमा बस्ने र खाली ठाउँमा उभिनेहरु प्रायः सबैले उनीप्रति चाख दिए । पैसा कसरी हरायो वा चोरियो भन्नेबारे र कतै भूईमा वा सिटमुनि खसेको पो छ कि भनेर उनीहरुले खोज्न सघाए । पकेटमाराले लग्यो कि भनी संभावित पकेटमाराको खोजी गर्न पनि उनीहरुले सघाए । एउटा ठूलो हल्लाखल्ला नै भयो । तर पैसा वा पाकेटमारा पाइएनन्, युवती रुन थालिन् ।

वास्तवमा उनको स्थिति के रहेछ भने, उनले आफूसँग भएको डेढ दुईसय रुपैया सबै एकै ठाउँमा, एउटा सानो पर्समा राखेकी रहिछन् । त्यो पर्स उनले हातमा लिएकी रहिन् । वसमा भीड थियो, उभिनु पर्‍यो । काँधमा एउटा व्याग थियो, हातमा त्यो पर्स थियो । अर्को काँधमा चाहिं एक बित्ता चौडा पारी पट्याइएको एउटा दामी ओढ्ने थियो, जो गरमका कारण नओढ्नका लागि त्यसरी काँधमा झुड्याइएको थियो । हातका औँला र नाडी एवं नाक, कान, घाँटीमा गहनैगहना भएकी उक्त युवती संभवतः कतै आफन्तकहाँ विहे वा अरु कुनै उत्सवको निम्तो मानेर फर्किरहेकी थिइन् । उनको घर पुग्नलाई अन्तिम स्टपमा बसबाट ओर्लिएर पनि केही बेर हिड्नु पर्ने रहेछ भन्ने कुरा उनका कुरा गराइहरुबाट बुझिन्थ्यो । त्यो बाँकी बाटोमध्ये आधा बाटोमा बस नचलेपनि ट्याक्सी वा टेम्पो भने चल्ने रहेछ, उनी त्यही ट्याक्सी वा टेम्पो चढेर समयमै घर पुग्ने योजना गरेर चल्दै रहिछिन् ।

अब पैसा सबै हराएपछि वास्तवमा उनी पैसा हराउनुको दुःख भन्दा ज्यादा अबको बाटो कसरी पार गर्ने होला भनेर चिन्तित थिइन् । कारण, त्यतिखेर साँझ छिप्पिदै थियो । आजकाल रात साँझमा एकान्त बाटोमा कुनै एक्ली युवती हिंड्नु काठमाडौं उपत्यकामा कति खतराजनक छ भन्ने सबैलाई थाहा भएकै कुरा हो । झन् उसमाथि, उनी त गहनाले ढाकिएकी समेत थिइन् ।

यस्ता घटनाहरु हाम्रा समाजमा दिनदिनै, जहाँतहीं घटिरहेका छन् । ठगिएर, असुरक्षित भएर हतार हतार घरतिर दौडिरहेका वा अलपत्र परिरहेका युवतीहरुको मानसिक बेचैनिको स्थिति र पसीना पसीना भएर दौडिरहेको उनीहरुको शारीरिक हालत !

हेर्नुस् त ती युवतीको स्थिति कति असजिलो खालको थियो ?

लुगाहरु असजिला छन्, जुत्ता चुच्चे कुर्कुच्चावाला छ, दौडन पनि असजिलो छ । नदौडिंदा बाटैमा रात पर्ने डर ! दौडँदा झन बाटा वरपरका बदमाश गुण्डाहरुको ध्यान आफूतिर स्वतः तानिने डर ! डरै डर !

माथिको प्रसंगले हाम्रो समाजमा वर्तमान स्थितिमा महिलाहरुले झेल्नु परेका अप्ठेराहरुको एक झलक दिन्छ । यी अप्ठेराहरुको मूल जरो बर्तमान समाज व्यवस्था नै हो , जुन समाज व्यवस्थाले साँझ परेपछि महिलाहरुलाई हिड्‌न समेत सुरक्षा दिँदैन । यो खाले समाज व्यवस्थाको अन्त हुन जरुरी छ । यस कुरामा कुनै पनि सचेत व्यक्तिको असहमति रहन्न नै ।

तर, यस सन्दर्भमा विचार गर्नु पर्ने एउटा महत्वपूर्ण कुरा पनि छ । त्यो कुरा हो- यस स्थितिको अन्त गर्न स्वयं महिलाहरु कति प्रयत्नरत छन् ? यस स्थितिलाई बदल्नु पर्छ भन्ने कुराको चेत नै कति महिलाहरुमा छ ?

यो पक्ष अति नै विचारणीय छ ।

माथिको प्रसंगमा उल्लेख गरिएकी युवतीको सन्दर्भमा हेरौं ।

पर्स हराउन नपाई उनी अत्यन्त दयनीय अवस्थामा पुगिन् । माथि पनि भनियो- वास्तवमा त्यो पर्स हराउनु भनेको डेढ दुई सय रुपिया हराउनु मात्र थिएन । ट्याक्सी वा टेम्पो चढ्ने पैसा नभएको कारण हतारोको अति चापयुक्त उनको पैदल यात्रामा उनको ज्यानकै खतरा समेत हुन सक्थ्यो । पसीना पसीना भएर पिड़ुँला फतक्क गल्ने गरी दौडेर पनि उनी ढीलो घर पुग्दा घरका मान्छेहरुले झन त्यसमाथि नाना भाँतीका गाली र शंका गर्ने संभावना पनि प्रसस्त हुन सक्दथ्यो नै ।

ती युवतीको चिन्ताग्रस्त र दुःखी अनुहार देख्दा वरपरका सहृदयी मानिसहरुलाई लागिरहयो- कम्तिमा पनि उनको पैसा नहराइदिएको भए कत्ति जाति हुन्थ्यो !

तर तत्कालै मेरो मनमा प्रश्न उठ्यो- यसका निम्ति उनी आफै कति सचेत थिइन् त ?

सचेत उनी नै थिइनन्- यसो भन्न सकिन्न ।

तर स्थिति के थियो भने- उनी कतितिर सचेत हुने ? बसको भीडमा उभिएकी उनी व्याग झर्ला वा चोरिएला भनेर पनि सचेत हुनुपर्‍यो । लगाएका गहनाहरु बदमासहरुले तानिदेलान् कि भनेर पनि सचेत हुनु पर्‍यो । अर्को काँधमा झुण्डिरहेको ओढ्ने कपडा काँधबाट चिप्लिएर भूँइमा झर्ला भनेर पनि सचेत हुनु पर्‍यो । भीडमा धकेलिँदा साडीको सप्को पर कतै अल्झिएला भनेर पनि सचेत हुनुपर्‍यो । र, हातको पर्स खस्ला वा हराउला भनेर पनि सचेत हुनु पर्‍यो । अनि जुत्ता तीखो कुर्कुच्चावाला भएकोले लडिएला भनेर बसको छतको डण्डी पनि झन राम्ररी समाउनै पर्‍यो ।

बस् । यी सवैमा ध्यान बाँडिदा पर्स खस्यो वा कसैले चोर्‍यो भन्ने कुराको उनलाई पत्तै भएन ।

भीडमा उनले त्यो पर्स व्यागमै राख्नु पर्थ्यो भन्ने तर्क केहीले दिए । त्यसो गर्दा व्यागको चेन खोलेर पकेटमाराले चोरीदेला भन्ने डर उनलाई थियो । उनले यो तर्क दिइन् ।

अलिपर एक प्रौढ पुरुषले दिक्क मान्दै भनिरहेका थिए- "यस्तै हो यी आइमाईहरुको चाला ! सव कुरामा यिनीहरु कच्चा छन् भित्री बाहिरी गोजी भएको लुगा लगाउने हामी लोग्नेमान्छेलाई त पाकेटमाराले सताउँछ भने हातहातमा पैसा च्यापेर हिड्‌ने यी आइमाईहरुको के कुरा !"

बस ! मैले माथिको प्रसंग शुरु गर्नुको मूल सन्दर्भ यहींबाट शुरु हुन्छ ।

महिलाहरुको पोशाकमा गोजी हुँदैन !

गोजी वा खल्ती हुने पोशाक नै हैन उनीहरुको !

के महिलाहरुको पोशाकमा पनि गोजी राख्न सकिन्न ? हाल चालु पोशाकमै पनि कतै उपयुक्त तरीका खोजेर गोजी फिट गर्न सकिन्न ? वा गोजी सहितको पोशाक महिलाहरुले लगाउन मिल्दैन ? के उनीहरू सानो यात्रा-खर्च पनि ढुक्कसँग आफूसंग राखेर हिँड्ने मेलोमसो निकाल्न सक्दैनन् ? किन होला यस दिशातिर कसैको पनि ध्यान नगएको ?

एक जना प्रगतिशील युवकले त्यतिखेरै बसमा मलाई यी प्रश्नहरु सोधेका थिए । यी प्रश्नहरू हेर्दा साधारण लागेपनि अति महत्वका प्रश्नहरु हुन् । हेर्दा कुनै गोजी वा पर्ससंग सम्बन्धित लागेपनि वास्तवमा यी प्रश्नहरुले हाम्रो समाजमा महिलाहरुलाई कसरी हरेक सानो भन्दा सानो कुराद्वारा पनि बन्धनमा राख्ने परम्परा वा संस्कृति चालु राखिएको छ भन्ने यथार्थलाई कोट्याएका छन् ।

आउनुहोस्, यसबारे एकछिन केही गहीरोमा जाने प्रयत्न गरौं ।

समाजमा पुरुष प्रभुत्व कायम राख्न महिलाहरुलाई कमजोर बनाईराख्नु जरुरी हुने हुनाले पुरुषप्रधान समाज व्यवस्थाले महिलाहरुलाई पैतृक सम्पत्तिको हकबाट बञ्चित गरायो, यसबाट स्वतः महिलाहरु आफ्नो सम्पत्ति भन्ने केही नभएका "परआश्रित व्यक्तिहरु" बन्न पुगे। आधारभूत रुपमै यसरी महिलाहरुलाई दोश्रो दर्जाको नागरिक बनाएर मात्र नपुगेर महिलाहरुलाई शिर ठाडो पार्नै नदिने उद्देश्यले धर्म र नीति वा परम्पराको नाममा थप्रै थुप्रै आधारहीन चाल-चलन, रीतिरिवाजहरु चलाइए। यी रीतिरिवाजहरुको मूल ध्येय हो- आइमाईहरु पराश्रित हुनुको स्थितिभन्दा माथि उठ्न नसकून्। यी रीतिरिवाजहरुले दिने मूल सन्देश हुन्- "आइमाईहरु हो ! तिमीहरु पुरुषहरु सरह शक्तिशाली बन्न पाउँदैनौ ! तिमीहरु पुरुषहरुका राम्रा खेलौना वा असल दासी मात्र बन्नु पर्छ।"

यसरी आइमाईहरुलाई पुरुषहरुका "राम्रा खेलौना" वा "असल दासी" बनाउन थोपरिएका चाल चलनहरु थुप्रै छन्।

*- घरको काम आइमाईले मात्र गर्नु पर्छ। यो काम आइमाईले गर्नु शोभा दिने कुरा हो भने लोग्ने मान्छेले गर्नु बेइज्जतीपूर्ण कुरा हो।*

*- आइमाईले पढ्नु हुन्न, खुलेर बोल्नु हुन्न, सधैं निहुरनु पर्छ।*

*- पाल्न सक्ने लोग्ने हुँदाहुँदै आइमाइले किन जागीर खानु पऱ्यो ?*

*- आइमाईले रंगीचंगी र नरम लुगा मात्र लगाउनु पर्छ। सधैं सिंगारिनु पर्छ।*

*- घर र समाजका व्यवस्थापनका कुरामा आइमाईको के काम ?*

*आदि आदि र अनेक !*

यी सबै कुरा आफूले महिलाहरुमाथि जबर्जस्ती लादेर नपुगेर पुरुष-समाजले महिलाहरुबाटै यी कुरालाई जायज ठहऱ्याउने चालबाजी पनि गर्दै आएको छ। त्यसैले आज हाम्रो समाजका अधिकांश महिलाहरु स्वयं नै पुरुष शोषणकारी व्यवस्थाको रक्षा गर्ने "एजेण्ट" बनेका छन्। यहाँ महिलाहरु नै आफ्नो "बन्धन" लाई "गौरव" को रुपमा लिन्छन्। यो बन्धन लाद्न आमाहरु छोरीहरुमाथि खनिएका छन्, सासूहरु बुहारीहरूमाथि।

पुरुषहरुले खासै धेरै मिहेनत नै गर्नु परिरहेको छैन। महिलाहरु आफै पुरुष स्वार्थको रक्षाका लागि नीति-नैतिकताको निर्माण र विकास गर्ने खम्बा बनेका छन्।

बुहारीलाई घरेलु काममा सघाउने छोरामाथि "जोइटिङ्ग्रे" को आरोप लगाई हतोत्साहित गर्न सासूहरुलाई कसैले सिकाइरहनै पर्दैन।

छोरीलाई छोरा समान नपढाउन स्वयं आमाहरुले बाबुहरुलाई संभ्काइरहेछन्।

यी सब कुराहरु गर्न पहिले पहिले चाहिँ धर्मका ठेकेदारहरु र अहिले चाहिँ यिनका साथै पूँजीका ठेकेदारहरु पनि अत्यन्त सक्रिय रुपमा लागिपरेका छन्।

आज आइमाईलाई नै आइमाई विरोधी बनाउन धर्म सक्रिय छ- "गौरवमय परम्परा"को नाममा पुरुष प्रभुत्वलाई "नारी गौरव" को रुपमा व्याख्या गरिदिएर।

यसै गरी फेसनका व्यापारी र नारीदेहका व्यापारीहरु सक्रिय छन्- "आधुनिकता र सौन्दर्यको नाममा पुरुष प्रभुत्वलाई "नारी गौरव"को रुपमा व्याख्या गरिदिएर।

यी दुवै थरीले नारीलाई सधैं सधैं असहाय राख्ने कोशिस गरिआएका छन्। खान-पान, उठ्-बस्, लवाईका किसिम-ढाँचा, दैनिक व्यवहार सबैमा यो कोशिस प्रष्ट रुपले देखिन्छ।

उदाहरणका लागि- महिलाहरुको पोशाकको जुन ढाँचा समाजमा आम रुपमा हिजो र आज व्याप्त छ, त्यसमा पनि नारीलाई असहाय राख्ने नियत नै लुकेको छ। पुरुषहरुको लागि भने छिटो छरितो र शरीरलाई रक्षा गर्ने खालका पोशाकहरु। तर महिलाहरुको लागि भने भद्दा, बेरिने, लत्रिने खालका, हिंड्न दौड्न असजिलो हुने खालका पोशाकहरु प्रचलनमा छन्। आधा जीऊ देखिने र जीऊ यौन उत्तेजक देखिने पोशाकको शैली पनि नारीहरुको लागि नै चलनमा ल्याइएको छ। "खेलौना" भैं सिंगारिने प्रचलन पनि नारीमाथि नै लादिएको छ।

यस्ता लादिएका कुराहरुलाई बुभन र यिनका विरुद्ध लाग्न हाम्रो समाजका आम महिलाहरूले सकेका छैनन्। किनभने, उनीहरु प्रायः अशिक्षित छन्, असचेत छन्।

तर हाम्रो समाजको यथार्थ यो मात्र हैन। हाम्रो समाजका शिक्षित र जानेबुझेका भनिएका महिलाहरुबाट पनि यस दिशामा उल्लेखनीय काम हुन सकेको छैन। माथि शुरुमा प्रस्तुत गरिएकी पर्स हराएकी युवती शिक्षित नै देखिन्थिन्। तर मलाई लाग्छ, त्यो पर्स हराउनु र त्यसपछि त्यत्रा ठूला संभावित विपत्ति भेल्नु पर्नाको कारण आफ्नो पोशाकको ढाँचामा पनि निहित छ भन्ने कुरा पछि पछिका दिनहरुमा पनि उनले सोचेकी छैनन् होला। उनी जस्ता थुप्रै शिक्षित महिलाहरु गोजीविनाका पोशाकमै हिंड्छन्, हातको ब्याग वा पर्स हरायो भने मात्रै पनि ववर्दै हुने संभावनालाई सहजै स्वीकारेर। भैरहेका पोशाकमै पनि कतै सुरक्षित गोजी राख्न रोज्ने वा गोजी हुने नै खालका पोशाक लगाएर ढुक्कसंग हिंड्ने महिलाहरु कति होलान् ? शायद औंलामा गन्न सकिने होलान्।

> आज हाम्रो समाजका अधिकांश महिलाहरु स्वयं नै पुरुष शोषणकारी व्यवस्थाको रक्षा गर्ने "एजेण्ट" बनेका छन्।

यो गोजीको प्रसंग त केवल एउटा संकेत मात्र हो। यस्ता थुप्रै कुराहरुमा महिलाहरुले आफू अनावश्यक रुपमा "असहाय" हुने स्थितिहरु चूपचाप स्वीकारिरहेका छन्। आफूलाई पढेलेखेका र आधुनिक मान्ने महिलाहरु पनि परम्पराका सांग्लाहरुमा चूपचाप बाँधिएर हिँड्नुले देखाउँछ- उनीहरु "बन्धन" चिनिरहेका छैनन् र त्यस बन्धनदेखि मुक्त हुनेतर्फ उनीहरुमा रुचि नै जागृत भएको छैन। नारीमुक्तिको निमित्त आवश्यक हुने समाजको आमूल परिवर्तनको अभियानलाई हाक्नमा होमिनु पर्ने नारीहरु सानातिना कुरामा पनि "बन्धनमुक्त" हुने सक्रियता अप्नाइरहेका छैनन्।

त्यसैले, शिक्षित महिलाहरुका सामु केही व्यवहारिक प्रश्नहरु अगाडि सार्नु उचित ठान्दछु। यी प्रश्नहरुको व्यवहारिक हल उनीहरुको थोरै सचेतनतापूर्ण सक्रियताबाटै मात्र पनि सम्भव छ। त के यत्ति मात्र पनि हामी गरिरहेछौं ?

*- लवाइ-खवाइदेखि लिएर दैनिक व्यवहारका अन्य क्रियाकलापमा महिलाहरुलाई बन्धनमा पार्ने प्रचलनहरु के के छन् ? यिनीहरुको बारेमा सोच्न, पढ्न, छलफल गर्न संभव छ। तर के हामी शिक्षित महिलाहरुको ध्यान यतातिर जाने गर्छ ?*

*- हिंड्न डुल्न सजिलो र सुरक्षित हुने पोशाकहरुको चलन विस्तारै चलाउन सम्भव छ, जस्तो कि- कामकाजी महिलाहरुले बेरिने, लत्रिने, दौड्न, फड्किन असजिलो हुने साडी नलगाएर त्यसभन्दा सुविधाजनक कुर्ता सुरुवाल, फ्रक सुरुवाल जस्ता पोशाकहरु लगाउने गर्न। के यस्तोमा हाम्रो सचेत ध्यान गएको छ ?*

*- गहनाको होडवाजी चलिरहेको समाजमा गहना नै नलगाएर वा कम गहना लगाएर वा राम्रा तर सस्ता गहना लगाएर यस होडवाजीलाई मत्थर मात्रै भए पनि गराउन सकिन्थ्यो। के यसतिर हाम्रो ध्यान गएको छ ?*

*- फेसन र नारी देहप्रदर्शन हाल नाफाखोर पूँजीपतिहरुको नाफा सोहर्ने ठूलो माध्यम बनेका छन्। हिंडडुल गर्दा सकेसम्म सरल तरीकाले प्रस्तुत हुन र देह प्रदर्शन नगर्न हामी सक्छौं। के यसतिर हाम्रो ध्यान गएको छ ?*

*- नारीलाई निरीह, असहाय र घरेलुदासी बनाउने घरायसी मान्यतालाई बदल्न छोरालाई पनि विस्तारै घरेलु काममा लगाउने र छोरीलाई पनि बौद्धिक सामाजिक काममा लगाउने चलनको शुरुवात गर्न संभव छ। बच्चैदेखि छोरा छोरी दुवैलाई समानताभाव जगाउने शिक्षा घर घरमा शुरु गर्न संभव छ। तर के हामी यसो गरिरहेका छौं ?*

*- एउटै अफिसमा काम गर्ने समान स्तरका पुरुष कर्मचारीहरु फुर्सदको बेला पत्रिका पढेर देश-विदेशका कुरामा छलफल गर्छन। तर अधिकांश महिला कर्मचारीहरु केवल फिल्म, फेसन र घरेलु धन्दाका कुरा मात्र गर्ने गर्छन्। घरेलु धन्दाको कुरा पनि महत्वपूर्ण कुरा नै हो। तर त्यसभन्दा परका कुरा गर्न विशेष प्रयास गरेरै पनि समय निकाल्नु पर्नेमा त्यसो नगरी, भन उल्टो, भएको फुर्सद पनि त्यस काममा प्रयोग नगर्ने प्रवृत्ति हामीमा छ। के यो प्रवृत्ति तोड्न सकिन्न ?*

*- हाम्रो समाजका धेरै महिलाहरु रजश्वला भएको बेलामा घरपरिवारमा छुन नहुने भनी ठूलो भण्भट र छि छिः बेहोरिरहेका छन्। रजश्वलाको समयमा आराम गर्नु र सरसफाइमा ध्यान दिनु चाहिँ जरुरी छ तर छुवाछुतको व्यवहार चाहिं अन्धविश्वासी रुढीवादी व्यवहार मात्र हो भन्ने कुरा आज वैज्ञानिक रुपले नै प्रमाणित भैसकेको छ। शरीरमा हुने एउटा प्राकृतिक घटनामा यत्रो छुवाछुतको व्यवहार गरी नारीहरुलाई तल्लो स्तरमा राख्ने यस परम्परागत षडयन्त्रका विरुद्ध लागिपरेर विस्तारै यस्तो रुढीवाद हटाउनेतिर समाजलाई अगाडि बढाउनु पर्नेमा हामी देखिरहेछौं - कतिपय शिक्षित आमाहरुले पनि आफ्ना स्कूल पढ्ने छोरीहरुलाई प्रथम रजश्वलाको वेला १२-१५ दिन कोठामा थुनेर र प्रत्येक महिना ३-४ दिन छूवाछूत गरेर उनीहरुको पढाइ र परीक्षा वर्वाद गरिदिएका छन्। यसतर्फ हाम्रो ध्यान गएको छ ?*



*- संपत्तिमा हक नभएकाले नारीहरु सबै कुरामा पछि परेका हुन् भन्ने जानेपछि पनि कतिपय शिक्षित युवतीहरुले शिक्षालाई विहे गर्नका निमित सर्टिफिकेटको रुपमा वा विहे भएपछि "पढेको छु" भनी घमण्ड गर्ने माध्यमको रुपमा मात्र लिएका छन्। शीपमूलक र रोजगारी मूलक क्षमताको विकास गरी आर्थिक आत्मनिर्भरता प्राप्त गर्नेतर्फ शिक्षालाई उपयोग गर्न हामी कति महिलाहरु समयमै सचेत छौं ? आदि आदि*

❑ ❑

# रायन/रामेश एकै ठाउँमा

### अन्तर्वार्ता कलाकार रायनसँग

## हामीबीच त्यस्तो कुनै ठूलो सैद्धान्तिक मतभेद छैन- रायन

*गत वैशाख ३१ गते पारिजात स्मृति केन्द्रले आयोजना गरेको स्मृतिसभामा नेपालका दुई जना प्रतिष्ठित जन-कलाकारहरु रायन र रामेश करीव २२ वर्षपछि एउटै मंचमा, एउटै गीत गाउनका लागि जनसमक्ष प्रस्तुत हुनुभयो ।*

*२०१८ देखि २०२९ सम्म सँगै हिंडेका यी कलाकारहरु यस बीचमा चलेको चर्चित "राल्फा आन्दोलन" मा पनि स्व. पारिजात र अन्य मित्रहरुसमेत सँगसँगै सक्रिय हुनुहुन्थ्यो । त्यसपछि उहाँहरु अलग अलग वामपन्थी राजनैतिक पार्टीहरुको नजीक पुग्नुभयो । "वेदना" परिवार र पछि "इसास" का शीर्षस्थ कलाकारको रूपमा रायनले काम गर्नुभयो भने "संकल्प" परिवार र त्यो छोडेपछि "आस्था" परिवारका शीर्षस्थ कलाकारका रूपमा रामेशले काम गर्नुभयो ।*

*जनविरोधी खेमाबाट सांस्कृतिक आक्रमण तीव्र भइरहेको हालको समयमा सार्थक, जीवनमुखी, प्रगतिशील कला क्षेत्रलाई सक्रिय गराई राम्रा रचनाहरुको श्रृजना र विस्तारमा व्यापकता ल्याउनु अति जरूरी भएको छ । यसका लागि जन-कलाकारहरुबीच एकताको ठूलो खाँचो छ । यस स्थितिमा रामेश र रायनको बढ्दो नीकटतालाई हामी अत्यन्त स्वागतयोग्य कुरा मान्दछौं । उहाँहरुबीच आपसी सहयोग आदान-प्रदानको क्रम अघि बढोस् र कम्तिमा पनि उहाँहरुका संयुक्त प्रयासमा जनताले गीत-संगीतका राम्रा विकल्पहरु ज्यादा पाउन सकून भनी हामी कामना पनि गर्दछौं ।*

*प्रस्तुत छ- उहाँहरुसँग समसामयिक विषयमा गरिएको कुराकानीका केही अंशहरु:*

❑ *तपाई र रामेश धेरैपछि एउटै आइटम प्रस्तुत गर्न उभिनु भयो । अब एकसाथ अघि बढ्नेतर्फ के सोच्नु भएको छ ?*

- हो, रामेश र म एकै ठाउँमा उभिएर धेरै वर्ष (झण्डै २२ वर्ष) पछि सँगै गायौं । यसरी हामी दुई जनाले सँगै गाएपछि जनसंस्कृतिको विकास चाहनेहरूले निकै ठूलो खुशी लागेको कुरा भेटघाटमा, फोनबाट र साथीभाइहरू मार्फत उत्साहित भएर व्यक्त गरेको वा पठाएको पाईरहेछु । सवैको चाहना अब हामी एकसाथ सँगै हिंडून् भन्ने रहेको छ । यसले हामीलाई पनि सोच्न वाध्य पारेको छ । र, हामीलाई सँगै हिड्न कुनै अप्ठेरो छ जस्तो पनि मलाई लाग्दैन ।


तर पनि हामी धेरै समय छुट्टिएर आ-आफ्नै ढंगले हिंडीसकेका हुनाले रामेशको पनि आफ्नै किसिमको काम र गतिविधिहरू छन्, मेरो पनि आफ्नै किसिमको गतिविधि र कामहरू छन् । ती सबै कुरालाई तुरून्तै एकातिर पन्छाएर हिंड्नु राम्रो हुँदैन । त्यसैले यी सवै कुरालाई राम्रोसँग सोची व्यवस्था मिलाएर हिड्नु राम्रो होला । यसरी अघि बढ्यौं भने जनसंस्कृतिको फाँटमा केही योगदान पुग्ला भन्ने मलाई लाग्छ ।

❑ *अब उहाँसँग तपाईको मतभेद वाँकी छ कि छैन ?*

- मतभेद भनेर हामी दुई बीच त्यस्तो कुनै ठूलो सैद्धान्तिक मतभेद छैन । रामेश र म शोषित पीडित बहुसंख्यक जनताको मुक्तिकै गीत र जन-चेतनाको स्तर वृद्धि गर्ने गीत गाएर जनताकै पक्षधर बनेर हिंडीरहेका छौं । हामीमा केही मतभद छैन ।

❑ *अरू प्रगतिशील कलाकारसँग पनि एकै ठाउँमा, एकै मंचमा मिलेर प्रस्तुत हुने परिपाटी बसाल्नु जरूरी छैन ?*

- किन जरूरी नहुनु ? अत्यन्त जरूरी छ । अहिले जुन किसिमको विकृत र जन विरोधी संस्कृतिको विकास गर्न सरकारले त खोजीरहेछ, त्यसको विरूद्धमा सबै प्रगतिशील कलाकारहरू एउटै मंचमा उभिने मात्र हैन, एउटै हूल भएर हिंड्ने वेला आइसक्यो भन्ने मलाई लाग्छ ।



❑ *वर्तमानमा नेपालमा चालू गीत-संगीतको प्रवृत्ति तपाईंले कस्तो पाउनु भएको छ ?*

- हालमा रेडियो-टि.भी., फिल्म वा अन्य संचारका माध्यमबाट जनतामा जुन किसिमको गीत-संगीत प्रस्तुत गरिंदै छ, त्यो वर्गीय स्वभाव अनुसार प्रस्तुत भइरहेछ । उनीहरूबाट कुनै राम्रो कुराको आशा गर्नु नै बेकार छ । उनीहरूबाट जन पक्षीय संस्कृतिको विकासको आशा राख्नु नै गलत हुन्छ । पंचायत कालभन्दा यसले कुन फरक बाटो लिएको छ र ? अझ यसले पंचायतले हिंडेको बाटोलाई अरू फराकिलो पारी विदेशी पप संस्कृतिलाई भित्र्याएर भाट संस्कृतिको थप बिकास गरी छाडा प्रवृतिको नै उत्थान गरिरहेछ ।

**सबै प्रगतिशील कलाकारहरू एउटै मंचमा उभिने मात्र हैन, एउटै हूल भएर हिंड्ने वेला आइसक्यो भन्ने मलाई लाग्छ।**

❑ *छाडा गीतहरू जोड्जाड पारेर 'लोक गायक' बनेका सरकारी गायकहरूले आज पनि चर्चा र सम्मान पाइरहेछन् । यसबारे तपाईको धारणा के छ ?*

- यो सम्मान र चर्चा स्वभाविक हो । यो वर्गीय स्वार्थ अनुसार भएको छ र यस्तो उनीहरूले गर्छन नै, यसमा आश्चर्य मान्ने कुरै भएन । मैले माथि पनि भनीसकें यो सरकार वा व्यवस्थाबाट जन पक्षीय सांस्कृतिक कर्मीहरूको इज्जत र संमानको आशा राख्नु मूर्खता हुन्न र ?

❑ *तपाईहरूका गीत मन पराउनेहरूको हाल संख्या घटेको छ कि बढेको छ ?*

- खैं यो बढेको घटेको हामी आफैंलाई थाहा हुने कुरा त भएन । तर, पनि यसो विचार गर्दा संसदमा जान जनपक्षीयताको वकालत गरेर चुनाब लडेका उम्मेदवारहरूलाई जिताएका हुनाले संसदमा ८१ जना सांसदहरू हुनु र हारेको ठाउँमा पनि दोश्रो नम्वरमा रही हार्नुले यति ठूलो संख्यामा रहेको समाजवादका पक्षधर जनताहरूले जनपक्षीय गीत संगीत मन नपराउलान् भन्ने कुरो मलाई लाग्दैन । हाम्रो गीत संगीत भनेको जनपक्षीय भएकोले मेरो विचारमा यो संख्या घटेको हैन, बढेकै होला, भन्ने मलाई लाग्छ ।





# जनताको पक्षमा हामी सँगै हुनुपर्छ र हुन सक्छौं

## अन्तरवार्ता : कलाकार रामेशसंग

*□ तपाई र रायन धेरैपछि एउटै मञ्चमा, एउटै आइटम प्रस्तुत गर्न जनसमक्ष प्रस्तुत हुनु भयो । तपाईहरूका बीचमा आएको यो नीकटतालाई सार्थक कलाप्रेमीहरूले सकारात्मक रूपले लिएको पाइएको छ । तर तपाईहरू बीच अझै कुनै मतभेदहरू पो बाँकी छन् कि ?*

– खासमा त्यस्तो मतभेद कुनै छैन ।

बहुदलीय व्यवस्था आएपछि २०४७ जेठमा इसासको आयोजनामा हामी आस्था परिवार समेत मिलेर आरोहण समूह समेतलाई निमन्त्रणा गरी हामीले एकसाथ भएर काठमाण्डौं खुलामञ्चमा ठूलो सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थियौं । पछि राष्ट्रिय सभागृहमा आस्थाको आयोजनामा कार्यक्रम गर्दा रायन समेत इसास परिवार लाई निमन्त्रणा गरी एकसाथ कार्यक्रम दियौं । पछि पनि केही स्थानहरूमा हामी एउटै मञ्चमा प्रस्तुत भएका छौं ।

समय धेरै बदलीसकेको छ । हामीले पनि आफ्ना धेरै सवलता र कमजोरीहरूको लेखाजोखा गर्ने मौका पाइसकेका छौं ।

यस स्थितिमा हामी कतिपय पुराना कमजोरी र पूर्वाग्रहहरू आफूबाट हटाएर हाम्रो समाज र राम्रो विचारधाराको पक्षमा, जनताको सेवामा दृढ र उदार दिलले लाग्नु पर्छ भन्ने अनुभूति गर्न पुगेका छौं । जनताको पक्षमा राम्रा कामहरू गर्न हामी संगै हुनुपर्छ र हुन सक्छौं, यसो गर्नु जरूरी छ भन्ने मैले मानेको छु । पारिजात दिदीको वार्षिक स्मृति सभामा हामीले धेरै पछि संगै गीतहरू गायौं । यो एउटा फड्को हो, सकारात्मक कुरा हो ।

*□ संगै काम गर्न तपाईहरूले तत्कालको लागि कुनै योजना पनि बनाउनु भएको छ कि ?*

– त्यस्तो खास कुनै योजना चाहिं बनीसकेको छैन ।

*□ प्रगतिशील विचार लिने सबै लेखकहरूको साझा मञ्च को रूपमा प्रगतिशील लेखक संघ भएझैं यस विचारका सबै कलाकारहरूको पनि यस्तै खुकुलो खालको साझा मञ्चको खाँचो तपाईले महसूस गर्नु भएको छैन ?*

– हो, हाम्रा बीच थुप्रै साझा कुराहरू छन् । आम जनतालाई विकृत संस्कृतिको खाडलमा जाकने राष्ट्रिय, अन्तरराष्ट्रिय सांस्कृतिक आक्रमण भैरहेको यस समयमा जनतालाई त्यो आक्रमणबाट जोगाउनु अति जरूरी छ । यसका लागि जीवनमुखी सोच राख्ने सबै कलाकारहरूको ठूलो दायित्व छ । यो दायित्व पूरा गर्न हामी धेरै कुरामा एक साथ भएर जानु जरूरी छ र यसो गर्न सकिन्थ्यो पनि ।

तर गुटगत संकिर्णता र भागवण्डाको तानातानी र घम्साघम्सीको स्थिति सृजना हुने गरेको हिजो हामीले देखेका छौं । यसबाट हामी तर्सिएका छौं ।

यदि यस्तो हुदैन भने यस्तो मञ्च बनाउन संभव छ । तर हाल यस्तो भैहाल्दैन भन्नेमा म ढुक्क चाहिं छैन ।

*□ अहिले तपाई कलाको क्षेत्रमा के गर्दै हुनुहुन्छ ?*

-अहिले हामी तत्काल कुनै ठूलो र बाहिरि कार्यक्रम गरिरेहका छैनौं । हामी कलाकारहरूको परिवार र रोजगारीका दायित्वहरू थपिएका छन् त्यसैले हिजो जस्तो सजिलो स्थिति हाम्रो छैन । भेट्ने र सहयोग लिन आउनेहरूलाई भेट्दा र थोरै सहयोग गर्दा पनि थुप्रै समय खर्च हुने गर्छ । तै पनि हामी समय र सक्रियता जुटाउने पक्षमा छौं ।

स्वर्णिम स्कूलमा नानीहरूलाई संगीत सिकाउने मेरो सानो नियमित व्यस्तता छ । यस बाहेक म आजकाल बालकहरूको लागि गीत संगीत निर्माण गर्ने, रेकर्ड गर्ने र जनतामा त्यसलाई पुर्‍याउने व्यवस्था मिलाउन व्यस्त छु । केटाकेटीका गीतहरू भाग १,२,३ पछि अब भाग ४ को तयारी हुँदैछ ।

धेरै साथीहरूले हाम्रा पुराना र नयाँ गीतहरू रेकर्डिङ्ग गरी क्यासेट निकाल्न सल्लाह दिइरहनु भएको छ । यसबाट धेरैभन्दा धेरै जनतामा हाम्रा गीतहरू पुग्ने र तिनीहरू पछिसम्मलाई सुरक्षित पनि हुने हुनाले अहिले गीत रेकर्डिङ्गमै म आफूलाई बढी लगाइरहेको छु । तर जनताको माझमा प्रत्यक्ष जाने गरी कार्यक्रमहरू पनि गर्न छोड्नु हुन्न भन्ने मलाई लाग्छ, किनभने हामी जनताबाट अलगिनु हुन्न ।

*□ सार्थक र राम्रा विचारका कलाकारहरूप्रति शुभेच्छुकहरूले केवल शुभेच्छा चाहिं राख्ने तर ठोस सहयोग चाहिं नगर्ने गरेको स्थितिबारे "मूल्यांकन" ले गत एक अंकमा एउटा स्तंभ मार्फत चित्रित पनि गरेको थियो । हाल ती शुभेच्छुकहरूको सहयोग तपाईहरूले विगतको तुलनामा कतिको पाइरहनु भएको छ ?*

– मूल्यांकनमा चन्द्रदेव नेपालीले लेख्नु भएको कुरा एकदमै यथार्थ र मार्मिक कुरा हो । हो, हामीलाई सक्रिय बनेको देख्न चाहिं चाहने तर हामीले निकालेको एउटा क्यासेट किन्न चालीस रूपिया खर्च गर्न चाहिं पछि हट्ने हाम्रा शुभेच्छुकहरू धेरै छन् । उनीहरू गरीब छैनन्, सम्पन्न छन् तर आफ्नो दायित्व उनीहरूले अनुभव नै गरेका छैनन् । पचास पचास रूपिंया पर्ने बियर एक साँझमा अनेकौं साथीसहित भएर खान उनीहरूलाई कही गाह्रो पर्दैन तर हाम्रो क्यासेटमा चालीस रूपिंया खर्च गर्न उनीहरूलाई ठूलो कठीनाइ महशूस हुन्छ । व्यक्तिगत रूपमा हामीलाई पचासौं रूपियाँ खर्च गरी रेष्टुरांमा खाना खुवाउन उनीहरू इच्छुक देखिन्छन् तर हाम्रा रचना र टिकट किनीदिन उनीहरूलाई पसीना छुट्छ । कुनै कार्यक्रमको टिकट विक्री गर्न जाँदा हामी यस्ता ठहरिन्छौं- मानौं, हामी लाचार माग्ने हौं ।

जनसंस्कृति निर्माण हुनुपर्छ भन्ने लाखौं मान्छे नेपालमा छन् तर हाम्रा क्यासेटहरू दुई अढाई वर्षमा तीन हजार थान पनि विक्री हुन गाह्रो परिरहेछ, जव कि कुनै पप गीतको क्यासेट नै पनि दशौं हजार यहाँ तुरून्त विक्री हुने गर्छ । "रक्त क्रान्तिको ज्वालामुखीमा" भन्ने हाम्रो गीतलाई एमालेको भातृ संगठन प्ररायुसंघले युवा -गीत बनायो । प्ररायुसंघमा दुई तीन लाख सदस्य

*□ तपाई आफ्ना शुभेच्छुकहरूबाट के सहयोगको अपेक्षा राख्नु हुन्छ ?*

– अहिले शुभेच्छुकहरूले राम्रोसँग र योजनावद्ध ढंगले अगाडि बढाउन हामीलाई राम्रो वातावरण, राम्रोसँग हामी आफैंले व्यवस्था गर्न सक्ने नहुन्जेलको लागि आर्थिक सहयोग र व्यवस्थापनमा राम्रो सहयोग गरी चाजोपाँजो मिलाईदिएमा जन संस्कृतिको फाँटमा निकै ठूलो सहयोग हुने थियो जस्तो लाग्छ । त्यसैले म आफू त शुभेच्छुकहरूलाई यो पक्षमा गम्भिरतापूर्वक सोची दिन आग्रह गर्दछु ।

*□ तपाईको सक्रियतामा हाल सुस्ती आएको हो ?*

– पंचायत व्यवस्था ढल्नुअघि जुन तौर तरीकाले काम हुन्थ्यो, पंचायत ढलेपछि त्यो तौर तरीकाले काम हुन नसक्ने रहेछ । जनताको चाहना भने एकैचोटी ठूलो हुने, हाम्रो अवस्था भने एकै चोटी ठूलो नहुने, साधन स्रोतको कमी, प्राविधिक शीपको कमी-कमजोरी । सानो गारेटोमा हिंड्दा देखिने हलुका लहर ठूलो बाटोमा हिंड्दा एकदम थोरै र अनियन्त्रित देखिने रहेछ । हामी पहिले जुन ढंगबाट काम गर्थ्यौं र साथीभाइबाट जुन आशा राख्थ्यौं, प्रजातन्त्रको नाममा आएका यो समयको खुला वातावरणमा त्यो तौर तरीकाले मात्र नपुग्ने रहेछ । विभिन्न किसिमका, विभिन्न क्षेत्रमा नाकाहरू खुली साथीभाइहरू सबै पहिले कै अवस्थामा हिंड्न नसक्ने भए । हामीले हाम्रो व्यवस्थापन पक्षलाई खुला वातावरणको परिप्रेक्ष्यमा नयाँ ढंगबाट लानुपर्ने रहेछ । त्यसैले हाम्रो व्यवस्थापन पक्षको कमी कमजोरीले गर्दा केही काम सामयिक रूपमा ढीला भइरहेछ । तर, म व्यक्तिगत रूपमा भने कला सृजनामा लागि नै रहेछु ।

*□ टि.भि. र अन्य सरकारी संचार माध्यमले तपाईलाई बोलाउने गर्छ कि, गर्दैन ?*

– बोलाउँदैन । पंचायती सरकार र यो सरकार मूलभूत रूपमा एउटै भएकोले पंचायती व्यवस्थामा पनि हामीलाई बोलाउँदैनथ्यो र यो सरकारले पनि हामीलाई बोलाउँदैन । □

**गुटगत संकिर्णता र भागवण्डाको तानातानी र घम्साघम्सीको स्थिति सृजना हुने गरेको हिजो हामीले देखेका छौं । यसबाट हामी तर्सिएका छौं ।**



*रामेश-रायन : २२ वर्ष अघि*

छन् रे । आफ्नो संगठनले युवा-गीत घोषणा गरेको यो क्यासेट ती दुई तीन लाख सदस्यहरूबाट दश बाह्र हजार थान त सहजै बिक्री हुनु पर्ने हो तर सबै खाले मान्छेले किन्दा पनि जम्मामा तीन हजार थान पनि त्यो क्यासेट राम्ररी बिक्रीभैसकेको छैन । यस स्थितिमा तपाईहरू नै सोच्नुहोस हामीले कति सहयोग पाएका रहेछौ ?

❑ *यसो हुनुमा प्रमुख कारण के होला ?*

- मुख्य कुरा त हाम्रा शुभेच्छुकहरूमा सांस्कृतिक क्षेत्रले जनताको मन मस्तिष्कमा कत्तिको प्रभाव पार्छ र पारिरहेछ भन्ने कुराको गंभीर बोध नै छैन । (भए पनि बुफ पचाउँछन्) त्यसैले यसको प्रचार-प्रचार र विकासमा लाग्नु पर्छ भन्ने दायित्व बोध उनीहरूमा हुन सकेको छैन । विकृत विचारयुक्त गीत-संगीतले युवा पुस्तालाई सखाप पारेकोमा उनीहरू चिन्तित छन् तर उनीहरू गीत-संगीतको राम्रो विकल्प निर्माण गर्न भने पटक्कै चिन्तित छैनन् ।

अर्को कारण हो- गुट संकिर्णता। राम्रो रचना तयार गर्ने मान्छे आफ्नै पार्टीको भएमा मात्र आँखा चिम्लेर ती रचनाहरू उनीहरूले किन्छन्, सुन्छन्, हेर्छन् । हैन भने उनीहरूलाई ती राम्रा विचारका रचनाहरू तयार गर्ने मान्छेहरूबारे जानकारी पनि हुन्न, चासो पनि हुन्न । यो संकिर्णता नतोडिएसम्म यहाँ खास केही हुनेवाला छैन ।

❑ *आम-जनताकै चासो र सहयोग पनि तपाईहरूप्रति घटेको त हैन ?*

- मलाई लाग्छ, घटेको छैन । गुट संकिर्णताले नजेलिएका आम जनताहरू हामीप्रति अत्यन्त चासो राखिरहेछन् । उनीहरूले हामीलाई दिने आस्था, विश्वास, स्नेह र ममता हामीले पाइरहेका छौं । कतिपय गंभीर रूपले चिन्तन गर्ने हाम्रा शुभेच्छुकहरू पनि यहाँ हुनुहुन्छ, उहाँहरूबाट हामीले ठूलो नैतिक-आडभरोसा र स्नेह पाएका छौं । सक्नेहरूले नगरे पनि लाखौं नसक्नेहरू हामीलाई ठूलो टेवा दिइरहेछन् । यही हाम्रो जीवनको निम्ति ठूलो उर्जा भएको छ । यसैको आडमा नै हो हामी के गर्दा राम्रो हुन्छ भनेर दिनदिनै सोचीरहेछौं, सकेजत्ति काम गरिरहेछौं । नयाँ प्रयोगको रूपमा 'Linght of Life' नामक गीति र चनाको भिडियो क्यासेट पनि निक्लेको छ, जो राष्ट्रिय अन्तराष्ट्रिय रूपले पनि धेरै ठाउँमा पुगेको छ । "जीवनको नाम" २६ गीतहरूको संग्रह चित्र, स्वरलिपी, अंग्रेजी अनुवाद सहितको प्रकाशित भएको छ । साथै "जीवनको जिम्मेवारी" गीति क्यासेट पनि यी सब कामहरू जनताको माया र स्नेहको आडमा नै भएको हो ।

❑ *नेपालमा बहुदलीय व्यवस्था आएको छ । छाडा, उत्ताउला र मण्डले गीतहरू गाएर जनताको चेतनालाई भांड्ने र विकृत पार्ने काम गरी यो व्यवस्थालाई ल्याउन रोक्ने प्रतिगामी गायक कलाकारहरू झन आजै पनि सरकारी पक्षबाट संम्मानित छन्, सुविधा प्राप्त छन् । रेडियो, टि.भि.ले र "प्रजातान्त्रिक भनिने पत्रिकाहरूद्वारा उनीहरूकै बढाइचढाइ हुँदैछ । अर्कोतिर, प्रतिगामी पंचायती व्यवस्था ढाल्नका लागि र जनताको चेतनास्तर उकासी यो व्यवस्था ल्याउन जीवनभर दुःख सुख खपेर लागी पर्नुभएका तपाई जनपक्षीय कलाकारहरूको चाहिँ सरकारी संचार माध्यमबाट कुनै खोजतलास नै भएको देखिन्न । के तपाईहरू ती उत्ताउला र भाट गीत गाउने कलाकारहरू भन्दा कम हुनुहुन्छ र ?*

> एउटी वेश्या तुरून्त प्रशिद्ध हुन सक्छे, एउटी सच्चरित्र नारी धेरै असल कामहरू नगरी त्यत्ति छिट्टै प्रशिद्ध हुन सक्दिन । यस्तै हो । जन- संस्कृति त्यो सच्चरित्र नारी हो ।

- हो, हामीले वीसौं पच्चीसौं वर्षदेखि जनताको पक्षमा गाउने बजाउने र सक्रिय हुने गर्‍यौ. र यो व्यवस्था ल्यायौं । तर जनतालाई यसबाट " गोमनको मुखबाट फुत्किएर करेतको मुखमा परेको" अनुभव मात्र भैरहेको छ । हामीले ल्याएको व्यवस्थाको रूप बाहेक अरू कुनै यहाँ केही पनि बदलिएको छैन । पञ्चायतले जुन हानीकारक कुरालाई छुट र प्रोत्साहन दिएको थियो, त्यसैलाई झन नांगिएर यो सरकारले पनि छुट र प्रोत्साहन दिइरहेछ । पञ्चायतमा बरू पंचहरू कांग्रेस र कम्युनिष्टसंग डराउँथे । यो सरकार त कसैसंग डराउँदैन, न यससँग घीन मान्ने प्रवृत्ति छ, न त यससंग लाज सरम नै छ । गणेशमानजी स्वयंले यो कुरा खुलेआम स्वीकार्ने स्थिति आएको छ ।

यही लाज सरमहीन प्रवृत्तिकै प्रतिविम्ब रेडियो, टि.भि. मा प्रष्ट रूपले देखिन्छ । सरकारी संचार माध्यममा आज उही निर्धनी र निर्लज्ज प्रवृत्ति व्याप्त छ । तर रेडियो र टि.भि. ले स्थान नदिए पनि जन-संस्कृतिको अभियान आज संसारभरि नै चलिरहेछ । हो, आज यी छाडा र पतनमुखी कलाकृतिहरूले देखावटी भीड जम्मा गरेका छन्, तर टिकाउ हुने कुरा चाहिं जन-संस्कृति नै हुने छ । जनद्रोही संस्कृति अन्ततः नष्ट भएर जाने छ । आज थुप्रै मुलुकमा जनताले पशुवत् यौनको प्रचार गर्ने र मारकाट, गुण्डागर्दीको प्रवृत्ति फैलाउने, यौन र हिंसाको संस्कृतिबाट समाजमा पैदा भएको विकृति देखेर दिक्क भएर तिनलाई दुत्कार्न थालेको पाइएको छ । उनीहरू जीवनमुखी सार्थक कला कृतिहरूको खोजीमा लागेका छन् ।

यहाँ पनि त्यस्तै हुने छ जनता सचेत हुँदैछ । जनताले अन्ततः यहाँ पनि यही माग गर्ने छ ।

फरक कत्ति हो भने, एउटी वेश्या तुरून्त प्रशिद्ध हुन सक्छे, एउटी सच्चरित्र नारी धेरै असल कामहरू नगरी त्यत्ति छिट्टै प्रशिद्ध हुन सक्दिन । वेश्यालाई अन्ततः आम समाजले स्वीकार्दैन, एउटी सच्चरित्र नारी समाजमा प्रतिष्ठित हुन्छे । यस्तै हो । जन- संस्कृति त्यो सच्चरित्र नारी हो । हामीले आमालाई जस्तै यसको संरक्षण र सेवा गर्न भने चुक्नु हुन्न ।

## नरसिंह राव समेत अश्लीलता विरूद्ध

# फिल्ममा अश्लीलता र हिंसा विरूद्ध भारतीय जनता



बडौदामा अश्लील फिल्मको पोस्टर जलाइँदै — फोटो साभार : मनोरमा

भारतीय फिल्महरूमा, खास गरी हिन्दी फिल्महरूमा निर्माता-निर्देशकहरू आजकाल अश्लीलता र हिंसालाई अत्यधिक बढावा दिँदैछन् । "चोलीके पीछे क्या है ?" जस्ता दुई अर्थ लाग्ने गरी तयार गरिएका गीतहरू फिल्ममा समावेश गरेर बजार लुट्ने र नाफा सोहर्ने क्रम अब "सेक्सी सेक्सी ..." र "हाय सेक्सी" जस्ता खुला रूपका यौन उत्तेजक र छाडा गीतहरू निर्माण गरी प्रस्तुत गर्ने हदसम्म पुगिसकेको छ । गोविन्दा, ममता कुलकर्णी, पूजा भट्ट, करिश्मा कपुर आदि नयाँ फिल्मी नायक-नायिकाहरू ज्यादाभन्दा ज्यादा नांगा तस्वीर हरू खिचाउने वा फिल्ममा नग्न दृश्यहरू दिने होडबाजीमा लागेका छन् । अरू कलाकारहरूलाई पनि यो लहरले बगाएर लैजाँदै छ ।

नाफाखोर निर्माता-निर्देशकहरूले यसबारेमा दिने तर्क हुने गर्छ- स्टार र जि.टि.भि. जस्ताले हाम्रा दर्शकहरूको रूचि नै यस्तै बनाइदिएका छन्, त्यसैले हामी अश्लीलतालाई आफ्ना फिल्महरूमा राख्न जरूरी ठान्छौं । यसो नगरे हाम्रो लाखौं करोडौंको लगानी डुब्छ, नाफा हुँदैन ।"

नाफा खोरहरूका यी तर्कहरूविरूद्ध भारतमा सचेत जनताहरूका पक्षबाट आवाजहरू पनि प्रशस्तै उठ्ने गरेका छन् । प्रायः भारतका प्रतिष्ठित र स्तरीय पत्रपत्रिकाहरूमा त्यहाँका थुप्रै चिन्तनशील मानिसहरूले अश्लीलता बेचेर नाफा खान पल्केका यी नाफाखोरहरूलाई चोटिला जवाफहरू दिने काम र यौन एवं हिंसामय यस्ता फिल्महरूमाथि नियन्त्रण गर्न सरकारलाई दवाव दिने कामहरू गर्दै आएका छन् ।

छाडा गीतहरू, फिल्मी दृश्यहरू र छाडा नायक-नायिकाहरूको निन्दा-आलोचनाको यो अभियानले भारतका बहुसंख्यक असचेत जनताको माझमा खासै प्रभाव पारी उनीहरूलाई सजग गराउन नसके पनि बौद्धिक वर्गमा भने यसको राम्रो प्रभाव परेको छ । त्यहाँका महिला संगठनहरू पनि यस काममा लागेका पाइएका छन् । महिला सांस्कृतिक संगठनको दवावमा बंग्लोरमा अश्लील दृश्ययुक्त फिल्मी पोस्टरहरूमा फिल्म हलका मालिकहरूले नै सेतो पोतेर टास्ने क्रम शुरू भएको छ ।

यसै गरी बदौडामा जय भवानीसेना नामक संस्थाको तर्फबाट "दलाल" फिल्मको पोस्टर जलाइएको र पच्चीसौं हजार पर्चा निकाली अश्लील गीतहरू विरूद्ध जनतालाई र सरकारलाई सचेत गराउने प्रयत्न गरिएको सन्दर्भमा हिन्दी मासिक पत्रिका "मनोरमा" ले साधेको एक प्रश्नको जवाफमा सो संस्थाका अध्यक्ष रत्नविजय सिंह चौहान भन्छन्- "हामीले चार हजार रूपिंया खर्च गरेर अश्लील चित्र छापिएका फिल्मी पत्रिकाहरू किनेर सुनीलदत्त, वैजयन्ती माला जस्ता प्रतिस्ठित व्यक्तिहरूकहाँ पठायौं पनि ।"

मजिस्ट्रेट, पुलिस अधिकारी र संसद सदस्यलाई द्विअर्थी गानाहरूका विरूद्ध विरोध-पत्र दिनुका अतिरिक्त यस संस्थाले प्रत्यक्ष बैठक बोलाई सिनेमा कर्मीहरूसँग पनि यसबारे विरोधहरू जनाएको बुझिएको छ । संस्थाका कार्यकर्ता मुकेश दुवेले बताए-

"हामी अब छिट्टै गान्धी नगर गृहको अगाडि गोविन्दा, कारिश्मा, ममता कुलकर्णी र डेबिड धवनका पुतलाहरू जलाउने छौं, जसबाट जनतामा जागृति आउने छ ।"

भारतीय संसदमा पनि खास गरी महिला सांसदहरूले फिल्म र टि.भि.हरूमा बढ्दो यौन र हिंसाको विरूद्ध कडा आलोचना गर्दै आएका छन् ।

यसैवीच, जनस्तरको जागरूकता र दवावका कारण गत मे ११ मा भारतको सूचना र प्रसारण मन्त्रालयले फिल्महरू र टि.भि. मा बढ्दो यौन र हिंसाको बारेमा छलफल गर्न एक वैठकको आयोजना गऱ्यो। यसमा फिल्म उद्योगका प्रतिनिधिहरू, सेन्सर बोर्डका मानिसहरू र महिला सांसदहरूको समेत उपस्थिति थियो ।

यसको डेढ महिनापछि गत जुन २४ (असार १० गते) भारतका प्रधानमन्त्री नरसिंह रावले फिल्महरूमा बढ्दो अश्लीलता, अभद्रता र हिंसाप्रति सार्वजनिक रूपले गहिरो चिन्ता व्यक्त गर्दै फिल्मवालाहरूलाई चेतावनी दिएका छन्- "यदि आत्म-नियन्त्रण कायम गरिदैन भने सरकारले अरू उपायहरू सोच्नु पर्नेछ ।"

नयाँ दिल्लीमा आयोजित राज्यहरूका सूचना मन्त्रीहरूको २१ औं सम्मेलनको उद्घाटन गर्दै उनले भने- "मलाई थाहा छ कि- यो चिन्ता गलत छैन, किनकि हामी कोही पनि चाहदैनौं- एउटा समग्र युवा पुस्ता नै लगातार अश्लीलताको शिकार बनोस् ।"

सरकारी इलेक्ट्रोनिक संचार साधनहरूले खास सामाजिक उद्देश्य पनि पूरा गर्नु पर्छ भन्दै उनले बताए- "त्यसैले सरकारी इलेक्ट्रोनिक संचार माध्यमहरू मनोरंजनका बस्तु मात्र बन्न सक्दैनन् । म मान्दछु कि- कार्यक्रमहरूको स्तरमा कुनै संभौता हुनु हुँदैन र जनताले राम्रोभन्दा राम्रो कार्यक्रम हेर्न पाउनु पर्छ, तर यो काम जनतालाई सूचना दिने र शिक्षित बनाउने उद्देश्यसँग सम्भौता गरेर चाहिं गर्नु मिल्दैन ।"

भारतीय प्र.म. नरसिंह रावका यी भनाइहरूले संकेत गरेका छन्- जन दवावका कारण भारत सरकार पनि अब यस मामलामा केही न केही सोच्न बाध्य भएको छ ।

तर रावका यी भनाइहरू व्यवहारमा उत्रने छन् भन्नेमा चाहिं प्रशस्त शंका गर्ने ठाउँ छ । किनभने, राव पनि भारतका तिनै नाफाखोर वर्गकै स्वार्थरक्षा गर्ने राजनैतिक "एजेन्ट" न हुन् ।

तर पनि रावको यो बोधसम्म मात्रलाई पनि मान्नै पर्छ । किनभने, नेपालमा त शासकहरूमा यत्ति बोधसम्म पनि पलाएको छैन ।

**-हरिगोविन्द लुईटेल**


प्रगतिवादी साहित्यिक त्रैमासिक

**वेदना**

नयाँ व्यवस्थापनमा पुनः प्रकाशित भएको छ ।
अवश्य पढ्नु होस् ।


क वि ता

# बलिदानी रगत पोखिएको ठाउँमा

**- पूर्ण बैद्य**



*नेपाल भाषामा लामो समय अघिदेखि साहित्य लेखनमा समर्पित पूर्ण वैद्य एक गम्भीर प्रगतिशील लेखकको रूपमा स्थापित हुनुहुन्छ । यस पटक हामीले श्री वैद्यका थुप्रै कविताहरू मध्येको एक कवितालाई नेपालीमा अनुवाद गरी प्रस्तुत गरेका छौं । -सं.*

आफूभित्र
संपूर्ण भरोसा
एक्कै ठाउँमा सँगेटेर
परिबर्तनको निम्ति
बलिदानी रगत पोखिएको ठाउँमा
फेरि मैले एकपल्ट आफ्नो विश्वास रोपेँ
आफ्नो अभिमतले सिंचन गरें

तर,
चपाएर पनि हाड वर्षौ वर्षको
मेरो परिबेशमा यहाँ
कहीं पनि परिवर्तनको बाली लागेको देखिएन
छन् भने, फगत् तिनै सस्ता दुःखहरू
पीडाले अघाउन बाध्य मानिसहरू

माथिल्लाहरूको हातमा परेका
सुख शयल त
अभ कसले छोइसक्नु छ र ?

बलिदानी रगतले रोपिएको बाली त
एक दुई वर्षमै लटरम्मै फल्नु पर्ने हो,
कम्तीमा नि, सुखको चिचिला त टुसाउनु पर्ने हो
कहाँ के भयो यहाँ
मन मान्दैन
भोकाएको म
फेरि ती ठाउँमा नियाल्दै हिंड्दैछु
जहाँ बलिदानी रगत पोखिएको थियो
जहाँ मैले रोपेथें आफ्नो विश्वास
अभिमतले सिंचन गरेर

आज म-
खोज्दै हिंड्दैछु त्यसैको फल
हेर्दै हिंड्दैछु त्यसैको रंग
क-कसको जीवनमा लतपतिएर त्यो भयो रंगीन

त्यहाँ त-
मात्र संसद उम्रिएको छ
सत्ताको शक्ति भाँगिएको छ
त्यसकै अग्ला-अग्ला मेचहरूले थिचेर
परिवर्तन त त्यहीं चेपिइरहेछ
सीमित भएर खालि अगल बगलमा

मेरो वर्तमान-
भासिंदैछ अनर्थका अनेक असंगतिहरूमा
यसको प्रतिकारमा उठेको आगोमा
क्रूर मृत्युको घ्यू होमेर
तल्लीन छ आफ्नो आयु लम्ब्याउन ।

त्यसरी नै-
स्वप्नील यथार्थ
खोज्ने हत्केलामा
फेरि परिवर्तन यहाँ
मृत्युको घाउ बनेर चहऱ्याइरहेछ

एक ढिक्को देश मेरो
फुटाउँदा फुटाउँदा
आफू/अरूमा
अरू/फन् अरूमा छ्यान्न ब्यान्न पारेर

कसले आज
यो देशको हाड ताछिरहेछ
यसको रगत मासु बेचिरहेछ
अघोषित लिलामको दबुलीमा छ-मेरो देश
आफू/अरूको रक्तमुछेल बलिबेदीमा छु म

उल्टिएको रोग भैं
फेरि आज-
सर्वत्र मेरो जिउमा देश दुखिरहेछ
बलिदान चहऱ्याईरहेछ

तर पनि-
संचारका ठूला ठूला मुखहरू
त्यसलाई नै-
आफू मात्र अट्ने
औचित्यताको एउटा डुंगा
बनाउन खोज्दैछन्

यसको अर्थ खोज्दै
आजित छु म
अर्थहीन बन्दै गईरहेको
परिवर्तनको कचल्टिंदो निद्रामा
बिस्तारै....
फेरि आज
देख्दैछु सपनीमा एउटा ठूलो परिबर्तन
आफू भोकै रहेर पनि
फुलमा लगातार त्यानो दिंदै ओथारो बस्ने
कुखुरी जस्तै,
सोच्दैछु कि
परिवर्तनको चल्ला कोरल्ने बलिदानी रगत
कतै फेरि चिसिएर
उत्तिकै खेर नजाओस् ।

□□

(रचना : २०४९, चैत्र २०)

*- अनुवादः आहुति*



# ट्रिकको हल्ला अवसरवादीहरूको रून्चे दाउ मात्र हो

**ने**पालमा शोषित पीडित र सचेत जनताहरु वामपन्थीहरुका बीच वृहद एकताको माग गरिरहेछन् । एकताको पक्षमा विगत ४ वर्षभित्र केही सकारात्मक कदमहरु चालिएका पनि हुन् । तर यसका साथै, हाम्रा वामपन्थी पार्टीहरुमा अल्पमत पक्ष र बहुमत पक्षका नाममा एकले अर्कोलाई नकार्ने वा पछार्ने कटु प्रवृत्ति पनि विद्यमान छ । वास्तविकतालाई नलुकाइकन भन्ने हो भने भन्न सकिन्छ- त्यो उछिन पाछिनको सिलसिलाभित्र अन्धो पूर्वाग्रहले धेरै काम गरेको छ ।

आफूभित्रको मतभेदलाई वैज्ञानिक ढंगले हल गर्न नसक्दा यसरी हाम्रा पार्टीहरुभित्र कतिपय नेता कार्यकर्ताहरु आपसी दमन वा उपेक्षा, अविश्वास, धोका-बोधका कारण हत्तोत्साही बनेका पाइएका छन् । यसै वास्तविकताको पृष्ठभूमिमा नेपालको दोस्रो ठूलो कम्युनिष्ट पार्टी ने.क.पा. (एकता केन्द्र) मा हालै फूट भएको छ ।

चार वर्षअघि क. प्रचण्डको नेतृत्वको ने.क.पा. मशाल, क. निर्मल लामाको नेतृत्वको ने.क.पा. चौथो महाधिवेशन, क. रुपलाल विश्वकर्माको नेतृत्वको सर्वहारावादी श्रमिक संगठन र पछि रुपचन्द विष्टको जनमुखी पार्टीका कार्यकर्ताहरुकाबीच एकता भई निर्मित भएको ने.क.पा. एकता केन्द्र यसरी फूट्नुले आम जनतामा ठूलो प्रश्न उठिरहेको छ ।

यो फूटको कारण के हो ? र, यस्तो फूट पछि पछि पनि दोहोरिन नदिन र कम्युनिष्टहरुकोबीच दिगो एकता कसरी प्राप्त हुन्छ भन्ने कुरामा प्रष्ट हुन सबैको चासो रहेको छ ।

यस फूटबाट पाठ सिकी यस दिशामा धारणा स्पष्ट पार्न पाठक वर्गलाई सहयोग पुगोस् भनी हामीले यहाँ विभाजित एकता केन्द्रका "बहुमत" र "भिन्नमत" पक्षका आधिकारिक कमरेडहरुसंग लिखित अन्तरवार्ता लिई यहाँ प्रस्तुत गरेका छौं

साथमा, यस घटनालाई सचेतनतापूर्वक हेरिरहनु भएका क. पद्मरत्न तुलाधर र क. माणिकलाल श्रेष्ठका विचारहरु पनि समावेश गरेका छौं ।

**क. प्रचण्ड,**
**महामन्त्री ने.क.पा., एकता केन्द्र (बहुमत)**

★ *तपाईहरूको पार्टीमा यति छिट्टै फूट हुनुको वास्तविक कारण के हो ?*

हाम्रो पार्टीभित्रको अन्तरविरोधको तीव्रता र अल्पमत पक्ष पार्टीबाट फूटेर गएको घटनालाई वर्तमान राष्ट्रिय एवं अन्तर्राष्ट्रिय राजनीतिमा विकास भएका अन्तरविरोधहरूको तीव्रताका सन्दर्भ र पृष्ठभूमिमा बुझिनु पर्दछ । संसदीय व्यवस्थाको स्थापनाको छोटै अवधिमा जसरी देशभित्र वस्तुगत संकट चौतर्फी बढेर गएको छ, हाम्रो पार्टीभित्रको अन्तरविरोधको विकासको शीघ्रता पनि त्यो वस्तुस्थितिसँग जोडिएको छ । यसै बस्तुगत परिवेशमा अल्पमत पक्ष पार्टीबाट फूटेर जानुको वास्तविक कारण अल्पमत पक्षको नेतृत्वमा रहेको निम्न पूँजीवादी प्रवृत्ति, साम्राज्यवाद एवं संशोधनवादका तर्फबाट साम्यवादमाथि भएको भीषण हमलाका अगाडि घुँडा टेकेर सर्वहारावादी आन्दोलनलाई उदार पूँजीपति वर्गको हितसँग एकाकार पार्ने स्तरमा गिर्न पुग्नु नै हो । यस प्रकारको प्रवृत्तिका कारण अल्पमत पक्षमा मार्क्सवादका क्रान्तिकारी सिद्धान्तहरूको विसर्जन, सर्वहारा वर्गको लडाकू एवं अनुशासित पार्टीको विसर्जन, संघर्षका क्रान्तिकारी रूपहरूको विसर्जनको चरित्र प्रवल रूपमा बढेर गयो । यो चरित्र क्रमशः प्रतिक्रियावादी एवं संशोधनवादीहरूप्रति विश्वास र कम्युनिष्ट क्रान्तिकारीहरूप्रति अविश्वासका रूपमा अभिव्यक्त हुन थाल्यो । त्यस प्रकारका बुर्जुवा अराजकतावादीहरूको क्रान्तिकारी

# नेकपा एकता केन्द्रको फूटको अन्तर्कथा

## एकता केन्द्र (बहुमत) का महामन्त्री क. प्रचण्ड एकता केन्द्र (भिन्नमत) का आधिकारिक प्रतिनिधि संगका अन्तर्वार्ताहरू

### साथमा

*वतन्त्र वामपन्थी नेता क. पद्मरत्न तुलाधर वामपन्थी बुद्धिजीवी क. माणिकलाल श्रेष्ठ र क. कृष्णबहादुर थापाका विचारहरू !*



मार्क्सवादीहरूसँग शत्रुतापूर्ण संघर्ष हुनु स्वाभाविक थियो र व्यवहारमा त्यही भयो । पार्टीसँगको संघर्षमा आफू पराजित भएपछि अल्पमत पक्ष अन्ततः फुटेर गयो ।

★ *अल्पमत त तपाईहरूले लगातार बहुमतको नोकरशाही केन्द्रियता र उग्रवादी राजनीतिक चिन्तन लादेकाले तपाईहरूकै कारणले फूट भएको भन्दैछ नि ? वास्तविकता हो के ?*

अल्पमत पक्षको हामीमाथिको नोकरशाही केन्द्रीयतावादीको आरोप संसारभरका अराजकतावादी र सुधारवादीहरूले सर्वहारावादी क्रान्तिकारीहरूमाथि लगाउँदै आएको र धेरै पटक उदांगो भइसकेको आरोपकै जारी रूप हो । बुर्जुवा सुधारवादी चस्मा लगाएर हेरेपछि कम्युनिष्ट क्रान्तिकारीहरूलाई उग्रवादी देख्नु पनि सर्वथा स्वाभाविक कुरा हो । क्रान्तिकारीहरूलाई यो आरोप लगाउने कुरामा प्रतिकृयावादी, संशोधनवादी एवं सुधारवादीहरूका बीचमा सान्दार मेल हुने गरेको कुरा विगत र वर्तमान कम्युनिष्ट आन्दोलनका अनगिन्ती उदाहरणहरूले स्पष्ट गर्दछन् ।

अल्पमत पक्षले हामीमाथिका ती आरोपहरू सिद्धान्त, राजनीति र व्यवहारका कुनै क्षेत्रबाट पनि पुष्टि गर्न सकेको छैन र सक्ने पनि छैन । किनभने, उसले हामीमाथि नोकरशाही र उग्रवादको आरोपका नाममा मार्क्सवादको मुटुमा प्रहार गरेर आफू सुधारवाद र संसदवादको पूजारी बन्न पुगेको कुरा अलिकति पनि विवेक प्रयोग गरी सोच्नेहरूका अगाडि दिनको घाम झैं छर्लंग छ ।

आज देशका सम्पूर्ण संशोधनवादी र अवसरवादीहरूको शरणमा गएर हाम्रा विरूद्ध व्यक्तिगत गाली-गलौज, झूट फरेब, प्रतिकृयावादीहरूलाई दमनका निम्ति उक्साउने ढंगका प्रचारवाजीद्वारा बजारलाई जतिसुकै गरम बनाए पनि, उनीहरूको त्यस प्रकारको गतिविधिले हामी सही ठाउँमा भएको र हाम्रो संघर्ष सही ठाउँमा परेको कुराको नै पृष्टि हुन्छ ।

★ *तपाईहरूको खासैमा बैचारिक विभेद के-के कुरामा हो ?*

विचारधाराको क्षेत्रमा मार्क्सवादलाई ग्रहण र आत्मसात गर्ने दृष्टिकोणमा नै अल्पमतसँग हाम्रो भिन्नता तीखो रूपमा देखा पऱ्यो । यस सन्दर्भमा खास गरी माओत्सेतुंगका योगदानहंरूलाई मार्क्सवाद-लेनिनवादको विकासमा गुणात्मक चरण मान्ने वा नमान्ने कुरामा त्यो अभिव्यक्त भयो । हाम्रो ठम्याइमा अल्पमत पक्षको झुकाब मार्क्सवादप्रति होइन, संशोधनवादतिर छ भन्ने कुरा स्पष्ट हुँदै गयो । सिद्धान्तलाई नै बुझ्ने दृष्टिकोणमा रहेको अन्तर चारैतिर देखा पर्नु स्वभाविक थियो ।

राजनैतिक रूपमा अल्पमत पक्ष क्रान्तिको बाटोका सन्दर्भमा नितान्त अस्पष्ट भाषामा बोल्दै ठोस रूपमा हमेशा वैधानिक, शहरिया एवं संसदीय कृयाकलापमा जोड दिने सुधारवादी कार्यदिशाको शिकार बंन्न पुग्यो । वैधानिक र संसदीय स्वार्थका निमित्त पार्टीबाट अलग्गिनुले उसको राजनैतिक कार्यदिशा भनेको बुर्जुवा सुधारवादी र्कादिशा नै भएको तथ्य स्पष्ट हुन्छ ।

उपरोक्त प्रकारको सैद्धान्तिक एवं राजनैतिक सोचको संगठनात्मक अभिव्यक्ति अराजकतावादी व्यक्तिवादका रूपमा हुनु स्वाभाविक थियो र त्यही भयो । संगठनको क्षेत्रमा हाम्रो मुद्दा सर्वहारा अनुशासनको पक्षपोषण गर्ने, तथा त्यसको ठाउँमा वुर्जुवा अराजकताका निमित्त जोड गर्नेका रूपमा व्यक्त भयो । आचरण र संस्कृतिको क्षेत्रमा अल्पमत पक्षका कतिपय जिम्मेवार व्यक्तिहरूमा नितान्त ढोंगी, भ्रष्ट, सामन्ती आचरण रहेको कुरा स्पष्ट भयो भने कतिपय पूरै छाडा र व्यक्तिवादी आचरणको शिकार बनेको कुरा पनि स्पष्ट भयो ।

★ *यो विभेद पार्टी एकता गर्दाताक नै थिएन र ? तैपनि किन एकता गर्नु भो त ?*

निश्चय नै प्रवृत्तिगत रूपमा उपरोक्त प्रकारका अन्तरविरोधहरू पार्टी एकता गर्दाको समयमा पनि थिए । तर, ती आजको जस्तो तीखो, उग्र र स्पष्ट थिएनन् ।

फेरि, पार्टी एकता गर्ने सन्दर्भमा हामीले विद्यमान अन्तरविरोधहरूलाई हल गर्ने जनवादी केन्द्रीयताको स्पष्ट परिभाषा गरेका थियौं । त्यतिवेला अहिले पार्टीबाट फूटेर गएको पक्षले पहिलो कुरा त आफ्ना विचारहरू आजको रूपमा अगाडि ल्याएकै थिएन, दोस्रो कुरा, उनीहरूले बहुमतको फैसलालाई मानेर जाने कुरा गरेका थिए, तेस्रो कुरा, देशमा एकताका निमित्त सानदार बस्तुस्थिति तयार भएको थियो ।

त्यो अवस्थामा पार्टी एकता गर्नु कम्युनिष्ट क्रान्तिकारीहरूका निमित्त सही र जरूरी नै थियो । तर, आजसम्मका घटनाक्रमले के देखायो भने - अहिले पार्टीबाट अलग्गिएर गएको पक्षका, त्यतिबेलाका सबै सहमतिहरू सिंगो पार्टीलाई सुधारवादमा फंसाउने षड्यन्त्रमा आधारित थिए, त्यहाँ उनीहरूमा कुनै राजनैतिक इमान्दारिता थिएन । जब उनीहरूले देखे - यो पार्टीलाई सुधारवादी बनाउन सकिंदैन, जब पार्टीले क्रान्तिकारी राजनैतिक कार्यदिशा अवलम्बन गरी त्यसको कार्यान्वयनका काममा योजनाबद्ध ढंगले अगाडि बढ्ने प्रक्रिया शुरू गऱ्यो, अराजकतावादी र सुधारवादीहरूका बीचमा भागदौड मच्चियो ।

पार्टीले उनीहरूका विरूद्ध कडा संघर्ष गर्नु जरूरी थियो, त्यो काम पूरा गऱ्यो तर, यसको अर्थ यो कदापि होइन कि हिजोका पूर्व समूहरू अलग्गिएका छन्, जस्तो बजारमा हल्ला गर्ने गरिएको छ, वास्तविकता त के हो भने पाार्टीमा एकातिर हिजोका विभिन्न समूहहरुबाट आएका कम्युनिष्ट क्रान्तिकारीहरु र अकोतिर अराजकतावादी र विसर्जनवादीहरूका बीचमा संघर्ष बढेर गयो । सुधारवादीहरूका विरूद्धको संघर्षको क्रममा कम्युनिष्ट क्रान्तिकारीहरूका बीचको एकता पनि सुदृढ हुँदै गयो । ठीक त्यसकारण हाम्रो पार्टीको भर्खर सम्पन्न राष्ट्रिय सम्मेलनलाई हामीले कम्युनिष्ट क्रान्तिकारीहरूको एकता र विजयको सम्मेलन भनेका छौं । त्यो अवस्थामा पार्टी एकता गर्नु गल्ती थियो भन्नु मार्क्सवादी द्वन्दवादलाई कितावमा बुझ्नु तर व्यवहारमा नबुझ्नु मात्र ठहर्छ । हामी के ठान्छौं भने- त्यो एकता कम्युनिष्ट क्रान्तिकारीहरूका निमित्त सही थियो भने सम्पूर्ण अवसरवादीहरूका निमित्त भने गलत थियो ।

★ *अल्पमतका राम्रा मान्छे जति खुसुक्क तान्ने ट्रिकका रुपमा मात्र तपाईहरूले एकता गर्नु भएको भनिन्छ नि ? के यो सत्य हो ?*

यस प्रकारको "ट्रिक" को हल्ला वास्तवमा अवसरवादीहरूको रून्चे दाउ मात्र हो । पार्टीसँगको संघर्षमा पराजित भएपछि अल्पमत पक्षले गरेको यो विलौना हरूवा गोरूको छेरूवा बानी बाहेक केही होइन । यो हल्ला वास्तवमा अल्पमत पक्षको सैद्धान्तिक र राजनैतिक दिवालियापनको उदाहरण पनि हो । हाम्रो कुरा साफ छ, पार्टी एकता कम्युनिष्ट क्रान्तिकारी र अबसरवादीहरूका बीचको गठजोड होइन, त्यो मार्क्सवाद-लेनिनवाद माओवादका सिद्धान्तप्रतिको निष्ठा, सर्वहारा वर्गको वर्ग-संघर्ष एवं क्रान्तिको हितसँग घनिष्ट रूपले जोडिएको कुरा हो । जब कसैले पार्टीको त्यो मुलभूत मान्यताका विरुद्ध गतिविधि गर्दछ, त्यसका विरूद्ध निर्णायक संघर्ष गर्नु हाम्रो कर्तव्य थियो र हामीले त्यो पूरा गरेका छौं । यो कुरा ठीक हो कि - हामीले एकता कम्युनिष्ट क्रान्तिकारीहरूसँग गरेको हो, अवसर-वादीहरूसँग होइन ।

**पार्टी एकता कम्युनिष्ट क्रान्तिकारी र अवसरवादीहरूका बीचको गठजोड होइन - क. प्रचण्ड**

# के भन्नु हुन्छ पद्‌मरत्न तुलाधर एकता केन्द्रको फूटबारे

*★ के पाठ सिक्नु भएको छ, यो फूटबाट ?*

पार्टी एकता र संघर्षको यो प्रक्रियाबाट हाम्रो पार्टीले लिएको शिक्षा हो - "विचारधारात्मक स्पष्टतामा जोड देऊ, राजनीतिलाई केन्द्रविन्दुमा राखेर त्यसमा दृढ अडान लेऊ, सानातिना कार्यनीति र व्यहारका प्रश्नमा अधिकतम लचिलो बनेर अवसरवादलाई अलगावमा पारी क्रान्तिकारीहरूलाई गोलबन्द गर्न पूरा ध्यान देऊ ।"

*★ 'गाडा अगाडि, गोरु पछाडि' भन्ने क. मोहनविक्रम सिंहको तात्कालीन पार्टी एकता सम्बन्धी टिप्पणी अहिले कस्तो लाग्छ ?*

अहिले पनि हामी मोहनविक्रमको त्यो भनाइलाई बस्तुगत यथार्थको सामना गर्ने कामबाट भाग्ने, वर्ग-संघर्षको जटीलतालाई बुझ्न इन्कार गर्ने मार्क्सवादी द्वन्दवादविरोधी अधिभूतवादी र आदर्शवादी चिन्तनको अभिव्यक्ति हो भन्ने ठान्दछौं । लेख र कुरामा क्रान्ति गर्ने, संघर्षको जटील र भीषण प्रक्रियाबाट गुज्रन इन्कार गर्ने निम्न पूँजीवादी अवसरवादीहरूको मन्त्र हो, मोहनजीको त्यो भनाइ ।. यसले शुद्धताको आत्मरति त गराउन सक्ला, तर क्रान्तिको कामलाई एक कदम पनि बढाउन्न !

*★ आत्मालोचक भएर भन्न सक्नु हुन्छ- आफ्नो पक्षबाट यो फूटमा वास्तवमा के-के कमजोरीहरू भएका थिए ? र अहिले पनि क्रान्ति सम्पन्न गर्ने साम्यवादी पार्टी हुनका लागि आफूमा के-के कमजोरी र अपर्याप्तताहरू विद्यमान छन् ?*

पार्टी एकता र संघर्षको यो प्रक्रियामा हाम्रा तर्फबाट धेरै हदसम्म उदारवादी प्रकारका कमजोरी र कतिपय अवस्थामा संकीर्णताका कमजोरी पनि भएका छन् । कतिपय अवस्थामा सिद्धान्त र राजनीतिभन्दा व्यक्तिगत, व्यवहारिक र गौण महत्वका प्रश्नहरूमा जोड जाने गरेको छ । हाम्रो तर्फबाट जुन दक्षताका साथ प्रशासनिक लगायत संगठनात्मक कृयाकलापको संचालन गरिनु पर्दथ्यो, त्यसमा पनि कमजोरीहरू रहन गएका छन् ।

त्यस प्रकारको पार्टी निर्माणको प्रक्रियामा हामी लागि नै रहेका छौं, यतिवेला हामीमा क्रान्ति सम्पन्न गर्न आवश्यक सैद्धान्तिक ज्ञानको कमी, जीवनका सबै पक्षमा आवश्यक सर्वहारावादी शैली-को कमी रहेको महशूस हुन्छ । सचेत प्रयत्नद्वारा संघर्षको क्रममा ती कमीहरू हटाउन सकिने कुरामा हामी विश्वस्त छौं । ❑❑

**एकता केन्द्रको फूटको अन्तर्कथा**

**यो** निकै दुर्भाग्यपूर्ण घटना हो ।

सबै फूटलाई म दुर्भाग्यपूर्ण भन्दिनँ । पार्टीभित्र कसैले गैर मार्क्सवादी चिन्तन लगातार ल्याए, संशोधनवादकै अभ्यास गरिरहे भने फूट अपरिहार्य हुन्छ । त्यस्तो फूटलाई म नकारात्मक हैन, सकारात्मक फूट भन्छु ।

तर एकता केन्द्रको फूट त्यस्तो फूट देखिन्न । निर्देशक सिद्धान्त एउटै छ । दुवै थरि मार्क्सवाद लेनिनवाद माओ विचारधाराकै अभ्यास गर्न प्रतिवद्ध छन् । अहिलेको मतभेद पार्टी एकता गर्दा पनि थियो । तर पनि फूट भयो । यो र यस्तो फूट दुर्भाग्यपूर्ण हुन्छ ।



मेरो बिचारमा मतभिन्नता हरेक पार्टीमा हुन्छ र कम्युनिष्ट पार्टीमा पनि हुन्छ । मतभिन्नतालाई मार्क्सवादी ढंगबाट हल गर्ने पद्धति पार्टीमा हुने हो भने यस्तो अनावश्यक फूट हुने थिएन । पार्टी एकता गर्दा नै केही मतभेदहरु थिए भन्ने मैले सुनेको हुँ । त्यसलाई मार्क्सवादी ढंगले सुल्झाउँदै जाने भन्ने समझदारीमा पार्टी एकता भयो । पार्टी एकता भएपछि ती मतभेदहरूलाई मार्कसवादी पद्धतिबाटै सुल्झाउँदै अघि बढेको भए निश्चय नै यो फूट संभवै हुने थिएन ।

पार्टीमा बहुमतको बिचार लागु हुने, अल्पमतलाई बहुमतले हमेशा कदर गर्ने, भिन्न मतलाई विचार अभिव्यक्त गर्न स्वतन्त्रता दिने, लगातार भिन्न मतसित स्वस्थ र मित्रतापूर्ण विचार अन्तर्क्रिया गर्ने, विचार भिन्नताको आधारमा पक्षपात र दमन कसैलाई नगर्ने र अनुशासन चाहिं दृढतापूर्वक पार्टीमा कायम गर्ने- यो मार्क्सवादी पद्धति पार्टीमा हुने हो भने- नकारात्मक फूट संभवै हुने थिएन । तर यो पद्धति सिद्धान्ततः सवैलाई थाहाभए पनि व्यवहारतः पार्टीमा कायम भएन । त्यसैले यस्तो फूट हुने प्रक्रिया शुरु भएको देखिएको छ ।

कतै हामीमा सामन्ती वा वुर्जुवा संस्कृतिको प्रभाव त परेको छैन ? नत्र हामी किन पार्टीमा साम्यवादी संस्कृति अभ्यास गर्न सकिरहेका छैनौ ? किन मार्क्सवादी पद्धति अभ्यास गर्न सक्दैनौ ? यो कुरा गंभीरतापूर्वक चिन्तन मनन गर्ने वेला आएको छ ।

अनावश्यक फूटको समस्या खालि नेपालमा मात्र छैन । संसारमा अन्यत्रका कम्युनिष्ट पार्टीमा पनि देखिएको छ । त्यसैले, यो आम समस्या भएको छ । आम रुपमै हामीले यो समस्याको हलबारे सोच्नु परेको छ ।

कतै हामीमा कम्युनिष्ट चरित्रकै मामलामा ह्रास आएको त छैन ? हामीमा साम्यवादी चरित्रले कम, सामन्ती वुर्जुवा र पेट्टी वुर्जुवा चरित्रले वेसी प्रभाव त पार्दै लगेको छैन ? हामीमा मार्क्सवादलाई श्रृजनात्मक तवरले लागु गर्ने मामलामा कमजोरी भै रहेको छैन ? यसबारे गंभीरतापूर्वक सोच्नु जरूरी भएको छ । फूटको कारणलाई बैज्ञानिक तवरले खुट्टायाउनु परेको छ ।

मतभिन्नता नभई विचारको विकास हुँदैन । अन्तरविरोध नभई बस्तुकै विकास हुँदैन । भन्नलाई त हामी यो भन्दछौं । तर व्यवहारमा अन्तरविरोध र मतभिन्नतालाई सहने र प्रजातान्त्रिक तरीकाबाट त्यसलाई हल गर्ने पद्धति हामीसित छैन । एकातिर मतभिन्नता हुने बित्तिकै नसहने र दमन गर्ने प्रवृत्ति छ । अर्कोतिर, मतभिन्नता हुने बित्तिकै एउटा गूट बनाईहाल्ने, गूटवन्दी गरिहाल्ने प्रवृत्ति छ । फूट यी दुई अतिको विकासले भईरहेछ । र, यो कुनै मतभिन्नता हल गर्ने प्रजातान्त्रिक र मार्क्सवादी प्रवृत्ति होइन ।

एकातिर मतभिन्नता हुने बित्तिकै नसहने र दमन गर्ने प्रवृत्ति छ । अर्कोतिर, मतभिन्नता हुने बित्तिकै एउटा गूट बनाईहाल्ने, गूटवन्दी गरिहाल्ने प्रवृत्ति छ । फूट यी दुई अतिको विकासले भईरहेछ । र, यो कुनै मतभिन्नता हल गर्ने प्रजातान्त्रिक र मार्क्सवादी प्रवृत्ति होइन ।


मतभिन्नता कहाँ हुँदैन ? स्वभावतः जहाँ पनि हुन्छ । तर एकातिर मतभिन्नतालाई दवाउने, पक्षपात गर्ने र शंका गर्ने, अर्कोतिर, मतभिन्नता हुनसाथ एउटा गूट बनाई हाल्ने र अविश्वास गर्ने यो प्रवृति कायम हुने हो भने कुनै पनि पार्टी कसरी एकतावद्ध भई रहन्छ ? यो प्रवृत्तिले त पार्टी जहिले पनि गूटहरुको संयुक्त-मोर्चा मात्रै भईरहन्छ । संयूक्त-मोर्चा टुट्नासाथ कुनै पनि बेला पार्टी फुटिहाल्छ । त्यसैले, यी दुई अतिबाट पार्टी मुक्त हुनु जरूरी भएको छ ।

एकातिर, भिन्न मतलाई सहन गर्ने, त्यसलाई व्यक्त हुन दिने, लामो र सर्वांग छलफल - अन्तर्क्रिया गरेर मात्र त्यसलाई निर्णयका रुपमा बदल्ने प्रजातान्त्रिक प्रवृत्ति हुनु पर्‍यो । अर्कोतिर, भिन्न मत हुनासाथ र आफ्नो विचार पास नहुनासाथ वेइज्जति अनुभव गर्ने, गूटवन्दी गर्ने, अविश्वास गर्ने, निर्णयलाई चुनौति दिने व्यक्तिवादी प्रवृत्तिको अन्त हुनु पर्‍यो । यी दुईको जोड र संयोजनमा मात्र फूटको समस्याको हल छ । दमन, शंका उपशंका, वेइज्जतिको अनुभुति, गूटवन्दी !- यसबाट फूटको समस्या हल हुँदैन ।

यसले त फूटमात्रै पैदा गरिरहन्छ ।

हामीले जनवादी केन्द्रीयता त भन्यौं, तर व्यवहारमा लागु गरेनौं । पार्टीमा अनावश्यक फूट हुन नदिने हो भने विचारको जनवादी केन्द्रिकरण नै एक मात्र वैज्ञानिक हल हो । भिन्न विचार व्यक्त गर्ने, अन्तर्क्रिया गर्ने र निर्णय गर्ने मामलामा उत्कृष्ट जनवाद लागु गर्ने, पैदा भएको निर्णय वा केन्द्रियता पनि खुशी र दृढताका साथ स्वीकार र लागु गर्ने- यो जनवादी केन्द्रियताको पद्धति पार्टीमा हुने हो भने पार्टी यसरी फुट्ने थिएन र फुट्ने छैन । ★

# सिद्धान्त, राजनीति र संगठनका मामलामा हाम्रा मतभेदहरू रहेका छन्



प्रतिनिधि ने.क.पा.
एकता केन्द्र (भिन्नमत)

*० तपाईंहरूको पार्टीमा फूट हुनुको वास्तविक कारण के हो ? किन यति छिट्टै फूट भएको हो ?*

- आजभन्दा करीब ४ वर्षअघि हामीले नेकपा (एकता केन्द्र) को निर्माण गरेका हौं । हामी एकतामा सहभागी विभिन्न समूहहरूबीच कतिपय गम्भीर प्रकृतिका अन्तरहरू रहँदारहँदै पनि मार्क्सवाद लेनिनवाद माओ विचारधारा/माओवादको सैद्धान्तिक प्रस्थापना, नेपाली क्रान्तिको चरित्र (नयाँ जनवाद) र सशस्त्र संघर्षको अनिवार्यता जस्ता केही मूलभूत कुरामा भएको सहमतिको आधारमा वैचारिक राजनीतिक रुपले एउटा धुरी अथवा वृत्तभित्रको स्वीकार गरी एकता गरिएको थियो ।

त्यसरी पार्टी एकता गर्दा के कुरा स्वीकार गरिएको थियो भने गत कालका फूट-विभाजनहरूको पछाडि एउटा प्रमुख कारण जनवादी केन्द्रीयताको सही ढंगले ग्रहण गर्ने र लागु गर्ने काम हुन नसक्नु पनि हो र, अब जनवादी केन्द्रीयताको सही ढंगले अभ्यास गरिनु पर्दछ ।

यो कुरा निकै महत्वपूर्ण र अर्थपूर्ण थियो । क. लेनिनले क.पा.को संगठनात्मक सिद्धान्तलाई जनवादी केन्द्रीयताको रुपमा विकास गर्नु भएपछि दुनियाँभरिका क.पा.हरूले जनवादी केन्द्रीयतालाई पार्टीको संगठनात्मक सिद्धान्तको रुपमा स्वीकार गर्दै आएका छन् ।

नेपालमै पनि २००६ सालमा क.पा. स्थापना भएदेखि नै जनवादी केन्द्रीयतालाई पार्टीको संगठनात्मक सिद्धान्तको रुपमा स्वीकार गरिएको हो । त्यति हुँदाहुँदै पनि चार वर्ष अघि पार्टी एकता गर्दा हामीले जनवादी केन्द्रीयतालाई अब सही ढंगले ग्रहण गर्ने र लागू गर्ने प्रतिबद्धता जनाउनु गम्भीर महत्वको कुरा थियो । हामीले मूर्त रुपमै पार्टी कामकार्वाहीहरूमा निर्णयअनुसार एकरूपताको नीति अपनाउने, मतभेदहरूलाई मैत्रीपूर्ण अन्तरसंघर्षद्वारा हल गर्ने, भिन्नतालाई निरन्तर पूरै पार्टीमा प्रवाहित गर्ने पनि निर्णय गरेका थियौं । पार्टी एकतापछि एकता महाधिवेशनद्वारा पनि यी कुराहरूलाई पारित गरियो ।

पार्टी एकता गरिसकेपछि व्यवहारमा जाने क्रममा वैचारिक, राजनीतिक सवालमा भएका अन्तरहरू अझ प्रष्ट भए । ती अन्तरहरू सकारात्मक अन्तर्क्रियाद्वारा हल गर्ने अर्थात रुपान्तरण वा केन्द्रीकरणको प्रक्रियामा अघि बढ्ने वातावरण कहिल्यै बनेन । पार्टीभित्र "बहुमत" हासिल गर्न सफल भएको नेतृत्व पंक्तिले "भिन्नमत" लाई गैह्र-क्रान्तिकारीको रुपमा प्रचार गर्ने र पूरै पार्टीमा "भिन्नमत" सँग अन्तर्क्रियाका निम्ति दुरुत्साहित गर्ने कार्य गर्‍यो । यसरी, यसबीचमा विचारधारात्मक, राजनीतिक सवालमा भएका अन्तरहरू मेटिंदै जाने काम भएनन्, बरू तिनीहरू बीचको दूरी अझ प्रष्ट हुने काम भयो ।

त्यसका बाबजूद पार्टी एकतामा आइसकेको स्थितिमा त्यही कारणले अहिल्यै सीमा रेखा पार भइसकेको वा एउटै पार्टीमा बस्नै नसक्ने स्थिति उत्पन्न भइसकेको हाम्रो निष्कर्ष थिएन ।

जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्तको बारेमा हाम्रो जे सहमति र समझदारी भएको थियो, जे कुरा महाधिवेशनबाट पारित भएको थियो, त्यो कुरा मात्रै पनि इमान्दारितापूर्वक लागू गरिएको भए पार्टीलाई एकीकृत नै राख्न सकिन्थ्यो । जनवादी केन्द्रीयताको सही ढंगले अभ्यास हुनु र मतभेदहरू राख्दै सम्मानपूर्वक पार्टीमा बस्न पाउनु सांगठनिक एकताको लागि अनिवार्य न्यूनतम आधार हो ।

तर पार्टीको नेतृत्वले यसको सरासर उल्लंघन गर्‍यो, जनवादी केन्द्रीयताको सट्टा नोकरशाही केन्द्रीयताको अभ्यास गर्‍यो र भिन्नमत राख्नेहरूमाथि कथित अनुशासनको कार्वाही गर्‍यो । "भिन्नमत" को बाहुल्यता भएका विभिन्न समितिहरूलाई भंग गरियो । कार्वाही गर्दा गर्दा यतिसम्म गरियो कि- सिंगै के.स. मा महाधिवेशनद्वारा निर्वाचित सदस्यहरूको अल्पसंख्या मात्र बाँकी रहन गयो (१ जनाले राजिनामा समेत दिएपछि) र विधानतः केन्द्रीय समिति स्वतः विघटित भयो । उहाँहरूले केन्द्रीय समिति विघटित भएको कुरालाई पनि अस्वीकार गरी फुटलाई औपचारिकता दिन आफ्नो पक्षको मात्र राष्ट्रिय सम्मेलन गर्नुभयो । यसरी उहाँहरू हामीबाट सांगठनिक रूपमा नै अलगिनु भयो ।

हामीले विघठित "बहुमत" नेतृत्वले पार्टी फूटाउने कार्य गरेको र विधानतः केन्द्रीय समिति पनि विघठित भएको अवस्थामा महाधिवेशनद्वारा निर्वाचित राष्ट्रिय सल्लाहकार परिषद्को पहलकदमी र आह्वानमा पार्टीलाई अगाडि बढाउन नेकपा (एकता केन्द्र) राष्ट्रिय सम्मेलन आयोजक समिति निर्माण गरेका छौं । मुख्य कुरा हामीले पार्टीलाई नेकपा (एकता केन्द्र) निर्माण गर्दाको स्पिरिट र उद्देश्य बमोजिम नेपाली क्रान्तिको नेतृत्व गर्न सक्षम, सही र सबल कम्युनिष्ट पार्टी निर्माणको निम्ति कार्य गर्न कम्युनिष्ट क्रान्तिकारीहरूको ध्रुवीकरणको रुपमा लिएका छौं र त्यसै उद्देश्य र प्रक्रिया अनुरूप अगाडि बढ्ने छौं ।

त्यसैले, वैचारिक राजनीतिक सवालमा भएका अन्तरहरूलाई मैत्रीपूर्ण तरीकाले हल गर्ने प्रक्रियाको अभावका कारणले वैचारिक एकता उन्नत र सुदृढ हुन सकेन, जसको कारणले सांगठनिक एकता सुदृढ हुनुको सट्टा कमजोर स्थितिमा रहयो । त्यसमा पनि विघठित "बहुमत" नेतृत्वद्वारा सहमत र स्वीकृत सांगठानिक पद्धतिको उल्लंघनले सांगठनिक एकताको आधार नै भत्काउने काम गर्‍यो र पार्टीले फूट विभाजन व्यहोर्नु पर्‍यो । विघठित "बहुमत" नेतृत्वमा रहेको नोकशाही केन्द्रीयताको अभ्यास गर्ने र अन्तसंघर्षलाई मैत्रीपूर्ण रुपले हेर्दै नहेर्ने र सदासर्वदा शत्रुतापूर्ण बनाउने गैरमार्क्सवादी, गैरद्वन्दवादी चिन्तनले पार्टीमा निरन्तर फूट विभाजन नै निम्त्याउनेछ । आजको हाम्रो पार्टीको फूट विभाजन पछाडिको मुख्य कारक तत्व पनि यही नै हो ।


यहाँ अर्को के कुरा पनि उल्लेख गर्नु आवश्यक छ भने, हाम्रो पार्टी एकता प्रक्रिया क.पा.हरूबीच हुने एकता प्रक्रियाको आदर्श नमूना थिएन । हाम्रो पार्टी एकता प्रक्रियामा केही कमी-कमजोरीहरू (एकताअघि पर्याप्त वैचारिक छलफल, बहश नहुनु र उद्देश्यमूलक कार्यगत एकताको प्रक्रिया भएर नगुज्रनु) थिए । यस्तो अवस्थामा पार्टी एकता गरिसकेपछि पनि त्यसलाई सच्चा र उन्नत एकतामा पुर्‍याउन सचेत प्रयत्नको जरुरी थियो, विशेष गरी नेतृत्वबाट ।

त्यस प्रकारको भूमिका निर्वाह गर्नु त परै जाओस्, पार्टी एकताप्रति नै इमान्दार नभएको व्यवहार "विघठित" बहुमत नेतृत्वबाट देखा पर्‍यो । उहाँहरूले पार्टी एकतालाई पार्टी एकताभन्दा आफ्नो गुटको विस्तारको अर्थमा मात्र लिएको र एकतालाई इतिहासको आवश्यक प्रक्रियाभन्दा पनि कुटनीतिक चालको रुपमा लिएको देखा पर्‍यो । यस्तो

**एकता केन्द्रको फूटको अन्तर्कथा**



# एकता केन्द्रको फूटको अन्तर्कथा



कार्यले पार्टीमा फूट विभाजन ल्याउने नै भयो ।

विघठित "बहुमत" नेतृत्वले यतिबेलै फूटवादी क्रियाकलाप तीब्र पार्नु र निर्णायक विभाजनमा पुऱ्याउनुमा अन्य केही कुराले पनि भूमिका खेलेका छन् ।

विशेषतः आफ्नो गलत नीति र त्यही नीति निर्णयप्रति पनि इमान्दार प्रतिबद्धताको अभाव र अकर्मण्यताको कारणले पैदाभएको असफलतालाई ढाकछोप गर्न र कार्यकर्ताहरूको असन्तुष्टी र आक्रोशबाट बच्नको निम्ति पनि विघठित "बहुमत" नेतृत्व यो विभाजनकारी घटनाको निम्ति उद्यत भएको देखिन्छ ।

साथै "माओवाद" मान्ने भातृ पार्टीहरूसँगको यान्त्रिक अन्धानुकरण र पिछलग्गुपनले पनि यसमा भूमिका खेलेको छ । के कुरा स्मरणीय छ भने - पार्टीभित्रको "भिन्नमत" नेतृत्वलाई कार्वाही गर्ने पछिल्लो श्रृंखला शुरु गर्नुभन्दाअघि अन्तर्राष्ट्रियतावादी क्रान्तिकारी आन्दोलन- "रिम" (RIM) को विस्तारित बैठक बसेको थियो र त्यसमा सहभागी भएर आएपछि नै विघठित "बहुमत" नेतृत्वका साथीहरूले "सम्झौताहीन संघर्ष" को निर्णायक कदम चाल्नु भएको हो ।

सारमा, यो सबै हुनुको पछाडि विघठित "बहुमत" नेतृत्वमा रहेको त्रुटीपूर्ण चिन्तनप्रक्रिया र चिन्तनमा अधिभूतवादको जबर्जस्त प्रभाव हुनु र गैरसमाजवादी, गैरसर्वहारावादी संस्कृतिको प्रभावपूर्ण असर (गुटवादी, व्यक्तिवादी स्वार्थ) नै मुख्य रुपले जिम्मेवार रहेको छ ।

*० बहुमत त तपाईंहरूले अराजक, व्यक्तिवादी र अनुशासनहीन तवरले कामकार्वाही गर्नुभएकोले नै पार्टीमा फुट भएको भन्दैछ त, के यो सत्य हैन ? वास्तवमा के हो ?*

- पार्टीमा फूट किन भयो भन्ने तपाईंको अघिल्लो प्रश्नको उत्तरमा नै तपाईंले यस प्रश्नमा उल्लेख गर्नु भएको विघटित "बहुमत" ले हामीमाथि फूटको निम्ति जिम्मेवार भनी आरोपित गरेका चीजहरू सत्य होइनन् भन्ने कुरा स्पष्ट भइसकेको छ ।

के कुरा सत्य हो भने- पार्टीमा विभिन्न गैरसर्वहारा प्रवृत्तिले एउटा वा अर्को मात्रामा प्रभावित गरिरहन्छन् र तिनका विरुद्ध विश्रामहीन निरन्तर संघर्ष गर्नु जरुरी हुन्छ ।

हाम्रो पार्टी पनि त्यसको अपवाद हुन सक्तैनथ्यो र ती विभिन्न प्रवृत्तिहरूले पार्टीलाई असर पारिरहेका थिए । आज पनि त्यसको विरुद्ध संघर्ष गर्नु परिरहेछ र भोलि पनि त्यसको विरुद्ध संघर्ष गर्नु पर्नेछ । त्यसैले, पार्टीभित्र अराजक व्यक्तिवादी र अनुशासनहीन गतिविधि थिएनन् भन्ने होइन । तर स्पष्ट हुनुपर्ने सवाल के हो भने- त्यस प्रकारका गतिविधिहरू कुनै एक पक्षबाट मात्रै भएका थिए कि दुवैबाट ? अझ तिनीहरू कुन-कुन पक्षमा के कति मात्रामा विद्यमान थिए र तिनलाई हल गर्न के तरीका अपनाइयो ? अनि यो समस्या नै पार्टीको प्रमुख समस्या थियो कि थिएन ?

वास्तविकता के हो भने, सिंगै पार्टीमा अनुशासनको स्तर त्यति उन्नत थिएन र "भिन्नमत" पनि स्वाभाविक रुपमा त्यसबाट अछुतो थिएन । मूर्त रुपमै भन्दा पनि "भिन्नमत" का नेतृत्वका कतिपय व्यक्तिबाट केही अनुशासन उल्लंघनका कार्यहरू भएका थिए । तर त्यो भन्दा पनि चर्को वास्तविकता के हो भने- विघठित "बहुमत" नेतृत्वमा एकातिर अनुशासन सम्बन्धमा रहेको यान्त्रिक र गलत समझदारी र अर्कोतिर उहाँहरूबाटै भएका गम्भीर अनुशासन उल्लंघनका कार्यहरू नै पार्टीभित्र देखापरेको अनुशासनको समस्याको मुख्य जिम्मेवार पक्ष हो । विघठित "बहुमत" नेतृत्वले पार्टी एकताको भावना, मर्म र उद्देश्य विपरीत पार्टीभित्र गुटबन्दी गर्ने र पार्टीलाई एउटा गुटको कब्जामा लिन प्रयत्न गर्ने, पार्टी एकताको सहमति र पार्टी पद्धति तथा मान्यताहरूको उल्लंघन गरी स्वेच्छाचारी ढंगले गतिविधि गर्ने, "भिन्नमत" को विरुद्ध निरन्तर गुटबन्दी, षड्यन्त्र र दमन गर्ने, आफ्नो पक्ष वा गुटलाई समर्थन गरे जतिसुकै अनुशासनहीन वा पार्टीलाई घात गर्ने कार्य गरे पनि छूट दिने र अझ प्रोत्साहित गर्ने, यतिसम्म कि- पार्टी के.स.ले शंकास्पद ठहऱ्याई पार्टीबाट सम्बन्ध विच्छेद गर्ने भनी निर्णय गरेको व्यक्तिलाई पनि "भिन्नमत" को विरुद्ध प्रयोग गर्ने निहित उद्देश्यले संगठित गरिराख्ने कार्य समेत गऱ्यो ।

*हामी स्पष्ट रूपमा आत्माआलोचक छौं कि हाम्रो एकता प्रक्रियामा केही कमजोरी रहेका थिए । एकतापूर्व पर्याप्त वैचारिक अन्तर्क्रिया नहुनु र उद्देश्यमूलक कार्यगत एकताको प्रक्रियाबाट नगुज्रनु हाम्रा कमजोरी थिए । हाम्रो एकता प्रक्रियामा रहेका ती कमजोरीहरूको कारणले निश्चितै रूपमा पार्टीमा एकतासँगै केही जटीलता पनि भित्रिएका थिए ।*

व्यक्तिवादको कथित विरोध गरिएको छ, तर व्यक्तिवाद नै हुर्काउने काम गरिएको छ । विघठित "बहुमत" नेतृत्वका कतिपय जिम्मेवार व्यक्तिहरूमा हुर्किरहेको र प्रोत्साहित हुँदै गएको चरम व्यक्तिवादले पार्टीमा उल्लेखनीय नकारात्मक भूमिका खेल्यो ।

पार्टीभित्रका माथिल्ला निकायहरुमा नै आलोचना र आत्मालोचनाको प्रक्रिया कहिल्यै नअपनाउने, एकैचोटि "कार्वाही" मा पुग्ने, कार्वाही पनि "भिन्नमत" माथि नै केन्द्रित गर्ने र त्यो पनि ज्यादतीपूर्ण गर्ने- यो अनुशासनको समस्याको हल थिएन । यसमा पार्टीलाई साच्चै अनुशासित बनाउने चिन्तन नै भेटिन्न ।

तसर्थ के प्रष्ट हुन्छ भने- "भिन्नमत" माथि थोपरिएको उक्त आरोप आफ्नो गल्ती कमजोरीलाई ढाकछोप गर्ने र भ्रम फैलाउने निरर्थक प्रयत्न मात्र हो ।

*० खासैमा तपाईंहरूको वैचारिक विभेद के के कुरामा हो ?*

- हाम्रा वैचारिक मतभेदहरू संक्षिप्तमा यस प्रकार छन् :

(क) सिद्धान्तः- हामीले पार्टीको पथप्रदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद/माओ विचारधारा मान्दछौं । उहाँहरू मर्क्सवाद-लेनिनवाद माओवाद भन्नुहुन्छ । मार्क्सवाद-लेनिनबाद/माओ विचारधारा भन्नेहरूबीच वा माओवाद भन्नेहरूबीच मै पनि शब्दमा स्वीकार गर्दैमा एउटै सैद्धान्तिक समझदारी हुन्छ भन्न सकिंदैन । तर हामीहरूबीच त प्रष्ट रूपमा स्वीकारोक्तिहरू मै भिन्नता छ । माओविचारधारा र माओवादको यो भिन्नता केबल शब्दको भिन्नता नभएर मार्क्सवाद लेनिनवादलाई बुझ्ने, आजको युगलाई बुझ्ने र स्वयं क. माओका योगदानहरूलाई बुझ्ने सवालमा रहेको भिन्नता हो ।

उहाँहरूले "माओवाद" लाई आजको युगको मार्क्सवाद लेनिनवाद, नयाँ, तेस्रो र उच्च चरण मान्नु हुन्छ ।

यो कुनै नयाँ कुरा भने होइन । यो चीनमा गद्दार लिन प्याओले पेश गरेको अवधारणा हो । (यद्यपि उनले माओविचारधारा भन्ने शब्द नै प्रयोग गरेका थिए । उनले माओविचारधारालाई आजको युगको मार्क्सवाद-लेनिनवाद बताएका थिए । त्यसोभन्दा उनले "माओवाद" नै भन्नु पर्दथ्यो । हाम्रा मित्रहरूले लिन प्याओको अवधारणा पक्रेर लिन प्याओलाई केही सच्याइदिने काम गर्नु भएको छ ।) क. माओकै उपस्थितिमा चीनको कम्युनिष्ट पार्टीको दशौं महाधिवेशनले उक्त लिन प्याओवादी अवधारणालाई गलत भनी फिर्ता लिएको थियो । लिन प्याओले क. मोओको उच्च मूल्यांकनको नाममा आफ्नो महत्वकांक्षा सिद्ध गर्न आफना विरोधीहरूलाई दमन गर्ने अस्त्रको रूपमा यसलाई प्रयोग गरेका थिए ।

खेदको कुरा हो- हाम्रा विघठित "बहुमत" का मित्रहरूले पनि करीब-करीब त्यही तरीका अपनाउन लाग्नु भएको छ । हाम्रो विचारमा यो जडसूत्रवादी तथा "वाम" भड्कावबादी प्रवृत्तिको अभिव्यक्ति हो ।

हाम्रो विचारमा क. माओले मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक ज्ञान भण्डारमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । क. माओका ती योगदानहरूलाई अस्वीकार गरेर कोही सच्चा कम्युनिष्ट हुन सक्तैन । तर माओत्सेतुङ विचारधाराले नै त्यसलाई सही प्रतिनिधित्व गर्दछ, "माओवाद" ले होइन ।

(ख) राजनीतिः- नेपाली समाजको आजको आधारभूत अन्तर्विरोध (साम्राज्यवाद, विस्तारवाद र सामन्तवाद, दलाल तथा नोकरशाही पूँजीवाद), अहिलेको प्रधान अन्तर्विरोध (सामन्त, दलाल तथा नोकरशाही पूँजीपति वर्गको घरेलु प्रतिक्रियावादी सत्ता), क्रान्तिको चरित्र (नयाँ जनवाद), क्रान्तिको नेतृत्वदायी शक्ति (सर्वहारा वर्ग), क्रान्तिको मूल शक्ति (मजदूर किसान) र क्रान्तिको सहयोगी शक्ति (राष्ट्रिय पूँजीपति वर्ग लगायत सबै देशभक्त तथा जनवादी शक्तिहरू), क्रान्ति सम्पन्न गर्न संघर्षको

निर्णायक स्वरुप (सशस्त्र संघर्ष) जस्ता रणनीतिक योजना अर्थात् आम राजनीतिक कार्यदिशामा समान सहमति रहेको भए पनि रणनीतिक लक्षलाई प्राप्त गर्ने तरीका वा रणनीतिलाई कार्यान्वयन गर्ने प्रक्रिया र त्यससँग सम्बन्धित रहीआउने तात्कालीन नीति, योजनाका साथै सशस्त्र संघर्षको स्वरुपका बारेमा हामीबीच मतभिन्नताहरू रहेका छन् ।

यो वास्तवमा क्रान्तिको विकास प्रक्रियालाई बुझ्ने, नेपाली समाजलाई बुझ्ने र हाम्रो वस्तुगत तथा आत्मगत कूल यथार्थको विश्लेषण गर्ने सवालमा भएको भिन्नता हो ।

विघिठित "बहुमत" मित्रहरू अहिले सशस्त्र संघर्ष शुरु गरिहाल्ने स्थिति रहेको बताउनु हुन्छ । अर्थात्, अहिले सशस्त्र संघर्षको चरण हो । यो वस्तुगत अवस्थाभन्दा अलग, जनताभन्दा अलग, मनोगतवादी ढंगले संघर्षको नारा र कार्यक्रम लाद्ने उग्रवामपन्थी अवसरवादी प्रवृत्ति हो ।

यद्यपि उहाँहरू जे भनिरहनु भएको छ, व्यवहारमा त्यसो गरिराख्नु भएको छैन । त्यसैले "क्रान्तिकारी लफ्फाजी" उहाँहरूमा रहेको आजको मुख्य प्रवृत्ति हो ।

हाम्रो स्पष्ट धारणा छ- आजको वस्तुगत तथा आत्मगत पक्षहरूको समग्र विश्लेषण गर्दा अहिलेको अवस्थामा जनसंघर्ष नै प्रधान रहने निष्कर्ष निस्कन्छ । अर्थात्, हामी अहिले जनसंघर्षकै अवस्थामा छौं । तर जनसंघर्ष र सशस्त्र संघर्ष एक-अर्काबाट विल्कूलै स्वतन्त्र र पृथक वस्तु होइनन् । एकातिर, जनसंघर्ष स्वयं सशस्त्र संघर्षको तयारीको एउटा मुख्य पक्ष हो भने अर्कोतिर, संघर्षको रुपको हकमा जनसंघर्ष भएको अवस्थामा सशस्त्र संघर्षसँग सम्बन्धित अन्य आवश्यक तयारीका कार्यहरू पनि गरिदै जानु पर्दछ ।

उहाँहरूले सशस्त्र संघर्षको स्वरुपको सम्बन्ध "गाउँले शहर घेर्ने" रणनीतिमा आधारित भई आधार इलाका निर्माण गर्दै र स्थानीय सत्ता कब्जा गर्दै दीर्घकालीन जनयुद्धद्वारा क्रान्ति सम्पन्न गर्ने नीति लिनु भएको छ । यो नीतिले नेपाली समाजको यथार्थलाई पक्रन सकेको छैन । चिनियाँ क्रान्तिको सेटको यन्त्रिक नक्कल गर्ने काम भएको छ ।

हाम्रो धारणा छ, कुनै एक ठाउँमा आधार इलाका निर्माण गर्ने र स्थानीय सत्ता कब्जा (निर्माण) गर्दै अघि बढ्ने नीति हाम्रो सन्दर्भमा वस्तुवादी हुन सक्तैन । नेपाली क्रान्ति मूलतः कृषि क्रान्ति भएकाले र किसानहरूको बहुसंख्या गाउँमै रहेकाले ग्रामीण क्षेत्रको संघर्षमा प्राथमिकतासाथ ध्यान केन्द्रित गर्ने, छापामार युद्धको भूमिका रहने र सशस्त्र संघर्ष दीर्घकालीन हुनसक्ने अवधारणा हाम्रो रहेको छ । तर हामी के कुरा पनि प्रष्ट पार्न चाहन्छौं भने- नेपाली समाजको आर्थिक सामाजिक संरचनाको विकास प्रक्रियाले यहाँ शहरिया जनआन्दोलनको भूमिका निकै महत्वपूर्ण रहेको छ । नेपालमा भएका संघर्षहरूका इतिहासको अनुभवले पनि यही देखाउँछ । जनसंघर्ष गर्ने कुरा गर्दा शहरिया जनआन्दोलनमा मात्र ध्यान दिने र ग्रामीण वर्ग संघर्षको नाममा शहरिया जनआन्दोलनको उपेक्षा गर्ने दुवै प्रवृत्ति गलत छन् । गाउँ र शहरका कामहरूको तालमेल मिलाउनु पर्दछ । हामी के कुरामा पनि प्रष्ट र खुला छौं भने- नेपाली क्रान्तिका विशिष्ट नियमहरू सबै अहिले नै उद्घाटित गर्न संभव हुँदैन । कतिपय कुराहरू सिक्दै आवश्यक परिवर्तन, परिमार्जन र विकास गर्दै अगाडि बढ्न तयार रहनु पर्दछ ।

विघठित "बहुमत" नेतृत्वको मूल कार्यनीति स्थानीय सत्ता कब्जा गर्ने ( स्थानीय रुपमा नयाँ जनवादी सत्ता निर्माण गर्ने) रहेको छ । हाम्रो तात्कालिक कार्यनीति भनेको प्राप्त सीमित जनअधिकारको रक्षा गर्दै, संघर्षका सबै संभाव्य रुपहरूलाई प्रयोग गर्दै मूलतः जनसंघर्षमा ध्यान केन्द्रित गर्दै, मिल्न सक्ने सबै शक्तिहरूसँग मिली संयुक्त संघर्ष गर्दै, स्थानीय जनकार्य, जनसंघर्ष, प्रत्यक्ष बर्ग संघर्ष र केन्द्रीय जनसंघर्षहरू गर्दै क्रान्तिकारी जनाधारहरू निर्माण गर्नु हो । क्रान्तिकारी जनाधारहरूको निर्माण, सुरक्षा र विकासको क्रममा वैकल्पिक जनवादी सुधार कार्यक्रमहरू पनि लागू गर्दै र जुझारु जनसंघर्षको पनि विकास गर्दै अगाडि बढ्नु पर्दछ ।

उहाँहरू "प्रारम्भदेखि नै युद्ध" को अवधारणामा सशस्त्र संघर्षलाई नै सदाको लागि (आज पनि) प्रधान रुप बताउनु हुन्छ । हामी अन्ततः सशस्त्र संघर्षको अनिवार्यता बारेमा प्रष्ट छौं, तर निर्णायक अवैधानिक संघर्षमा पुग्न संघर्षका सबै संभाव्य रुपहरूलाई प्रयोग गर्नु पर्ने कुरामा पनि त्यत्तिकै प्रष्ट छौं ।


यस क्रममा चुनावलाई कार्यनीतिक विषय ठान्दै संघर्षको एउटा रुपको अर्थमा क्रान्तिकारी उपयोग पनि गर्न सकिने ठान्दछौं । अहिले चुनावको क्रान्तिकारी उपयोग गरिरहेका पनि छौं । पार्टी एकीकृत भएको अवस्थामा उहाँहरू पनि चुनावको उपयोगमा सहभागी हुनुभएको हो । तर पार्टीले चुनावको उपयोग गर्ने र नेतृत्वले त्यसको विरोध र बढ्ख्वाई गर्ने काम पनि गऱ्यो । भोलि शायद चुनावको "उपयोग" पनि गर्ने, त्यसको विरोध पनि गर्ने र विरोधको नाममा क्रान्तिकारिताको प्रदर्शन गर्ने "वितण्डतावाद" को प्रदर्शन गर्नु हुन्न कि ?

कार्यगत एकताको सम्बन्धमा तात्कालीन संघर्षका सवालहरूमा मिल्न सकिनेसँग मिलेर कार्यगत एकता गर्न सकिने कुरामा नीतिगत रुपमा सहमत भएर पनि विघठित "बहुमत" पक्ष व्यवहारमा संकीर्ण रहेको छ । संघर्षको उद्देश्यलाई प्रधान बनाउनुभन्दा आफूले जस लिने र अरूलाई गलत देखाउने अवसरको खोजि गरिरहने मनोवृत्तिले काम गर्ने गरेको देखिन्छ ।

(ग) संगठन :- कम्युनिष्ट पार्टी भनेको सर्वहारा वर्गको सचेत अग्रदस्ता हो । त्यो समाजवादी चेतना र श्रमिक वर्गीय आन्दोलनको योग हो । समाजवादी चेतना अर्थात सर्वहारावर्गीय दृष्टिकोण, विचारधारा, सिद्धान्त र संस्कृतिबाट सुसज्जित नहुँदासम्म पार्टी सर्वहारावर्गको अग्रदस्ता बन्न सक्तैन । र, वर्गसंघर्षलाई सुनियोजित रुपमा सन्चालन गर्न पनि समर्थ हुँदेन । तर विघठित बहुमत नेतृत्वमा वर्गसंघर्ष (वाह्य) मा हामफालेपछि सब चीज त्यहीँबाट पैदा हुन्छ, उन्नत चेतना, क.पा. पनि त्यहीँबाट बन्छ भने

एकता केन्द्रको फूटको अन्तर्कथा

# एकता केन्द्रको फूटबारे प्रा. माणिकलाल श्रेष्ठ के भन्नुहुन्छ ?



आजको आवश्यकता सबै मार्क्सवादी र मजदुर वर्गीय पार्टीबीच एकता हो । यो स्थितिमा झन् उल्टो- एउटा एकीकृत पार्टीमा फूट हुनु पूरै कम्युनिष्ट आन्दोलनको लागि दुःखको कुरो हो ।

यस्तो फूटको स्थिति आउँला कि भन्ने डर मलाई एकताको शुरुमै लागेको थियो । किनभने व्यापक छलफलद्वारा विचारधारा र चिन्तनमा एकरुपता आएपछि मात्र यो एकता भएको थिएन । भिन्न विचारधारात्मक प्रवृत्ति भएका तीनवटा पार्टी बीच विचारधारात्मक एकता पैदा नै नभइकन यो एकता गरिएको थियो ।

पहिले व्यापक छलफलद्वारा विचारधारात्मक एकता ल्याउने, अनि मात्र पार्टी एकता गर्ने काम हुनुपर्थ्यो । अथवा विचारधारात्मक भिन्नता हुँदै एकता गर्ने भए एकता पछि पनि प्रत्येक समूहलाई आफ्नो विचारधारा बेरोकटोक राख्ने छूट हुनुपर्थ्यो । बहुमतको निर्णय लागु गर्ने, तर भिन्न विचारलाई बिना बाधा प्रवाहित हुन दिने यो जनवादी स्वतन्त्रता पार्टी एकतापछि भएको भए यसरी विचारकै मामलामा झगडा र फूटको स्थिति आउँदैनथ्यो । पार्टी एकतापछि पनि एकता कायम हुनसक्थ्यो ।

एकता केन्द्रमा दुवै कुरा गरिएन । विचारधारात्मक एकरुपता नै नआईकन पहिले हतारोमा पार्टी एकता गरियो । पछि भिन्न विचार राख्यो भनेर कार्यवाही हुन थाल्यो । निर्मल लामाले जे-जे गर्नुभएको छ, त्यो सब ठीक छ, अरु बेठीक भन्ने मेरो भनाई होइन, तर निर्मल लामाको समूहलाई कार्वाही गर्दा मुख्य आरोप के छ भने उहाँले पार्टीको बहुमतको धारणा बाहेक त्यो भन्दा भिन्न विचार प्रचार गर्नुभयो ।

यो त मलाई ठीक लागेन । विचार भिन्नता एकता गर्दा नै स्वीकार गरेर पार्टी एकता गरिसकेपछि फेरि त्यसैको आधारमा कार्यावाही गर्नु ठीक थिएन । फलस्वरुप पार्टी यसप्रकार फुट्यो ।

त्यसैले, यसबाट पाठ सिक्ने हो भने- व्यापक छलफलद्वारा विचारधारात्मक एकता पैदा भएपछि मात्र पार्टी एकता हुनु पर्छ । हतारोमा पार्टी एकता गरिनु हुन्न । पार्टी एकतापछि- पार्टीभित्र निरन्तर भिन्नमत प्रवाहित हुन दिने, तर बहुमतको निर्णय लाग गर्ने व्यवस्था हुनुपर्छ ।

लेनिनवादी पार्टी सिद्धान्त त जनवादी केन्द्रीयता हो । लगातार भिन्न मत राख्न पाउने व्यापक स्वतन्त्रता र बहुमतबाट पैदा भएको केन्द्रियता पालना हुनै पर्ने अनुशासन- यो नै जनवादी केन्द्रीयता हो । लेनिनले त भिन्नमतलाई खुलेआम बाहिर छलफलका लागि राख्न पनि कहिल्यै छेक्नु भएन । तथापि लेनिनको पार्टीको बोल्शेविक अनुशासन त निकै उच्च थियो । लेनिनले देखाउनु भएको बाटो यही हो । लेनिनपछि सोभियत संघमा युद्धको परिस्थिति आउनाले यो स्वतन्त्रतामा केही रोक लगाइयो । त्यो भिन्नै कुरा हो । तर लेनिनवादी सिद्धान्त भनेको एउटा कुराको निर्णयमा पुगेपछि अभिव्यक्ति र छलफलको लागि ढोकै बन्द गर्ने, त्यो होइन । त्यस्तो ढोका बन्द गरेपछि भिन्न विचार संगठित हुन्छ, गूटबन्दी हुन्छ र पार्टी फुट्छ । ✤

# एकता केन्द्रको फूटको अन्तर्कथा

स्वस्फूर्तिवादी, यान्त्रिक भौतिकवादी चिन्तन विद्यमान रहेको छ ।

विघठित "बहुमत" नेतृत्वले संगठनात्मक सिद्धान्तको रुपमाँ जनवादी केन्द्रीयतालाई स्वीकार गरेर पनि व्यवहारमा नोकरशाही केन्द्रीयताको अभ्यास गर्दछ । मतभेदहरूलाई मैत्रीपूर्ण ढंगले हल गर्नुको सट्टा जहिले पनि शत्रुतापूर्ण रुप दिने गर्दछ । पार्टीभित्र नै षड्यन्त्रकारी कार्यशैलीको अभ्यास गर्ने गर्दछ । मैत्रीपूर्ण र शत्रुतापूर्ण अन्तर्विरोधको भेद छुट्याउन नसक्ने गलत चिन्तनको कारणले पैदा भएको मतभेद हुनासाथ शुत्र ठान्ने प्रवृत्तिको परिणाम नै षड्यन्त्रकारी कार्यशैली हो ।

जन र वर्गीय संगठनको सञ्चालनमा संकीर्ण नीति रहेको छ । सामन्तवाद तथा साम्राज्यवाद विरोधी साझा संगठनहरूमा सहभागी हुने र भूमिका खेल्ने सवालमा पनि उहाँहरूको संकीर्ण नीति रहेको छ ।

हामी जनवादी केन्द्रीयतालाई अभ्यास गर्न प्रयत्नरत छौं । विशेषतः सर्वहारा जनवादको जगमा वैचारिक केन्द्रीयता र त्यसको आधारमा संगठनात्मक केन्द्रीयताको अवधारणालाई पक्रन सचेष्ट छौं । राजनीतिक कारणले पार्टीलाई मूलतः भूमिगत राख्नु परे पनि प्राप्त वैधानिक अधिकारहरूको अधिकतम प्रयोग गर्नको निम्ति सबै उपायहरू र संगठनात्मक रुपहरूको संयोजन गर्नु आवश्यक ठान्छौं । हामी सामन्तवाद र साम्राज्यवाद विरोधी साझा संगठनहरूको निर्माणमा पहल गर्नु, सहभागी हुनु र त्यसलाई सुदृढ गर्नु क्रान्तिकारी आन्दोलनको महत्वपूर्ण कार्यभारको रुपमा लिन्छौं ।

उपरोक्त सबै मतभेदहरूको सम्बन्ध सिधै वर्ग चरित्र र चिन्तन प्रक्रियासँग रहेको छ । विघठित "बहुमत" पक्षमा निम्न पूँजीवादी वर्ग चरित्रको कारणले निम्न पूँजीवादी अधैर्यता रहेको छ । त्यहाँ अधिभूतवादी चिन्तन प्रणालीको जबर्जस्त प्रभाव छ । यान्त्रिक चिन्तन प्रक्रिया यसको विशेषता बनेको छ । यान्त्रिक चिन्तन प्रक्रियाको अनिवार्य परिणाम हुन्छ- जडसूत्रवाद र मनोगतवाद । यसरी निम्न पूँजीवादी अधैर्यता र अधिभूतवादी चिन्तन प्रणालीको परिणाम स्वरूप नै विघठित "बहुमत" मा सिद्धान्तको क्षेत्रमा जडसूत्रवादी वामभड्कावादी प्रवृत्ति, राजनीतिक क्षेत्रमा "क्रान्तिकारी लफ्फाजी" प्रधान बनेको उग्रवामपन्थी अवसरवादी प्रवृत्ति र संगठनात्मक क्षेत्रमा नोकरशाही संकिर्ण प्रवृत्ति र षड्यन्त्रमूलक कार्यशैली विद्यमान रहेको छ ।

*o यो विभेद पार्टी एकता गर्दा ताक नै थिएन ? तैपनि किन एकता गर्नुभयो त ?*

- हो, ती मतभेदहरू पार्टी एकता गर्दा ताक नै थिए, यद्यपि अहिले जति प्रष्ट भएका थिएनन् । कतिपय त तार्किक रुपमा समान स्वीकारोक्ति तथा वास्तविक व्यबहारमा मतभेदका रूपमा पनि देखिए ।

हामी स्पष्ट रूपमा आत्माआलोचक छौं कि हाम्रो एकता प्रक्रियामा केही कमजोरी रहेका थिए । एकतापूर्ब पर्याप्त वैचारिक अन्तर्क्रिया नहुनु र उद्देश्यमूलक कार्यगत एकताको प्रक्रियाबाट नगुज्रनु हाम्रा कमजोरी थिए । हाम्रो एकता प्रक्रियामा रहेका ती कमजोरीहरूको कारणले निश्चितै रूपमा पार्टीमा एकतासँगै केही जटीलता पनि भित्रिएका थिए ।

तर ती मतभेदहरू हुँदा हुँदै एकता गरिएको कारणले फूट अनिवार्य थियो र त्यसैले ती मतभेदहरू सहित एकता गर्नु सर्वथा गल्ती थियो भनी अर्थ लगाउनु उचित हुँदैन । पार्टीको निर्माण र विकास सधैं सरल र सोझा सूत्रहरूबाट उत्तरित हुन सक्तैन, सामाजिक घटनाक्रमको जटीलतासँग हेलिदैं, जटीलताहरूबीच गुज्रदै अगाडि बढ्नु पर्ने हुन्छ ।

यदि हामी क्रान्तिमात्रको ध्येय अगाडि राखी पार्टी एकतालाई क्रान्ति सम्पन्न गर्न सक्षम नयाँ ढंगको क.पा. निर्माणको निम्ति भएको कम्युनिष्ट क्रान्तिकारहिरूको धुवीकरणको अर्थमा लिई त्यस दिशामा दत्तचित्त भएर काम गर्न इमान्दार थियौं भने, हामी एकता गर्दाको सहमति र महाधिवेशनबाट समेत स्वीकृत जनवादी केन्द्रीयताको संगठनात्मक पद्धति सही ढंगले लागू गर्न इमान्दार थियौंभने, ती मतभेदहरू सहित पार्टी एकता गरिएको भए पनि पार्टी एकतालाई अगाडि बढाउन सकिने संभावना पनि त्यतिकै थियो ।

त्यसैले, इतिहासको त्यो मोडमा वस्तुगत आवश्यकता र उपरोक्त संभावनाको योगबाट पार्टी एकता भएको थियो । पार्टी एकतामा आएका केही समूहहरू केही पहिले एउटै पार्टीमा रही विभाजित भएको र उनीहरूबीच पहिलेका केही मुख्य मतभेदहरूमा एकता गर्दाको स्थितिमा पैदाभएको सहमति र पूर्व "मशाल" ले दक्षिणपन्थी, गैह्र कम्युनिष्ट समूह भनी (पूर्व चौ.म. लगायत माथिको) आरोप समेत फिर्ता लिएको स्थितिले पनि नयाँ संभावनाबारे आशावादी हुन थप आधार प्रदान गरेको थियो । दुर्भाग्य यो भयो कि- एकताको उद्देश्यप्रति एक रुप-बोध हुनसकेन , सहमतिका कुराहरू नै उल्लंघन भए र पार्टी एकता अपेक्षित दिशातिर अघि बढ्न सकेन ।

*o तपाईंहरूको थकित गलित मानसिकताबाट फगत भारी बिसाउने सोचले स्थिति परिपक्क नहुँदै हतारमा एकता गरियो भनिन्छ नि ? के यो सत्य हो ?*


- हामीले माथि भनिसकेका छौं कि हाम्रो एकता प्रक्रियामा केही कमी कमजोरी रहेका थिए । त्यस अर्थमा एकता केही हतारोमा भएको भन्न सकिन्छ । जहाँसम्म थकित गलित मानसिकताबाट भारी बिसाउन एकता गरिएको भन्ने कुरा छ, त्यस्तो प्रवृत्ति पनि रहेको हुनसक्ने कुरालाई पूरै इन्कार गर्न सकिन्न । तर मूलभूत रुपमा नेपाली समाजको क्रान्तिकारी रुपान्तरण गर्ने ध्येयको साथ त्यसनिम्ति आवश्यक सही, एकीकृत र सवल क.पा. निर्माण गर्ने भावना र अभिप्राय नै पार्टी एकतामा अन्तर्निहित थियो ।

*o के पाठ सिक्नु भएको छ यो फूटबाट ?*

- पार्टी एकता भएको केही समयपछि नै भएको यो फूटले सबैभन्दा बढी भ्रम र नकारात्मक प्रभाव समर्थक जनसमुदायमा पारेको छ । कार्यकर्ताहरूमा पनि केही निराशा र विचलन आउने संभावना छ । तर फूटलाई टार्न नसकिएको यो स्थितिमा हामीले "फूट" मै अफूलाई बिसर्जित गरेर होइन, यसबाट आवश्यक पाठहरू सिक्दै पार्टी र आन्दोलनलाई अगाडि बढाउन निरन्तर लागि परेर नै क्रान्तिकारी दायित्व पूरा गर्न सक्छौं । हामी सबै क्रान्तिकारीहरूलाई यस कुरामा सजग रहन आह्वान गर्दछौं ।

सामान्यतः एकता राम्रो र फूट नराम्रो हुन्छ । तर एकता र फूट दुवै निरपेक्ष रुपमा राम्रो र नराम्रो विषय होइनन् । हामीले एकता गर्दा पनि हौसिने मात्र हौइन, एकतालाई सुदृढ पार्न, फूटको संभावनालाई कम पार्न सचेत भूमिका खेल्नु जरुरी छ भने फूट हुँदा पनि निराश हुने होइन, फूटको वास्तविक कारणहरू

## एकता केन्द्रको फूटबारे डा. कृष्णबहादुर थापा के भन्नु हुन्छ ?



**यो** फूटलाई सकारात्मक रुपमा लिन सकिन्न । नेपालमा फूटपछि पार्टी सच्चिएको र आन्दोलन मजबूत भएको कहिल्यै देखिएन । फूटबाट गलत तत्व निकालियो भनेर भनिए पनि हरेक पटक पार्टी फूटपछि पार्टी र आन्दोलन दुवै कमजोर भएको मात्र देखिएको छ ।

अहिलेको फूटको मुख्य कारण पार्टीमा भिन्न विचारबीच बहस अन्तर्क्रिया गर्ने र व्यापक अन्तर्क्रियाद्वारा मात्र एउटा निर्णयमा पुग्ने सामूहिक नेतृत्व प्रणाली पार्टीमा नहुनु नै हो । पार्टीमा भिन्न विचार राख्ने स्वतन्त्रता नै रहेन, भिन्न विचारलाई दवाइयो भने पार्टी एकताबद्ध रहिरहनै सक्दैन । दवाइएको भिन्न विचार संगठित हुन्छ, गुटबन्दी हुन्छ र अन्ततः पार्टी फूट्छ । बाहिरबाट हामीले हेर्दा एकता केन्द्रमा यस्तै भएको देखिन्छ । अन्यथा अहिलेको भिन्न मत पार्टी एकता गर्दा नै विद्यमान देखिएको हो ।

यसबाट पाठ सिक्ने हो र फूटको प्रवृत्ति पार्टीभित्र कम पार्ने हो भने पार्टीभित्र हरेक प्रश्नमा निर्णयमा पुग्नुअघि व्यापक बहस, छलफल र अन्तर्क्रिया गर्नु सिवाय अर्को कुनै उपाय छैन । छलफल र अन्तर्क्रिया नै कुनै पनि निर्णयलाई र विचारलाई बढीभन्दा बढी परिपूर्ण र सही बनाउने एक मात्र सही उपाय हो । यो दौरानमा मतभिन्नता त हुन्छ नै । तर मतभिन्नताबीच द्वन्द गरेर नै सही विचार निक्लने संभावना हुन्छ । त्यो सही भनिएको विचार व्यवहारमा लागू गरेर हेरेपछि बल्ल विचार निर्णय सही भयो कि गलत भयो निक्यौंल हुन्छ ।

तर गडवड कहाँ भयो भने मतभिन्नता, छलफल र अन्तर्क्रियालाई विचार विकास गर्ने मूल उपायको रुपमा लिनु पर्नेमा अनावश्यक झंझट र समस्याको रुपमा लिइयो जस्तो लाग्छ । बहुमतले कुनै निर्णय गरेपछि त्यो स्वतः ठीक भई हाल्छ भन्ने सोच रह्यो जस्तो लाग्छ ।

कम्युनिष्ट पार्टीको नेतृत्व भनेको सामूहिक नेतृत्व हो, सामूहिक नेतृत्व भनेको हरेक सवालमा व्यापक बहस, अन्तर्क्रिया गर्ने र सबैको विचारमा रहेको सत्य सही कुरा संगेटेर उन्नत निर्णयमा पुग्ने प्रक्रिया नैं हो । मतभिन्नता कहाँ हुँदैन ! तर यो प्रक्रिया पार्टीमा रह्यो भने भिन्नमत भए पनि पार्टी एकताबद्ध भई रहन्छ र भिन्न मतले पार्टीको विचार विकास गर्नमा मद्दत पुऱ्याइरहेको हुन्छ । सिद्धान्तलाई व्यवहारमा सही तवरले उतार्नमा मद्दत गरिरहेको हुन्छ । सबैको विचार संगेट्न सक्ने साझा सर्वमान्य व्यक्तित्व विकास नभई सकेको नेपालको परिस्थितिमा सामूहिक नेतृत्व नै पार्टीलाई अघि लाने एक मात्र बाटो हो । त्यही पाठ यो फूटबाट हामीले लिनुपर्छ । अनि मात्र फूटको संभावना कम हुन्छ । ❑

पत्ता लगाई आगामी दिनहरूमा त्यसको निराकरण गर्न, सापेक्ष सत्यलाई पक्रेर अगाडि बढ्न र एकताका नयाँ संभावनाहरू खोज्न ध्यान दिनु पर्दछ ।

यो "फूट" ले हामीलाई क्षणिक जुट र फूटको प्रक्रियाबाट कम्युनिष्ट आन्दोलनलाई माथि उठाउन गम्भीर रुपले ध्यान दिनु आवश्यक छ भन्ने कुरा महशूस गराएको छ । अनुभवहरूले हामीलाई के कुरा राम्ररी बताएको छ भने- जब वास्तविक विचारधारात्मक केन्द्रीयता पैदा हुँदैन, त्यहाँ यान्त्रिक केन्द्रीयताले समस्याले हल गर्दैन । त्यसको हल त वास्तविक केन्द्रीयता पैदा गर्नको निम्ति अनुकूल वातावरण, प्रक्रिया निर्माण गर्नु हो । सांगठनिक केन्द्रीयताको न्यूनतम मान्यताभित्र रहेर मतभेदहरू दार्शनिक सहिष्णुता, तिनीहरूबीच निर्बाध स्वस्थ र उद्देश्यमूलक अन्तर्क्रिया सुनिश्चित गरिनु पर्दछ । त्यसो नगरेर यान्त्रिक केन्द्रीयता लाद्ने कार्य भयो भने वास्तविक केन्द्रीयता त पैदा हुँदैन हुँदैन, त्यो प्रक्रिया र संभावनामै अवरोध उत्पन्न हुन्छ । त्यसले गुट र फुट जन्माउनेतिर लैजान्छ ।

हामीले निरपेक्ष रूपमा फूटलाई पूर्ण रुपमा निर्मूल पार्न सक्तैनौं । तर त्यसलाई सीमित वा न्यून पार्न सक्छौं । त्यसको निम्ति प्रथमतः आधारभूत सैद्धान्तिक प्रस्थापनाहरुमा एउटै बृत्तभित्रको हुनु, एकताको उद्देश्यप्रति एक रुप- बोध र वस्तुसम्मत एकता प्रक्रियाको अवलम्बन आवश्यक हुन्छ भने अन्ततः विचारधारात्मक राजनीतिक एकता, वैज्ञानिक संगठनात्मक पद्धति र व्यक्तिवादी, गुटवादी गैरसर्वहारा प्रवृत्तिको विरुद्ध सांस्कृतिक रुपान्तरणको अभियान आवश्यक हुन्छन् ।

० *"गाडा अगाडि, गोरु पछाडि" भन्ने क. मोहनविक्रमको तत्कालीन एकता सम्बन्धी टिप्पणी कस्तो लाग्छ ?*

- हाम्रो पार्टी एकताको सम्बन्धमा "गाडा अगाडि, गोरु पछाडि" भन्ने क. एम.बी.को टिप्पणीले अर्धसत्य अभिव्यक्त गरेको छ । त्यसैले यसमा हाम्रो अर्धसहमति छ । उहाँले हाम्रो एकता प्रक्रियामा भएको कमी कमजोरीलाई औंल्याउनु भएको छ । त्यतिसम्म ठीक छ ।

तर उहाँ एकता गर्नु नै हुँदैनथ्यो भन्ने अर्को "अति" मा पुग्न खोज्नु भएको छ । उहाँ कुनै सूत्रमा मात्रै अड्कन पुग्नु भएको छ । इतिहासको घटनाप्रक्रिया र त्यससँगै वस्तुहरूको विकास प्रक्रियाको द्वन्दवादलाई उहाँले ठीकसित पक्रन नसक्नु भएको हो कि ? का. एम.बी.ले पार्टी एकता गर्ने अभिप्रायबाट एकता प्रक्रियाको कमी कमजोरीबारे कुरा उठाउनु भएन । एउटा देशमा एक समयमा एउटा मात्र कम्युनिष्ट पार्टी हुन्छ भन्ने कुराको यान्त्रिक समझदारीको कारणले गर्दा उहाँ नेकपा मसाललाई एक मात्र सही क.पा. देख्नु हुन्छ र त्यसबाहेक अरू कुनै पार्टी समूहलाई कम्युनिष्ट देख्नु हुन्न (वा आफ्नो उक्त समझदारीको कारणले त्यस्तो देख्नबाट प्रतिबन्धित हुनुहुन्छ) त्यसको परिणाम हो- उहाँको एजेण्डामा कहिल्यै पार्टी एकताको विषय नै पर्दैन । पत्रपत्रिकाका अनुसार नेकपा (मसाल) ले छैठौं महाधिवेशनबाट विभिन्न समूहमा छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरूको एकता निम्ति प्रयत्न गर्ने नीति लिएको छ । यसबारे वास्तविकता के हो र उहाँहरूको वास्तविक समझदारी के हो हामीले बुझ्न पाएका छैनौं ।

० *आत्मालोचक भएर भन्न सक्नुहुन्छ- आफ्नो पक्षबाट वास्तवमा के कमजोरी भएका थिए ? अहिले पनि क्रान्ति गर्ने साम्यवादी पार्टी बनको लागि आफूमा के के टड्कारो कमी कमजोरी र अपर्याप्तताहरू विद्यमान छन् ?*

- हामीबाट २ खाले कमजोरी भए ।

(१) विघठित "बहुमत" नेतृत्वको नकारात्मक भूमिकाका बाबजूद अन्तरसंघर्षलाई व्यवस्थित ढंगले वैचारिक स्तरमा चलाउन हामीबाट जति प्रयत्नको आवश्यकता थियो, त्यति भएन । पार्टी एकतापछि प्रारम्भमा एकतामा जोड दिने र आवश्यक संघर्षमा ध्यान नपुऱ्याउने कमजोरी भए ।

(२) अन्तरसंघर्षलाई स्वस्थतापूर्वक अगाडि बढाउने सम्बन्धमा पनि हाम्रातर्फका केही कमी कमजोरीहरूले केही नकारात्मक भूमिका खेले । हाम्रा केही नेतृत्वदायी व्यक्तिहरूबाट अन्तसंघर्षको जटील र कष्टकर प्रक्रियामा पैदा हुने तनाववीच काम गर्न आवश्यक धैर्यताको प्रदर्शन गर्न नसक्ने तथा पार्टी एकताको संभावनालाई पक्रन आफूले खेल्ने भूमिकाको निम्ति आवश्यक उच्च जागरुकता नदेखाउने जस्ता कमजोरीहरू भए । केही सन्दर्भमा तत्काल विद्यमान संगठनात्मक मान्यताको पनि उल्लंघन भएका छन् ।

तर स्पष्ट छ- यस प्रकारका गल्ती कमजोरीहरू विघठित "बहुमत" पक्षबाट धेरै ज्यादा भएका छन् र पार्टीमा उत्पन्न फूट विभाजनको पछाडि हाम्रा यी कमी कमजोरी होइनन्, विघठित "बहुमत" को चिन्तन र क्रियाकलाप नै प्रधान रुपले जिम्मेवार रहेको छ ।

अब, तपाईको प्रश्नको दोस्रो पाटोमा जाऔं । नेपालमा कम्युनिष्ट आन्दोलनमा धुप्रै इमान्दार कार्यकर्ताहरू आएका छन् र अहिले पनि खटिरहेका छन् । पूरै देशमा आम जनसमुदायमा वापमन्थी प्रभाव निकै राम्रो छ । संघर्षहरू पनि एउटा वा अर्को रुप र मात्रामा भई नै रहेका छन् । तर पनि नेपाली क्रान्तिकारी आन्दोलनलाई गुणात्मक फड्कोको स्तरमा पुऱ्याउन सकिएको छैन ।

यस्तो किन भयो ?

यसो हुनाको एउटा मुख्य कारण हो- आन्दोलनमा खड्किरहेको सही र सुयोग्य नेतृत्वको समस्या, अर्थात् हामी क्रान्तिको नेतृत्व गर्न सक्षम सर्वहारावर्गको सच्चा अग्रदस्ताको भूमिका पूरा गर्न अझै समर्थ नहुनु । र, अर्को कारण हो- आन्दोलन, क्रान्तिको आधारभूत शक्ति किसान, मजदूर, तल्लो वर्गको श्रमिक जनसमुदायसँग एकाकार नहुनु ।

के कुरा गौरव साथ भन्न सकिन्छ भने- नेपाली जनता र राष्ट्रको पक्षमा भएका हर संघर्षहरूमा नेपाली कम्युनिष्टहरू अग्रपंक्तिमा छन् । उनीहरूले राष्ट्र र जनताको पक्षमा धुप्रै बलिदान गरेका छन् । हाम्रो पार्टीले सबै खाले अवसरवादको विरुद्ध निर्मम संघर्षको बीचबाट क्रान्तिकारी सिद्धान्तको रक्षा गर्दै नेपाली समाज र आन्दोलनको आजको अवस्थाको यथार्थवादी विश्लेषणका आधारमा वस्तुपरक नीति लिई क्रान्तिकारी धारालाई अगाडि बढाउन तुलनात्मक रुपमा सबभन्दा सही र अग्रगामी भूमिका खेलिरहेको छ ।

त्यसका बाबजूद, यो वास्तविकतालाई स्वीकार गर्न हामीलाई कुनै हिच्किचाहट छैन कि- हामी आन्दोलनले माग गरे अनुमरूप सर्वहारावर्गको सच्चा अग्रदस्ताको अभाव पूरा गर्न अझै सक्षम भइसकेका छैनौं । वास्तविकतालाई स्वीकार गरेर नै हामी खड्किरहेको अभावलाई पूर्ति गर्ने दिशामा अघि बढ्न सक्तछौं भन्ने कुरामा विश्वास गर्दछौं । त्यसको निम्ति स्थितिले हामी सबैसँग धैर्य, लगन र आँटको माग गरेको छ । यस सवालमा समान बोध भएका सबै कम्युनिष्ट क्रान्तिकारीहरूसँग उद्देश्यमूलक सहकार्य गर्न हामी आवश्यक ठान्दछौं ।

हामीले पार्टीलाई, सर्वहारावर्गको वर्गसंघर्षको हतियार- द्वन्दात्मक भौतिकवादी दृष्टिकोणले सुसम्पन्न पार्न, कम्युनिष्ट आन्दोलनको आजसम्मको विकासक्रममा प्राप्त भएको मार्क्सवादको ज्ञान भण्डारबाट सुसज्जित पार्न र उच्च सैद्धान्तिक स्तरले लैस पार्नको निम्ति विशेष ध्यान पुऱ्याउन आवश्यक ठानेका छौं ।

साम्राज्यवादी आक्रमण र दक्षिणपन्थी संशोधनवाद तथा विसर्जनवादको प्रभावको वर्तमान माहौलमा सैद्धान्तिक कार्यको महत्व निकै गुना बढेर गएको छ । नेपाली समाजका विशिष्टताहरू अध्ययन गर्ने, नेपाली क्रान्ति प्रक्रियाका विशिष्टताहरू पहिल्याउने, विभिन्न फाँटमा क्रान्तिकारी वैकल्पिक कार्यक्रमहरू तयार पार्ने काममा हामीले ठोस मिहेनत गर्न जरुरी भएको छ ।

यसरी, एकातिर वैचारिक नेतृत्व प्रदान गर्न यस क्षेत्रमा गम्भीरतापूर्वक कार्य गर्न जरुरी भएको छ भने अर्कोतिर, भौतिक रुपमा पनि भरोसायोग्य सर्वहाराकृत सामूहिक नेतृत्व निर्माणको निम्ति कठोर संघर्ष गर्नु, पार्टीभित्र सांस्कृतिक क्रान्तिको अभियान चलाउनु र क्रान्तिको आधारभूत शक्ति तल्लो वर्गको श्रमिक जनसमुदायमा आन्दोलन पुऱ्याउनु आवश्यक भएको छ । यसरी सही वैचारिक तथा भौतिक नेतृत्वको निर्माण गर्न सक्छौं, श्रमिक वर्गसँग एकाकार हुँदै वर्ग संघर्षलाई सुनियोजित रुपमा परिचालन गर्न र क्रान्तिको प्रक्रियालाई तीब्र पार्न सक्छौं । हामी सैद्धान्तिक राजनैतिक सवालमा आज भएका सही समझदारी नीति तथा कार्यक्रमहरूलाई पक्रदै, राष्ट्रियता, जनतन्त्र र जनजीवकासँग सम्बन्धित संघर्षमा सक्रिय सहभागितासाथ नेतृत्व प्रदान गर्न प्रयत्न गर्दै आफूसँग भएको कमजोरी र अभावलाई पूरा गर्ने दिशामा सम्पूर्ण समपर्ण साथ अगाडि बढ्न दृढ छौं ।

हामी, यस उद्देश्य (सर्वहारा वर्गको सच्चा अग्रदस्ताको माग पूरा गर्ने) को निम्ति कार्य गर्न प्रथमतः सबै इमान्दार कम्युनिष्ट क्रान्तिकारीहरूको निम्ति पार्टीको ढोका खुला राख्नेछौं, द्वितीय, नेपाली कम्युनिष्ट आन्दोलनका विभिन्न समूहहरू र कम्युनिष्ट क्रान्तिकारीहरू बीच विचारधारात्मक क्षेत्रका चुनौतीहरूको सामना गर्न, नेपाली क्रान्तिका सैद्धान्तिक समस्याहरूको अझ गहिराइमा गएर हल गर्न सामुहिक रूपमा विचारधारात्मक तथा सैद्धान्तिक कार्य गर्नका निम्ति एउटा उपयुक्त साझा थलो (Forum) निर्माण गर्न आवश्यक भएको महशुस गर्दछौं र त्यसबारे सोच्न सम्बन्धित सबैसँग अनुरोध गर्दछौं ।

हामी, वैचारिक कार्यको निम्ति उपयुक्त साझा "थलो" को निर्माणको साथ-साथै राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित सवालहरूमा संयुक्त संघर्ष सञ्चालन गर्नको लागि एउटा साझा कार्यक्रमको आधारमा बामपन्थी शक्तिहरूको एक मोर्चा निर्माण गरिनु आवश्यक ठान्दछौं । यसबारेमा पनि हामी सबै बामपन्थी शक्तिहरूको ध्यानाकर्षण गराउन चाहन्छौं । धन्यवाद !

केन्द्रीय कार्यालय
नेकपा (एकता केन्द्र)

(१६ पेजको बाँकी)

लागि विष पनि सावित हुन सक्छ । त्यो फगत आँपमा निर्भर हुने कुरा होइन । श्यामेको शरीरको आन्तरिक स्थितिमा निर्भर हुने कुरा हो । श्यामेको पेट गडबड भएको ठोस बस्तुगत परिस्थिति छ भने भिटामिनयुक्त आँप आफैं दिशा पखाला लगाउने तत्व पनि बन्न सक्छ ।

यही कुरा महान गुरूहरूका शिक्षामा पनि लागु हुन्छ । ती शिक्षा एउटा सन्दर्भमा अत्यन्त सही र क्रान्तिकारी हुन्छन् । तर हाम्रो सन्दर्भ अलग छ भने त्यसको अन्ध अनुशरणले उल्टो नतीजा पनि ल्याउन सक्छ । मालदह आँपले पखाला लगाए जस्तै ।

त्यसैले कसैका कुरालाई पनि सन्दर्भको समानता छ कि छैन भन्ने नहेरी आँखा चिम्लेर स्वीकार गरिनुहुन्न । भनिएको कुरा कुन वस्तुस्थिति र सन्दर्भमा भनिएको हो, त्यो पत्तो लाउनु पर्छ । वस्तुस्थिति र सन्दर्भ बिल्कूलै एउटै छन् भने लागु पनि गर्नु पर्छ । तर भिन्न छन भने नयाँ वस्तुस्थिति र सन्दर्भमा कसरी समस्याको हल गर्ने, हामी आफैले विवेक बुद्धि लाउनु पर्छ । हरेक कुरालाई द्वन्दात्मक तवरले हेर । आलोचनात्मक तवरले हेर । आँखा चिम्लेर कसैका कुरा पनि स्वीकार नगर । द्वन्दात्मक चिन्तन प्रक्रियाको एउटा अभिव्यक्ति यो हो ।

आम सिद्धान्तहरू लागु गर्दा पनि प्रत्येक ठोस बस्तुस्थितिसित आम सिद्धान्तको द्वन्द हुने गर्छ । किनकि संसारमा कुनै पनि वस्तु अर्को वस्तुसित पूरापूर हुबहू मिल्दैन । एउटै वस्तु पनि एकछिन् अघि जे हुन्छ एकछिन पछि त्यो रहन्न । त्यो हमेशा गतिशील हुन्छ । आम सिद्धान्त पनि ठोस वस्तुस्थितिमा लागु गर्दा, त्यसैले, द्वन्द हुन्छ । त्यो द्वन्द पत्तो लाउने दौरानमा नै नयाँ ज्ञान र सिद्धान्त विकास हुन्छ । यदि संसारमा त्यस्तो द्वन्द नहुने भएको भए ज्ञानको नयाँ सिद्धान्तको विकास नै हुने थिएन । एकचोटिको सामान्य सिद्धान्तले सधैंको ज्ञानको खाँचो टर्ने थियो ।

यस प्रकार, आम सिद्धान्तलाई पनि होशपूर्वक र द्वन्दात्मक तवरले लागु गर्नु पर्छ, किनकि संसार हमेशा गतिशील छ ।

तर हामी यहाँ यस्तो गर्दै छैनौं । यान्त्रिक रूपमा महान गुरूहरूका शिक्षाहरू विनासन्दर्भ अन्धतापूर्वक लागु गर्ने हाम्रो पद्धति छ । आलोचनात्मकता नै द्वन्दात्मक चिन्तन प्रक्रियाको प्राण हो । मानिसहरूलाई हामी भने अनालोचक र अन्ध बन्न सिकाइरहेछौं । गुरूहरूका र नेतृत्वका भनाइहरू अन्धतापूर्वक स्वीकार गर्न सिकाइरहेछौं । यो हाम्रो यान्त्रिक चिन्तन प्रक्रियाको परिणाम हो । हामी जसरी गुरूहरूका शिक्षाहरू आफूले अन्धतापूर्वक ग्रहण गर्दछौं, त्यसरी नै हामी हाम्रा भनाइहरू अरूले अन्धतापूर्वक स्वीकार गरी देओस् भन्ने इच्छा गर्छौं । त्यही गर्न सिकाउँछौं । यो शिक्षा अद्वन्दवादी छ । यसबाट समाजको आलोचक र होशपूर्ण मान्छे विकास हुँदैन, जुन नभई साम्यवादी समाज कहिल्यै बन्दैन । ❑❑



## नव प्रतिभाले पनि स्थान पाऊन्

सडक, गल्ली र फूटपाथमा नाना थरीका पत्र-पत्रिकाको बाढी आइरहेको समयमा "मूल्यांकन" मासिकले आफ्नै परिश्रमबाट आफ्नै प्रकारको उच्च स्तर कायम गरेको छ। विश्व कम्युनिष्ट आन्दोलनको वास्तविक इतिहास प्रकाशित गरेर मूल्यांकनले आजको पिंढीलाई ठूलो गुन लगाएको छ। पाठकका लागि छोटो-मीठो पत्रोत्तर स्तम्भ (मूल्यांकनको मान्यता अनुरुपको) संचालन गर्नु भए कसो होला ? कुनै साहित्यिक रचनालाई साभार गर्नुभन्दा प्रतिभाशाली नव व्यक्तित्वका रचनाले पनि थोरै स्थान पाएमा वेश हुने थियो।

**- रत्न साङपाङ राई,**
भोजपुर

## स्वास्थ्यबारेको अन्तर्क्रिया

पूर्णांक १९ को "मूल्यांकन" मा अन्तर्क्रिया अन्तर्गत "स्वास्थ्य सेवामा क्रान्ति" र स्वास्थ्य सेवामा वामपन्थी विकल्पको प्रत्यक्ष विचार-अन्तर्क्रिया कार्यक्रमको रिपोर्ट पढ्न पाएँ। मूल्यांकनको यो कार्य सह्रानीय लाग्यो उक्त कार्यक्रममा डा. शरद वन्तजीले केही जल्दा बल्दा प्रश्नहरु अर्थविदहरु र समाजशास्त्रीहरु माझ राख्नु भएको रहेछ। देश विकासको कार्य कुनै एक पक्षको मात्र पेवा हुन सक्दैन। त्यसकारण त्यस्ता गहन प्रश्नहरु सबै पार्टीहरुका नेतृत्ववर्ग, श्री ५ को सरकार र राष्ट्रिय योजना आयोग समेतको सहभागितामा अन्तर्क्रिया भएको भए वेश हुने थियो। स्वास्थ्य विषयमा मात्र नभई खाद्यान्न, रोजगार, शिक्षा-संस्कृति, कृषि, उद्योग, व्यापार र यातायात जस्ता विषयहरुमा पनि अन्तर्क्रिया कार्यक्रमको थालनी भएमा राम्रो हुनेछ। यहाँ सोचनीय विषय के छ भने शिक्षा-संस्कृतिभित्र धर्म, विज्ञान-प्रविधि र स्वास्थ्य-उपचार जस्ता विषयहरु पर्छन कि पर्दैन ? यो पनि छलफलको विषय भएको छ।

**-धनवहादुर झखुसी**
देउजा गाउँ - भक्तपुर

## स्वास्थ्य क्षेत्रबारे र भ्रष्टाचार बारे

"मूल्यांकन" को १९ औं अंक समयमै हात पर्‍यो। "स्वास्थ्य सेवामा बामपंथी विकल्प" विषयक अन्तर्क्रिया त्यति धेरै लामो र त्यति धेरै विद्वानहरुका विचारहरु समावेश गरिएको भएता पनि त्यसमा प्रतिकृयावादीहरुले पनि भन्ने गरेका र एउटै खालका कुराहरुलाई दोहोर्‍याइ-तेहर्‍याई प्रस्तुत गरिएको, मीठामीठा र बनीबनाऊ शब्दहरुको प्रयोग गरिएता पनि ब्यवहारिक रुपमा कुनै नौलो र ठोस कुरा दिन नसकेको एवं विद्यमान प्रतिकृयावादी शासन व्यवस्थाको स्वास्थ्य नीतिका प्रमुख कमजोरीहरुलाई औंल्याई त्यसलाई समाधान गर्ने जनवादी तौरतरीकाको बारेमा स्पष्ट खाका दिन भने नसकेकै पाइयो। तर पनि यसले पाठकहरुलाई जन स्वास्थ्यको बारेमा घोत्लिन र व्यवहारमा हामफाल्न भने प्रेरित गर्‍यो। यस विषयमा अन्तर्क्रियाको प्रयास ज्यादै प्रशंसनीय भएको भएता पनि त्यो अन्तर्क्रिया व्यवहारबाट देखेका र भोगेका कुराको निचोड नभई, पढेका र सुनेका कुरा मात्र भएको स्पष्ट थियो। सोमालियाको भोकमरीको दर्दनाक कथाको अध्ययनले विश्वमै बदनाम भएको विश्व बैंकले अरबौं डलरको पासो फ्याँक्ता त्यसलाई "ऋण सहयोग" र "पुरस्कार" भनी प्रचार गर्ने वर्तमान सरकारले हाम्रो देशलाई कुन भयानक दिशातर्फ डोर्‍याउदै रहेछ भन्ने कुरा उदांगो पार्‍यो। आगामी अंकमा सुडान र इथियोपियाका भोकमरीका कारणहरुबारे पनि पढ्न पाउने आशा गर्दछु।

हरिमान प्रधानको लेख "हामीमा भ्रष्टाचार किन मौलाइरहेछ ?" ले पाठकहरुलाई आफ्नो चरित्र सुधार्न उपदेश दिएको मात्रै छ। वास्तवमा प्रगतिशील विचारका व्यक्तिहरुले आफ्नो चरित्रमा निखार ल्याउँदैमा हाम्रो समाजमा भ्रष्टाचार उन्मूलन हुँदैन। प्रतिकृयावादीहरुलाई त्यस्तो उपदेश दिनु, स्पष्टतः बेकारै छ। तसर्थ, त्यसको लागि भ्रष्टाचारको भण्डाफोर गर्ने, भ्रष्टाचारीलाई दुरुत्साहित गर्न सार्वजनिक रुपले कालोमोसो दल्ने, त्यसका विरुद्ध आन्दोलन गर्ने जस्ता काम बामपन्थीहरुबाट गरिनुपर्छ। हालसालै प्यूठानमा भए गरेका घटनालाई उदाहरणका रुपमा लिन सहिन्छ।

**- रमेश खनाल**
शनिश्चरे-९, झापा
हाल: पोखरा

## मण्डेलालाई बधाइ दिने सन्दर्भमा

वामपंथी पत्रिकाहरुमा मूल्यांकन तुलनात्मक रुपबाट बढी समीक्षात्मक, विचारोत्तेजक, विभिन्न सामग्रीहरुको सन्तुलित प्रस्तुतिकरण पत्रकारीताको दृष्टिकोणबाट बढी निर्देशित देखिन्छ। तर मण्डेला र ए.एन.सी. लाई बधाई दिने सन्दर्भमा अत्याचारीहरुप्रति बदला नलिनु, वरु संयम र सांस्कृतिक उच्चता प्रदर्शन गरी न्यायको युग शुरु भएको मान्ने हो भने नेपालमा वहुदल घोषणा पछि गिरिजाद्वारा यसलाई राजा र पंचको पनि जीत भन्नु, मल्लिक आयोगबाट दोषी ठहर्‍याइएकाहरूप्रति बदलाको भावना नदेखाउनुलाई किन हुटिंग र छिछी दुरदुर गरियो ?

मट्टितेलको भाऊ दिन घट्यो ? हामीमा भ्रष्टाचार किन मौलाई रहेको छ ? राजालाई डक्टरेट दिनुको रहस्य आदि लेख, प्रशंसनीय छन्, जन संघर्षको लहर, स्वास्थ सेवामा क्रान्ति वामपन्थी सरकारदेखि अमेरिकी साम्राज्यवाद थर्कमान त धेरै न सह्रानीय लेख र अन्तर्क्रिया रहयो।

**- मोहन गुरुङ्ग, "सापेक्ष"**
रामघाट, पोखरा

## चिलीपछि फिलिपिन्सबारे आओस्

पूर्णाङ्क-१८ को प्रारम्भिक आकर्षण नै यसको आवरण छ। विश्वको सर्वोत्कृष्ठ वैज्ञानिक तथा सामाजिक विचार मार्क्सवाद - लेनिनवादको वैज्ञानिक तरीकाले नै विश्लेषण गर्दै जनताको चेतनास्तरलाई अग्रता दिने कार्यमा "मूल्यांकन" ले अग्रणी भूमिका निर्वाह गरिरहेको तथ्यलाई प्रशंसा नगरी रहन सकिन्न।

भारतमुखी वर्तमान कांग्रेसी सरकारको साम्राज्यवादीहरुको अगाडि घुँडा टेकुवा नीतिको कारणले गत चैत्र १४ गते बानेश्वर काण्ड घट्न पुग्यो, जसलाई स्पष्ट पार्न अंक-१८ सफल देखिन्छ। साथै "मूल्यांकन" ले प्रस्तुत गर्ने गरेका विश्व कम्युनिष्ट आन्दोलन सम्बन्धी घटनाहरु ज्यादै सामयिक लाग्दछन्। चिली तथा इण्डोनेशियाका घटनाहरुबाट नेपाली बामपन्थीहरुले शिक्षा लिनु आवश्यक देखिन्छ। समग्रमा हेर्दा अंक - १८ अति नै राम्रो लाग्यो। चिलीको घटनाको प्रस्तुति सकिएपछि फिलिपिन्सको कम्युनिष्ट आन्दोलनलाई व्यापक रुपमा दिइयोस्।

**- नवीनचन्द्र आचार्य "विप्लव"**
इन्द्रपुर - ४, हरैंचामोड, (मोरङ)

## मोहन चन्द्रको अन्तर्वार्ता

नेपालका नेल्सन मण्डेला भनेर चिनिने ने.क.पा. (एमाले) का शीर्षस्थ नेता क. मोहनचन्द्र अधिकारी नेपालको बाम आन्दोलनमा मार्क्सवाद-लेनिनवाद-माओ बिचारधाराको सैद्धान्तिक पक्षपाती भएको कारणले उहाँका विचारहरु र भावनाहरु जान्न धेरै मानिसहरु उत्सुक छन्। त्यसैले मूल्यांकन यो प्रकाशित गरेमा क्रान्तिकारी वाम कार्यकर्ताहरुको हौसला बढ्ने थियो।

**-गणेशप्रसाद शर्मा**
सल्यान, बडागाउँ गा.बि.स.-५

## अंक १७ र १८ बारे

मूल्यांकन अंक १७ र १८ सरसर्ती पढ्ने मौका पाएँ। विश्व कम्युनिष्ट आन्दोलन स्तम्भबाट विश्वका विभिन्न मुलुकहरुमा भएका वामपन्थी आन्दोलनबारे जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ। वर्तमान वाम एकता आजको विश्व जनमतको टड्कारो आवश्यकता भएकोले शिर्षस्थ नेताहरुको बैचारिक अन्तर्वार्ता प्रकाशित गरियोस्।

**-शिखा वान्तवा,** होम्ताङ्ग-१, भाजपुर - ३

## चार्वाक र लोकायतबारे

"गौतम बुद्ध: अनित्यबोधका उद्घोषक" बौद्ध दर्शनमा केन्द्रित खोजपूर्ण लेख पढ्न, पाउँदा खुसी लाग्यो, यसको लागि लेखक डि. आर. पोखरेललाई धन्यवाद। तर लेखमा एक ठाउँमा भन्न खोजेको कुरा अलि अस्पष्ट भए जस्तो छ, "तापनि वेद ...........जबकि चार्वाक, लोकायत, बौद्ध र जनमतहरु धेरथोर बस्तुसंगत हुने कोशिसमा देखिन्छन्।" मैले बुझेसम्म लोकायत र चार्वाक एउटै दर्शन हो। जबकी यस लेखमा लोकायतलाई छुटाछुट्टै राखिएको छ। लोकायत भन्नु चर्वाक भन्नु होइन र ? यस विषयमा लेखकज्यूले अलि प्रष्ट पारिदिनु भएमा राम्रो हुन्थ्यो।

**-संजय बलामी**
चित्लाङ्ग, मकवानपुर

## अंक १९ बारे

चिली जस्तै अन्य देशका त्यस्तै स्थितिमा रहेका देशहरूको कम्युनिष्ट गतिविधि पनि समेटेर मूल्यांकनमा आउने छ भन्ने विश्वास लिएको छु। अंक १९ मा नेपालको विद्यमान गम्भीर समस्या स्वास्थ्य सम्बन्धी क्रान्तिको अन्तर्क्रिया एउटा सन्हाहनीय कार्य भएको छ। यसबाट वामपन्थी कार्यकर्ताको अल्मलिएको मनःस्थितिलाई केही उर्जा मिल्ने छ। पारिजातको कविताले मुटु छुन पुग्यो। सोमालियाको स्थितिले नेपालीलाई व्यूँझायो। आउदा दिनहरुमा मूल्यांकनले अझ प्रगति गर्नेछ, मोफसलका समाचार पनि समेटन सके राम्रो हुन्थ्यो।

**-देवेन्द्रप्रसाद चौलागाई** (श्रमजीवि)
काभ्रे गा. वि. स. ८, काभ्रेपलाञ्चोक

## "मूल्यांकनले सबैलाई संघर्षमा जान प्रेरित गरोस्"

अंक १९ को प्रमुख प्रस्तुति "स्वास्थ्य सेवामा क्रान्ति" ले स्वास्थ्य सम्बन्धी सरकारी नीतिको वेहाल प्रस्तुत गरेको छ, साथै यसले स्वास्थ्य नीति सम्बन्धमा क्रान्ति पछाडि वा अगाडि वामपन्थीहरुका दायित्व के भन्ने बोध गराएको छ। "चिलीको कम्युनिष्ट आन्दोलन" को घटनाले कम्युनिष्ट क्रान्ति संसदीय बाटोबाट गएमा शसस्त्र पूंजीवादी बलका अगाडि कम्युनिष्ट मान्यताहरु लागु गर्न कठीनाई पर्दछ भन्ने महत्वपूर्ण पाठ सिकाएको छ। "सोमालिया" को दयनीय अवस्थाले साम्राज्यवाद सृजित षडयन्त्रबाट हाम्रो राष्ट्रलाई बेलैमा सतर्क राख्ने कि नराख्ने भन्ने पाठ पढाउँछ। "जसको जोस, उसको पोत" भन्ने विषय विगत अंक-देखि क्रियाप्रतिक्रियाको रुपमा राख्न सकिरहेकोमा साह्रै खुशी लागेको छ, यद्यपि यसलाई नेपाली किसान क्रान्तिको मूल नारा बनाएर मात्रै त हुँदैन होला, त्यसको नेतृत्व कुन रुपबाट कसरी गर्ने भन्ने चाहि प्रष्ट हुन सकेन। मूल्यांकनले सबैलाई संघर्षमा जान अभिप्रेरित गराओस् यसको उत्तरोत्तर प्रगतिको शुभकामना !

**- के.आर. खनाल "संक्रान्ति"**
वीरेन्द्रनगर, सुर्खेत

## बहराइनबाट

मूल्यांकनको २०५० चैत्र-बैशाख अंक पढ्ने सुनौलो अवसर पाउँदा अत्यन्तै गौरव लागेर आयो। पत्रिकाबाट जुन कुराहरू जान्न पाइने छ, त्यसलाई अति नै महत्वपूर्ण ठान्दै, पछिल्ला अंकहरू पनि नियमित हेर्न पाउने ठूलो आशा गर्दछु। मलाई विश्वास छ- यसको लागि अवश्य केही व्यवस्था होला। त्यसैले प्रत्यकं अंक नियमित प्राप्त गर्नको लागि हुलाक खर्च समेत गरी कति रकम कुन ठेगानामा र कुन माध्यमबाट पठाउन सक्छु। ६ महिना या वार्षिक रूपमा कुन व्यवस्था छ। शीघ्र जानकारी पाउन सक्छु भन्ने ठूलो आशा लिएको छु।

धन्यवाद

**नारायण गुरुङ**
आल तानुर शेला
मानामा, बहराइन

शुद्धताको प्रतीक राजहंस

सुशील वनस्पति प्रा. लि.

ॐ

राजहंस

वनस्पति घ्यू सोयाविन तेल

**केवल दिनको रु. १०/- जम्मा गर्नु भई**
**निम्न लिखित फाईदा उठाउनु होस्**

० १. सदस्य भएको मितिदेखि २४ महिनाभित्र विरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ ।

० २. केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

० ३. सदस्य भएको मिति देखि ३ महिनापछि साना-तिना व्यापार गर्न, साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नु होस्

**हिमालय फाइनान्स एण्ड सेभिंग कम्पनी (प्रा.) लि.**

ताहाचल, नेपाल, फोन २७०५८६

**रामरिझन यादवका पुस्तकहरु**

o वातावरणीय समस्या र समाधान

o विज्ञान र वातावरण

बजारमा उपलब्ध छन् ।


# Always Remember us for :

Water Turbine, Steel Structures & Workshop Facility
With up to date machines
Complete Hydropower Generating Equipment,
Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

**Balaju Yantra Shala (Pvt.) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O. Box 209
**Tel : 272147,270894, Fax : 977-1-272379**
**Tlx : 2429 BYS NP**

तपाईले जथाभावी फालेको फोहरले सबैलाई हानी गर्छ । त्यसैले **जथाभावी** फोहर फाल्ने कुलत नअपनाऔं ।



**काठमाडौं नगरपालिका**

स्वच्छ सफा हराभरा स्वस्थ काठमाडौं

 ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.नि./हु.द.नं. ४८/०४

